# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोध पत्रको शीर्षक 'कवि हर्ष प्रसाद भट्टको तुर्माखाँद-चौखुट्टे गीतियात्रा काव्यको अध्ययन विश्लेषण' रहेको छ ।

## १.२ शोध प्रयोजन

प्रस्तुत शोध पत्र त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली विषयमा स्नातकोत्तर दोस्रो तहको ऐच्छिक दसौँ पत्रको प्रयोजनार्थ प्रस्तुत गरिएको छ ।

## १.३ विषय परिचय

कवि हर्ष प्रसाद भट्ट वि. सं. २००५ साल पौष ९ गते अछाम जिल्लाको 'घुँघुरकोट-१ कुमाइ' स्थानमा पिता खगेन्द्र प्रसाद भट्ट तथा माता केदारीश्वरी भट्टका दोस्रो सन्तानका रुपमा जन्मेका हुन् । उनी नेपाली साहित्य विधामा कलम चलाउने व्यक्ति हुन् । पेसाले शिक्षक भए पनि ज्योतिष, राजनीति र सामाजिक व्यक्तित्व पनि उहाँको त्यत्तिकै परिचित रहेको छ । ५ वर्षको उमेरमा साउँ अक्षर चिनी प्रारम्भिक शिक्षा मातृभूमि नेपालमै गरेर कवि भट्ट अध्ययनको क्रममा वि. सं. २०२५मा बनारस पुगे । उनी वि. सं. २०२८ सालतिर विद्यार्थी जीवनदेखि साहित्यिक गतिविधिमा संलग्न भएका हुन् । उनले युद्ध प्रसाद मिश्र, डिल्लीराम तिमिल्सिना, गोविन्द प्रसाद सुवेदी, तुलसी प्रसाद भट्टराई, मोदनाथ प्रश्रित जस्ता साहित्यक व्यक्तित्वहरूबाट कविता सिर्जनाका निम्ति प्रेरणा प्राप्त गरेका हुन् । साहित्य सिर्जनाका क्रममा भट्टले खास गरी कविता विधामा मात्र कलम चलाएको पाइन्छ । कविता सिर्जनाका अतिरिक्त शैक्षिक, सामाजिक पाटोलाई उल्लेख नगर्दा उनको व्यक्तित्व अधुरो रहन जान्छ । वर्णमात्रिक छन्दमा कविता लेख्न रुचाउने कवि भट्टले लोकलयमा पनि रचनात्मक कृतिहरु दिएका छन् । उनका प्रकाशित कृतिहरू निम्न लिखित छन् :

१. मेरो कल्पना (कविता सङ्ग्रह, २०२९)

२. हिमाली सन्देश (कविता सङ्ग्रह, २०३१)

३. दुई थोपा आँसु (पत्रकाव्य, २०४८)

४. अछाम रुँदै छ (कविता सङ्ग्रह, २०५९)

५. प्याउली गुलाफ (गीतिकाव्य, २०६१)

६. दरबारको आत्मकथा (काव्याञ्जलि, २०६३)

७. तुर्माखाँद-चौखुट्टे (गीतियात्रा काव्य, २०६७)

उपर्युक्त पुस्तकाकार कृतिहरू बाहेक कवि भट्टका फुटकर कविताहरु पनि विभिन्न पत्र-पत्रिकामा प्रकाशित भएका छन् । उनी नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका अछाम जिल्ला अध्यक्ष (२०४०-२०४६), नेपाल शिक्षक सङ्घका जिल्ला अध्यक्ष अछाम (२०५७-२०६१), विश्व हिन्दू महासङ्घका केन्द्रीय सदस्य (२०५७) समेत रहेका छन् । उनले शिक्षाका क्षेत्रमा योगदान गरे बापत गोरखा दक्षिण बाहु (चौथो), साहित्यिक क्षेत्रमा गरेको योगदानमा सेती महाकाली साहित्यिक समाज टीकापुरद्वारा साहित्यिक सम्मान २०५९, जिल्ला शिक्षा समिति अछामबाट साहित्यिक सम्मान २०६२ र सुदूर पश्चिम साहित्यिक समाज धनगढीबाट 'प्रतिभा श्री' कवि सम्मान प्राप्त गरेका छन् । कवि भट्टले आफ्ना कवितामा वर्णमात्रिक लय, लोकलय र मुक्तलयलाई सफलता पूर्वक प्रयोग गरेको उनका कविताले बताउँछन् । उनले सिर्जना गरेका कविता, पत्रकाव्य, काव्याञ्जलि र गीतियात्रा काव्यले उनलाई नेपाली साहित्यको विशिष्ट स्थानमा पुऱ्याएका छन् । वर्णमात्रिक लयका कविताले उनलाई पूर्वीय साहित्यको अध्ययनमा संलग्न भएको देखाउँछन् भने लोक लयका रचनाले ग्राम्य परिवेशमा नेपाली जगत्को माया-प्रेम पनि झल्काउँछन् । मुक्तलयका कविताले भने उनलाई त्यति तिखार्न सकेको पाइँदैन र रचना पनि मुक्त लयमा कमै रहेका छन् । यिनै नेपाली काव्य साहित्यका साधक कवि हर्ष प्रसाद भट्टका अनेक काव्यहरूमध्ये 'तुर्माखाँद-चौखुट्टे' गीतियात्रा काव्यको अध्ययन विश्लेषण गर्ने उद्देश्य राखी यो शोधकार्य सम्पन्न गरिएको हो ।

## १.४ समस्या कथन

काव्य साधनामा संलग्न भएको समय वि. सं. २०२८ सालदेखि लिएर हाल चार दशक सम्मका कवि हर्ष प्रसाद भट्टका अनेक छन्दोबद्ध तथा गीति लयका काव्य-कृतिहरु प्रकाशनमा आएका छन् । उनको यो ओझेलमा परेको 'तुर्माखाँद-चौखुट्टे' गीतियात्रा काव्यमा अध्ययन र शोधखोज भएको पाइँदैन । त्यसैले यस गीतियात्रा काव्यको अध्ययन, विश्लेषण र मूल्याङ्कनको आवश्यकता भए अनुसार प्रस्तुत शोध पत्र निम्न बुँदाका शोध समस्यामा केन्द्रित रहेको छ :

१) साहित्यकार हर्ष प्रसाद भट्टको जीवनी, व्यक्तित्व, कृतित्व के कस्तो रहेको छ ?

२) कविता र खण्डकाव्य विधाका सैद्धान्तिक विषयवस्तु के के हुन् ?

३) साहित्यकार हर्ष प्रसाद भट्टको 'तुर्माखाँद-चौखुट्टे' गीतियात्रा काव्यको विषय-वस्तु के कस्तो रहेको छ ?

## १. ५  शोध कार्यको उद्देश्य

नेपाली साहित्यको कविता विधामा कलम चलाउने कवि हर्ष प्रसाद भट्टको 'तुर्माखाँद-चौखुट्टे' गीतियात्रा काव्यको अध्ययन विश्लेषण विषयक शोध कार्यमा निम्न अनुसार उद्देश्य रहेका छन् :

१)  साहित्यकार हर्ष प्रसाद भट्टको व्यक्तित्व, जीवनी र कृतित्वको अध्ययन गर्नु ।

२)  कविता र खण्डकाव्य विधाका सैद्धान्तिक विषयवस्तुको अध्ययन गर्नु ।

३)  साहित्यकार हर्ष प्रसाद भट्टको 'तुर्माखाँद-चौखुट्टे' गीतियात्रा काव्यलाई काव्य तत्त्वका आधारमा अध्ययन विश्लेषण गर्नु ।

## १.६  पूर्व कार्यको समीक्षा

हालसम्म कवि भट्टको कृति समीक्षाका क्रममा उनकै सुपुत्र शोधकर्ता उप प्राध्यापक देवेन्द्रप्रसाद भट्टले कवि हर्ष प्रसाद भट्टको जीवनी व्यक्तित्व र प्याउली गुलाफ खण्डकाव्यको विवेचना (२०६२) नेपाल संस्कृत विश्व विद्यालय अन्तर्गत शास्त्री तृतीय वर्षको नेपाली छैठौँ पत्रको अध्ययनको प्रयोजनको लागि, अर्का शोधार्थी रमेश बहादुर धामीद्वारा साहित्यकार हर्ष प्रसाद भट्टको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन (२०६५) त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको एम. ए. दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनको लागि प्रयुक्त तथा कृति समीक्षाका रूपमा कृतिहरुकै अग्र भागमा रहेका विभिन्न समीक्षक व्यक्तित्वहरूका समीक्षा र विभिन्न पत्र-पत्रिकामा छापिएका लेखहरूलाई नै यहाँ पूर्व कार्यका रूपमा देखाउन सकिन्छ :

देवेन्द्र प्रसाद भट्ट (२०६२) ले शोध पत्रमा कवि हर्ष प्रसाद भट्टका कवितामा मैत्री, राष्ट्रप्रेम, प्रकृतिको चित्रण, दार्शनिक पक्ष, शान्तिको चाहना, छुवाछुतको अन्त्य, मानवले स्वतन्त्र बाँच्न पाउँनु पर्ने अधिकार, संस्कृति र राम्रो संस्कारको पक्षपोषण, रुढिवादी परम्पराको अन्त्य, अन्याय, अत्याचार, भ्रष्टाचार, घुसखोर, तस्कर र हत्या-हिंसाको तीव्र विरोध, सामन्ती समाजको पिल्साइ, प्रजातन्त्रमा देखापरेको विकृतिले पाठकलाई प्रभाव पार्ने वकालत गरेका छन् भने प्रेम-शृङ्गार आदि भाव र विचारसँग कविता सम्बन्धित रहेका छन् । देवेन्द्र प्रसाद भट्ट (२०६२ :४) ले 'फारवेष्ट टाइम्स' दैनिक पत्रिकामा कवि भट्टको 'प्याउली गुलाफ' शीर्षकसँग सम्बन्धित कथावस्तुको विकास बारे चर्चा गरेका छन् तर कविका अन्य काव्यका विभिन्न शिल्प, भाव आदि पक्षको चर्चा हुन सकेको छैन ।

देवेन्द्र प्रसाद भट्ट (२०६२ :३) ले 'सुदूर सन्देश' दैनिक पत्रिकामा प्रकाशित 'कवि भट्ट र उनका पाँच कृति' भन्ने शीर्षकको लेखमा कृतिकारका कृतिहरुको परिचय मात्र दिएका छन् । अन्य कविताका शैली आदि पक्षको चर्चा गरिएको छैन ।

रमेश बहादुर धामी (शोधपत्र, २०६५) को निष्कर्षमा : "सामाजिक, साहित्यिक र शैक्षिक गरी कवि हर्ष प्रसाद भट्टको त्रिआयामिक व्यक्तित्वको विविध क्षेत्रमा महत्वपूर्ण योगदान छ । उनका काव्यमा प्राकृतिक सौन्दर्य, स्वच्छन्दतावादी भाव प्रवाह पाइन्छ । भाव विह्वल भई विषयवस्तुले छुने वित्तिकै पूर्वीय सिद्धान्त अनुरूप वर्णमात्रिक वा लोकलयमा कविता रचना गर्नु कवि भट्टको मुख्य प्राप्ति हो ।" भन्दछन् ।

रमेश बहादुर धामीले (शोधपत्र, २०६५) मा भट्टले आफ्ना कविताहरुमा राष्ट्रिय इतिहास बोध, समाज बोध जस्ता विषयवस्तुलाई प्रभावकारी ढङ्गले टपक्क टिप्ने गरेको पाइन्छ । सौन्दर्यका विशिष्ट कोटिमा रहेका उनका कवितामा शिल्प पक्षलाई बलियो बनाउन विविध रस तथा अलङ्कारको प्रयोग हुनुका साथै वर्णमात्रिक लोकलय र अंशतः मुक्तलयको पनि प्रयोग भेटिन्छ ।

माधव प्रसाद घिमिरे (२०५९, अछाम रुँदै छ) कविता सङ्ग्रहको भूमिकामा लेख्छन् : "भट्टका अछामेली लोकलय र अछामेली भाषिकाका शब्दावली यतिसम्म ललित छन् कि सुन्दा राष्ट्रभाषामा रचिने गीतको निम्ति टपक्कै टिपौँ जस्तो लाग्छ ।"

मोदनाथ प्रश्रित (२०५९, अछाम रुँदै छ) कविता सङ्ग्रहको भूमिका लेख्ने क्रममा : 'कवि भट्ट विद्यार्थी अवस्थामा विभिन्न साहित्यिक र विचार गोष्ठी, वनभोज जस्ता कार्यक्रममा उपस्थित हुनु नै कविता सृजनामा उत्प्रेरणाको हेतु' हो भनी लेख्छन् ।

डा. तुलसी प्रसाद भट्टराईले (२०५९, अछाम रुँदै छ) कविता सङ्ग्रहको भूमिका लेख्ने क्रममा "तिन दशकदेखि कविताका माध्यमबाट आफ्नो साहित्यिक प्रतिभा देखाउने कवि भट्टको लेखन यात्रा विभिन्न कारणले निकै पातलिएको हो तर हिजोआज फस्टाउन थालेको छ । देशको परिस्थिति, सामाजिक दुरावस्था, अमानवीय व्यवहार र विसङ्गतिले विह्वल मन कवितामा छरिएको छ ।" भनेका छन् ।

बलदेव शर्मा मजगैयाँले (२०५९, अछाम रुँदै छ) कविता सङ्ग्रहकै भूमिकामा भट्टका कविता राष्ट्रप्रेम र आदर्श मूल्य मान्यताले अभिप्रेरित रहेका भन्दै सामान्य मूल्याङ्कन मात्रै गरेका छन् ।

नवराज कट्टेलले (२०५९ अछाम रुँदै छ) कविता सङ्ग्रहमा कवि भट्टका कविताले व्याकरण वर्ण विन्यास र छन्दगत अनुशासनको मर्यादालाई कतिपय ठाउँमा उल्लङ्- घन गरेको उल्लेख गर्दै कविताका शिल्पपक्षको मात्र टिप्पणी गरेका छन् ।

मोतिलाल बोहराले (२०५९, अछाम रुँदै छ) कविता सङ्ग्रहमा कवि भट्टको कवित्व क्षमतालाई 'अद्भुत्' भनेका छन् । उनले प्रभाववादी दृष्टिकोणबाट कवि भट्टको चर्चा गरे पनि वस्तुगत समीक्षा हुन बाँकी छ ।

तुर्माखाँद-चौखुट्टे गीतियात्रा काव्य (२०६७)लाई पढि सकेपछि त्यसबाट प्रभावित भई अछाम जिल्ला बावला गा.वि.स. बस्ने प्रहरी निरीक्षक रुगम कुँवर दम्पतीबाट कवि-लाई पुरस्कार स्वरुप रु. १५०००/- र अछाम नवाठाना गा.वि.स.बस्ने भक्त बहादुर ठकुल्लाबाट रु. १०,००५/- दिएको कुरा कवि हर्ष प्रसाद भट्टको धन्यवाद कृतज्ञता ज्ञापनबाट ज्ञात हुन आएको छ ।

भोज बहादुर कुँवर, अछामले 'तुर्माखाँद-चौखुट्टे' गीतियात्रा काव्य (२०६७)लाई शुभ कामना दिने क्रममा यस काव्याञ्जलिले कथानक इतिहासको पाटो जीवित राखेको, दरबारको आत्म कथाले यो मुटु छोएको र गुलाफको चर्चा गाउँ-शहर भरी छाएको भनी कविताको ढाँचामा व्यक्त गरेका छन् । जीवनका अनेक क्षण सँगै बिताएका मोहन बहादुर शाह, रिडिकोट अछामले 'तुर्माखाँद-चौखुट्टे' गीतियात्रा काव्य (२०६७)लाई 'मेरो दृष्टिमा हर्ष प्रसाद भट्ट' नामक कविता शैलीको भूमिकामा उनको कवित्व शक्तिको चर्चामा भनेका छन् :

रिसाएमा पुस्तक लेख्ने, हाँसेमा कविता ।
हिँड्दाहिँड्दै काव्य लेख्ने, जे भए पनि ता ॥
शब्दका ती गेडाभित्र, रसको माधुरी ।
भरेको भट्टले हुन्छ, न हुन्छ आसुरी ॥

ऋषिकेश ढकाल, मूली अछामले 'तुर्माखाँद-चौखुट्टे' गीतियात्रा काव्य (२०६७)को भूमिकामा कवितात्मक पाराले 'तारा साहित्यको' शीर्षक राखी यसो भन्छन् :

अछामका भाषा शास्त्री, कवि हर्ष भट्ट
जताहेर्‍यो उतै लेख्छन्, मिठा गीत चट्ट ॥

उप प्राध्यापक देवेन्द्र प्रसाद भट्ट 'दीप्त' (२०६७ आश्विन १५)ले 'तुर्माखाँद-चौखुट्टे' गीतियात्रा काव्यको भूमिका लेख्ने क्रममा 'श्रष्टा पिताका कृतिमा द्रष्टा पुत्रको बुर्कुसी' भन्ने शीर्षकमा अछामी समाजको चालचलन, वेशभूषा, भाषा, संस्कृति, धर्म नीति, ऐतिहासिक, राजनीतिक, सामाजिक पाटोको वर्णन गरिएको र विकृतिप्रति चोटिलो व्यङ्ग्य गरिएको अनि

प्रकृतिलाई मानवीकरण गरी विभिन्न बिम्ब र प्रतीकले काव्यलाई आलङ्कारिक, साङ्गीतिक मिठास दिन खोजिएको उल्लेख गरेका छन् भने सुदूर पश्चिमकै वरिष्ठ छन्दवादी कविका रूपमा भट्टलाई चिनाएका छन् ।

यी पूर्व कार्यहरू साहित्यकार हर्ष प्रसाद भट्टका कृति र सम्बन्धित विविध पत्रपत्रिकामा गरिएका छन् । कविको यस 'तुर्माखाँद-चौखुट्टे' गीतियात्रा काव्यमा अध्ययन विश्लेषण हुन बाँकी रहेकोले सोही कार्य यस शोध कार्यमा गरिएको छ ।

## १.७ शोध कार्यको औचित्य

साहित्यकार भट्ट नेपाली साहित्यका सर्जक व्यक्तिका साथै शिक्षाप्रेमी, समाजसेवी ज्योतिष शास्त्री, राजनीतिमा रुचि भएका व्यक्ति पनि हुन् । नेपाली साहित्यको इतिहासमा चार दशकसम्म विभिन्न कविता सङ्ग्रह, खण्डकाव्य, गीतियात्रा काव्य, पत्रकाव्य जस्ता कृति रचना गर्दै आएका साधनारत कविका अहिलेसम्म उनको जीवनी व्यक्तित्व र एकमात्र गीती खण्डकाव्यको अध्ययन भएको पाइएको छ । नेपाली भाषा साहित्यको योगदानमा सुदूर पश्चिमको शिखर पुरुषको हैसियत राख्ने हुँदा उनका अन्यान्य कृतिहरूमा समेत अध्ययन विश्लेषण हुन आवश्यक छ । जुन अहिलेसम्म पर्याप्त मात्रामा भई नसकेको अवस्था छ । यसै परिप्रेक्ष्यमा 'तुर्माखाँद-चौखुट्टे' गीतियात्रा काव्यको अध्ययन विश्लेषण कार्य बाँकी रहेकाले यो शोधकार्य सम्पन्न गरिएको छ । यसबाट कवि भट्टका साहित्यिक कलामा रुचि राख्ने पाठकहरू लाभान्वित हुनुका साथै नेपाली साहित्यको शोध परम्परा पनि समृद्ध हुनेछ । यसरी प्रस्तुत शोध कार्यको औचित्य स्पष्ट हुन जान्छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोध पत्रमा कवि हर्ष प्रसाद भट्टको जीवन सम्बन्धी सेरोफेरो, उनका कृतिहरु केकति छन् र नेपाली साहित्यमा ती कृतिहरूको योगदान केकस्तो रहेको छ ? उनी केकस्ता प्रवृत्तिका साहित्यकार हुन् जस्ता बुँदाहरुबाट अध्ययनको थालनी गरिएको छ भने उनको 'तुर्माखाँद-चौखुट्टे' गीतियात्रा काव्य (२०६७)को काव्य तत्त्वका आधारमा अध्ययन विश्लेषण पक्ष प्रस्तुत शोध कार्यको अध्ययनसँग सम्बन्धित छ । जसमा काव्यको कथावस्तु, चरित्र चित्रण, विषयवस्तु, संरचना, उद्देश्य, प्रतीक, भाव, बिम्ब, लय, अलङ्कार, कथन पद्धति र भाषा शैलीमाथि अध्ययन गरिएको छ ।

## १.९ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यको पूर्णताका लागि पुस्तकालयीय अध्ययन विधिको प्रयोगका आधारमा सम्बद्ध विषयका पुस्तक, पत्र-पत्रिकाहरूको अध्ययन गरी सामग्री सङ्कलन

गरिएको छ । क्षेत्रगत अध्ययन विधिका आधारमा स्वयम् शोध नायकसँग सम्पर्क गरी लिखित एवम् मौखिक प्रश्नावलीद्वारा सामग्री सङ्कलन गरिएको छ । यसै गरी कवि भट्टका कृतिहरूका अग्रभागमा लेखिएका भूमिका र मन्तव्यहरूलाई समेत सहायक सामग्रीका रुपमा लिइएको छ । साहित्यकारसँग परिचित विशिष्ट राजनीतिक, साहित्यिक र अन्य व्यक्तित्वहरू पनि स्रोतका रुपमा रहेका छन् ।

## १.१० शोधकार्य विधि

यस शोध कार्यमा आवश्यकता अनुसार आगमनात्मक र निगमनात्मक दुवै विधिको प्रयोग गरिएको छ । काव्यको सैद्धान्तिक ढाँचा अनुसार अध्ययन विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

## १.११ शोधपत्रको रुपरेखा

प्रस्तुत शोध कार्यलाई सुसङ्गठित र व्यवस्थित रुपमा प्रस्तुत गर्न निम्न लिखित ५ परिच्छेदमा विभाजन गरिएको छ :

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : साहित्यकार हर्ष प्रसाद भट्टको जीवनी, व्यक्तित्व र कृतित्व

तेस्रो परिच्छेद : कविता र खण्डकाव्य विधाको सैद्धान्तिक अध्ययन

चौथो परिच्छेद : 'तुर्माखाँद-चौखुट्टे' गीतियात्रा काव्यको काव्यतत्त्वका आधारमा अध्ययन विश्लेषण

पाँचौ परिच्छेद : उपसंहार तथा निष्कर्ष

उपर्युक्त पाँचवटा परिच्छेदलाई आवश्यकता अनुसार विभिन्न शीर्षक र उप-शीर्षकमा विभाजन गरी अध्ययन गरिएको छ । शोधपत्रको अन्त्यमा शोधसार, सन्दर्भ सामग्री सूची, विधि, परिशिष्ट खण्ड तथा शोधपत्रको अगाडि तदनुरूप विषय सूची सङ्क्षेपीकृत सूची, तालिका सूची, सङ्केत सूची समेत दिएर परिष्कृत, परिमार्जित र परिपूर्ण रुपमा शोधपत्र प्रस्तुत गरिएको छ ।

# दोस्रो परिच्छेद

# साहित्यकार हर्षप्रसाद भट्टको जीवनी,, व्यक्तित्व र कृतित्व

## २.१ साहित्यकार हर्ष प्रसाद भट्टको जीवनी

### २.१.१ पृष्ठभूमि

व्यक्ति विशेषको सम्पूर्ण वा आंशिक जीवनका तथ्यपूर्ण घटना, मानसिक प्रभाव तथा क्रियाकलापको क्रमबद्ध विवरण सविस्तार प्रस्तुत गरिएको गद्य रचनालाई 'जीवनी साहित्य' भनिन्छ (शर्मा र श्रेष्ठ, 'नेपाली साहित्यको इतिहास' २०५६ : पृ. १७०) ।

जीवनी भन्नाले कुनै पनि व्यक्तिको जन्मदेखि मृत्यु पर्यन्तका यावत् घटनाहरुको क्रमबद्ध प्रस्तुति भन्ने बुझिन्छ । यसमा कुनै पनि व्यक्ति विशेषको जीवनका सम्पूर्ण वा आंशिक पक्षहरुको विवरण हुन्छ सम्पूर्ण जीवनको विवरण एउटा ग्रन्थमा समेटिन सक्छ तर यो लेख विशेषमा सम्भव छैन (थापा मोहन हिमांशु 'साहित्य परिचय' २०५० : पृ. २२७) ।

जीवनीमा कल्पनाशीलता, भावुकता जस्ता कुराहरुको सट्टा कुनै व्यक्तिका जीवनसँग सम्बन्धित सत्य-तथ्य घटनाहरु प्रमुख विषयवस्तुका रुपमा समेटिएका हुन्छन् । व्यक्ति विशेषको सम्बन्ध समाज, संस्कृति, राजनीति आदिसँग हुने भएकाले जीवनीबाट तत्कालीन सामाजिक, सांस्कृतिक, राजनीतिक आदि परिवेश बुझ्न सकिन्छ । त्यसैले जीवनी साहित्यमा पनि कल्पनाको नभई वस्तुपरक तथ्यको सर्वाधिक महत्व हुन्छ । इतिहास लेखक झैं जीवनी लेखक निष्पक्ष निरीक्षण, परीक्षण र प्रमाणलाई सामुन्ने राखेर नायकको सत्य कथा लेख्न बस्दछ र जीवनीमा नायकको अति सरलीकरणलाई वर्जित गरिन्छ (शर्मा र श्रेष्ठ , 'नेपाली साहित्यको इतिहास' २०५६ : पृ. १८०) ।

जीवन पर्यन्त व्यक्तिले गरेका सामाजिक कार्य, शिक्षा-दीक्षा, राजनैतिक, आर्थिक, सेवा, सांस्कृतिक, साहित्यिक जस्ता गतिविधिहरु सँगको संलग्नता जीवनीमा रहने गर्दछ । प्रस्तुत शीर्षक अन्तर्गत कवि हर्ष प्रसाद भट्टको जीवन-चक्रसँग सम्बन्धित विविध घटनाहरुको अध्ययन गर्ने कार्य यहाँ गरिएको छ ।

### २.१.२ पारिवारिक अवस्था

साहित्यकार हर्ष प्रसाद भट्टका पिता पिता खगेन्द्र प्रसाद भट्ट समाजका प्रतिष्ठित पण्डित र साधु स्वभावका व्यक्ति थिए । शारीरिक बनावटका दृष्टिले अग्ला गहुँगोरा कदका देखिने उनी विद्या र शास्त्रले अलङ्कृत ज्योतिष शिक्षामा दक्ष व्यक्तिका रुपमा मूल्याङ्कित

भएको पाइन्छ । आँटिला, साहसी र मिजासिलो स्वभावका भट्ट सामाजिक कार्यमा पनि उदारताका साथ चासो राख्ने व्यक्तिका रुपमा परिचित छन् । मानवीय जीवनमा सामाजिक व्यवस्थालाई अनुशासित बनाउनका लागि आवश्यक पर्ने कुल परम्परामा चल्दै आएका सभ्यता-संस्कृति, रीति-रिवाज र चाल-चलनलाई निरन्तरता दिनुपर्छ भन्ने मान्यता राख्दै सर्व साधारणलाई भेला पारेर नैतिक तथा धार्मिक शिक्षा दिने गर्दथे । उनले गाउँमा पाठशाला खोलेर सर्व साधारणका छोरा-छोरीलाई अन्धकारबाट शिक्षाको उज्यालो घामतिर लैजाने उदाहरणीय शिक्षा प्रेमीको काम गरेका थिए । शिक्षाबाट वञ्चित ग्रामीण बस्तीमा प्रारम्भमा प्रा. वि. तह र क्रमशः नि. मा. वि., मा. वि. तहमा पुऱ्याएर त्यस समुदायका बाल-बालिकाहरूलाई शिक्षा क्षेत्रमा जागृत गराउने महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ । पिता खगेन्द्र प्रसाद भट्टले वि. सं. २०२६–२०४६ सालसम्म वि. व्य. स. का अध्यक्ष तथा संस्थापक सदस्यका रुपमा काम गरेका थिए । उनी पञ्चायती व्यवस्थाका समयमा १६ वर्षसम्म प्रधान पञ्च भएको कुरा बेतालमाडौँ मा. वि. द्वारा प्रकाशित 'सिप' प्रकाशनबाट जानकारी पाइन्छ (बेतालमाडौँ मा. वि. को 'सिप प्रकाशन अफसेट प्रेस' धनगढी, २०६१ : पृ.२०) ।

खगेन्द्र प्रसाद भट्टको विवाह केदारी देवी भट्टका साथ वैदिक परम्परा अनुसार सम्पन्न भएको हो । केदारी देवी भट्ट शारीरिक सौन्दर्यका साथै मानसिक संस्कार र अभिरुचिमा पनि त्यत्तिकै लागि पर्ने असल गृहिणीका रूपमा परिचित छन् । खगेन्द्र प्रसाद भट्ट र उनकी धर्मपत्नी केदारी देवी भट्टबाट चार छोरी र तिन छोरा गरी सात सन्तानको जन्म भएको जानकारी शोध कवि भट्ट दिन्छन् । यी मध्ये कवि हर्ष प्रसाद भट्ट दोस्रो सन्तानका रूपमा जन्मेका हुन् भने पारिवारिक र सामाजिक स्नेहले हुर्केका व्यक्ति हुन् । हर्ष प्रसाद भट्टको पारिवारिक पृष्ठभूमि परम्परागत, धार्मिक र सामाजिक आदर्शका आडमा रहेको पाइन्छ । पिता-माताको कुलोचित संस्कार र आदर्शको छाप बाल्यकालदेखि पर्दै आएकाले उनलाई आजको परिस्थितिमा आइ पुग्न सजिलो भएको हो भन्ने कवि भट्ट बताउँछन् (कवि भट्ट र उनको परिवारबाट प्राप्त जानकारी) ।

### २.१.३ वंश परम्परा र जन्म

साहित्यकार हर्ष प्रसाद भट्टको पुर्ख्यौली थलो नेपालको सुदुर पश्चिमाञ्चल क्षेत्र अन्तर्गत रहेको सेती अञ्चल, अछाम जिल्ला हो । नेपालको सुदुर पश्चिमाञ्चल विकास क्षेत्रमा बसोबास गर्दै आएका भट्टहरु पूर्वीया भट्ट कश्यप गोत्रका तथा कुमाउँ भट्ट घृतकौशिक गोत्रका रुपमा चिनिन्छन् । यी मध्ये कवि भट्टका पुर्खा घृत-कौशिक कुलमा

जन्मेका कुमाउँ भट्ट हुन् भन्ने कुरा भट्ट पुत्र देवेन्द्र प्रसाद बताउँछन् । कवि हर्ष प्रसाद भट्टका पुर्खाले वैदिक परम्परा अनुसार कर्मकाण्डका माध्यमबाट जीवन यापन गरेको बुझिन्छ । हर्ष प्रसाद भट्टका हजुरबा कुस्माखर भट्टले चाहिं जीवन यापनका लागि कर्मकाण्डलाई मात्र आधार मानेनन्  खेतीपाती र पशुपालनमा पनि उत्तिकै ध्यान गएको कुरा कवि बताउँछन् । भट्टका पुर्खाहरु विद्वत् परम्पराका दृष्टिले संस्कार-सम्पन्न र कर्तव्यनिष्ठ मानिन्छन् । कवि भट्टका हजुरबा कुस्माखर भट्ट संस्कृत भाषाका सामान्य विद्वान् तर नैतिक आचरण वा भगवद् भक्तका दृष्टिले नाम चलेका पण्डित थिए । आफ्ना सन्ततिलाई कुलोचित आचरणमा लगाएर संस्कार सम्पन्न गराउनु आफ्नो परम कर्तव्य ठान्ने कुरामा कुस्माखरले छोरा खगेन्द्र प्रसादलाई सो कार्यमा लगाउँन कत्ति कसर नछाडेको कुरा कवि भट्ट बताउँछन् । परिणामतः छोरा खगेन्द प्रसाद कर्तव्य निष्ठ बाबुका आचरण निष्ठ तथा संस्कार सम्पन्न सन्तान भएर देखिए । यसरी हर्ष प्रसाद भट्टका पुर्खाहरु धार्मिक, सांस्कृतिक, सामाजिक, आर्थिक र शैक्षिक दृष्टिले कमजोर नरहेको देखिन्छ ।

साहित्यकार हर्ष प्रसाद भट्टको जन्म खगेन्द्र प्रसाद भट्ट र उनकी धर्मपत्नी केदारी देवी भट्टका जेष्ठ सुपुत्रका रुपमा वि. सं. २००५ साल पुस ९ गतेका दिन सेती अञ्चलको अछाम जिल्लामा अवस्थित घुँघुरकोट गा. वि. स. अन्तर्गत कुमैस्थान टोलमा भएको थियो । नक्षत्रले ‘ह’ वर्णबाट नाम जुर्ने तथा पारिवारिक हर्षोल्लासको चिनो स्वरुप उनको नाम ‘हर्ष प्रसाद’ रहन गएको हो भन्ने कुरा कवि भट्ट बताउँ-छन् । नेपाली साहित्यको काव्य विधामा न्वारनकै नाम ‘हर्ष प्रसाद’बाट कवि भट्ट लोक परिचित हुन पुगेका देखिन्छन् (कवि भट्ट र उनको परिवारबाट प्राप्त जानकारी) ।

### २.१.४ स्वभाव तथा अभिरुचि

कवि भट्ट साहित्यक, राजनीतिक गतिविधिका साथै शास्त्रीय सङ्गीतमा समेत अभि-रुचि राख्ने गर्दछन् । हार्मोनियम, बाँसुरी बजाउन धेरै मन पराउने साहित्यकार भट्ट पत्र-पत्रिका पढ्नमा पनि उत्तिकै अभिरुचि राख्दछन् । साहित्यक गोष्ठीसँगको सहभा- गिताले भट्ट साहित्यतिर आकर्षित भएका हुन् भन्ने कुराको जानकारी भट्टका बना- रस पढ्दाका मित्र प्रभुनाथ सुवेदी दिन्छन् (शोध नायकका मित्र प्रभुनाथसँग भेटवार्ता) ।

आलस्य बानी मन नपराउँने र समय सर्वाधिक बलवान् ठान्ने कवि भट्ट समयको सदुपयोगमा बढि ध्यान दिन्छन् भने आज गरि हाल्नु पर्ने कुनै पनि काम टार्न मन पराउँदैनन् । अध्ययन, मनन, चिन्तनका अतिरिक्त व्यवहारिक क्रियाकलापमा संलग्न हुनु कवि भट्टको वैयक्तिक विशेषता हो भन्ने कुरा उनका काका नवराज भट्टबाट जानकारी पाइन्छ ।

सरल र सहज व्यवहार, मिलनसार एवम् मृदुभाषण कवि भट्टका विशेष गुणहरु हुन् भन्ने जानकारी उनका पुत्र देवेन्द्र प्रसाद भट्टबाट जानकारी पाइन्छ । व्यक्तिगत आलोचनालाई मन नपराउने भट्ट आलोचकलाई शिष्टतापूर्वक सुधारप्रति सचेत गराउँछन् । बिहान उठेर नित्य कर्म गरी सकेपछि मात्र व्यावहारिक काममा ध्यान दिने कवि भट्ट समयमै कर्म क्षेत्रमा उपस्थित हुन्छन् । मन, वचन र कर्मनिष्ठ कवि भट्ट परम्परागत संस्कारबाट आफू परिपोषित हुँदा पनि युगानुकूल परिवर्तनलाई सहज रुपमा स्विकार्नु पर्छ भन्ने मान्यताका हिमायती मानिन्छन् । उनी युवा पुस्तालाई राष्ट्र निर्माणको बलियो आधार र परिवर्तनका संवाहकका रुपमा लिन रत्ति पनि हिच्किचाउँदैनन् । कठिन परिस्थितिप्रति धैर्य धारण गर्न सक्ने क्षमताका हुनाले अटुट अभ्यासपछि परिणाम सकारात्मक बन्छ भन्ने मान्यताका कारण भट्टको आन्तरिक व्यक्तित्व निर्मित भएको देखिन्छ (कवि भट्टका काका र पुत्रसँग प्रत्यक्ष भेट) ।

मानव जीवनका प्रमुख चार अवस्था मध्ये बाल्यावस्था मानव जीवनको प्रारम्भिक र महत्वपूर्ण अवस्था हो । बालकको पहिलो पाठशाला घर हुने भएकाले पनि पारिवारिक वातावरण अनुरुप बालकको शारीरिक र मानसिक विकास हुन्छ । मानवीय जीवनका कतिपय सामाजिक, आर्थिक, शैक्षिक जस्ता वातावरणले परिवारभित्र प्रत्यक्ष-अप्रत्यक्ष प्रभाव पारेको हुन्छ । सुसंस्कृत पारिवारिक वातावरण संस्कार अनुरुप नै कवि भट्टको बाल्यकाल विकसित भएको पाइन्छ । आफू बाल्यावस्थादेखि प्राकृतिक सौन्दर्यमा रमाउने प्रवृत्तिको भएकाले हिमाल-पहाड, वन-जङ्गल, पाखा-पखेरा, खोलानालासँग प्रीति गाँस्न मन पराउने कुरा साहित्यकार भट्ट बताउँछन् (कवि भट्टसँग पूर्ववत्) ।

### २.१.५ शिक्षा-दीक्षा

मानिस जन्मिन्छ तर उसका विभिन्न अवस्थाहरु एकपछि अर्को गरी विकसित भएका हुन्छन् । बालकको वृद्धि र विकास हुने क्रममा एक सभ्य नागरिक बन्नका लागि गाँस, बास र कपासपछि शिक्षा-दीक्षाको अपरिहार्यता हुन्छ । सभ्य नागरिक बन्नका लागि शिक्षा-दिक्षा नभई नहुने अभिन्न पक्ष भएकाले मानवीय जीवन यापनका क्रममा आवश्यक मानिन्छ । 'शिक्षा-दीक्षा बिनाको मानिस पशुतुल्य हुन्छ' भन्ने सामाजिक कथनले पनि यसको अपरिहार्यतालाई पुष्टि गरेको पाइन्छ । नेपालमा राणा शासनको जगजगी भएको अवस्थामा औपचारिक रुपमा जनताका छोरा-छोरीले अध्ययन गर्न पाउने कुनै पनि विद्यालयको स्थापना नहुँदा तत्कालीन समाजका प्रतिष्ठित व्यक्ति खगेन्द्र प्रसाद भट्टले घरैमा शिक्षक राखेर छोरा-छोरीलाई पढाउन लगाएका थिए । खगेन्द्र प्रसाद भट्टद्वारा सर्व साधारणका लागि शिक्षा

दिने उद्देश्यले खोलिएको स्थानीय पाठशालामा नै ५ वर्षको उमेरमा हर्ष प्रसादको अक्षरारम्भ भएको थियो । त्यसपछिको प्रारम्भिक शिक्षा प्रभा धम्कोट नि. मा. वि. मा डबल बहादुर कुँवरबाट भए पनि त्यसले निरन्तरता भने पाउन नसकेको कुरा शोध नायक बताउँछन् । यस प्रकार कविको अक्षरारम्भ पछि प्रारम्भिक शिक्षाले त्यति मौलाउने अवसर पाएको देखिँदैन । (कवि भट्टसँग प्रत्यक्ष भेटघाट) ।

पूर्वीय हिन्दू धर्म संस्कृतिद्वारा निर्देशित मानवीय जीवनका षोडष संस्कारमध्ये उपनयनलाई एउटा महत्वपूर्ण संस्कार मानिन्छ । 'उपनयन'को शाब्दिक अर्थ व्रतबन्ध वा यज्ञोपवीत संस्कार हो (बालकृष्ण पोखरेल, नेपाली वृहत् शब्दकोश, २०५० : पृ. १४२) ।
हर्ष प्रसाद भट्टको चूडोपनयन कर्म पिता खगेन्द प्रसाद भट्टले हिन्दू संस्कार अनुरुप आठ वर्षको उमेरमा वि. सं. २०३१ सालमा भव्यताका साथ सम्पन्न गराएका थिए । सो उपनयनको कार्य भट्टका मन्त्रगुरु रति भण्डारीबाट सम्पन्न भएको जानकारी पनि कवि भट्ट बताउँछन् । आमा-बाबुको माया-ममताको कारण बाहिर पढ्न जान मनाही गर्ने हुनाले अब भागेर पढ्न जानु पर्छ ठानी हजुरबा पर्ने जनक लाल भट्टको सहयोगमा पद्मे रावतका साथ वि. सं. २०२५ सालमा मुम्बई र त्यसपछि वाराणसेय संस्कृत विश्व विद्यालय पुगेको कुरा कवि हर्ष प्रसाद भट्टका हजुरबा पर्ने जनक लाल भट्ट जानकारी दिन्छन् । वाराणसेय संस्कृत विश्व विद्यालय अन्तर्गत नेपाली संस्कृत महा विद्यालयबाट कवि भट्टले फलित ज्योतिष विषयमा सन् १९७१मा पूर्वमध्यमा, सन् १९७४मा उत्तर मध्यमा र सन् १९७६मा शास्त्री तह उत्तीर्ण गरेको कुरा कवि भट्ट बताउँछन् (कविसँग प्रत्यक्ष भेटवार्ता र उनको मार्गसीट अनुसन्धान) ।

यसरी कवि भट्टले प्राथमिक तहको औपचारिक शिक्षा प्रभा धम्कोट नि. मा. वि.बाट माध्यमिक तह र उच्च शिक्षा वाराणसेय संस्कृत विश्व विद्यालय बनारस, भारतबाट प्राप्त गरेको कुरा ज्ञात हुन आउँछ । जिज्ञासु स्वभाव र अध्ययन प्रतिको निरन्तरताले कवि भट्टको संस्कृत, हिन्दी र नेपाली गरी तिनवटै भाषा साहित्यमा दखल थियो भन्ने कुरा उनको साहित्यिक र शैक्षिक गतिविधिले प्रष्ट्याउँछ ।

### २.१.६ दाम्पत्य जीवन

आफ्नो जीवनमा जम्मा दुई विवाह गरेको कुरा कवि भट्ट बताउँछन् । वि. सं. २०१६ सालमा एघार वर्षको कलिलो उमेरमा अछाम जिल्ला निवासी शिवराज जोशी र उनकी धर्मपत्नी जमुना जोशीकी जेठी सुपुत्री धर्मा देवीका साथ उनको पहिलो विवाह सम्पन्न भएको थियो । अठ्ठाइस वर्षसम्म सन्तान नभएपछि आमा-बाबुको आग्रहमा वि. सं. २०३३ सालमा

अछाम जिल्लाकै भागेश्वर गा. वि. स. स्थित बस्तोला निवासी हृदयराज मुडभरी र कोकिला देवी मुडभरीकी एकमात्र छोरी राधा मुडभरीका साथमा दोस्रो विवाह सम्पन्न भएको कुरा कवि बताउँछन् । मानव जीवनमा गृहस्थाश्रमीहरुको सन्तान लाभको सुखलाई पनि भौतिक सुखको रुपमा लिइन्छ । कवि भट्टकी जेठी धर्मपत्नी धर्मादेवी भट्टका कोखबाट क्रमशः छोरा बम प्रसाद, छोरी ज्वाला, छोरा लक्ष्मी प्रसाद, छोरी शुशीला भट्ट र कान्छी पत्नी राधा देवीका कोखबाट छोराहरू लोकराज, देवेन्द्र प्रसाद र गणेश प्रसाद भट्ट गरी जम्मा सात सन्तानको जन्म भएको छ । सात सन्तानका धनी कवि भट्ट आफ्ना सन्ततिलाई शिक्षा-दीक्षा दिएर आत्मनिर्भर बनाउनु पर्छ भन्ने विचारका पक्षपाती भएकाले सोही अनुरुप सन्तानहरु पनि निजी तथा सरकारी निकायमा जागिरे रहेका देखिन्छन् । हाल उनले सबै सन्तानलाई आ-आफ्ना दाम्पत्य जीवन र कर्मक्षेत्रमा संलग्न गराइ सकेका छन् । हर्ष प्रसाद भट्टले सन्तानहरुलाई युगानुकूल शिक्षा-दीक्षा दिएर आत्मनिर्भर बनाउने कार्यमा कत्ति कसर राखेका छैनन् (कवि भट्ट र उनको परिवारबाट प्रत्यक्ष जानकारी) ।

### २.१.७ पारिवारिक आर्थिक स्थिति

साहित्यकार हर्ष प्रसाद भट्ट जीवनको उत्तरार्द्ध अवस्थामा छन् । भट्ट हाल ६४ बर्से जीवन यात्राका एक सफल कर्मयोगी पुरुषका रुपमा चिनिन्छन् । शास्त्री सम्मको अध्ययन गरेपछि भट्टले मान-सम्मानको सुनौलो अवसर प्राप्त गरेका छन् । झट्ट हेर्दा भट्टको सिङ्गो जीवनको पूर्वार्द्ध आर्थिक दृष्टिले मध्यम खालको देखिए पनि उत्तरार्द्धमा भने सुधार भएको कुरा देखिन आउँछ । पिताको औषधोपचार गर्दागर्दै मृत्यु हुँदा हृदय विदारक घटनाले छोएको कुरा कवि भट्ट तितो सत्यका रुपमा बताउँछन् । त्यसैले पनि आफ्नो कविता यात्रा सबल बन्न नसकेको कवि भट्ट गुनासो गर्छन् । पहिलो विवाहबाट असन्तुष्ट भई वि. सं. २०३३ मा दोस्रो विवाह गरेपछि मात्र जीवनमा सुखानुभूति हुँदै आएको कुरा भन्न पनि कवि पछि परेका छैनन् (कवि भट्टसँग प्रत्यक्ष भेटघाट) ।

कवि हर्ष प्रसाद भट्टलाई अध्ययन-अध्यापन कार्यदेखि लिएर पारिवारिक जीवनमा समेत जनक लाल भट्ट र पूर्णचन्द्र भट्टको निरन्तर सहयोग रहि नै रह्यो । त्यस्तै इष्टमित्र, भाइ-बन्धुको सद्भाव र दुवै पत्नीको सुमधुर सम्बन्धले गर्दा अझ भट्टको पारिवारिक वातावरण सुखद रहेको देखिन्छ । सन्तानहरूलाई शिक्षित बनाएर आत्म निर्भर गराउन सफल भएकोले कवि भट्ट स्वाभाविक रूपमा खुसी नै देखिन्छन् । साहित्यकार हर्ष प्रसाद भट्ट मध्यम वर्गीय परिवारमा जन्मेका हुन् । त्यसैले पैतृक सम्पत्तिका रुपमा बुबा खगेन्द्र प्रसादले भोग चलन गर्दै आएको केही जग्गा-जमीन तिनजना दाजु-भाइमा बाँडफाँड गरिएको छ ।

पैतृक सम्पत्ति प्राप्त भएपछि कवि भट्टको जीवन यापन र गृहस्थी सञ्चालनमा ठुलो टेवा पुगेको छ । बनारसमा अध्ययन गर्दा उनका बुवाले मासिक रु.१०० (एकसय) भारतीय रुपैयाँ पठाउने गर्थे । त्यसबाट रु.१० कोठा भाडा, रु.६० खाना खर्च र बाँकी पैसा अन्य सामग्रीमा खर्च गर्दथे । शास्त्री सम्मको अध्ययन पूरा गरी सकेपछि मासिक रु.२९२ (दुई सय बया-नब्बे)का दरले महेन्द्र मा. वि. मा जागिरे भएपछि भट्टको शैक्षिक क्षेत्र व्यापक बन्नुका साथै आर्थिक स्तर सुधार हुँदै गएको कवि बताउँछन् (कवि भट्टसँग पूर्ववत्..) ।

### २.१.८ आजीविका/पेसा एवं व्यवसाय

साहित्यकार हर्ष प्रसाद भट्टले शास्त्री तह सम्मको औपचारिक शिक्षा पूरा गर्नासाथ शिक्षक सेवामा जागिर गरे र अब शिक्षकबाट पनि अवकाश लिई हाल आएर राज-नैतिक जीवन व्यतीत गर्न थालेका छन् । भट्ट पारिवारिक आर्थिक समस्याका कारण शास्त्री तहसम्मको अध्ययनमा सीमित रहे पनि शिक्षा क्षेत्रमा ठुलो योगदान पुऱ्याएका छन् । उनले सर्वप्रथम वि. सं. २०३२ सालमा महेन्द्र मा. वि. मा नि. मा. वि. तह सम्मको नियुक्ति पाएको र वि. सं. २०३४ सालमा मा. वि. तहको स्थायी नियुक्ति पाएको कुरा उनको नियुक्ति पत्र हेर्दा थाहा हुन्छ । उक्त विद्यालयमा कवि भट्टले वि. सं. २०३२ सालदेखि वि. सं. २०४७ सालसम्म सेवा गरेको जानकारी पाइन्छ । वि .सं. २०४८ सालदेखि वेतालमाडौं मा. वि. घुँघुरकोटमा नेपाली विषयको अध्यापक र प्रधानाध्यापक कार्यमा संलग्न रहँदै आएका हुन् । हालै मात्र कवि भट्टले वि. सं २०६७मा शिक्षक पेसाबाट अवकाश समेत लिई सकेका छन् । उनले वि. सं. २०३२ सालदेखि अध्यापनको लामो अनुभव बटुलेका छन् । भट्टले वि.सं. २०४० सालमा पैतृक थलोमा व्यवस्थित घर बनाएको र अब कैलाली जिल्लाको तारानगर, धनगढीमा घर-खेत बनाई त्यहीँ बस्ने गरेको पाइन्छ । अन्ततः भट्ट आफ्ना सन्तानका लागि पैतृक सम्पत्ति सञ्चय गर्नतिर बढी तल्लीन देखिन्छन् । कवि भट्टले आफ्नो जीवनमा जे जति समुन्नति गरे मूलतः त्यो उनको अथक परिश्रम र लगनशीलता नै मानिन्छ । (कवि भट्टसँग प्रत्यक्ष कुराकानी सहित उनको नियुक्ति पत्र तथा अवकाश पत्रबाट जानकारी) ।

### २.१.९ सिर्जनाका लागि प्रेरणा र प्रभाव

नेपाली साहित्य जगतमा वि. सं. २०२९ सालदेखि साहित्यकारका रुपमा परिचित हुँदै निरन्तर कविता सिर्जना गर्ने साहित्यकार हर्ष प्रसाद भट्ट बनारसको विद्यार्थी जीवनदेखि नै सृजनातिर लागेका देखिन्छन् । वि. सं. २०२६ सालमा विश्वेश्वर प्रसाद कोइराला जेल-जीवनबाट मुक्त हुँदा सारनाथ पुगी उनको साहित्यक प्रवचन सुनेपछि कवि भट्टलाई साहित्य

रचनाप्रति अभिरुचि अझ बढ्दै गएको पाइन्छ । साहित्यकार भट्ट बनारसमा अध्ययनरत रहँदा नेपाली साहित्य रचना गर्न अभिरुचि राख्ने नव साहित्यकारहरू कविवर युद्ध प्रसाद मिश्र, डिल्लीराम तिमिल्सिना, डा. गोविन्द प्रसाद सुवेदी, मोदनाथ प्रश्रित, तुलसी भट्टराई जस्ता साहित्यकारहरु सँगको सहभागिता र साहित्यिक गतिविधिले गर्दा उच्च शिक्षा पढ्ने उमेरदेखि साहित्यप्रति अभिरुचि रहेको र तिनै नेपाली साहित्यकारहरुको संसर्गले गर्दा कविता रचना गर्नतिर प्रेरित भएको पाइन्छ (भट्टराई तुलसी प्रसाद, कवि भट्टको कृति 'अछाम रुँदै छ'को : कभर (पृष्ठ ख)मा ।

थातथलोबाट पीडा बोकेर काठमाडौं रल्लिँदा रल्लिँदै आफू बनारस पढ्दा ताकाका नेता तथा गुरु डा.तुलसी भट्टराई र साहित्यकार मोदनाथ प्रश्रितसँग भेट भयो, कविता सुनाउँदा मेरा कविताबाट प्रभावित भई कविता सङ्ग्रह प्रकाशन गर्ने प्रेरणा दिनु भयो अनि उहाँहरुले कविता पढी शुभ कामना समेत लेखि दिँदा आफू अझै प्रफुल्लित र उत्साहित भएको कुरा कवि भट्ट बताउँछन् (कवि भट्टसँग प्रत्यक्ष भेटवार्ता) ।

यसरी साहित्यकार भट्ट संस्कृत भाषाका विद्यार्थी भएर नेपाली साहित्यकारसँग भेटघाटको संयोग बन्नु, साहित्यिक सम्मेलनमा भाग लिनु, साहित्यिक पत्र-पत्रिका पढ्ने अभिरुचि रहनु नै भट्टका साहित्य सिर्जनाका लागि प्रेरणा र प्रभावका मुख्य कारक तत्व हुन् भने नेपाली साहित्यको कविता फाँटमा निरन्तर सिर्जना गरे बापत विभिन्न सङ्घ-संस्थाबाट मान-सम्मान र पुरस्कार प्राप्तिले पनि सिर्जनामा थप बल पुगेको कुरा कवि भट्ट प्रसन्न मुद्रामा बताउँछन् (कवि भट्टसँग प्रत्यक्ष भेटवार्ता) ।

### २.१.१० भ्रमण तथा यात्रा

साहित्यकार हर्ष प्रसाद भट्टले नेपाल अधिराज्यका प्रमुख ठाउँहरूका साथै बनारस अध्ययनका क्रममा र विद्यार्थी सङ्गठनको काम गर्दा भारतका अहमदाबाद, मुम्बई, पुना, गुजरात, सुरत, दिल्ली, मथुरा जस्ता ठाउँहरुमा भ्रमण गरेका छन् (कवि भट्टसँग प्रत्यक्ष भेटवार्ता) ।

### २.१.११ सम्मान तथा पुरुस्कार

विगत तिन दशकदेखि हालसम्म नेपाली साहित्यको काव्य विधामा कलम चलाउँदै आएका कवि भट्ट एक शास्त्रीय कवि हुन् । उनका हालसम्म विभिन्न साहित्यिक पत्र-पत्रिकामा फुटकर रचनाहरु प्रकाशित भैसकेका छन् । कवि भट्टले मोफसलमा बसेर पनि साहित्यप्रति देखाएको अभिरुचिलाई सम्मान गर्नका लागि विभिन्न सङ्घ-संस्थाले उनलाई पुरुस्कार प्रदान गरेको पाइन्छ । उनले सर्वप्रथम वि. सं. २०२७ साल फागुन ७ गते

बनारसका विद्यार्थीहरुले आयोजना गरेको 'साहित्य सम्मेलन'मा 'असमान किन?' भन्ने शीर्षकको कविता वाचन गरेर विश्वेश्वर प्रसाद कोइरालाको हातबाट द्वितीय स्थानको पुरस्कार प्राप्त गरेका छन् । यस्तै वि. सं. २०३१ सालमा प्रकाशित 'हिमाली सन्देश' कविता मार्फत् 'गोरखा दक्षिण बाहु' (चौथा) प्राप्त गरेका छन् । अछामको अकल्पनीय नर संहारको घटना वि. सं. २०५८लाई विषयवस्तुमा स्वाभाविक ढफ्ले बुनेर दुःखान्त कविता सङ्ग्रह 'अछाम रुँदै छ' रचना गरेकाले 'सेती-महाकाली साहित्य समाज'ले आयोजना गरेको साहित्यिक सम्मेलनमा साहित्यकार राजेश्वर देवकोटाद्वारा दोसल्ला ओढाई २०५९ सालमा सम्मान गरेको कुरा पनि शोध नायक बताउँछन् । यसै गरी साहित्यमा निरन्तर योगदान गरे बापत वि. सं. २०६२ सालमा अछाम जिल्ला शिक्षा समितिबाट साहित्यक सम्मान गरिएको छ । साहित्यमा सुदूर पश्चिमको गौरव उँचा पारे बापत 'सुदूर पश्चिम साहित्य समाज'ले वि. सं. २०६५ सालको भानु जयन्तीको अवसर पारी कवि भट्टलाई नगद पुरुस्कार र सम्मान प्रदान गरेको छ (हर्ष प्रसाद भट्ट, 'प्याउली गुलाफ' २०६१को : कभर पृष्ठबाट) ।

### २.१.१२ निष्कर्ष

अछाम जिल्लाको घुँघुरकोट गा. वि. स. अन्तर्गत कुमैस्थान टोलमा पिता खगेन्द्र प्रसाद तथा माता केदारेश्वरी देवीका कोखबाट जन्मेका साहित्यकार भट्टको साहित्यिक यात्रा बनारसमा अध्ययनरत रहँदादेखि नै प्रारम्भ भएको पाइन्छ । युवावस्थादेखि नै साहित्यिक पत्र-पत्रिका अध्ययन गर्ने र साहित्य सम्मेलनमा भाग लिने अभिरुचि रहेको देखिन्छ । बुवा-आमाको सद्भावपूर्ण मायाले र विभिन्न साहित्यकारको संसर्गको कारणले गर्दा साहित्य सिर्जनामा थप प्रेरणा प्राप्त भएको देखिन्छ । विद्यार्थी जीवनदेखि नै मानवीय मूल्य र मान्यता विपरीत गरिने सम्पूर्ण कार्यहरुले समाजमा खाल्डो ल्याई दुर्गन्धित बनाउँछ भन्ने मान्यताका पक्षपाती व्यक्तित्वका रुपमा कवि भट्ट देखिन्छन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा देखा परेका निरङ्कुश शासन व्यवस्था, सामाजिक विकृति-विसङ्गतिपूर्ण अवस्था, जातीय उत्पीडन, छुवाछुत, शोषण, जस्ता अव्यवस्थाप्रति तीव्र विरोध गर्ने प्रवृत्ति कवि भट्टको देखिन्छ । फलतः उल्लिखित किसिमका विषयवस्तुलाई प्रस्तुत गर्न कवि भट्टले कवितात्मक भाषा प्रयोग गरेको देखिन्छ । देखेका र भोगेका विविध विषयलाई कवितात्मक भाषामा सरल, सहज ढङ्गले बुन्न सक्ने क्षमता कवि भट्टको रहेको देखिन्छ । साहित्यकार भट्ट मेधावी व्यक्तित्वका धनी भए पनि अन्य सामाजिक, राजनीतिक क्रियाकलापले गर्दा सृजनशीलताको पाटो त्यति सफल भएको पाईंदैन । विद्यार्थी जीवनदेखि नै भट्ट क्रान्तिकारी स्वरबाट

प्रशिक्षित देखिन्छन् । साहित्यकार भट्ट बनारसमा रहँदा विभिन्न साहित्य सम्मेलनमा भाग लिएर आफ्ना कविता पनि वाचन गर्न मन पराउँथे । विद्यार्थी-जीवनदेखि आजसम्मको साहित्य प्रतिको स्नेह र क्रियाशीलताले भट्टको साहित्यक यात्रा अगाडि बढेको पाइन्छ । आफ्नो कविता यात्रामा कवि भट्टका हालसम्म प्रकाशित भएका कृतिहरु 'मेरो कल्पना' कविता सङ्ग्रह (२०२९), 'हिमाली सन्देश' कविता सङ्ग्रह (२०३१), 'दुई थोपा आँसु' पत्रकाव्य (२०४८), 'अछाम रुँदै छ' कविता सङ्ग्रह (२०५९), 'प्याउली गुलाफ' गीति खव्डकाव्य ( २०६१), 'दरबारको आत्मकथा' काव्याञ्जलि (२०६३) र 'तुर्माखाँद चौखुट्टे' गीतियात्रा काव्य ( २०६७) रहेका छन् । (कवि कृतिहरुका कभर पृष्ठबाट)

## २.२ साहित्यकार हर्ष प्रसाद भट्टको व्यक्तित्व

### २.२.१ पृष्ठभूमि

कुनै पनि व्यक्तिका व्यक्तिगत एवम् सामूहिक काम र दिनचर्याबाट नै व्यक्तित्व निर्माण भइ रहेको हुन्छ । कसैको व्यक्तिगत अध्ययन गर्नका लागि उसले सामाजिक, सांस्कृतिक, ऐतिहासिक, साहित्यिक क्षेत्रमा खेलेको भूमिकाको मूल्याङ्न गर्ने काम गरिन्छ । व्यक्तित्व व्यक्तिगत र वंश परम्परागत जैविक वृत्तिपुञ्जका रूपमा सिर्जित हुन्छ; शिक्षा-दीक्षा, सङ्गत र वातावरणका आलोकको अनुभवले समृद्ध बन्दछ (उपाध्याय केशव प्रसाद, 'मोतीरामको व्यक्तित्व र योगदान' मोतीस्मृति ग्रन्थ सम्पादक :रमा शर्मा, काठमाडौं, नेपाली शिक्षा परिषद, २०३९ : पृ. ३९) ।

यस्ता व्यक्तित्वलाई मूलतः निजी व्यक्तित्व र सार्वजनिक व्यक्तित्व गरी दुई भागमा राखेर अध्ययन गरिन्छ । निजी व्यक्तित्व मानिसको शारीरिक बनावट, स्वभाव, आचरण, बानी-व्यवहार, लवाइ-खवाइ जस्ता नितान्त व्यक्तिगत अभिरुचिले निर्धारण गर्दछ । यसमा पनि बहिर्मुखी र अन्तर्मुखी गरी दुई पाटा हुन्छन् । बहिर्मुखी व्यक्तित्व विशेषतः रुपात्मक हुन्छ अर्थात् शारीरिक बनावटसँग सम्बन्धित हुन्छ भने अन्तर्मुखी व्यक्तित्व व्यक्तिको स्वभाव, आचरण, प्रवृत्ति र चिन्तन-मनन जस्तो प्रत्यक्ष नदेखिने तथा अनुभव गर्न नसकिने हुन्छ । यसरी दुई किसिमबाट व्यक्तिको व्यक्तित्व निर्माण हुने गर्दछ । यसका विपरीत व्यक्तिगत स्वार्थभन्दा माथि उठेर समाजिक मानमर्यादा- को परिधिमा राष्ट्रहितका लागि सामाजिक, साहित्यिक, धार्मिक, राजनीतिक आदि क्षेत्रमा दिएका सकारात्मक योगदानले सामाजिक व्यक्तित्वको निर्माण हुन्छ (भट्ट देवेन्द्र प्रसाद, शोधपत्र, २०६२ : पृ. १७) ।

यसरी कवि भट्टको जीवनमा विशेष महत्व राख्ने विविध घटना, प्राप्त शिक्षा तथा आर्जित गुण एवम् अनुभव आदि अनेक पक्षहरुले साहित्यकार भट्टटको व्यक्तित्वलाई उजागर गरेका छन् । भट्टको सार्वजनिक व्यक्तित्व विकासका लागि विशेषतः तिस बर्से शिक्षक जीवन नै मुख्य घटनाका रुपमा रहेको देखिन्छ । सरल, सहज र मिलनसार तथा लगनशील, जिज्ञासु एवम् अध्ययनशील प्रवृत्तिका भएकाले कवि भट्टको जीवनमा उत्तरोत्तर अवसरहरु प्राप्त हुँदै आएका छन् । ६४औं वसन्त टेकि सकेका कवि भट्टको जीवन यात्रामा देखिएका व्यक्तित्वका विभिन्न पक्षको अनुशीलन तलका शीर्षकहरुमा गरिएको छ ।

## २.२.२ अन्तर्बाह्य तथा शारीरिक व्यक्तित्व

आमाका कोखबाट वैभवशाली धर्तीमा जन्म लिएदेखि शिशुको जीवन जगत्का बारेमा उत्सुकता र रुचि बढ्दै जान्छ अनि विभिन्न वातावरणका संयोगले हुर्किएको बालक समाजमा छुट्टै विशेषताका साथ परिचित बन्नु स्वाभाविक नै हो । आकार, प्रकार, रुप, रुचि, स्वभाव, आचरण, प्रवृत्तिहरुले नै व्यक्तिको शारीरिक तथा सिङ्गो भौतिक व्यक्तित्वको निर्माण भएको हुन्छ । यस आधारमा शारीरिक बनावटका दृष्टिले लगभग साढे पाँच फिट अग्ला देखिने कवि हर्ष प्रसाद भट्ट मझौला आकृतिका देखिन्छन् । गोलो-आकार मुख मण्डलमा तील र पुष्पाकृतिको नाक, फराकिलो ललाट, मर्मभेदी दृष्टि, लामा-लामा कान, दाग रहित अनुहार भएका कवि भट्ट गहुँगोरो वर्णका देखिन्छन् । 'सादा जीवन उच्च विचार'लाई हृदयङ्गम गर्ने कवि भट्टको व्यक्तित्व झल्काउने राष्ट्रिय पोशाक नै रहेको पाइन्छ । कवि भट्ट राष्ट्रिय पोसाक बाहेक कुर्ता सुरुवाल कालो कोट, पाल्पाली ढाकाटोपी र छालाको कालो रङ्गका जुत्ताको प्रयोग गर्न पनि मन पराउँछन् । सुगठित जिउडालका कवि भट्टको व्यक्तित्व आकर्षक र भद्र देखिन्छ । उनी अपरिचित वा पहिलो पल्ट भेट्नेहरुका लागि ४०-४५ वर्ष उमेरका जस्ता देखिन्छन् । साहित्यकार हर्ष प्रसाद भट्टलाई पहिलोपल्ट मैले वि. सं. २०५७ साल माध्यमिक शिक्षा परिषद, तालिम केन्द्र धनगढीमा भेट्ने अवसर पाएको थिएँ । पहिलो भेटमै उहाँको व्यक्तित्व, विद्वत्ता र चातुर्यबाट म प्रभावित भएको थिएँ (कवि हर्ष प्रसाद भट्टसँग पुनः प्रत्यक्ष भेटवार्ता) ।

घरमा बस्दा उनले प्रायः धोती र सर्ट नै प्रयोग गर्छन् भने औपचारिक काम काजका लागि मौसमानुकूल नेपाली पोसाक, सर्ट-पैन्ट, कुर्ता-पाइजामा लगाउने कुरा आफैं बताउँछन् । सन्तुलित भोजनका रूपमा शाकाहारी र मांसाहारी खाना मन पराउने साहित्यकार भट्ट मौसमानुकूल फलफुल र चियापान गर्न मन पराउँछन् । त्यसैले उनको शरीर स्वस्थ र सुगठित भएको कुरा कवि भट्ट बताउँछन् । मृदुभाषी हर्ष प्रसाद भट्ट

आफूसँग भेटघाट गर्न आउने जुनसुकै स्तरका आगन्तुकलाई मन, वचन र कर्मले सेवा गर्ने भावनाबाट प्रेरित देखिन्छन् । सामाजिक सद् व्यवहारमा अत्यन्त सजग साहित्यकार भट्ट सामाजिक विकृति, विसङ्गतिको विरोध गर्दै सुधारका लागि सुझाव-सल्लाह दिने प्रवृत्तिका देखिन्छन् (कवि भट्ट र उनको परिवारबाट जानकारी) ।

'दरबारको आत्मकथा' कृतिमा भूमिका लेख्ने क्रममा सीताराम अधिकारी साहित्यकार भट्टका बारेमा लेख्छन् : "साहित्यकार भट्ट पश्चिम नेपालका उदीयमान कवि हुन् । सरल तथा सहज स्वाभावका कवि भट्ट मानवीय संस्कार, स्वभाव, शिष्टता, सभ्यता तथा उदारता जस्ता विविध प्रकारका महत्वपूर्ण घटनाप्रति सचेत भएर अप्रत्यासित रुपले हेर्ने गर्दछन् ।" ( अधिकारी सीताराम, कवि कृति 'दरबारको आत्मकथा' :कभरपृष्ट)

सत्य नै मानिसको अन्तिम र परम कर्तव्य मान्ने कवि सफलता-विफलता, सुख-दुःख, आँसु-हाँसो जस्ता मानवीय संवेदनालाई स्वभाविक ढङ्गले स्विकार गर्न सक्नु सफल मानिसको परिचय हो भन्दछन् । परिश्रमी, सहयोगी, स्वाभिमानी, धीर, अध्ययनशील, मितव्ययी, र बौद्धिक क्षमता जस्ता प्रवृत्तिले कवि भट्टको आन्तरिक व्यक्तित्वलाई तिखारेको देखिन्छ । 'शिक्षित परिवार, बनारसको नगर सभ्यता र सुरम्य वातावरणमा हुर्किएका भट्ट गम्भीर स्वभावका साथै कुनै पनि विषयवस्तुलाई कवितात्मक शैलीमा प्रस्तुत गर्ने शिल्पी देखिन्छन् ।' (बोहरा मोतीलाल, कवि कृति 'अछाम रुँदैछ' : कभरपृष्ठ) ।

### २.२.३ शिक्षक व्यक्तित्व

शिक्षक भन्ने बित्तिकै विद्यार्थीलाई ज्ञानार्जनमा सहायक सहजकर्ता व्यक्तिको रुपमा बुझिन्छ । कवि हर्ष प्रसाद भट्ट पनि एक कुशल शिक्षक वक्तित्व हुन् । शास्त्री सम्मको औपचारिक अध्ययन पुरा गरेपछि स्थानीय महेन्द्र मा. वि. बयलपाटा अछाममा उनले शिक्षण पेसा आरम्भ गरेको पाइन्छ । कविको जीवनमा देखापर्ने व्यक्तित्वका पाटामध्ये शिक्षक व्यक्तित्व सर्वाधिक सफल रहेको देखिन्छ । वि. सं. २०३२ सालमा महेन्द्र मा. वि. बाट आरम्भ भएको कवि भट्टको शैक्षिणिक यात्रा बेतालमाण्डौं मा. वि. पुग्दासम्म प्रशस्त शिक्षण अनुभव सँगाल्दै शैक्षिक क्षेत्रमा परिचित देखिन्छ । प्राप्त योग्यता र पेसाप्रतिको प्रतिबद्धता तथा अनुभवहरुको प्रतिफल स्वरुप आफ्नो पदोन्नति पनि हुँदै आएको कवि भट्ट बताउँछन् । यिनै विविध कारणहरुले उनलाई शैक्षिक क्षेत्रमा काम गर्न प्रशस्त हौसला प्राप्त भएको जानकारी महेन्द्र मा. वि. का भूतपूर्व शिक्षक यदुनाथ शर्मा बताउँछन् । साढे तिन दशकको लामो अध्यापन कार्यप्रति प्रतिबद्ध कवि भट्ट सन्तुष्ट र आशावादी देखिन्छन् (महेन्द्र मा.वि. बेतालमाण्डौंका पूर्व शिक्षक यदुनाथ शर्मासँग कुराकानी) ।

संस्कृत र नेपाली भाषाको राम्रो ज्ञान, अनुभव पाएका कवि हर्ष प्रसाद भट्ट विद्यार्थीलाई शैक्षणिक विधि अनुरुप पठन-पाठन गराउनु पर्ने र शिक्षण-सिकाइ प्रभावकारी, उपलब्धि मूलक बनाउन मूलतः विद्यार्थीको क्षमता, ज्ञान र अभिरुचिमा ध्यान दिनु पर्ने कुरा बताउँछन् । उनका शिक्षण पेसासँग सम्बन्धित कतिपय वैयक्तिक गुण पनि रहेका छन् । उनको अध्यापन कलालाई जीवन्त पार्न ती गुणहरुको ठुलो भूमिका रहेको छ । उनलाई एक कुशल, सफल र दक्ष अध्यापकका रुपमा स्थापित गर्न ती गुणहरु निर्णायक देखिन्छन् । वैज्ञानिक शिक्षण पद्धतिले समकालीन शैक्षिक गतिशीलतालाई समेट्न सक्छ भन्ने भट्ट विद्यार्थीलाई सोही अनुरुप ज्ञान र सीप अभिवृद्धि गराउनु पर्ने कुरा बताउँछन् कवि भट्ट ( कवि भट्टसँग प्रत्यक्ष भेटवार्ता)।

यसरी कुशल, सफल, क्षमतावान्, मन, वचन र कर्मले शिक्षण पेशाप्रति प्रतिबद्ध रहेका भट्टको शिक्षक व्यक्तित्व उदाहरणीय रहेको पाइन्छ । पेशाप्रति प्रतिबद्ध र सन्तुष्ट तथा आशावादी कवि भट्टको शैक्षिक व्यक्तित्व सफल रहेको देखिन्छ ।

### २.२.४ साहित्यिक व्यक्तित्व

कवि भट्टले वि. सं. २०२७ सालको साहित्यिक पत्रिकामा प्रकाशित कविता 'असमान किन ?' शीर्षकबाट सुरु गरेको साहित्य यात्रा विगत चार दशकदेखि नेपाली कविता विधाका साथै पत्र साहित्यमा पनि कलम चलाएको देखिन्छ । उनको कवि र गद्य व्यक्तित्वमध्ये कवि व्यक्तित्व नै उर्वर र प्रभावकारी मानिन्छ तर कवि हर्ष प्रसाद भट्टको नेपाली साहित्य यात्राको प्रिय विधा भने कविता विधा नै हो (कवि भट्टसँग पूर्ववत्) । अतः यहाँ भट्टको कवि र गद्य लेखक व्यक्तित्व प्रस्तुत गरिएको छ ।

हृदय संवेद्य कविता रचना गर्ने भट्टले 'मेरो कल्पना' (२०२९), 'हिमाल सन्देश' ( २०३१), 'अछाम रुँदै छ' (२०५९) गरी तिन कविता सङ्ग्रह, 'प्याउली गुलाफ' खण्ड-काव्य ( २०६१), 'दरबारको आत्मकथा' काव्याञ्जलि (२०६३), 'तुर्माखाँद-चौखुट्टे' गीतियात्रा काव्य ( २०६७) र 'दुईथोपा आँसु' चम्पू मूलक पत्र साहित्य (२०४८) जस्ता उल्लेखित कृतिहरु रचित र प्रकाशित भएको जानकारी दिएका छन् । "हर्ष प्रसाद भट्ट साहित्यको कविता विधामा रुचि लिने निरन्तर साधनारत रहने कवि प्रतिभाका रुपमा स्थापित भैसकेका छन् ।"(अवस्थी महादेव, 'दरबारको आत्मकथा' २०६३ : कभरपृष्ठ)

यसरी कवि हर्ष प्रसाद भट्टको साहित्यिक यात्राको पाटो पातलिँदै अगाडि घिस्रेको भए तापनि कविता सीर्जना गर्ने अभिरुचि भने निरन्तर अगाडि बढेको देखिन्छ । कवि भट्टका कविताको विषय राष्ट्रिय क्षेत्रमा देखा परेका विभिन्न सामाजिक, राजनीतिक, आर्थिक विकृति-

विसङ्गतिलाई व्यङ्ग्यात्मक ढङ्गले तीव्र विरोध गर्दै सुधारको अपेक्षा राख्ने किसिमको हुन्छ । देशप्रेम, आदर्श, मूल्य-मान्यताले ओतप्रोत भट्टका कवितामा भद्रगोल राजनीतिक परिस्थिति तथा हत्या-हिंसाले आक्रान्त पारेको संवेदनालाई मुख्य रुपमा प्रस्तुत गरिएको हुन्छ । छन्दोबद्धता, अलङ्कारपूर्ण प्रयोग भट्टका कवितामा स्वाभाविक रुपमा पाइन्छ । उनका कतिपय कविता लोकलयमा पनि रचना भएका छन् । उनले कविताबाट खण्डकाव्यतिर फड्को हान्दै सद्भाव, भ्रातृत्व, शान्ति जस्ता मानवीय सभ्यतालाई उजागर गरेका छन् । उनका कविताको प्रस्तुत लेखन शैली, भाव, विचार, विषय-प्रस्तुति मन मोहक र सरस बन्न पुगेको छ (अवस्थी महादेव, 'दरबारको आत्मकथा' २०६३ : कभरपृष्ठ) ।

### २.२.५ सामाजिक व्यक्तित्व

साहित्यकार हर्ष प्रसाद भट्ट एक कुशल समाजप्रेमी र शिक्षाप्रेमी व्यक्तित्व हुन् । भट्टले दुर्गम अछाम जिल्लाको सुदूर भागमा रहेका गरिब, दीन-दुःखी र अशिक्षित समाजका बाल-बालिकाहरूमा शिक्षाको ज्योति फैलाउने काम गरेका छन् । गाउँभित्र देखिएका सामाजिक, सांस्कृतिक, राजनीतिक जस्ता विविध विकृतिलाई सुधार गर्ने सल्लाह सर्व साधारणलाई दिने गरेका छन् ।

साहित्यकार हर्ष प्रसाद भट्ट वि. सं. २०२८/२९ सालमा स्वतन्त्र विद्यार्थी युनियनको उपाध्यक्ष पदमा रही विद्यार्थी अधिकारका लागि अनवरत रुपले सङ्घर्षमा होमिएको अनुभव बताउँछन् । कवि भट्टले वि. सं. २०४० सालदेखि २०४६ सालसम्म नेपाल राष्ट्रिय शिक्षक सङ्गठनको अध्यक्ष भई शिक्षकका हक, हित र अधिकारका लागि योगदान पुऱ्याएका छन् भने 'जिल्ला शिक्षा समिति अछाम'का सदस्य समेत भई जिल्लाको शैक्षिक व्यवस्थापनमा भूमिका खेलेको कुरा बताउँछन् । (बेतालमाडौं मा. वि. को 'सीप' प्रकाशन २०६१ : पृ.२५)

### २.२.६ धार्मिक व्यक्तित्व

साहित्यकार हर्ष प्रसाद भट्टको पारिवारिक पृष्ठभूमि हिन्दू संस्कार तथा हिन्दू धर्म-कर्मप्रति अत्यन्त निष्ठावान् रहेको पाइन्छ । बुबा खगेन्द्र प्रसाद भट्टको हिन्दू धर्म-कर्मप्रतिको आस्थाको पृष्ठभूमिबाट परिपोषित र प्रभावित विश्वास अनि निष्ठा अझ सबल हुँदै गएको छ । उनले हिन्दू बाहेकका व्यक्तिसँग सङ्गत गरे पनि माध्यमिक र उच्च तहको शिक्षा संस्कृत भाषाबाट आरम्भ भएकाले भट्टको हिन्दू धर्मप्रतिको धार्मिक निष्ठा दृढ देखिन्छ । धर्म-कर्मले मानवीय जीवन सुखद र शान्त बन्छ भन्ने कुरामा विश्वास राख्ने कवि भट्ट संस्कार सम्पन्न हिन्दू धर्मप्रतिको आस्था र विश्वा- सबाट विचलित नभई सोको संरक्षण

एवम् सम्वर्धनका लागि लागेको बताउँछन् । धर्म संस्कृतिले मानवीय सद्व्यवहारलाई समृद्ध गर्ने काम गर्छ र सामाजिक सभ्यता समृद्ध बनाउँछ भन्ने कुरामा विश्वास राख्दै कवि भट्ट हिन्दु परम्पराका कट्टर हिमायती र त्यसप्रति प्रतिबद्ध भएर नै विश्व हिन्दू महासङ्घका केन्द्रीय सदस्यमा वि. सं. २०५७ सालमा संलग्न भएका पनि छन् । (बेतालमाडौँ मा. वि.को 'सीप' पूर्ववत्)

## २.२.७ ज्योतिषी व्यक्तित्व

साहित्यकार भट्टले माध्यमिक तहदेखि फलित ज्योतिष विषय लिएर पढेको हुनाले उनको ज्योतिषी व्यक्तित्व अझ विकसित भएको देखिन्छ । उनले ज्योतिष विषयमा शास्त्री तह पास गरेर फलित ज्योतिषको विधि विधान पालना गरे पनि ज्योतिषीलाई व्यवसायको रुपमा लिन नरुचाएको कवि भट्ट बताउँछन् (शोध नायकसँग भेटवार्ता) ।

## २.२.८ निष्कर्ष

अभिभावकीय दायित्वले मानिसको जीवनमा ठुलो महत्व राख्दछ । अभिभावकको अहम् कर्तव्य संरक्षण गर्ने, हेरचाह गर्ने रहेको हुन्छ । कवि हर्ष प्रसाद भट्टले उक्त दायित्वलाई कुशलताका साथ वहन गरेका छन् । उनी आफ्ना सम्पूर्ण छोरा-छोरीलाई प्रेम, सद्भाव, स्नेह र उचित शिक्षा-दीक्षा दिएर आत्म निर्भर बनाउनु पर्छ भन्ने महान् आदर्शका पक्षपाती हुन् । गाउँका अन्य मानिसहरुलाई पनि कुशल अभिभावक भएर छोरा-छोरीप्रति कस्तो जिम्मेवारी हुनुपर्छ भन्ने कुराको सल्लाह र सुझाव दिने प्रवृत्तिका देखिन्छन् कवि भट्ट । व्यावहारिक प्रपञ्चमा आइलाग्ने झैझमेलालाई शोच विचार गरी पूरा गर्ने र छोरा-छोरीका आकाङ्क्षा तथा आवश्यकतालाई विशेष ध्यान दिनु कवि भट्टको अभिभावकत्वको विशेषता पनि हो ।

व्यक्तिगत जीवनमा बाहेक सार्वजनिक रुपमा पनि अभिभावकीय दायित्वलाई निर्वाह गरेका छन् । उनी एक कुशल शिक्षक भएकाले पनि छर-छिमेक, इष्ट-मित्रका छोरा-छोरीलाई उचित मार्ग दर्शन गरेर सहयोग गर्नु ठुलो कर्तव्य ठान्छन् । भट्ट अध्यापनरत रहेको शिक्षण संस्थाका विद्यार्थीसँग सद्भाव पूर्वक अन्तर्क्रिया गरी तिनको सुनौलो भविष्यको मार्ग दर्शनका निम्ति सल्लाह र सुझाव दिने व्यक्तिका रुपमा रहेको कवि हर्ष प्रसाद भट्टका पुत्र देवेन्द्र प्रसाद भट्ट जानकारी दिन्छन् (कवि पुत्र देवेन्द्र प्रसाद भट्टसँग प्रत्यक्ष भेटवार्ता) ।

नेपाली साहित्यको कविता विधामा कलम चलाउने व्यक्तिका रुपमा कवि हर्ष प्रसाद भट्ट चिनिन्छन् । सुदूर पश्चिमको बिकट पहाडी जिल्ला अछामको घुँघुरकोटमा जन्मिएका

साहित्यकार भट्ट अध्यापन कार्यका साथै साहित्य साधनाप्रति पनि उत्तिकै प्रतिबद्ध देखिन्छन् । कविता विधामा मुख्य अभिरुचि राख्ने कवि भट्टको औपचारिक साहित्यिक यात्रा उच्च शिक्षा अध्ययनका क्रममा बनारस रहँदादेखि प्रारम्भ भएको पाइन्छ । विद्यार्थी अवस्थादेखि नै भट्टको राजनीति र साहित्यमा अत्यन्तै अभिरुचि रहेको पाइन्छ । वि. सं. २०२९ सालमा नेपाली राजनीतिज्ञहरु बनारस प्रवासमा रहेका बेला नेपालको राजनैतिक स्थितिप्रति असन्तुष्ट नेपाली विद्यार्थीहरु र राजनीतिज्ञहरु नेपालमा राजनैतिक परिवर्तन चाहन्थे । परिर्वतनका लागि एकजुट भई होमिने त्यस समूहमा कवि भट्टको पनि सक्रियता रहेको पाइन्छ ।

साहित्यकार हर्ष प्रसाद भट्टका विभिन्न पक्षहरुको अध्ययन गर्दा उनको जीवनी, व्यक्तित्व र साहित्य लेखन बिच अन्तर्सम्बन्ध रहेको पाइन्छ । मेधावी व्यक्तित्वका धनी भट्टको सामाजिक र अन्य क्रियाकलापमा संलग्नताले सृजनशील व्यक्तित्वको पाटो ढाकिएको जस्तो देखिन्छ । छात्र जीवनदेखि सृजनशीलतामा क्रान्तिकारी स्वर उजागर गर्ने भट्टको कवि व्यक्तित्व सशक्त नभई शिथिल हुँदै आएको देखिन्छ । तिन दशकदेखि हालसम्म पातलिँदै र घिस्रिँदै आएको कवि भट्टको सिर्जनशीलता पनि उमेरसँगै बूढो बन्दै गएको देखिन्छ । कवि भट्टको साहित्यिक यात्रा सुचारु रूपले अगाडि बढ्न नसक्नुमा कतिपय व्यक्तिगत र सामाजिक समस्या नै देखिन्छन् ।

विभिन्न विषयसँग सम्बन्धित कविका सिर्जनामा राष्ट्र निर्माणको चाहना, प्रकृतिको चित्रण, प्रेम, शृङ्गार, शान्तिको चाहना, मैत्री, अत्याचार र भ्रष्टाचारको तीव्र बिरोध, आदि भाव र विचारसँग सम्बन्धित रहेका देखिन्छन् । सामाजिक विसङ्गतिलाई कविताको विषयवस्तु बनाउन रुचाउने कवि भट्ट कविता मार्फत् सुधारको सन्देश स्वाभाविक, सरल र सरस ढङ्गले प्रस्तुत गर्न सिपालु देखिन्छन् । कवि भट्टका कविताहरु हृदय संवेद्य विषयवस्तुले उनिएका र बुनिएका हुन्छन् । सामान्य पाठकले एक पटक पढ्ने बित्तिकै त्यसै छाडेर उठ्न मान्दैनन् । साहित्यिकार भट्टलाई नेपाली साहित्यको कविता विधामा कलम चलाउने शास्त्रीय छन्दका प्रयोक्ता कविका रुपमा लिने गरिन्छ । कवि भट्ट साहित्यिक व्यक्तित्व मात्र नभई कुशल शिक्षक व्यक्तित्व, अभिभावक व्यक्तित्व, राजनैतिक व्यक्तित्व, धार्मिक व्यक्तित्व, ज्योतिषी व्यक्तित्व समेत उनमा रहेको देखिन्छ । उनको साहित्य साधनाले उनलाई विभिन्न सम्मान तथा पुरुस्कार समेत प्राप्त गराएको छ ।

## २.३ साहित्यकार हर्ष प्रसाद भट्टको कृतित्व

### २.३.१ प्रथम पटक प्रकाशित पुस्तककार तथा फुटकर रचना

साहित्यकार हर्ष प्रसाद भट्ट सानै उमेरदेखि नै साहित्य पठन र सिर्जनातिर रुचि राख्थे भन्ने कुरा उनका फुटकर कविता रचना, साहित्यिक गोष्ठी तथा सम्मेलनमा सहभागी हुनु र साहित्यिक पत्र-पत्रिका पढ्नुले थाहा पाइन्छ । आफूले सिर्जना गरेका रचनाहरु साहित्यिक सम्मेलनमा वाचन गर्न त्यत्तिकै आतुर हुन्थे । उच्च शिक्षा अध्ययन गर्ने क्रममा बनारस गएपछि भने नेपाली साहित्यका स्रष्टाहरुको प्रत्यक्ष सङ्गतले साहित्य सिर्जनामा सहभागी हुने र सिर्जनातिर मुखरित हुने सुनौलो अवसर उपलब्ध भएको कुरा बताउँछन् । उच्च शिक्षा अध्ययनकै सिलसिलामा वि. सं. २०२७ सालमा बनारसबाट प्रकाशित हुने साहित्यिक पत्रिका 'तरुण'मा 'असमान किन ?' शीर्षकको प्रथम कविता रचना र प्रकाशन पश्चात् नै साहित्यकार भट्टको साहित्यिक यात्राको न्वारन हुन थालेको कुरा साहित्यकार भट्टबाट बुझिन्छ । भट्टका वि. सं. २०२९ सालदेखि हालसम्म प्रकाशित पुस्तकाकार कृतिहरु निम्नानुसार रहेका छन् :

| क्र.सं. | कृति | विधा | प्रकाशक | प्रकाशन वर्ष |
|---|---|---|---|---|
| १. | मेरो कल्पना | कविता | उत्तम कुमार भट्ट | २०२९ |
| २. | हिमाली सन्देश | कविता | खगेन्द्र प्रसाद भट्ट | २०३१ |
| ३. | दुई थोपा आँसु | पत्र साहित्य | हर्ष प्रसाद भट्ट | २०४८ |
| ४. | अछाम रुँदै छ | कविता | बद्री प्रसाद भट्ट | २०५९ |
| ५. | प्याउली गुलाफ | खण्डकाव्य | बद्री प्रसाद भट्ट | २०६१ |
| ६. | दरबारको आत्मकथा | घटना वृत्तान्त | लोकराज र देवेन्द्र प्रसाद भट्ट | २०६३ |
| ७. | तुर्माखाँद-चौखुट्टे | गीतियात्रा काव्य | देवेन्द्र प्रसाद भट्ट 'दीप्त' | २०६७ |

(कवि हर्ष प्रसाद भट्टका विभिन्न कृतिहरुबाट अनुशीलन) ।

नेपाली साहित्यको कविता विधामा कलम चलाउँदै आएका भट्टको अनौपचारिक साहित्य यात्रा वि. सं. २०२७ देखि भए पनि औपचारिक साहित्य यात्रा भने वि. सं. २०२९ सालबाट भएको देखिन्छ । उनले प्रथम चरणमा 'हिमाली सन्देश' र 'मेरो कल्पना' गरी दुई पद्यात्मक कविता सङ्ग्रह र 'दुई थोपा आँसु' जस्तो चम्पूमूलक काव्यको पनि रचना गरेका छन् । दोस्रो चरणको साहित्य यात्रा वि. सं. २०५० देखि २०६३ साल सम्मको समयलाई मानिएको छ । यस समयावधिमा उनले 'अछाम रुँदै छ (२०५९) कविता सङ्ग्रह, 'प्याउली

गुलाफ' (२०६१) गीति खण्डकाव्य, 'दरबारको आत्मकथा' (२०६३) लामो कविता सङ्ग्रह र 'तुर्माखाँद-चौखुट्टे' 'गीतियात्रा' खण्डकाव्य (२०६७) रचना गरेका छन् । जसको चर्चा निम्नानुसार गरिएको छ :

## २.३.२ हर्ष प्रसाद भट्टको साहित्य यात्रा र चरण विभाजन

कुनै पनि साहित्यकारको कृतित्वको विश्लेषण र मूल्याङ्कनका लागि उनका साहित्य यात्रा तथा चरणहरुप्रति सचेत हुनु आवश्यक छ । गतिशील समयसँगै अन्तर्राष्ट्रिय- राष्ट्रिय, राजनीतिक, समाजिक क्षेत्रमा परिवर्तनहरु भई रहन्छन् । त्यसको प्रत्यक्ष अप्रत्यक्ष प्रभाव एउटा स्रष्टाका कृतिमा पर्नु स्वाभाविकै हो । त्यस्तै जीवनका क्रममा स्रष्टाले देखेका भोगेका अनुभव, अनुभूतिले सबल अभिव्यक्ति आफैं दिएको हुन्छ । दृष्टिकोण तथा विचारबाट प्रभावित, प्रशिक्षित साहित्य सिर्जना पनि स्वाभाविक ढङ्गले पृथक् हुने गर्दछ । मुख्यतः यिनै विविधताको आधारमा स्रष्टाको साहित्य यात्रा अनेक मोड वा घुम्तीहरु लिएर अघि बढेको हुन्छ ।

उपर्युक्त विषयहरुलाई आधार मानेर हेर्दा भट्टको साहित्य यात्रा अघि बढ्दै गएको समयक्रम सँगसँगै परिवर्तनहरु भित्रिँदै तिनले विभिन्न मोडहरु समेत सिर्जना गरेको स्पष्ट अनुभव गर्न सकिन्छ । वि. सं. २०२७ सालदेखि साहित्य साधनामा साधनारत भट्टको ४ दशकको समय सिर्जनाका क्षेत्रमा तीव्र रूपमा मौलाएको देखिंदैन । यस लामो समयावधिमा उनको साहित्य यात्रा आर्थिक र व्यक्तिगत समस्यालाई छिचोल्दै अगाडि बढेको छ । उनको साहित्य यात्रालाई चरणबद्ध गरेर विश्लेषण र मूल्याङ्कन गर्नु उपयुक्त ठहरिने भएकाले उक्त विधिलाई यहाँ अवलम्बन गर्ने प्रयास गरिएको छ । यस क्रममा गद्य र पद्य लयमा रचना गरिएका उनका कृतिका परिणाम र गुणस्तरका साथै अनि तिनमा रहेका भिन्नभिन्न विशेषतालाई आधार बनाउँदै साहित्य यात्राको चरण विभाजन गर्ने क्रममा प्रमुख दुई चरणलाई आधार मान्दै अध्ययन गर्नु वैज्ञानिक हुने देखिन्छ । (रमेश धामी 'शोध पत्र' कीर्तिपुर, २०६५ : पृ. ३३)

(क) पहिलो चरण (वि. सं. २०२७-२०४९ सम्म)

(ख) दोस्रो चरण (वि. सं. २०५०-२०६७ सम्म)

माथि उल्लिखित दुई चरणमा हर्ष प्रसाद भट्टको साहित्य यात्रा कसरी अगाडि बढ्यो र उनले नेपाली साहित्यलाई केकति कृतिहरु दिएर गुन लगाएका छन् भन्ने कुराको आँकलन यहाँ गरिएको छ :

### २.३.३ पहिलो चरण (वि. सं. २०२७ देखि २०४९) सम्मको साहित्य यात्रा

हर्ष प्रसाद भट्टले आफ्नो साहित्य यात्राको पहिलो चरणमा कविता विधालाई मुख्य सिर्जनाको क्षेत्र बनाएको देखिन्छ । समयका दृष्टिले करिब डेढ दशकको समय ओगटेको पहिलो चरणमा उनका जम्मा तिनवटा कृतिहरु रहेका छन् जसमध्ये एउटा गद्य-पद्यात्मक अर्थात् चम्पू मूलक कृति हो भने अन्य दुईवटा कविता सङ्ग्रह रहेका छन् । उनको कविता सङ्ग्रह 'मेरो कल्पना' २०२९मा तेह्रवटा कविता शीर्षक बद्ध छन् । यस कृतिलाई वि. सं. २०५९मा पुनः परिमार्जित गरिएको छ । अर्को कविता सङ्ग्रह 'हिमाली सन्देश' २०३१मा दसवटा कविता शीर्षक बद्ध गरिएका छन् । भट्टको पत्रात्मक ढाँचाको लोक लयमा आधारित रचना 'दुई थोपा आँसु' २०४८मा प्रवासमा रहेको प्रेमीले प्रेमीकालाई आफूले भोगेका दुःख, र पीडालाई प्रश्नोत्तरात्मक ढङ्गले अभिव्यक्त गराइएको अवस्था छ ।

यसरी भट्टको साहित्य यात्रा जति उर्वर तथा मौलाउनु पर्ने हो त्यति हुन नसके पनि करिब डेढ दशक लामो समयावधि ओगटेको यस चरणमा परिमाणात्मक दृष्टिले साहित्यिक कृति कम देखिँदैनन् । निरङ्कुश सत्ताको विरोध गर्दै स्थायी प्रजातन्त्रले मात्र राष्ट्र र राष्ट्रियता, मानवाधिकार र स्वतन्त्रता, शान्ति र सुव्यवस्था जस्ता कुराहरुको संरक्षण र उत्थान गर्छ भन्ने भावानुभूति उनका साहित्यिक कृतिहरुमा प्रक्षेपण भएको पाइन्छ । समाजमा देखिएका समाजिक विकृति-विसङ्गतिको तीव्र विरोध र सुधारात्मक बाटोतिर लाग्नु पर्छ भन्ने यथार्थवादी-प्रगतिवादी मान्यता भट्टका कविताबाट औंल्याउन सकिन्छ । भट्ट आफैंले देखेका र भोगेका कुरालाई कवितात्मक आकार दिनु यस चरणको वैशिष्ट्य रहेको छ ।

सामान्यतः बनारसमा अध्ययन गर्दादेखि नै भट्टको साहित्य यात्राको आरम्भ भएको देखिए पनि उनी वि. सं. २०२९बाट मात्र औपचारिक रुपमा साहित्य साधनामा प्रवृत्त भएका हुन् । वि. सं. २०२७ साल फागुन सात गते बनारसमा नेपाली विद्यार्थीहरुद्वारा आयोजित 'साहित्य सम्मेलन'मा 'असमान किन?' शीर्षकको कविता वाचन गरेदेखि नै अनौपचारिक साहित्य यात्रा आरम्भ भएको जानकारी कवि भट्टले दिएका छन् र औचपारिक साहित्य यात्राको थालनी भने वि. सं. २०२९सालमा प्रकाशित 'मेरो कल्पना' कविताबाट भएको हो । यसमा उनले कविताको आरम्भ मङ्गलाचरणबाट गरेका छन् । पहिलो चरणमा भट्टको पञ्चायती अप्रजातान्त्रिक शासन व्यवस्थाबाट मौलिक अधिकार तथा स्वतन्त्रता कुण्ठित भएकाले विद्रोही स्वरको कविता रचना गरेको देखिन्छ । आभ्यासिक रहेको भट्टको पहिलो

चरणको कविता 'प्रतियोगितामा' सामेल भएको छ । साहित्य यात्राको यस चरणमा भट्टका कविता-कृतिका स्थितिको अनुशीलन तलका उप शीर्षकमा गरिएको छ :

### २.३.३.१ 'मेरो कल्पना' (२०२९) कविता सङ्ग्रहको कविताको विवेचना

मेरो कल्पना (२०२९) यस कविता सङ्ग्रहभित्र भट्टका तेह्रवटा शीर्षक बद्ध कविता रहेका छन् । ती हुन् : मङ्गलचरण, मेरो कल्पना, आमाको सपना, सेवा नै धर्म हो, स्वार्थी संसार, विरही कोइली, कर्मठताको खाँचो, जय नेपाल, कृषक, आमाको सम्झना, युवकको कर्तव्य, आह्वान र आजको स्थिति । 'मेरो कल्पना' कविता सङ्ग्रहमा सङ्कलित तेह्रवटा कवितामध्ये नौवटा बद्धलयमा र चारवटा मुक्तलयका छन् । त्यसै गरी 'हिमाली सन्देश' कविता सङ्ग्रहमा सङ्लित दसवटा कवितामध्ये चारवटा बद्धलयमा र बाँकी कविता लोकलयमा छन् । यी दुइटै कविता सङ्ग्रहमा सम्बद्ध कवितामा भट्टले प्रजातान्त्रिक मूल्य मान्यताका विरुद्ध लादिएको निरङ्कुश व्यवस्था प्रतिको तीव्र हुङ्कार तथा आक्रोशजन्य भाव प्रकट गरेका छन् । देशभित्र विद्यमान अवस्थामा रहेको भद्रगोल राजनीतिक अस्थिरताबाट प्रताडित जन समुदायलाई नहिच्किचाएर पञ्चायती व्यवस्थाको बिरुद्ध तयार हुनु पर्ने आग्रहपूर्ण सन्देश कवि भट्टले कविता मार्फत् व्यक्त गरेका छन् ।

'मङ्गलाचरण' शीर्षक बद्ध कविता सङ्ग्रहको सबैभन्दा पहिलो कविता हो । यस कवितामा कविले हिन्दूदेव श्रीकाली, भगवती, श्रीगणेश आदि देव शक्तिहरूसँग प्रार्थना गर्दै कवित्व शक्ति फलिभूत होओस् भन्ने मनोकामना व्यक्त गरेका छन् । यहाँ कविले सृजना यात्रामा कुनै अवरोध, बाधा, समस्या नआइ परोस्, निरन्तरताको सुमार्ग प्रशस्त होओस् भन्ने मनोभावलाई केन्द्रीय बनाउँदै शीर्षक चयन गरेका छन् । संरचनाका दृष्टिले 'मङ्गलाचरण' शीर्षकको कविता एकपदीय नै रहेको छ । पूर्वीय शास्त्रीय परम्परामा कविता लेखनको आरम्भमा शुभ कार्यको निरन्तरता रहोस् भन्ने कामनाका साथ लेखिने भएकाले कविताको शीर्षक सार्थक नै रहेको छ ।

'मेरो कल्पना' शीर्षक बद्ध कविता सङ्ग्रहको दोस्रो कविता हो । यस कवितामा कविले नेपाल प्राकृतिक, सांस्कृतिक विविधताले सुसम्पन्न भूमि हो । नेपालको  राष्ट्रमा मात्र होइन अन्तर्राष्ट्रिय स्तरमा समेत गौरव चुलिएको छ भन्ने जस्ता देशप्रेम र सांस्कृतिक गरिमा युक्त केन्द्रीय भावहरु अभिव्यक्त भएका छन् ।

मेरो देश सधैं-सधैं फुलिरहोस् यो विश्वको माझमा ।
मीठो त्यो मधुवासना चलिरहोस् यही मेरो भावना ।
मेरो राष्ट्र ध्वजा सधैं बढिरहोस् उमङ्गका साथमा ।
भ्राताबन्धु सधैं सुखी रही रहून् मेरो यही कामना ॥

(हर्ष प्रसाद भट्ट, मेरो कल्पना, २०२९ :पृ.४०)

भाषिक संरचनाका दृष्टिले 'मेरो कल्पना' शीर्षकको कविता द्विपदीय नै रहेको छ । कविभित्र पलाएका असङ्ख्य राष्ट्रिय गरिमा युक्त काल्पनिक कथ्यहरुको संयोजनले शीर्षक सार्थक बनेको छ । राष्ट्रप्रेमको भावना कपोल कल्पित मात्र नभई व्यवहारतः सार्थक हुनु पर्छ भन्ने अभिधा युक्त भाव पनि कविले प्रकट गरेका छन् ।

'सेवा नै धर्म हो' कविता सङ्ग्रहका तेस्रो कविता हो । यसमा उनले मानिसभित्र रहेको पाखण्डी स्वार्थी भावना, सांसारिक सुखभोगमा लिप्त हुने जस्ता प्रवृत्तिहरूलाई त्यागेर मानवीय कल्याण र सद्भावको मार्ग पहिल्याउनु पर्ने भाव व्यक्त गरेका छन् । 'मानव कल्याण नै परम धर्म हो' भन्ने केन्द्रीय भाव रहेको सार्थक कविताको शीर्षक भाषिक संरचनाका दृष्टिले वाक्य स्तरको रहेको छ ।

'स्वार्थी संसार' शीर्षक बद्ध कविता सङ्ग्रहको चौथो कविता हो । यसमा भट्टले नेताहरुलाई व्यक्तिगत स्वार्थमा मात्र लीन नभएर देश निर्माणका लागि नीति-नियम बनाउन र राष्ट्रिय स्तरमा राजनीति गरेर राष्ट्रको सर्वोपरि हित र उत्थानका लागि अगाडि बढ्ने आग्रह व्यङ्ग्यात्मक ढङ्गले प्रस्तुत गरेका छन् । स्वार्थलाई नत्यागेसम्म देशको उत्थान र विकासका लागि अवरोध पैदा हुने केन्द्रीय भाव व्यक्त भएको छ भने कवितामा प्रयुक्त अन्तिम श्लोकमा 'स्वार्थी संसार' शब्दको पुनरावृत्तिले शीर्षक सार्थक तुल्याएको छ । भाषिक संरचनाका दृष्टिले यो कविता द्विपदीय रहेको छ ।

'विरही कोइली' शीर्षकको कविता सङ्ग्रहको पाँचौं कविता हो । यसमा भट्टले वसन्त ऋतुको हरियाली सुन्दर छटाको आगमन पश्चात् पनि सुमधुर भाकामा गाउनु पर्ने कोइलीले देशभित्र समस्याको रुपमा रहेको द्वन्द्वको कारणले कठ्याङ्ग्रिँदो जाडो याममा जस्तै अझै पनि विरही बनेर रोइ रहेको लक्षणा युक्त भाव व्यक्त गरेका छन् । भाषिक संरचनाका दृष्टिले द्विपदीय रहेको 'विरही कोइली' पदावली छ्यासमिसे प्रयोग गरिएको शीर्षक सार्थक बनेको छ ।

'कर्मठताको खाँचो' शीर्षक बद्ध कविता सङ्ग्रहको छैठौँ कविता हो । यसमा भट्टले नेपाली जातिको व्यक्तिगत विकास र नेपालको भौतिक विकासका लागि प्रत्येक तह र तप्काका मानिसहरुले एकजुट भई अगाडि बढ्नु पर्ने कुरा उल्लेख गर्दै कर्मवीर नेपालीहरुले मन, वचन र कर्मले दत्तचित्त भई देश विकासमा एकजुट हुनु पर्ने केन्द्रीय भाव व्यक्त गरेका छन् । द्विपदीय भाषिक संरचनाको प्रयोग भएको यस कवितामा कर्मठताको खाँचो रहेको भावले शीर्षक सार्थक भएको पाइन्छ ।

'जय नेपाल' शीर्षबद्ध कविता कविता सङ्ग्रहको सातौँ कविता हो । यसमा भट्टले यहाँको रमणीय प्रकृतिको गौरव गान गाउँदै नेपाल प्राकृतिक विविधताले सम्पन्न मुलुक हो भन्दै प्राकृतिक सुन्दरता नेपालका लागि अप्राप्य वरदान भएको केन्द्रीय भाव अभिव्यक्त गरेका छन् । भाषिक संरचनाका दृष्टिले कविताको शीर्षक द्विपदीय र कविताका श्लोकहरुमा शीर्षक सम्बद्ध भावहरु रहेकाले शीर्षक सार्थक नै छ ।

'कृषक' शीर्षकको कविता कविता सङ्ग्रहको सातौँ कविता हो । यसमा कविले कृषकको अथक परिश्रमबाट नै मानिसको प्राण जीवित रहेको छ भने कृषकको अतुलनीय र प्रशंसनीय परिश्रमबाट नेपाल जस्तो कृषि प्रधान मुलुकको गौरव चुलिएको भाव व्यक्त भएको छ । भाषिक संरचनाका दृष्टिले एकपदीय 'नाम' शब्द वर्ग प्रयोग भएको कविताका श्लोकहरुमा भिन्न रुपमा शीर्षक शब्दकै पनि पर्याप्त आवृत्ति भएकाले कविताका मूल कथ्यसँग यसको निकट सम्बन्ध स्पष्ट हुन्छ ।

'आमाको सपना' शीर्षकको कविता सङ्ग्रहको नवौँ कविता हो । यसमा जन्म दिने आमाले आफ्नो सन्तानलाई आफूबाट टाढा नभएर आफ्नो आँखाको अगाडि रहेको हेर्न चाहन्छन् । परन्तु छोराले बाध्यतावश परदेश जानु पर्छ र परदेश गएर स्वदेशको कुनै पनि चाँसो नराखेको कुरालाई कवितामा उल्लेख गरिएको यस कविताको शीर्षक संरचनात्मक दृष्टिले द्विपदीय र सार्थक रहेको छ ।

'युवकको कर्तव्य' शीर्षक बद्ध कविता कविता सङ्ग्रहको दशौँ कविता हो । कविले यस कवितामा राष्ट्र र राष्ट्रियताको उत्थान तथा सम्वर्द्धनमा युवा समूहले हातमा हात र काँधमा काँध मिलाउँदै अगाडि बढ्नु पर्ने आवश्यकता औँल्याएका छन् । उनले देश विकासका खातिर युवा एकजुट हुनु पर्ने केन्द्रीय भाव प्रकट गरेका छन् भने कविताको यही सार वस्तुकै आधारमा प्रस्तुत कविताको शीर्षक चयन गरिएको छ । संरचनात्मक दृष्टिले यस कविताको शीर्षक द्विपदीय रहेको छ । शीर्षकबाट नै कविताको सारभूत भाव अनुमान गर्न सकिने अवस्था पनि छ ।

'आह्वान' शीर्षकको कविता कविता सङ्ग्रहको एघारौँ कविता हो । कविले नेपालमा बसोबास गर्ने समस्त देशबासीलाई आर्थिक, सामाजिक, राजनीतिक जागरणका लागि समान हुनु पर्ने र समस्या ग्रस्त बनेको नेपाली राजनीतिले नेपाली जनताको उत्थानका लागि कटिबद्ध भएर लाग्नु पर्ने आग्रह यस कवितामा अभिव्यक्त छ । संरचनात्मक दृष्टिले एक पदीय प्रस्तुत कवितामा देशको समसामयिक अवस्थाप्रति नागरिकले सचेत हुनु पर्ने आग्रहपूर्ण सार्थक अभिव्यक्ति प्रकट भएको छ ।

'आजको स्थिति' शीर्षक बद्ध कविता कविता सङ्ग्रहको अन्तिम कविता हो । यस कवितामा कृषि प्रधान र प्रकृतिले समृद्ध देश नेपालको गरिबी चुलिएको परिस्थिति उल्लेख गरिएको अनि राष्ट्रको समकालीन दुरावस्थालाई आधार बनाई चयन गरिएको कविताको शीर्षक संरचनात्मक दृष्टिले द्विपदीय रहेको सार्थक देखिन्छ ।

यसरी भट्टको 'मेरो कल्पना' कविता सङ्ग्रहमा सङ्कलित कविताहरुमा भावानुकूल शीर्षक सार्थक नै रहेका छन् भने भाषिक संरचनाको दृष्टिले शीर्षकहरु प्रायः द्विप- दीय रहेका छन् । राष्ट्रका सामाजिक, आर्थिक, राजनीतिक आदि विषयवस्तुमा उनिएका कविता चयनको आधार पनि उपयुक्त नै देखिन्छ ('मेरो कल्पना'बाट अनुसन्धान) ।

### २.३.३.२ हिमाली सन्देश (२०३१) कविता सङ्ग्रह कविताको विवेचना

'हिमाली सन्देश' कविता सङ्ग्रह, (२०३१)मा भट्टका क्रमशः हिमाली सन्देश, गाउँका उपद्र्याहाहरु, श्रीमतीको चिठी, वसन्त वन, क्षुधार्त, यो कस्तो सपना, साथीलाई सन्देश, कसरी जिउने हो, पिसिएका नेपाली, घर नबिर्स, गरी जम्मा दसवटा शीर्षक बद्ध कविता रहेका छन् । हर्ष प्रसाद भट्टको 'हिमाली सन्देश' कविता सङ्ग्रह कविता यात्राको पहिलो चरणमा प्रकाशित कृति हो । दसवटा कविताहरु रहेको यस कविता सङ्ग्रहमा छवटा झ्याउरे लयका र चारवटा शार्दूल विक्रीडित छन्दका कविताहरु रहेका छन् । 'हिमाली सन्देश' कविता सङ्ग्रह प्रकाशित भएपछि पञ्चायत सरकारले वितरणमा प्रतिबन्ध लगाई कवि भट्ट र पाठकहरुलाई विद्रोहीको आरोपमा नराम्रो यातना दिँदै पुस्तकहरु पनि जलाई दिएको कुरा कवि भट्ट तितो घटनाका रुपमा बताउँछन् । त्यसैले यो कविता सङ्ग्रह प्रकाशित भएपछि क्रमशः कविको सृजनशीलता एक्कासी कमजोर हुँदै गएको देखिन्छ ('हिमाली सन्देश' कविता सङ्ग्रह, २०३१को अनुसन्धान र कविसँग प्रत्यक्ष भेटवार्ताबाट) । यस सङ्ग्रह भित्रका कविताहरुलाई निम्नानुसार अनुशीलन गरिएको छ :

'हिमाली सन्देश' शीर्षक बद्ध कविता सङ्ग्रहको पहिलो कविता हो । यस कवितामा कविले नेपाली वीर, पराक्रमी, स्वाभिमानी पुरुष वा युवाहरुलाई र किसानहरुलाई देश विकासका लागि कटिबद्ध भएर जुट्नु पर्छ । देशको भविष्य उज्ज्वल पार्न सक्ने दक्ष जनशक्ति विदेश पलाएन हुनु राम्रो कुरा होइन भन्ने सन्देश हिमालले वा मातृभूमिले दिएको कुराको अभिव्यक्तिपूर्ण भावनाको स्वर नै कविताको केन्द्रीय कथ्य भाव हो । भाषिक संरचनाका दृष्टिले द्विपदीय रहेको यस कवितामा प्रतीकात्मक अर्थ झल्केको छ । मातृभूमिप्रति श्रद्धा राख्ने राष्ट्र सेवकलाई स्वयम् कवि हिमालका रूपमा उभिएर सन्देश दिएकाले शीर्षक सार्थक रहेको पाइन्छ ।

'गाउँका उपद्र्याहाहरु' शीर्षकको कवितामा कविले तत्कालीन समाजमा देखा परेका अनैतिक, अवाञ्छित, अभद्र क्रियाकलाप गर्दै विकृति र विसङ्गतिको मात्र पक्षपोषण गर्ने व्यक्तिहरुलाई घृणाको भाव व्यक्त गरेका छन् भने तिनका विरुद्धमा लड्न आग्रह पनि गरेका छन् । संरचनाका दृष्टिले विशेषण शब्द जनाउने द्विपदीय यस कवितामा उपद्र्याहाहरु प्रतिको वितृष्णा र तिनको क्रियाकलापको विरोधपूर्ण विचार र आग्रहलाई आधार बनाई चयन भएकाले शीर्षक सार्थक रहेको छ ।

'श्रीमतीको चिठी' शीर्षक बद्ध कवितामा कवि भट्टले धन कमाउने ठुलो अभिलाषा बोकेर परदेशिएको श्रीमान्लाई श्रीमतीले जीर्ण पारिवारिक अवस्था र आफ्ना व्यक्तिगत समस्या शृङ्खला बद्ध प्रस्तुत गर्दै चिठी पठाएको कुरा उल्लेख छ । अतृप्त भोग र भोकको समस्या मूलक केन्द्रीय भाव बोकेको यस कविताको शीर्षकको भाषिक संरचना द्विपदीय रहेको भए पनि 'चिठी' भेटघाट वा भलाकुसारीको प्रतीकको रुपमा आएको हुनाले शीर्षक भावानुकूल सार्थक रहेको छ ।

'वसन्त वन' शीर्षकको द्विपदीय संरचनामा कविले नेपाली प्रकृतिमा रहेका डाँडा, भीरपाखा, हराभरा चहुर, सदावहार जङ्गल, स्वच्छ शीतल हावा, झ्याउँकिरीको साङ्गीतिक धुन, रङ्गी बिरङ्गी फुल आदि जस्ता प्राकृतिक वस्तुहरुको वर्णन गर्दै कविताको केन्द्रीय भाव जनाउने हुनाले भावानुकूल शीर्षक सार्थक रहेको छ ।

'क्षुधार्त' शीर्षकको कवितामा भट्टले ग्रामीण तथा विकट वस्तीका मानिसहरुमा व्याप्त गरिबी, अभाव आदि जस्ता समसामयिक समस्याहरुको प्रस्तुति गरेका छन् । भोक र रोगग्रस्त नेपाली ग्रामीण अवस्थाको आर्थिक र सामाजिक समस्या युक्त केन्द्रीय भाव बोकेको एक पदीय कविताको शीर्षक भावानुकूल सार्थक रहेको छ ।

'यो कस्तो सपना ?' शीर्षकको कवितामा कविले आजका मानिसहरुमा बुद्धि, विवेक, अनुशासन, नैतिकता, आदि जस्ता असल गुणहरु हराएको र मानवीय दुश्चरित्रले गर्दा मानिसलाई असल वा खराब, मूर्ख वा पण्डित, दुष्ट वा मित्र, धनी वा गरिब भनेर छुट्याउँनै नसकिने अन्योलपूर्ण भाव व्यक्त गरेका छन् । यस प्रकारको विसङ्गति परिस्थिति झल्काउने केन्द्रीय भाव बोकेको कविताको शीर्षक तिन पदीय प्रश्नात्मक शैलीमा संरचित रहेको छ । मानिसले मानिस भएर बाँच्न नसकेको सन्दर्भ प्रस्तुत कविताको शीर्षक भावानुकूल सार्थक रहेको छ ।

'साथीलाई सन्देश' कवितामा विश्वको माझमा रहेको सानो देश नेपालको विकासका लागि सम्पूर्ण युवाहरु आ-आफ्नो ठाउँबाट बुद्धि र विवेकले भ्याएसम्म उठ्नु पर्ने जुट्नु पर्ने कुरा प्रस्तुत गरेका छन् । वीर सहिदहरुले नेपालको अस्मिता, स्वतन्त्रता, र एकता सुरक्षित राख्नका लागि शदियौँदेखि पुऱ्याएको योगदानलाई आजका युवाहरुले कहिल्यै भुल्न हुँदैन । देशभक्तिमा गोलबद्ध भई सहिदको सपना साकार पार्नु पर्ने र भ्रातृत्व प्रेम जस्ता सन्दर्भकै आधारमा कविताको शीर्षक चयन गरिएको द्विपदीय संरचनामा आबद्ध कविताको शीर्षक भावनानुकूल सार्थक नै देखिन्छ ।

'कसरी जिउने हो?' शीर्षकको कवितामा आफु जन्मेको बिकट ग्रामीण समाजमा छाएको वर्गीय विभेदपूर्ण तत्कालीन परिस्थिति र परिवेशलाई प्रस्तुत गरेका छन् । धनीहरु दिनदिनै धनी हुँदै गएको गरिबहरु दिनदिनै गरिबीले छटपटाएको, आर्थिक असमानताका कारण मानिस-मानिस बिच कटुता, वैमनष्यता पैदा भएको विसङ्गत पक्षहरुलाई कवितामा उल्लेख गरेका छन् । गाँस, बास र कपास जस्तो आधारभूत आवश्यकताबाट वञ्चित् गरिबहरुको पीडामाथि धनीहरुले रजाईं गरेकोले तिनका बिरुद्ध लड्नु पर्ने विद्रोही भाव 'कसरी जिउने हो ?' यस वाक्यस्तरको तिन पदीय प्रश्नात्मक संरचनामा पाइन्छ । शीर्षक विषयानुरुप उपयुक्त नै रहेको छ ।

'पिएका नेपाली' शीर्षकको कवितामा पैसा कमाउन विदेश गएका नेपालीहरुको दुर्दशालाई चित्रात्मक ढङ्गले प्रस्तुत गरेका छन् । पैसा कमाउने ठुलो अभिप्रायका साथ विदेसिने नेपालीहरुको दैनन्दिनी जाँड-रक्सी जस्ता कुलतमा गुज्रिने गरेको यथार्थ परिस्थिति उल्लेख गर्दै कुलत त्यागी देशको माटोमा पसिना चुहाउनु पर्छ भन्ने सन्देश यस द्विपदीय शीर्षकको कवितामा रहेको छ । 'घर नबिर्स' शीर्षकको प्रस्तुत कवितामा गरिबीलाई कम गर्न वा गरिबीबाट प्रताडित दुर्दशालाई समाधान गर्नका लागि धन कमाउन नेपालीहरु बर्सेपिच्छे विदेश पलायन हुनु परेको बाध्यात्मक परिस्थितिको चित्रण गरिएको पाइन्छ । विदेश गएपछि

गरिबीलाई चटक्क भुल्दै नराम्रा लततिर फँस्ने नेपालीको नराम्रो प्रवृत्तिलाई यहाँ उद्घाटन गरेको पाइन्छ । द्विपदीय शीर्षकको यस कवितामा परदेशी नेपाली दाजु-भाइलाई आर्थिक, सामाजिक, पारिपारिक समस्यालाई बिर्सेर दुई दिनको रमझममा भुल्नु हुन्न भन्ने सन्देश दिएकाले शीर्षक भावानुकूल उपयुक्त नै रहेको छ ।

यसरी प्रथम चरणको दोस्रो कृतिका रुपमा प्रकाशित 'हिमाली सन्देश' कविता सङ्ग्रहमा सङ्गृहित कविताहरुको शीर्षक चयनको आधार देशभित्रका परिस्थितिलाई बनाएका छन् भने प्रायः द्विपदीय र तिन पदीय संरचनामा संरचित कविताहरुका शीर्षक भावानुकूल सार्थक नै पाइन्छन् ('हिमाली सन्देश' कृतिको अध्ययनबाट जानकारी) ।

### २.३.३.३ 'दुई थोपा आँसु' चम्पू काव्य (२०४८) को विवेचना

श्रव्य काव्यमा गद्य-पद्य प्रधानका दुई भेद भए झैँ रूपकमा पनि उभय प्रधान हुन्छ भन्ने विचार केही पछि मात्र आएको बुझिन्छ । त्यसैले होला चम्पू रुपमा श्रव्य काव्य रचना गर्ने प्रचलन केहि पछिको कालमा चलेको । काव्य सामान्यतया दुई प्रकारका हुन्छन् दृश्य र श्रव्य । श्रव्य काव्यमा गद्य र पद्य गरी दुई भेद छन् । गद्य काव्य- को गौरव अर्थ प्रधानताबाट हुन्छ भने पद्य त्यसमा भएको रागात्मक पक्षले विशिष्ट हुन्छ । गद्यको अर्थ र पद्यको रागात्मक पक्षलाई समेटी विद्वान्हरुले 'चम्पू' काव्य- को परिकल्पना गरेका छन् । चम्पूमा कविले गद्य-पद्यमय रचनामा आफ्नो कुशलता देखाई श्लेष, अनुप्रास आदि अलङ्कारका साथै कल्पनाको मधुर शब्द योजनाले शिल्प व्यक्त गर्ने प्रयत्न गरेको हुन्छ (सोमनाथ सिग्द्याल, साहित्य प्रदीप, २०१४ : पृ.११४) ।

साहित्यकार हर्ष प्रसाद भट्टको साहित्यिक यात्राको प्रथम चरणका कृतिहरुमध्ये 'दुईथोपा आँसु' कान्छो कृति हो । कवि भट्टले 'दुई थोपा आँसु'मा गद्य-पद्य मिश्रित गरेर चम्पू काव्यको निर्माण गरेका छन् । यस चम्पूकाव्यलाई विषयवस्तुका आधारले निम्नानुसार विवेचना गर्न सकिन्छ ।

दुई थोपा आँसु (२०४८) पञ्चायती शासनको परिणति हो । वि. सं. २०३१ सालमा साहित्यकार भट्टले बनारसबाट हिमाली सन्देश कविता सङ्ग्रह प्रकाशन गरेर नेपाल फर्कंदा उनलाई तत्कालीन पञ्चायत सरकारले जेलको चिसो हावा खुवाएको थियो । कवि भट्टलाई मात्र नभएर हिमाली सन्देशका पाठक समेतलाई अड्डा अदालतसम्म धाउनु परेको कुरा 'दुई थोपा आँसुको' कविको मन्तव्यले पुष्टि गर्दछ । साहित्यकार भट्ट त्यही घटनाले आक्रान्त भए । २००७ सालमा नेपाली जनताले राणा शासनलाई छिनाले झैँ २०४६ सालमा तिनै जनताले पञ्चायती तन्त्रलाई तहसनहस पारी दिए तर पनि कवि भट्टलाई नेपाल भित्रबाट

साहित्यिक क्रान्तिकारी कृतिहरु छपाउन डर लागि नै रह्यो । त्यसैले 'दुई थोपा आँसु' जस्तो सानो कृति प्रकाशन गर्न कविले विदेशी भूमिको सहारा लिनु परेको बाध्यता देखिन्छ (कवि भट्टसँग प्रत्यक्ष भेटवार्ता) ।

यस चम्पू मूलक कृतिमा परदेशी पति र गृहिणीको पत्रात्मक सवाल-जवाफ गद्य र पद्यमा देखिएको छ । सोह्र पृष्ठको लघु आकारको यस कृतिमा कविको मन्तव्य पद्यात्मक रहेको छ । त्यसपछि 'मेरो प्यारो पति हजुर, साष्टाङ्ग ढोग !' भनेर गृहिणीका तर्फबाट आठ पेज लामो पत्र लेखिएको छ । पञ्चायती तन्त्रको सास्तीबाट नेपाली जनताले मुक्तिको साँस फेरेपछि सरकारले गाउँगाउँमा अशिक्षितलाई शिक्षित गराउन प्रौढ कक्षा सञ्चालन गरी समाजलाई परिवर्तनको दिशातर्फ मोडेको थियो । घरमा रहेकी अशिक्षित गृहिणीले शिक्षित भएर परदेशको आफ्नो श्रीमान्लाई २०४६ सालपछि आएको प्रजातन्त्रको प्रत्याभूति सोही पत्र मार्फत् गराएकी छे ।

वि.सं. २००७ साल अघिका राणाहरु बिचमा पञ्च बनेका र कोही वि. सं. २०४६ सालपछि कोही काङ्ग्रेस, कोही कम्युनिष्ट, कोही रा. प्र. पा.मा घुसेको कुरा गृहिणीले कुशलता पूर्वक परदेसी पतिलाई जानकारी गराएकी छे । गाउँघरमा चुनावको माहौलले विभिन्न पार्टीका आम सभाहरु हुने गरेका र आफू ती आम सभामा उपस्थित हुने गरेको, आफूसँग भोट माग्ने कुन पार्टीलाई भोट दिँदा हामी सुख शान्ति प्राप्त गर्न सक्छौँ । सो कुराको निर्णय गरी पत्र पठाउनु अनि गाउँघर र सानो बाबुलाई सम्झेर चाँडै घर आउनु भन्ने कुरा गृहिणीको पत्रको विषयवस्तु रहेको छ ।

यस पद्यमा भने गृहिणीले भावमा बगेर उन्नाइस वटा गीत लेखेकी छे । गीतमा पति परदेश गएका कारण काम वासनाले पीडित नारीको वियोग-वेदना प्रकट भएको छ । प्रेषिभर्तृका (त्यो नायिका जसको पति परदेश गएको छ) नारीको विरह वेदनाको सशक्त अभिव्यक्ति गीतमा : तेल छैन कसरी बलोस्, पानसको बाती ।

कोही छैन जीवनको साथी, बार बजे राती ॥
गृहिणीको पत्र पढी, छिट्टै नै आइजानु ।
दुई अञ्जुली ठन्डो पानी, सारेर पी जानु ॥

(हर्ष प्रसाद भट्ट, दुई थोपा आँसु, :२०४८)

प्रस्तुत गीतले घरमा रहेकी एक्ली युवती अर्थात् काव्यकी नायिका सम्भोगका लागि अत्यन्त आतुर छे भन्ने कुराको प्रमाण दिएको छ । यस काव्यको नायक नायिकाभन्दा चतुर देखिन्छ । मेरी प्यारी जीवन सँगिनी, शुभ-आशीष ! भनेर पतिको पत्र सुरु भएको छ । घरमा

दुःख गरेर बसेकी पत्नीलाई आफू रहरले नभएर बाध्यताले विदे- समा बसेको कुरा मीठा-मीठा गफले व्यक्त गरेको छ । नातावाद, कृपावाद  पैसावा-दले गर्दा आफ्नो योग्यता स्वदेशमा काम नलागेपछि आफूले विदेसिनु परेको कुरा गर्दै २०४६ सालको आमूल परिवर्तनले आफ्नो घर फर्कने ढोका खोलिएको कुरा पतिको पत्रमा उल्लेख छ । आफूले घर छोडेपछि पत्नीले प्रौढ शिक्षा पढेर धेरै कुरा बुझ्केकोले छोरीलाई पनि पढाउनु पर्ने रहेछ भने कुरा पनि यस पत्रको विषयवस्तु बनेर आएको छ । पत्रको अन्त्यमा गृहिणीको गीतको उत्तर पतिले पनि गीत मार्फत् दिएको छ :

त्यहाँ त्यसै  यहाँ  यसै,  बार बजे  राती ।
साथी छन् दुई थोपा आँसु, पोलिन्छ है छाती ॥
निम्न द्यौ पानसको बाती, तेल नपाउँदा सम्म ।
बाँजो घर तिम्रो छ साथी, म नआउँदा सम्म ॥
(हर्ष प्रसाद भट्ट, दुई थोपा आँसु, :२०४८)

यसरी शृङ्गार रसले भरिपूर्ण 'दुई थोपा आँसु' चम्पूकाव्य विषयवस्तुका दृष्टिले सबल रहेको देखिन्छ (कवि हर्ष प्रसाद भट्टको 'दुई थोपा आँशु' २०४८ बाट अनुशीलन) ।

### २.३.३.४ पहिलो चरणका साहित्यिक कृतिहरुको निष्कर्ष

साहित्यकार हर्ष प्रसाद भट्टको साहित्य यात्राको प्रथम चरण (२०२९-२०४९)सम्म लगभग दुई दशकको नेटो काटि सकेको अवस्था हो । उनको साहित्य यात्राको यस चरणका कविताहरुको रचनाकाल एकपछि अर्कोको समय लामो भएकाले पनि कविता यात्रा त्यति उर्वर भएको देखिँदैन । उनको वि. सं. २०२९ सालमा प्रकाशित 'मेरो कल्पना' कविता सङ्ग्रहमा दसवटा कविता, 'हिमाली सन्देश' कविता सङ्ग्रह २०३१ मा दसवटा कविता र वि. सं. २०४८ मा प्रकाशित गद्य-पद्यात्मक चम्पू मूलक पत्रात्मक काव्य 'दुई थोपा आँसु' श्रीमान् र श्रीमती बिचको पत्राचार हो  ।

हर्ष प्रसाद भट्टको साहित्य यात्राको यस चरणका कवितामा समकालीन राष्ट्रिय परिवेशमा देखा परेका विभिन्न सामाजिक, आर्थिक, राजनीतिक पक्षको चित्रण गरेको पाइन्छ । अप्रजातान्त्रिक पञ्चायती शासनबाट मानवीय हक, अधिकार कुण्ठित भएको र मानवाधिकार प्राप्तिका लागि सम्पूर्ण जन साधारणहरुले प्रतिवाद गर्नु पर्ने विद्रोहात्मक भाव झल्केको सन्देश पनि भट्टका यस चरणका कवितामा प्रस्तुत भएको पाइन्छ । ' 'मेरो कल्पना' र

'हिमाली सन्देश' कविता सङ्ग्रह पद्यात्मक कृति हुन् भने 'दुई थोपा आँसु' गद्य-पद्यात्मक वा चम्पू मूलक कृति हो ।

### २.३.३.४ दोस्रो चरण (२०५०-२०६७) का कृतिहरुको अध्ययन

हर्ष प्रसाद भट्टको साहित्य यात्राको दोस्रो चरण वि. सं. २०५० देखि आरम्भ भएको हो । भट्टको कविता यात्राको दोस्रो चरणलाई वि. सं. २०४६ सालमा पुनर्स्थापित प्रजातन्त्रले पनि प्रभाव पारेको देखिन्छ । यसरी उनको दोस्रो चरणको साहित्य यात्राको थालनीसँगै प्रजातन्त्र पुनर्स्थापनापछि सम्पूर्ण राजनेताहरुमा केही असन्तोष बाँकी नै रहेकाले परिणाम स्वरुप २०५० को दशकदेखि देशभित्र विद्रोहका सङ्केतहरु प्रतिदिन मौलाउँदै अमानवीय क्रियाकलापले हत्या, हिंसा, अपहरण, भौतिक संरचना ध्वस्त गर्ने जस्ता काम बढ्दै गए । उनमा यस्ता क्रियाकलापको खिलापमा प्रत्यक्ष उत्रन पनि आँट आएन उल्टै मनमा भय र त्रासले मात्र डेरा जमाउँदै गयो यस किसिमको देशको बिडम्बनापूर्ण परिस्थितिले भट्टको साहित्य सृजनातिरको पाटोलाई पनि प्रत्यक्ष प्रभाव पार्‍यो । यस दशकमा अछाम जिल्लाको दुर्गम भेगको सामुदायिक विद्यालयमा शिक्षक जस्तो जिम्मेवारीपूर्ण पदमा बहाल रहँदा साहित्यिक रचना गर्दै गए पनि प्रकाशनको अवसर ओझेलमा परेको कुरा कवि दुःखका साथ बताउँछन् । कविको यस दशकको साहित्यिक यात्रा ओझेलमा पर्नु र एक्कासि वि. सं. २०५९को प्रारम्भसँगै 'अछाम रुँदै छ' शीर्षकको कविता सङ्ग्रह जन्मनुमा नेपाली राजनीति नै कारणको रुपमा देखिन आउँछ । (कवि भट्टसँग प्रत्यक्ष कुराकानी)

यसरी भट्टको कविता यात्राको यो चरण वि. सं. २०५० सुरु भएको पाइन्छ । यस अवधिमा देशभित्र सामाजिक, आर्थिक, राजनीतिक जस्ता ठुला खाडलहरुले माओवादी विद्रोह बढ्दै जाँदा विद्रोही पक्ष र राज्य पक्षका चपेटामा सर्व साधारण जनताले बढी सन्त्रास, पीडा, दुःख, यातना भोग्नु परेको अवस्था थियो । यस २०५०को दशक भरी नेपाली जन समुदायले नराम्रो सास्ती बेहोर्नु पर्‍यो । त्यस सास्तीका भुक्तभोगी मध्ये कवि भट्ट पनि एक हुन् । उनी यस दशकमा विभिन्न कारणले गर्दा विस्थापित हुनु परेको तितो अनुभूति पनि बताउँछन् । भट्ट वि. सं. २०५८/५९ सालतिर विस्थापित भई काठमाडौं आएपछि वि. सं. २०५८ सालमै अछामको मङ्गलसेनमा नर संहारको ठुलो घटना र वि. सं. २०५९ सालमा राजदरबारको हत्याकाण्डमा तत्कालीन राजा वीरेन्द्र शाहको वंश नासबाट कवि भट्टको कोमल मनमा ठुलो चोट पर्‍यो । उनी यी दुवै मानव संहारका भयावह घटनाबाट आक्रान्त र पीडित बनेका थिए । पीडा नै पीडा संवेदना नै संवेदनाले भरिएको धमिलो मनलाई स्वच्छ पार्न भट्टले 'अछाम रुँदै छ' कविता सङ्ग्रह रचना गर्ने जमर्को गरेका हुन् । देशभित्र वि. सं.

२०६०को दशकदेखि राजनीतिक, आर्थिक, सामाजिक अस्थिरता क्रमशः कम हुँदै गएको अनुमान गर्न सकिन्थ्यो भन्ने कुरा कवि भट्ट बताउँछन् । त्यसपछि उनले 'प्याउली गुलाफ' गीति 'खण्डकाव्य' (२०६१), 'दरबारको आत्मकथा'कविता सङ्ग्रह 'काव्याञ्जलि'(२०६३) र केहिपछि (२०६७)मा आएर 'तुर्माखाँद-चौखुट्टे' गीतियात्रा काव्यको रचना गरेका हुन् । हर्ष प्रसाद भट्टको दोस्रो चरणको समयावधि डेढ दशकभन्दा लामो भए पनि सिर्जनात्मक गतिशीलता तीव्र बन्न सकेको देखिँदैन । उनको व्यक्तिगत कार्य व्यस्तता र देशमा व्याप्त राजनीतिक अस्थिरताले पनि सृजनशील क्षमता ओझेलमा परेको हो । वि. सं. २०५०को दशकभित्र राष्ट्रमा विद्रोही पक्ष र राज्य पक्षबाट हत्या, कुटपिट, अपहरण जस्ता क्रियाकलापहरुले पनि भट्टको कविता यात्रामा प्रत्यक्ष प्रभाव पारेको हो । यसरी विभिन्न बाध्यता, विवशता, पीडाहरुलाई छिचोल्दै सुरुवात भएको दोस्रो चरणको साहित्य यात्रामा प्रकाशित कृतिहरुलाई तल अनुशीलन गरिएको छ :

### २.३.४.१ 'अछाम रुँदै छ' कविता सङ्ग्रह (२०५९) को विवेचना

हर्ष प्रसाद भट्टको साहित्यिक यात्राको दोस्रो चरणका कृतिहरुमध्ये 'अछाम रुँदै छ' कविता सङ्ग्रह पहिलो कृति हो । यसमा जम्मा बिसवटा कविताहरु सङ्कलित छन् । ती हुन् : अछाम रुँदै छ, आँसु बनी बर्सिए, जाग हे जाग नारी, स्मृति रेखा, कठै गुरुहरु, शान्तिको गीत गाऊँ, कान्तिपुर, छोड हे छोड छोड, ज्वालाको कथा र व्यथा, स्वर्गमा हाँस पुत्र, लक्ष्मी तिमी नै भन, पापी मन, नयाँ वर्षको शुभ कामना, उद्धार चाँडो गर, लेखेर के हुन्छ र ?, के भो नेता बुझ्न, काङ्ग्रेसको हिजो र आज, जिउँदो लासमाथि कात्रो, क्षमदान गर, सावधान नेताहरु । उपर्युक्त कविताका शीर्षकहरुलाई निम्नानुसार अध्ययन तथा विश्लेषण गरिएको छ :

'अछाम रुँदै छ' शीर्षक बद्ध पहिलो कविता हो । यस कविताको शीर्षकबाट नै कविता सङ्ग्रहको नाम राखिएको छ । यस कवितामा उनले वि. सं. २०५८ सालमा माओवादी विद्रोही पक्ष र सरकारका सुरक्षा निकाय बिच भएको दोहोरो भिडन्तले निम्त्याएको मानव संहारको पीडालाई वर्णनात्मक ढङ्गले प्रस्तुत गरेका छन् । यस द्विपदीय कविताको शीर्षकमा प्रयुक्त 'अछाम' शब्दले ठाउँ विशेषलाई र 'रुँदै छ' शब्दले कुनै अकल्पनीय दु:खद घटनालाई प्रतिबिम्बन गरेको छ । प्रतीकात्मक अर्थ दिने प्रस्तुत शीर्षकमा 'अछाम'लाई मानवीकरण गर्दै दु:खद घडीमा रोइ रहेको यथार्थ अवस्थाको उद्घाटन गरिएको छ ।

'आँसु बनी बर्सिए' शीर्षक बद्ध दोस्रो कविता हो । यसमा पनि भट्टले वि. सं. २०५८ साल जेठ उन्नाइस गते शुक्रबारको राती नारायणहिटी राजदरबारमा भएको अकल्पनीय घटनाबाट सम्पूर्ण राजपरिवारको विनाश भएको घटनालाई वार्षिकीको दिनमा सम्झने काम गरेका छन् । यस कवितामा घटना अनुसारको यथार्थ चित्रण कविले गरेका छन् । तिन पदीय संरचनामा संरचित कविताको केन्द्रीय कथ्य नर संहारबाट अत्यन्त त्रसित र दुःखपूर्ण घडीमा बाँच्न विवश जन जीवनको क्रन्दन नै हो । प्रस्तुत कविता श्रद्धाञ्जलिपूर्ण भाव प्रवाहमा बाँधिएको पनि छ ।

'जाग हे जाग नारी' शीर्षक बद्ध तेस्रो कविता हो । यस कवितामा कविले आजका नारीहरुलाई आफ्नो हक, हित र अधिकारका लागि लड्नु पर्छ । जबसम्म पाखण्डी पुरुष प्रधान समाजमा नारी स्वतन्त्रता हुँदैन तबसम्म देशको उन्नतिमा पनि असर परि रहन्छ भन्ने केन्द्रीय नारीवादी स्वर पनि अभिव्यक्त भएको छ । वाच्यात्मक ढाँचामा संरचित कविताको शीर्षक भावानुकूल सार्थक नै रहेको छ ।

'अछाम रुँदै छ' कविता सङ्ग्रह भित्रको चौथो कथा 'स्मृति रेखा' हो । यसमा कविले आफ्नो बाल्यावस्थामा गाई-भैंसी चराउन वनवन डुलेको, लेकको चिसो हावामा चञ्चल मन हर्षित भएको र अमृतरुपी गोरसले भरिपूर्ण आफ्नो गोठाले जीवन यसमा देखाएका छन् । शीर्षक अनुसार कविताले यथार्थता झल्काएको छ ।

कविताको पाँचौं शीर्षक 'कठै गुरुहरु' हो । यसमा गुरुको महिमाको वर्णन गर्नुका साथै वर्तमानमा गुरुहरुले भोग्नु परेको दुर्दशाको चित्रण गरिएको छ । त्यस्तै कविता सङ्ग्रहको छैठौं कविता 'शान्तिको गीत गाऊँ' हो । यसमा कविले नेपालमा चलि रहेको जन युद्धले गर्दा गाउँमा बस्न नसकी काठमाडौं बस्दाको पीडालाई भावमा उनेका छन् । कविता सङ्गहभित्रको अर्को शीर्षक 'कान्तिपुर' हो । यसमा कविले राष्ट्रको हितमा लागेर गाउँघरका सत्य तथ्य घटनालाई समाचार बनाएर सधैं नेपालीहरुका हातमा पुगाउने दैनिकी पत्रिकाको महिमा गाएका छन् । यो कविता पनि शीर्षक अनुसार उपयुक्त नै देखिन्छ ।

'छोड हे छोड छोड' शीर्षकको कवितामा २०५२ सालपछिको अशान्ति, हत्या र हिंसा बाट आक्रान्त नेपाल आमाको एउटा सन्तानले नेपाल आमाकै अर्को सन्तान अर्थात् भ्रातृहत्या गरिरहेको कुरालाई कविले यस कवितामा उल्लेख गरेका छन् । विश्व बन्धुत्व र भ्रातृत्वका भावनाले अहिंसाका पुजारी बुद्धको मार्गमा लाग्न युद्धरत नेपालीहरुलाई आग्रह गरेको कविताको शीर्षक भावानुकूल सार्थक रहेको छ ।

'ज्वालाको कथा र व्यथा' शीर्षक बद्ध कवितामा कवि भट्टले ज्वाला नामकी आफ्नी छोरीको कथा र व्यथालाई झल्काएका छन् । विवाहमा छोरीलाई पर घरमा पठाउँदा एउटा पितालाई कस्तो अनुभूति हुन्छ अनि छोरीका बिलौना कस्ता हुन्छन् भन्ने कुरालाई कविता मार्फत् व्यक्त गरिएको छ । छोरी ज्वालाको डोली चढ्दाको रुवाइलाई कवितामा समेटेकोले कविताको शीर्षक भावानुकूल सार्थक देखिन्छ । 'स्वर्गमा हाँस पुत्र' अछाम रुँदै छ कविता सङ्ग्रहभित्रको अर्को कारुणिक कविता हो । युद्ध कालमा लड्दै गर्दा वीरगति प्राप्त गरेका आफ्ना सन्तानहरूप्रति मातृस्नेह पोख्दै कविले यस धर्तिमा हाँस्न नपाए पनि स्वर्गमा गएर हाँस भन्ने भावना समेटेका हुनाले भावना अनुसार यो शीर्षक पनि सार्थक नै देखिन्छ । त्यसै कविता सङ्ग्रह भित्रको अर्को कविता 'लक्ष्मी तिमी नै भन' हो । यसमा कविले भगवान् र भक्तका विशेषतालाई देखाएका छन् । भक्त सधैँ धनैधन भनी हाहाकार गरि रहने र लक्ष्मीको शरणमा परी धूप, दीप, नैवेद्य चढाउँदा चढाउँदै भक्तसँग नबसेर वेश्याका घर र भट्टीमा बस्ने लक्ष्मीप्रति आक्रोश पोखिएको कविता भावनानुकूल सार्थक नै छ ।

'पापी मन' कविता सङ्ग्रह भित्रको अर्को कविता हो संसारमा सबैभन्दा छिटो कुद्न सक्ने मनका बारेमा यसमा चित्रण गरिएको छ । मानव मन कहिल्यै पनि स्थिर रहन नसकी सदा-सर्वदा स्वच्छन्द विचरण गर्ने अदृश्य वस्तु हो । यसले मानिसलाई सकारात्मक भन्दा पनि बढी नकारात्मक दिशातर्फ डोऱ्याइ रहेको हुन्छ । यही भावभूमिमा उभिएको प्रस्तुत कविताको शीर्षक सार्थक रहेको छ ।

'नयाँ वर्षको शुभ कामना' शीर्षक बद्ध कवितामा कवि भट्टले हत्या र हिंसाले व्याप्त नेपालमा अहिंसा कायम रहोस्, हिंस्रकहरुका विचारमा सद्बुद्धि आओस्, हजारौँ वीर नेपाली सहिदका सपना साकार हुन्, पशुपन्छी आदिले स्वच्छन्द रुपमा विचरण गर्न पाउन्, नेपाली नारीहरुको सिउँदो सधैँ रङ्गी रहोस्, यही मेरो नयाँ वर्षको शुभ कामना भनेका छन् । भावनानुकूल प्रस्तुत कविता सार्थक ठहर्छ ।

'उद्धार चाँडो गर' शीर्षकको कवितामा कविले नेपालमा व्याप्त हत्या हिंसाले नेपाली संस्कृति, कला, प्राकृतिक सम्पदा, राष्ट्रियता अखण्डता, धार्मिकता, सहिष्णुता र नेपालका पहिचानहरु गुम्दै गएकाले त्यसको बचावटमा सम्पूर्ण नेपाली अथवा युद्धरत दुवै पक्षलाई आग्रह गरेकाले भावानुरुप कविताको शीर्षक सार्थक देखिन्छ । 'लेखेर के हुन्छ र ?' शीर्षकको कवितामा कविले युद्धरत दुवै पक्षबाट धन जनको बिनास अत्यन्तै बढ्दै गएकाले अब लेखक, कलाकार, बुद्धिजीवी र सारा धर्तिलाई सङ्कट पर्दै जाँदा लेखेर मात्र केही नचल्ने

कुरामा कवि मनस्थिति रुमल्लिएको छ । यही भावबाट भरिपूर्ण कविताको शीर्षक सार्थक रहेको छ ।

'के भो नेता ? बुझ्न दुनियाँ' शीर्षक वद्ध कवितामा नेताहरुको कृतघ्न भ्रष्टाचारी, नातावाद र कृपावादले देशलाई यो दस बर्से जनयुद्ध बेहोर्नु परेको यथार्थ घटना कविले देखाएका छन् । भावनानुकूल कविताको शीर्षक सार्थक देखिन्छ ।

'काङ्ग्रेस हिजो र आज' शीर्षकको कवितामा कविले २०२७ सालमा बनारसमा देखेको बि. पी. काङग्रेस र २०५२ सालदेखि युद्ध निम्त्याउने गिरिजा काङ्ग्रेस हो भन्दै कविता मार्फत् तुलना गरेका छन् । राष्ट्र उन्नतिमा बलिदान गर्नु पर्ने राष्ट्रवादी पार्टीले सामन्ती, फटाहा, भ्रष्टाचारी र दुराचारीको पोषण गरेकाले देश धराशयी भएको कुरा व्यक्त गरेका छन् । भावनानुकूल कविताको शीर्षक चयन सार्थक छ ।

'जिउँदो लाशमाथि कात्रो' शीर्षकको कावितामा कविले आफ्नै धर्तीमा हामी हराइ रहेका छौं । प्राकृतिक सम्पदाले भरिपूर्ण देश भएर पनि हामीले अरुको भरमा बाँच्नु परेको छ । हाम्रा नेताहरुले सम्मानका नाममा जिउँदै कात्रो ओढ्न थालेका छन् भन्ने चोटिलो व्यङ्ग्यको भावभूमिमा उभिएको कविताको शीर्षक सार्थक देखिन्छ ।

'क्षमादान गर' शीर्षकको कवितामा कवि भट्टले प्रकृतिमा जन्मिएका रङ्गीचङ्गी फुलहरु, पुतली, जुनकिरी, फर्केर हिड्ने डाँफे, मुनाल, कोइली, उफ्रीउफ्री रमाउने मृगहरु र नवजात शिशुहरुमाथि अन्याय र अत्याचार नगरी युद्धरत दुवै पक्षले क्षमादान गर्नु पर्ने भावनामा समेटिएको यस कविताको शीर्षक सार्थक रहेको छ ।

'सावधान नेताहरु !' शीर्षकको कवितामा कवि भट्टले बि. पी. र पुष्पलालको नाममा आफूलाई समाजवादी र कम्युनिष्ट भनेर सत्ता र भत्ता लुट्ने सामन्तीलाई कविता मार्फत् औंलो ठड्याएका छन् । कविताको शीर्षक भावानुकूल सार्थक देखिन्छ ।

### २.३.४.२ **'प्याउली गुलाफ' खण्डकाव्य (२०६१)को विवेचना**

साहित्यकार हर्ष प्रसाद भट्टको साहित्य यात्राको दोस्रो चरणको दोस्रो कृति 'प्याउली गुलाफ' खण्डकाव्य हो । मन्तव्य पनि पद्य शैलीमा अभिव्यक्त गरेका छन् खण्ड- काव्यकार भट्टले । यसमा उनले नेपाली समाजमा छुवाछुतको रुपमा रहेको जातीय भेद भावलाई काव्यात्मक स्वरुप दिएका छन् । नायक क्षेत्री र नायिका दलितका बिचको शारीरिक र मानसिक प्रेमलाई देखाएका छन् । नायक-नायिकाको प्रेमले समाजमा स्थान नपाएपछि त्यो प्रेमलाई सफल तुल्याउन अदालतको साहारा समेत लिनु परेको कुरा कथावस्तुका रूपमा

आएको छ । कवि भट्टको 'प्याउली गुलाफ' खण्डकाव्यलाई कविताको एक उप विधाका रुपमा अध्ययन गर्न सकिन्छ ।

'प्याउली गुलाफ' (२०६१) आख्यानात्मक खण्डकाव्य हो । यसमा काव्यकार भट्टले लोक कथात्मक विषयवस्तुलाई कथात्मक साँचोमा ढालेको पाइन्छ । अछाम जिल्लाको घुँघुरकोट र बिम्कोटका विभिन्न भू-भागमा प्रचलित 'प्याउली' र 'गुलाफ'को अमर प्रेम कहानीलाई खण्डकाव्यको प्राण बनाएका काव्यकार भट्टले परम्पराले तल्लो जातकी मानिने 'प्याउली' नामकी र सम्भ्रान्त क्षेत्री मानिने 'गुलाफ' नामक उच्च जातको नायकका बिच फक्रिएको प्रेम कथालाई यसमा प्रस्तुत गरेका छन् ।

आख्यानात्मक खण्डकाव्य 'प्याउली गुलाफ'मा नायिका प्रकृतिमा बिलाएकी छे तर पाखण्डी समाजले प्याउलीलाई आफूमा मिलाउन नसकेको द्वन्द्वका कारण उत्पन्न वियोगले काव्य अत्यन्त मार्मिक बनेको छ (राष्ट्रकवि माधव घिमिरेको विचारः कवि भट्टको कृति 'प्याउली गुलाफ' २०६०: कभर पृष्ठमा) ।

यस खण्डकाव्यमा कवि हर्ष प्रसाद भट्टले प्रमुख दुईवटै पात्र विशेषको नामका आधारमा शीर्षक छनोट गरेका छन् । 'प्याउली गुलाफ' खण्डकाव्यको शीर्षक हो । यस शीर्षकले समग्र कृतिको प्रतिनिधित्व गरेको छ । 'प्याउली' यस काव्यकी नायिका हो भने 'गुलाफ' यस काव्यको नायक हो । यी दुवै नायक-नायिकाको प्रेम कहानी नै काव्यको विषयवस्तु भएकाले पात्रहरुको नाम नै शीर्षक बनेर आएको छ । 'प्याउली' र 'गुलाफ' दुवै फुलका नाम हुन् । नायक र नायिकालाई फुलको प्रतीक मानेर शीर्षक चयन गरिएको छ । प्याउली फुलको महत्व समाजमा त्यति धेरै देखिँदैन भने गुलाफको महत्व बढी देखिएको छ । भट्टले नायिकालाई 'प्याउली' र नायकलाई 'गुलाफ' बनाएर दुवै पात्रको नामबाट शीर्षक चयन गरेकाले खण्डकाव्यको शीर्षक चयन पनि सार्थक रहेको छ । दुवै पात्रका अन्तर्हृदयमा टुसाएको प्रेमले मलजल नपा- उँनुमा तत्कालीन परम्परागत समाज बाधक बनेको भाव कविले यसरी प्रस्तुत गरेका छन् :

प्याउली फुल छालमा फुल्यो, गुलाफ फुल्यो कोट,
यी दुवै सृष्टिका फुल, नमास है बोट ।
प्याउली हुन् अछूत कन्या, गुलाफ क्षेत्री पुत्र,
फुल फुल्छन् सृष्टिका बाग, बुझ्न सबै सुत ॥ ('प्याउली गुलाफ' २०६१ :पृ.८)

प्रस्तुत हरफमा काव्यकारले दुवै फुलकै जात र दुवैको महत्व एउटै भए पनि प्याउली नदीको छालमा फुलेको र गुलाफ बोटमा फुलेकाले परम्परागत संस्कार सम्पन्न समाजले सामाजिक स्तरमा स्थापित गर्ने पद्धति फरक भएको भाव व्यक्त गरेका छन् । पारी भैँसी गोठाल्नी प्याउलीलाई लक्ष्य गर्दै समाताडाको दृश्य हेर्दै वारी ढुङ्गामा बसेको गुलाफ आफ्ना अतृप्त चाहना गीत मार्फत् यसरी व्यक्त गर्छ :

प्याउलीका गाई, भैँसी चर्ने, समाताडा छाल,
बीचमा यो नदी भयो, मेरा लागि काल ॥
प्याउली बस्ने पारि ढुङ्गा, पुग्ने यो रहर,
कसरी म प्याउली भेटूँ, बनू कि भँवर ॥('प्याउली गुलाफ' २०६१ :पृ.१५)

प्रस्तुत गीतका हरफमा कविले नायक गुलाफका मनभित्र रहेका अतृप्त इच्छा र प्याउलीलाई नभेट्दा मन उराठ बनेको अनि भैँसी गोठाल्नीको मधुर गलाले आफू वैरागी बन्नुका साथै दुवै प्रेमी-प्रेमिकाको समुधुर मिलन हुन नदिने बाधक वा कालका रुपमा नदीरुपी तत्कालीन समाज रहेको भाव व्यक्त गरेको पाइन्छ । प्याउलीलाई भेट्नका लागि उडी जाने भँवरा बन्नु पर्ने काल्पनिकता पनि कविले प्रस्तुत गरेका छन् । प्याउलीलाई भेट्ने प्रतिक्षामा रहँदा प्याउली नआएपछि वसन्तको बहारसँगै कसैले उडायो भन्ने शङ्कापूर्ण अभिव्यक्ति प्रकट गरिएको छ । प्याउलीलाई भेटेर वैवाहिक बन्धनमा बाँध्ने अभिलाषा बोकी 'सेला' गाउँको चैतला (चैतको महिनामा मनाइने जात्रा)मा गुलाफ जान्छ, प्याउलीलाई भेटेपछि मनको विरह यसरी साटासाट गर्दै :

काँ सुनूँ काँ सुनू थिएँ, सारङ्गीको स्वर,
कति छन् बाजका पीडा, खोलती लहर ॥
के हो जात, काँ हो घर, के हो तिम्रो थर,
जिन्दगी भैँसीलाई चराई,बस्छौ कस्का भर ॥ ('प्याउली गुलाफ' २०६१ : पृ.२४)

गीत मार्फत् मनका वेदना प्रकट गर्ने क्रममा प्याउलीको स्वर सारङ्गी जस्तो लागेको भाव यसमा अभिव्यक्त भएको पाइन्छ । कैयौं प्रेमी-प्रेमिकाहरु मिलनको अभावबाट तड्पि रहेको भाव पनि प्रकट भएको छ । प्याउली, गुलाफको प्रगाढ प्रेम सम्बन्ध बाँधिएको थाहा भएपछि प्याउलीकी सानीमाले प्याउलीको भिनाजु पद्मेसँग विवाह गराउने षड्यन्त्र गरेको

कुरा गुलाफलाई थाहा हुँदा पद्मे र गुलाफ बिच प्याउली प्राप्त गर्ने सम्बन्धमा झगडा पर्नु छानबिनका लागि बिम्कोटको दरबारमा पद्मेद्वारा  गरिएको उजुरी :

सालीलाई  हात हाले  मैले,  गुलाफले कुट्यो,
यो बिन्ती चढाउँछु राजा, मेरो टाउको फुट्यो ॥
कम्यानीकी  छोरीसँग,  उसको  हक लाग्दैन,
मेरी साली मैँले लिन्छु,भन्न नै पाईँदैन?
('प्याउली गुलाफ' २०६१ :पृ.२८/२९)

यस प्रकारको उजुरीमा बिम्कोटे राजाले पद्मेको सबै वृत्तान्त सुनेपछि गुलाफ र पद्मेको मुद्दाको फैसला गर्न घुघुरकोटे राजा पनि संलग्न रहेका हुन्छन् । छलफलका क्रममा हात हाल्नु पद्मेको र कुट्नु चाहिं गुलाफको गल्ती भन्दै गीतमा व्यक्त छ :

हात हाल्नु पद्मेको गल्ती, कुट्नु गुलाफको ।
छ, छ बिस तिर दुवै खसी समाजको ॥ ('प्याउली गुलाफ' २०६१ : पृ.३४)

दुवै जनाको मुद्दामाथि छलफल हुँदा प्रतिव्यक्ति छ बिसका दरले जरिवाना लगाई फैसला टुङ्गिएको छ । प्याउली लिङ्ग्रीको लेकमा गुलाफलाई सम्झँदै गाइ रहेकी हुन्छे :

जिउथाक्यो जोवन थाक्यो, डोको बोक्दा बोक्दै,
सबै दुःख निद्राले लियो, मनमा सोच्दा सोच्दै ॥
आधिरात सिर्सिरे चिसो, छुन लाग्यो मन,
सपनीमा फुल फुल्यो, गुलाफ उन्कै मन ॥ ('प्याउली गुलाफ' २०६१ : पृ.२५)

कविले नेपाली राष्ट्रियता र त्यसका इतिहासमा रहेका अन्तदर्वन्द्व, सामाजिक स्तरमा रहेका सामन्त विरोधी युगीन क्रान्तिकारी अग्रगामी चेतलाई कवितामा प्रभावकारी ढङ्गले अभिव्यक्ति दिएका छन् । भट्ट युगबोधी अग्रगामी संचेतनालाई देखाउँदै तत्कालीन नेपाली कविताको मूल धारामा सम सामयिकतालाई समात्नु पर्छ भन्ने मान्यतामा अडिग देखिन्छन् । राजनीतिक चेतनालाई पनि कविता मार्फत् व्यक्त गर्ने भट्ट आफ्ना रचनालाई शान्ति र सृजनाका बाहक बनाउन प्रयासरत छन् । कविले नेपाली सामाजिक, सांस्कृतिक, आर्थिक आदि अनेक समस्याहरुलाई 'प्याउली गुलाफ' खण्डकाव्य मार्फत् व्यक्त गरेका छन् । काव्यमा प्रस्तुत नायिका 'प्याउली' र नायक 'गुलाफ' बिचको आत्मिक प्रेमलाई पाखण्डी समाजद्वारा

परम्परागत विधानले हत्कडी लगाएर सीमित पार्न खोजेको छ । आधुनिक र परम्पराका बिच द्वन्द्वका कारण उत्पन्न भएको वियोगान्त परिस्थितिलाई भट्टले सफलताका साथ उतारेका छन् । स्थानीय शील्प सौन्दर्य र जनजीवनको चित्रणले काव्य जीवन्त रहेको पाइन्छ ।

गुलाफको सम्भनामा गीत गाइ रहेकी विरहिणी प्याउलीको अन्तर्मनमा पलाएको रतिरागले गुलाफलाई हरेक सपनीमा फुल्ने सुन्दर फुल स्वरुप स्विकार्दै थिइन् । उता भने मुद्दाको निर्णयबाट असन्तुष्ट पद्मेले अदालतमा उजुरी जाहेर गर्छ । उजुरीबाट प्याउलीलाई अदालत भिकाएपछि प्याउलीले आफू क्षेत्रीकी छोरी भए पनि प्रजातन्त्र आइ सकेका कारण मानिसले स्वतन्त्र निर्णय गर्न पाउनु पर्छ भन्ने कुरा दावी गरेपछि प्याउलीकै पक्षमा अदालतले निर्णय गर्दछ । अदालतको निर्णय पश्चात् खुसी भएका प्याउली र गुलाफ एक अर्कामा आलिङ्गन गर्छन् । पद्मे भने त्यहीँबाट निराश भएर बेपत्ता हुन्छ । अदालतको निर्णयबाट हर्षित भएको प्याउलीले गुलाफलाई रुढिवादी परम्परालाई त्यागेर अदालतभित्रै सिउँदोमा सिन्दुर हाल्न पुग्छ । अदालतबाट फर्कने क्रममा कैलास खोलाछेउको घट्टमा प्रेमक्रीडाका लागि बास बस्न खोज्दा निदाएको बखत खोलाले दुवैको जीवन लीला समाप्त पारी दिन्छ ।

'प्याउली गुलाफ' खण्डकाव्य आख्यानात्मक संरचनामा बाँधिएको मार्मिक दुःखान्त गीति खण्डकाव्य हो । नायक गुलाफ र नायिका प्याउलीका बिच टुसाउन थालेको प्रेम प्रणय प्रसङ्ग कथानकको आदि भाग हो । यस भागमा विशेष गरी काव्यकारले बिम्कोट र घुँघुरकोटका विभिन्न प्राकृतिक परिवेशमा प्याउली र गुलाफ बिचको आत्मिक प्रेम प्रगाढ बन्दै गएको कुरा प्रस्तुत गरेका छन् । काव्यको मध्यभाग वा विकास भागमा प्याउली र गुलाफ बिचको विकसित प्रेमपूर्ण सम्बन्धलाई तत्कालीन परम्परागत पाखण्डी समाजले सामाजिक मान्यता विपरित भन्दै अस्वीकृत गरेको अवस्था घटित छ भने प्याउलीलाई मन पराउने जात मिल्दो पद्मे र गुलाफका बिचको प्याउली प्राप्त गर्नका लागि चलेको लडाइँ पश्चात् न्यायालय र राजकोटमा मुद्दा खेप्नु परेको घटना पनि यस भागमा प्रवाहित भएको छ । कथानकको अन्तिम भाग अदालतमा प्याउली प्राप्तिका लागि परेको उजुरीको फैसला हुँदा निर्णय प्याउली र गुलाफको पक्षमा भएपछि हर्षले आलिङ्गनमा बाँधिएको परिस्थिति र जीवनमा दुःख-सुख जीउने ठुलो सपना बोकेर घर फर्केका प्रेमी-प्रेमिका खोला छेउमा बास बस्न लाग्दा बाढीले दुवैको जीवन लीला समाप्त पारेको घटना अन्त्य भागमा मार्मिक तथा दुःखान्त ढङ्गले प्रस्तुत भएको पाइन्छ ।

यसरी काव्य सुखपछि दु:खान्त कथावस्तुमा उनिएको हुँदा मार्मिक बनेको छ । काव्यकी नायिका प्याउली प्रकृतिको एकदमै नजिक छे भने प्रकृति पनि नायिकासँग बिलाएको छ । परम्परागत समाजले प्याउली नायिकालाई आफुमा मिलाउनका अस्वीकार गरेको छ । यही द्वन्द्वका बावजुद उत्पन्न भएको वियोगान्त पक्षले काव्य मर्मस्पर्शी बन्न पुगेको छ । स्थानीय शिल्प सौन्दर्य एवम् जन जीवनको चित्रणले तत्कालीन सामाजिकतालाई चित्रात्मक ढङ्गले काव्यमा उनिएको काव्यको आख्यान ढाँचा जीवन्त अनुकरणीय बनेको छ । गुलाफ र प्याउलीको प्रेमालापबाट आरम्भ भएको कथानक पद्मे र गुलाफका बिचको सङ्घर्षमा विकसित हुँदै न्यायालयको इन्साफपछि जीवन साथीका रुपमा बाँधिएका जोडी सुहाग रातको दिनमै सदाका लागि जीवन लीला समाप्तिको बिन्दुमा पुगेका छन् । कथानकको आदि, मध्य र अन्त्य भागको शृङ्खला विविध परिवेशमा प्रस्तुत गरिएकाले काव्य हृदय स्पर्शी बन्न पुगेको छ । कथानकको अन्त्य दु:खान्त भए पनि प्याउली र गुलाफको पवित्र प्रेमले न्यायिक विजय प्राप्ति गर्नु काव्यको सबल पाटो नै मान्नु पर्दछ ।

### २.३.४.३ 'दरबारको आत्मकथा' काव्याञ्जलि (२०६३) को विवेचना

'दरबारको आत्मकथा' साहित्यकार हर्ष प्रसाद भट्टको कविता यात्राको दोस्रो चरणको उत्कृष्ट कविता कृति हो । यस कविता सङ्ग्रहमा जम्मा चारवटा शीर्षक बद्ध लामा कविताहरुमा दरबारको आत्मकथा, सप्तनदीका तरङ्ग, एकै पानसका दुई बत्ती, जन मुक्तिको कथा रहेका छन् । कविता रचनामा क्षिप्र सिर्जनशीलता भएका कवि भट्टका कविता हाम्रो सामाजिक वृत्तमा घुमि रहेका पाइन्छन् । नेपालको राजनीतिक अवस्था, सामाजिक विकृति-विसङ्गति, प्रेम-प्रणय, युद्धका कविता बढी लेख्न रुचाउँने कविको 'दरबारको आत्मकथा' काव्याञ्जलिमा राष्ट्रिय इतिहास बोध, र समाज बोधलाई घत लाग्दो ढङ्गले कवितात्मक रुप प्रस्तुत गरिएको पाइन्छ । उनको यस सङ्ग्रहभित्रका कवितालाई कविता तत्त्वका आधारमा निम्नानुसार चित्रण गरिएको छ :

'दरबारको आत्मकथा' २०६३ कविता सङ्ग्रहको शीर्षक द्विपदीय संरचनामा संरचित रहेको छ । यस कविता सङ्ग्रह भित्रको सबैभन्दा पहिलो कविता कविता सङ्ग्रहकै नामकरण वा शीर्षकीकरण गरिएको कविता 'दरबारको आत्मकथा' हो । नपुंसक लिङ्गका रुपमा आएको 'दरबार' शब्दले नेपालका राजा महाराजाहरुको आवास गोर्खा दरबार, नागार्जुन दरबार र नारायण हिटी दरबार आदिलाई सङ्केत गरेको छ भने आत्म र कथा जोडिएर बनेको 'आत्मकथा' शब्दले ती दरबारभित्रका अन्तर रहस्यहरु भन्ने बुझाउँछ । कवितामा कवि भट्टले परापूर्व कालदेखि नेपाल राज्यको शासन चलाउँदै आएका राजा महाराजाहरुका

आवास स्थलहरुका विभिन्न परिस्थितिको र नेपाली जनताको राजाप्रतिको सम्बन्ध प्रगाढ रहेको कुरा पनि प्रस्तुत गरेका छन् । दरबार भित्रका विभिन्न अन्तर्कथाहरूलाई काव्यको सुरुदेखि अन्त्यसम्म बाँधिएको छ भने विषयवस्तु भावानुकूल रहेकाले कविताको शीर्षक पनि सार्थक रहेको छ ।

'सप्तनदीका तरङ्ग' कविता सङ्ग्रहको दोस्रो कविता हो । कविले यस कवितामा गङ्गा कहिल्यै पनि गतिहीन नहुने र नदिका तरङ्गले मानव हृदयका संवेदनालाई पोख्दै शान्ति, स्वतन्त्रता र प्रगतिको नयाँ नेपाल रच्न मद्दत गर्दछ भन्ने कुराका साथै नेपाली इतिहासमा रहेका अन्तद्र्वन्द्व तथा नेपालको सम सामयिक यथार्थ र त्यसका सामाजिक स्तरमा रहेका सामन्ती सभ्यता विरोधी अग्रगामी चेतनाको भाव प्रस्तुत गरेका छन् । द्विपदीय संरचनाको शीर्षक कविता भावानुकूल सार्थक नै छ ।

'एकै पानसका दुई बत्ती' कविता सङ्ग्रहको तेस्रो कविता हो । यसमा कवि भट्टले लोकतन्त्र प्राप्ति अघिका सात दललाई एउटा बत्ती र त्यसपछि थपिएको अर्को नयाँदल माओवादीलाई अर्को बत्तीका रुपमा चित्रण गरेका छन् । पानसमा बल्ने दुई बत्तीबाट मानव जीवन जगत् सुखमय हुने कल्पनाको भाव कवितामा सरल ढङ्गले बगेको छ । चार पदमा संरचित कविताको शीर्षक भावानुकूल सार्थक रहेको पाइन्छ ।

'जन मुक्तिको कथा' कविता सङ्ग्रहको चौथो वा अन्तिम शीर्षक बद्ध कविता हो । यस कवितामा कविले प्रकृतिलाई उपमानका रुपमा प्रस्तुत गर्दै अगाडि बढाएका छन् । राजनीति केन्द्रित कथामा निरङ्कुश राजतन्त्रप्रति तीखो व्यङ्ग्य र विद्रोहात्मक भाव व्यक्त गरेको पाइन्छ । त्रिपदीय संरचनाले युक्त शीर्षक भित्रको कविताका लहरमा जनताको अविजय शक्तिद्वारा निरङ्कुश सामन्तवादी राज्य सत्ता ढलेको र जनताले आफ्नो अधिकारका लागि आफैं सक्रिय हुनु पर्छ भन्ने सन्देश पाइन्छ ।

### २.३.४.४ 'तुर्माखाँद-चौखुट्टे' गीतियात्रा काव्य (२०६७)को सङ्क्षिप्त चर्चा

'तुर्माखाँद-चौखुट्टे' गीतियात्रा कवि हर्ष प्रसाद भट्टको खण्ड काव्यात्मक कोटिमा पर्ने झिनो आख्यान भएको काव्य हो; "कुनै एक विषयको वर्णन गर्ने उद्देश्य राखेको, वसन्त आदि वर्णन भएको, मुख्य कथावस्तु पातलो भएको कृति वा काव्यलाई 'पर्यायबन्ध' नामकरण दिने गरिन्छ ।" आचार्य विश्वनाथले भने झैँ 'कोषः श्लोक समूहस्तु स्यादन्योन्यानपेक्षकाः' (विश्वनाथ 'साहित्य दर्पण' १९७३ : पृ. २२६) काव्यका धेरैजसो ठाउँमा निरपेक्ष श्लोक समूह भएकाले पनि 'कोशकाव्य' भन्न सकिने अवस्था रहेको छ । (कवि भट्टको कृति 'तुर्माखाँद-चौखुट्टे' २०६७ को कभरपृष्ठ : उप प्राध्यापक देवेन्द्र प्रसाद भट्टको भूमिका)

'तुर्माखाँद चौखुट्टे' गीतियात्रा काव्य वि. सं. २०६७ सालमा प्रकाशित कवि भट्टको सातौँ कृति खण्डकाव्यको रुपमा पर्दछ । यस काव्यमा कविका अछाम जिल्लाभित्र आफ्नो जन्मस्थल सेरोफेरोमा महत्वपूर्ण ठाउँ घुम्दावर्दा टेकेका पाइला स्वरुप पहिलो दोस्रो गरी सातौँ पाइला सम्मका विभिन्न शीर्षकका दसवटा समावेश कविताहरु सबै लोकलय सवाई छन्दको अछामी भाका देउडासँग सम्बद्ध छन् । यस काव्यभित्र अछामी समाजको चाल-चलन, वेषभुषा, भाषा-संस्कृति, धर्म-नीति, ऐतिहासिक, राजनैतिक, सामाजिक, तथा साहित्यिक पाटोलाई एकातर्फी देखाउन खोजिएको छ भने अर्कातर्फ त्यसभित्रको सौन्दर्य, आदर्श, सत्यता, सभ्यता र प्राकृतिक सौन्दर्यका माध्यमबाट प्रकृतिको वरदान पाएको सुन्दर भूमिका रूपमा आफ्नो जन्मभूमिको गान गरिएको पाइन्छ । तीमध्ये पहिलो पाइलाको द्विपदीय काव्य खण्ड 'तुर्माखाँदबाट फर्कँदा' र 'छविस क्षेत्र मङ्गल सेनबाट हेर्दा' पञ्चपदीय गरी पहिलो र दोस्रो सङ्ख्याका दुईवटा काव्य खण्ड पर्दछन् । दोस्रो पाइला अन्तर्गत त्रिपदीय तेस्रो सङ्ख्याको काव्य खण्ड 'जयगढदेखि रिडीकोटको यात्रा' छ भने तेस्रो पाइलामा त्रिपदीय चौथो सङ्ख्याको काव्य खण्ड 'पन्ध्रबिसमा पाइलो टेक्दा' भन्ने पर्दछ । चौथो पाइलामा 'साँफे दयेगडा' शीर्षकको द्विपदीय पाँचौं काव्य खण्ड, छैठौं सङ्ख्याको 'दयगढाको भ्रमण दृश्य' त्रिपदीय काव्य खण्ड र सातौं सङ्ख्याको 'यात्रामा कवयित्री सुन्तलीसँगको प्रश्न उत्तर' शीर्षक बद्ध पञ्चपदीय गरी तिनवटा काव्य खण्डहरू पर्दछन् । पाँचौं पाइलामा त्रिपदीय आठौं सङ्ख्याको 'जिमराडी एक तीर्थ' नामक शीर्षकको काव्य खण्ड हो । छैठौं पाइलामा नवौं सङ्ख्याको 'श्रीकोटदेखि चौखुट्टेसम्म' शीर्षक बद्ध द्विपदीय काव्य खण्ड पर्दछ । यसै गरी सातौं पाइलामा षट्पदीय दशौं सङ्ख्याको सन्देश मूलक 'अछाम छोडी प्रवास जानेलाई चौखुट्टेबाट सन्देश' भन्ने शीर्षकको अन्तिम काव्य खण्ड पर्दछ ।

उहाँको यो कृति यात्रा-वर्णनमा केन्द्रित छ । काव्यका सर्गका रुपमा रहेका सातै पाइलाले अछामका कुनाकाप्चा र ओझेलमा परेका स्थानलाई उकास्ने कार्य गरेको छ । प्रकृतिलाई मानवीकरण गरी विभिन्न बिम्ब र प्रतीकले काव्यलाई आलङ्कारिक र साङ्गीतिक मिठास दिन खोजिएको छ । प्रकृतिसँगको लुकामारी, स्वदेशका तीर्थहरुको महिमा गान, स्थानीय संस्कृति र सभ्यताको चित्रण, नैतिक मानमर्यादा र राष्ट्रप्रेमको सन्देशका साथै सहायक पात्रा सुन्तलीसँग शृङ्गारिक वार्तालाप छ । कतिपय स्थानमा आधुनिकताका नाममा निस्किएका विकृतिहरुप्रति चोटिलो व्यङ्ग्य प्रहार गर्दै सभ्यता र संस्कृतिलाई आधुनिकताले गाँजेको छ भन्ने ठहर राखिएको वर्णन छ ।

'तुर्माखाँद-चौखुट्टे' गीतियात्रा काव्यको विश्लेषण शोधकार्यको मूल विषयवस्तु भएकोले काव्य तत्वका आधारमा विशद् रूपले अध्ययन चौथो परिच्छेदमा गरिने छ ।

### २.३.४.५ दोस्रो चरणका कविता कृतिको निष्कर्ष

हर्ष प्रसाद भट्टको दोस्रो चरणको कविता यात्राको समयावधि पचासको दशकदेखि मानिएको भए पनि वि. सं. २०५० सालमा कुनै साहित्यिक कृति प्रकाशित भएका छैनन् । 'हर्ष प्रसाद भट्टको काव्य साधनाका द्विपदीय चरणमा (२०५०-२०६७ सम्म) जम्माजम्मी चारवटा कृति प्रकाशित भएका छन् । यी चार कृतिहरुमध्ये 'अछाम रुँदै छ' र 'दरबारको आत्मकथा' कविता सङ्ग्रह हुन् भने 'प्याउली गुलाफ' गीति खण्डकाव्य हो र 'तुर्माखाँद-चौखुट्टे' गीतियात्रा 'पर्यायबन्ध' काव्य हो ।

हर्ष प्रसाद भट्टको साहित्य यात्राको दोस्रो चरण डेढ दशकभन्दा लामो समयावधि रहेको छ । २०५०को दशकदेखि राष्ट्रमा देखा परेको द्वन्द्वबाट विकराल घटनाहरु बढी मङ्गल सेन र दरबारको नरसंहार काण्डले गह्रौं भारी बनेर रहेका संवेदनाहरुलाई मानवताका पक्षमा अभिव्यक्त गर्नका लागि भट्टले 'अछाम रुँदै छ' कृतिको रचना वि. सं. २०५९ सालमा गरेको देखिन्छ । त्यसपछि 'प्याउली गुलाफ' गीति खण्डकाव्य (२०६१), 'दरबारको आत्मकथा' काव्याञ्जलि (२०६३) र 'तुर्माखाँद-चौखुट्टे' गीति- यात्रा खण्डकाव्य (२०६७) रचना र प्रकाशन गरेका छन् ।

यसरी कविता यात्राको दोस्रो चरणमा कवि भट्टद्वारा मुख्य गरी समकालीन राष्ट्रिय परिवेशमा रहेको सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक जस्ता समस्याले विकृति विसङ्गतिको सिर्जना गरेको भाव कविता मार्फत् अभिव्यक्त भएको छ । अनुष्टुप् शार्दूलविक्रीडित, मन्दाक्रान्ता छन्द र सवाई लोक लयको पनि प्रयोग भएको र बिम्ब, प्रतीक विधानको उचित प्रयोगले कविताहरु कलात्मक बनेका छन् । वर्णनात्मक ढाँचामा लेखिएका यस चरणका कविताहरुमा सरल भाषाशैलीको प्रयोग छ । छन्दगत अनुशासनले व्याकरण र वर्ण विन्यासका मार्यादालाई कतिपय ठाउँमा उल्लङ्घन गरेको पाइन्छ । अन्त्यानुप्रास तथा शब्दको आवृत्तिबाट कविताहरुमा गेयात्मकता तथा साङ्गीतिकता प्रभावकारी रूपमा झल्केको पाइन्छ ।

# तेस्रो परिच्छेद

# कविता र खण्डकाव्य विधाको सैद्धान्तिक अध्ययन

## ३.१ विषय प्रवेश

कवि मूल शब्दमा 'ता' प्रत्यय लागेपछि 'कविता' शब्द बन्दछ । यो तत्सम शब्द हो । जसलाई कविकर्म वा कविद्वारा रचित रचना भनिन्छ । पूर्वीय, पाश्चात्य र नेपाली गरी साहित्य शास्त्रमा कविताले कविको रचना, कर्म वा कृतिलाई बुझाउँदै आएको फेला पार्न सकिन्छ । संस्कृत साहित्यमा कविता वा काव्य शब्दले समग्र साहित्यलाई बुझाउने गरेको र यसलाई चौधौं शताब्दीका रसवादी आचार्य विश्वनाथले अर्थ्याएको मानिन्छ । आज आएर संस्कृत, पाश्चात्य वा नेपाली साहित्यमै किन नहोस् कविता भन्नाले मुक्तक, फुटकर कविता, खण्डकाव्य र महाकाव्य जस्तो विधागत स्वतन्त्र अस्तित्वका रुपमा कविता वा काव्य शब्दले आफ्नो पहिचान बनाइ सकेको छ । ललित कलाको श्रव्य, दृश्य भेद र श्रव्य दृश्य मिश्रित चम्पूकाव्य साहित्यको रुपमा संस्कृत साहित्यभित्र प्रचलित रहेको देख्न सकिन्छ । कविता श्रव्यकाव्यमा पर्दछ । नाटकमा दृश्यात्मकता भए झैँ कवितामा श्रव्यात्मकता हुने गर्दछ । कविताको मझौलो र वृहत् रुपमा श्रव्यात्मकता नै प्रमुख भए पनि आन्तरिक तहमा तिनका कविता धारा निबन्धन, आख्यानीकरण, नाटकीकरणको प्रयोग हुने गर्दछ (गैरे र आचार्य 'आधुनिक नेपाली नाटक र फुटकर कविता : पृ. ३२९-३३०) ।

## ३.२ कविताको परिभाषा

कविता पूर्वीय, पाश्चात्य र नेपाली जगत्मा प्रचलित एक साहित्यिक विधा हो । यसर्थ कविता बारे विभिन्न आचार्य, विद्वान्, साहित्यकार र समीक्षकहरुले आ-आफ्नै किसिमका परिभाषा प्रस्तुत गरेका छन् । यसरी मत प्रस्तुत गर्ने क्रममा कसैले भाव, कसैले विचार त कसैले कविताको सौन्दर्य पक्षमाथि जोड दिएको देखिन्छ । यस प्रकार विभिन्न दृष्टिले गरिएका परिभाषामा एकरुपता भने देखिँदैन । विभिन्न विद्वान्हरुले दिएका परिभाषालाई यसरी प्रस्तुत गर्न सकिन्छ :

### पूर्वीय परिभाषा

क) सङ्क्षेपमा इष्ट अर्थ प्रकट गर्ने पदावलीले युक्त त्यस्तो वाक्य काव्य हो; जसमा अलङ्कार प्रकट हुन्छ र जुन दोष रहित र गुण युक्त हुन्छ । –अग्नी पुराण

ख) कविता कोमल, सुन्दर पद विन्यास युक्त, गुढ शब्दार्थ हीन, सुबोध, युक्तिपूर्ण कृत्यका लागि उपयुक्त रस निष्पत्तिको गुण भएको सन्धियुक्त हुनु पर्दछ ।– भरतमुनि

ग) शब्द र अर्थले युक्त पदावली काव्य हो । – भामह

घ) अभिष्ट अर्थले युक्त पदावली काव्य हो । – आचार्य दण्डी

ङ) दोष मुक्त गुण तथा अलङ्कार युक्त शब्दार्थ नै काव्य हो । – मम्मट

च) ध्वनि नै काव्यको आत्मा हो । – आनन्दवर्द्धन

छ) रसात्मक वाक्य नै काव्य हो । – विश्वनाथ

ज) रमणीय अर्थ प्रतिपादन गर्ने शब्द नै काव्य हो । – जगन्नाथ

(गैरे र आचार्य 'आधुनिक नेपाली नाटक र फुटकर कविता : पृ.३३२)

उपर्युक्त पूर्वीय विद्वान्हरुको परिभाषा हेर्दा रमणीय रसयुक्त, शब्दार्थले युक्त र मन मुग्ध पार्ने अभिव्यक्ति नै कविता वा काव्य हो भन्न सकिन्छ । पूर्वीय विद्वानहरुको परिभाषा हेर्दा भामह दण्डी अलङ्कारवादी आचार्य भएर काव्यमा अलङ्कारलाई विशेष जोड दिन्छन् भने भरतमुनि र विश्वनाथ रसवादी आचार्य भएर कवितामा रस पक्षमाथि विशेष जोड दिन्छन् । ध्वनिवादी आनन्द वर्द्धन भावपक्षमा जोड दिन्छन् भने मम्मट र जगन्नाथ समन्वयवादी आचार्य मनिन्छन् । यी आचार्यहरुले आफ्नो परिभाषा शब्दार्थमाथि जोड दिएका छन् । यिनीहरुका विचारमा कवितामा शब्द र अर्थ अनिवार्य हुने गर्दछ । ध्वनिवादी आनन्दवर्द्धनले कविताको व्यञ्जनालाई कविताको आत्मा मानेको देखिन्छ ।

**पाश्चात्य परिभाषा**

क) कविता भाषाका माध्यमबाट, अभिव्यक्त हुने अनुकरणात्मक कला हो । – एरिस्टोटल

ख) कविता व्यक्त सङ्गीत हो । – ड्राइडन

ग) कविता मूलतः जीवनको आलोचना हो । – म्याथ्यु आर्नोल्ड

घ) कविता प्रबल अनुभूतिहरुको सहज उच्छ्वलन हो जुन शान्त समयमा संस्मरणका रुपमा मनोवेगबाट प्राप्त हुन्छ । – वर्डस्वर्थ

ङ) कविता सरल रागात्मक र प्रत्यक्ष मूलक हुनुपर्छ । – मिल्टन

च) कविता जीवनको आनन्दात्मक अभिव्यक्ति हो । – शेली

छ) कल्पना र संवेगद्वारा गरिएको जीवनको व्याख्या नै कविता हो । – जोन्सन

उपर्युक्त परिभाषालाई निष्कर्षमा भन्नु पर्दा कविता भनेको भाषाका माध्यमबाट अभिव्यक्त सङ्गीत, आनन्दात्मक जीवनको व्याख्या, जीवनको आलोचना, रागात्मक र अनुभूतिको उच्छ्वलन हो जसमा कल्पना र संवेगको प्रकटीकरण हुने गर्दछ (गैरे र आचार्य 'आधुनिक नेपाली नाटक र फुटकर कविता : पृ. ३३३) ।

**नेपाली परिभाषा**

क) भावनाको बौद्धिक कोमलता नै कविता हो । – बालकृष्ण सम

ख) भावनाको हार्दिक कोमलता नै कविता हो । – लक्ष्मी प्रसाद देवकोटा

ग) तीव्रगामी कल्पनाको घोडामाथि अनुभूतिको काठी कसी विचारको लगाम पक्रेर भावुकता चढेको नै कविता हो । – केदारमान व्यथित

घ) कविता जीवन जगत्का मूल्यवान् अनुभवको काल्पनिक कलात्मक बद्ध वा मुक्त लयात्मक भाषिक सङ्कथन हो । –वासुदेव त्रिपाठी

ङ) काव्य भनेको कुनै विषय वा कथा लिएर मनोहर शैलीको सूत्रमा शब्द र अर्थको समुचित योगात्मक गुम्फन हो । – सोमनाथ सिग्द्याल

च) पद्य लयमा कथ्यको अभिव्यक्ति गर्ने भाषिक संरचनालाई कविता भनिन्छ । – मोहन राज शर्मा

छ) कविद्वारा आफ्ना संवेद्य अनुभूति वा स्फूर्त भावनालाई छन्द वा लयमा उनिएको साहित्यिक रचना नै कविता हो । – नेपाली बृहत् शब्दकोश

उपर्युक्त नेपाली विद्वान्हरुको परिभाषा हेर्दा निष्कर्षमा के भन्न सकिन्छ भने भावनाको बौद्धिक, हार्दिक कोमलता, कल्पना, अनुभूति र विचारको लगाममा भावुकता चढेको जीवन जगत्को कलात्मक भाषिक सङ्कथन अनि शब्द र अर्थको योगात्मक गुम्फन, पद्य लयको भाषिक सङ्कथन तथा कविको अनुभूति स्फूर्त रुपमा प्रकट साहित्यिक रचना कविता हो (गैरे र आचार्य 'आधुनिक नेपाली नाटक र फुटकर कविता : पृ.३३३) ।

## ३.३ कविताका तत्त्व

कवितालाई समग्र रूपमा चिन्न चिनाउनका लागि यसका निश्चित तत्त्वहरुको आवश्यकता पर्दछ । यसरी हेर्दा यसमा कथ्य विषयवस्तु र भाव आन्तरिक तत्त्व हुन् भने भाषा, शैली, लय, बिम्ब, प्रतीक, बाह्य तत्त्व हुन् । कविताका निजी तत्त्वका रुप निम्न छन् : (क) शीर्षक (ख) संरचना (ग) विषयवस्तु (घ) लय विधान (ङ) भाव विधान (च) कथन

पद्धति (छ) अलङ्करण वा बिम्ब विधान, (ज) व्यञ्जना विधान, (झ) भाषाशैली, (ञ) उद्देश्य यिनै तत्त्वका आधारमा कवितालाई सिङ्गो रुपमा चिन्न यिनको सविस्तार चर्चा यसरी प्रस्तुत गरिन्छ :

### ३.३.१ शीर्षक

कविताभित्र अनेक संरचना हुन्छन् कविले ती संरचनाहरुको प्रतिनिधित्व हुने गरी एउटा युक्तियुक्त, सारपूर्ण र औचित्य भएको प्रतिनिधि मूलक कलात्मक शीर्षकको छनोट गर्दछ । जुन शीर्षकभित्र समग्र विषयवस्तु अटाएका हुन्छन् । भावले सामान्य विशिष्ट अर्थ दिने पद्धतिलाई सामान्यीकृत गरिएको हुन्छ । यस्तो शीर्षकमा कविता भित्रका भित्री बाहिरी सबै तत्वहरुको प्रतिनिधित्व हुन सक्नु पर्दछ र शीर्षक हेर्दै समग्र शरीर तत्वको प्रतिनिधि टाउको भएको भान हुन सक्नु पर्दछ । यस्तो शीर्षकको विविध सम्भाव्यता र अनेकार्थता बोक्न सक्षम भएको हुन सक्नु पर्दछ ।

### ३.३.२ संरचना

कविताभित्र भित्री बाहिरी तहमा एउटा संरचना हुने गर्दछ । यस प्रकार कविता संरचक तत्वहरुबाट निर्मित एक विशिष्ट प्रकारको रचना हो । जसमा बाहिरी संरचना सतही हुने गर्दछ भने भित्री संरचना सूक्ष्म हुने गर्दछ । यस्तो वाह्य संरचनालाई लय, गुण, पाउ, चरण पङ्क्ति पुञ्ज, शब्द गुच्छको संयोजन निर्माण गरिन्छ भने भित्री संरचनामा कविको कथनको सोझो कथन, आख्यानीकृत कथन, नाटकीकृत कथनका स्थूल र सूक्ष्म पद्धतिलाई हेरिन्छ र कविताको मूल कथ्य, मूल भाव र मूल विचारको परिणति परिणामबाट निर्मित रुपलाई हेर्ने गरिन्छ ।

### ३.३.३ विषयवस्तु

कविता रचनाका लागि चयन गरिएको वस्तु नैं कविताको मूल विषयवस्तु हो । यस्तो विषयवस्तु ब्रह्माण्ड भित्रको यावत् वस्तु, मानवीय स्वभाव प्रवृत्ति, प्राकृतिक वस्तु धर्म, संस्कृति, देश, समाज, राजनीति र जीवन भोगाइ हेराइका अनेक पक्ष-विपक्षसँग सम्बद्ध हुने गर्दछ । कवि जस्तोसुकै विषयवस्तु छनोट गर्न स्वतन्त्र हुने गर्दछ । यस्तो विषयवस्तु कविता हुँदा आफैंमा कलापूर्ण, उपयुक्त, आकर्षक र प्रभावपूर्ण हुन सक्नु पर्दछ । जुन विषयवस्तुले आफ्नो एउटा निश्चित स्वरुप प्राप्त गर्दै उपयुक्त, सशक्त र कलात्मक एवम् जीवन्त हुन सक्नु पर्दछ ।

### ३.३.४ भाव विधान

कविताको मूल तत्व भाव हो । जुन भाव बिना कविताको कल्पना पनि गर्न सकिन्न । कवितामा भावलाई मूल मेरुदण्डको रुपमा लिइन्छ । साथै कवितामा भावको उचित संयोजन हुन सक्नु पर्दछ अनिमात्र कविता उत्कृष्ट बन्दछ । जुन भाव कविताको मूल तत्व मेरुदण्ड र अस्तित्व विधायक तत्व हुने गर्दछ यस्तो भाव विधान मानवीय जीवन जगतका यावत् विषयवस्तुलाई अनुभव र अनुभूतिको लयात्मक, रागात्मक र कलात्मक निष्कर्षका रुपमा विशेष भाव अर्थ प्रदान गर्ने हुन सक्नु पर्दछ । अर्को अर्थमा विषयवस्तुको गूढ, गहन, गम्भीर ज्ञानभित्र कलात्मक भाव सृष्टि गर्न सक्नु नै कविताको सम्यक् भाव विधान हो (गैरे र आचार्य 'आधुनिक नेपाली नाटक र फुटकर कविता : पृ. ३३४) ।

### ३.३.५ लय विधान

सङ्गीतमा ताल भए जस्तै कविताको भित्री सङ्गीत लय हो । कवितामा लयका माध्यमबाट भावहरुको संयोजन गर्ने गरिन्छ । मानवीय जीवनको गतिको लयलाई समातेर कविताले आफ्नै लयमा मधुर बनाएर प्रस्तुत गर्ने गर्दछ । यस्तो लय विधानको सृष्टि कवितामा शब्दगुच्छा, पङ्क्तिपङ्क्ति, श्लोकश्लोक मिलाएर गर्ने गरिन्छ । यस क्रममा यतिको मात्रा मिलाइन्छ । वार्णिक, मात्रिक, आवृत्ति नियमले यति मिलाएर कवितालाई बढी लयपूर्ण बनाइन्छ ।

कविता पनि पद्य र गद्य दुई किसिमको हुन्छ । वार्णिक मात्रिक भित्रि बाहिरी लय मिलेको पद्य कविता हुन्छ भने पद्यमा भित्रि लय प्रधान बनाएर लेखिएको अन्तर्लय प्रधान गद्य कविता हुने गर्दछ । जे होस् समग्रमा कवितामा लय विधान अत्यन्त आवश्यक ठानिन्छ र लयको उत्कृष्ट आयोजन मैं कविता उत्कृष्ट बन्न पुग्दछ (गैरे र आचार्य 'आधुनिक नेपाली नाटक र फुटकर कविता' : पृ. ३३४) ।

### ३.३.६ कथन पद्धति

कवितामा कविले कुन स्थानमा रहेर आफ्नो अभिव्यक्ति प्रस्तुत गर्दछ त्यस आधारमा कथन पद्धतिको निर्क्योल गर्न सकिन्छ । जुन कुरालाई दृष्टिबिन्दु पनि भनिने गरिन्छ । यस्तो कथन पद्धतिको दृष्टिबिन्दु प्रथम पुरुषको म, हामी सर्वनामको प्रयोग गरेको आन्तरिक दृष्टिबिन्दु हुने गर्दछ जसमा कविले कवितामा आफ्नो वर्णन गरि रहेको अत्मालापको आत्म गुञ्जन प्रमुख हुन्छ । बाह्य दृष्टिबिन्दुमा तृतीय पुरुष सर्वनामको प्रयोग गरिएको हुन्छ जसमा कविले कवितामा आफ्नो वर्णन नगरेर अर्काको वर्णन गरि रहेको हुन्छ । जुनमा कविले देखेका कुरालाई विषयवस्तु बनाउने गर्दछ । यिनका साथै आख्यानीकरणका क्रममा कविले दृश्य चित्र,

सम्वाद मनोवादका नाटकीकृत कथन पद्धति अँगाल्दै आत्मालापको आत्म गुञ्जन समेत प्रस्तुत गर्ने गर्दछ । जुन कथन पद्धतिको वैकल्पिक तेस्रो पद्धति हो । (गैरे र आचार्य 'आधुनिक पूर्ववत् :पृ.३३५)

### ३.३.७ अलङ्करण वा बिम्ब विधान

कुनै पनि कवितामा कविले भाव सौन्दर्य सृष्टि गर्न सक्नु पर्दछ। यसका लागि कविले कवितामा अलङ्कार र बिम्बको उचित-समुचित आयोजन-समायोजन गर्न सक्नु पर्दछ । अनिमात्र कविता उत्कृष्ट बन्दछ। यस क्रममा कवितामा अलङ्कार, बिम्ब, प्रतीक कविताका अनिवार्य तत्त्व बन्न पुग्दछन् । अलङ्कारका सन्दर्भमा शब्दालङ्कार, अर्थालङ्कारको आयोजन-समायोजन शब्द-गाम्भीर्य र अर्थ-गाम्भीर्य प्रदान गर्छन् भने बिम्बका माध्यले छायाँरुप सहितको सौन्दर्य सृष्टि गर्छ र प्रतीकले विशेष अर्थ प्रतिपादन गर्न पुग्दछ । यसर्थ कवितामा यिनको प्रयोगलाई कलात्मक प्रयोग भनिन्छ। जसको समायोजनले कविता उत्कृष्ट हुन पुग्दछ । यसर्थ कवितामा यिनलाई (अलङ्करण वा बिम्ब विधानलाई) मूल तत्त्व मान्ने गरिन्छ (गैरे र आचार्य 'आधुनिक नेपाली नाटक र फुटकर कविता' : पृ. ३३५) ।

### ३.३.८ व्यञ्जना विधान

कवितामा सोझो अर्थ लाग्ने भाषा मात्रै प्रस्तुत गर्नु हुँदैन । यसमा त व्यञ्जनाले बुझाउने वाच्यार्थ लक्ष्यार्थ पछिको व्यञ्जना अर्थ प्रकट गराउन सक्नु पर्दछ अनिमात्र कविता उत्कृष्ट बन्दछ । यस्तो व्यञ्जना शक्तिको संयोजन कवितामा हुन सक्नुलाई नै व्यञ्जना विधान भनिन्छ। जुन व्यञ्जनामा शाब्दी आर्थी व्यञ्जनाले दिने व्यङ्ग्यार्थको उचित समुचित आयोजन-संयोजन हुन सक्नु पर्दछ।

### ३.३.९ भाषाशैली

कवितामा भाव र भावबाट उत्पन्न हुने अनुभूतिलाई बोक्नका लागि भाषाको प्रयोग गरिन्छ। यस्तो भाषाका वर्ण, पद शब्दले रागात्मकता, लयमयता, लालित्य र माधुर्य संयोजन गर्न सक्नु नै शैली हो। यो शैली सूक्ष्म र सङ्क्षिप्त कलात्मक हुन सक्नु पर्दछ। कवितामा स्तरीय भाषाको प्रयोग उचित मानिन्छ । जसले उत्कृष्ट भाव वहन गर्न सकोस् । यस किसिमको भाषा शैली कविताको मूल तत्व हो। यो भाषा शैली पद्यात्मक-गद्यात्मक दुवै हुने गर्दछ। (गैरे र आचार्य 'आधुनिक पूर्ववत्... पृ. ३३६)।

### ३.३.१० उद्देश्य

कुनै विषयवस्तुमा आधारित भएर भावले भरिपूर्ण अनुभूतिलाई कलात्मक ढङ्गले प्रस्तुत गर्नु नै कविताको उद्देश्य हो । यस्तो उद्देश्य कविताभित्र सार्थक, समुपयुक्त,

प्रभावात्मक र आकर्षक भएको हुनु पर्दछ । कविताले मूल्यपरक सन्तुष्टिजन्य भाव प्रसारित गर्न सक्नु पर्दछ । यिनै कुराहरुको कविताभित्र संयोजन हुनु नै कविताको उद्देश्य विधान हो भन्न सकिन्छ ।

## ३.४ कविताका उप विधाहरु

भाव अनुभूतिको प्रबन्धन र विषयवस्तुको आख्यानीकरणमा प्रयोगका दृष्टिले नेपाली कविताका विभिन्न विधाहरुलाई यसरी वर्गीकरण गरेर हेर्न सकिन्छ :

(क) लघुतम रुप – मुक्तक, हाइकू, ताङ्का

(ख) लघु रुप – फुटकर कविता

(ग) मझौला रुप – खण्डकाव्य

(घ) वृहत् रुप – महाकाव्य

(ङ) वृहत्तर / वृहत्तम रुप – विकासशील / विकसित महाकाव्य

**(क) लघुतम रुप–मुक्तक**

कविताको सबैभन्दा छोटो रुप नै लघुतम रुप हो । जुन रुप मुक्तक हुने गर्दछ । यो कविताको लघुतम रुप मुक्त, स्वतन्त्र, स्वायत्त, एकल, एक श्लोके पद्यात्मक सबभन्दा सानो अभिव्यक्तिको रुप वा एकाई श्रेणी नै यथार्थमा मुक्तक हुने गर्दछ । यो संस्कृत साहित्यमा वर्ण मात्रिक, मात्रिक, एक सिलोकको हुन्छ भने जापानीमा हाइकू र नेपालीमा मुक्तक तथा एउटा गजल र एउटा कविताको  सबभन्दा सानो रुप हुने गर्दछ । यसमा कविको भावको एक झोक्का एक झुल्का झ्वाट्ट प्रकट हुने गर्दछ । यस्तो मुक्तक रुपमा अनुभूतिका लहरहरु स्वत : प्रकट हुन्छन् र दुई हरफ चार हरफ र पाँच छ हरफमा मुक्तक रुप टुङ्गिन्छ । यो रुप सङ्क्षिप्त, मितव्ययी चुट्किलो, सूत्रात्मक भाव कथनमा झिलिक्क बिजुली झिल्के झैँ वा सलाई कोरे झैँ झ्वार्र अनुभूति-अनुभवको प्रस्फुटन-प्रकटीकरण हुन्छ ।

**ख) लघु रुप–फुटकर कविता**

कविताको मुक्तकभन्दा ठुलो एकाइ र मझौला खण्डकाव्य भन्दा सानो एकाई फुटकर कविता हो । यो पत्र-पत्रिकामा छापिने एउटा कविता हो । यसमा ८/१२/१५/२० श्लोक सम्मको सङ्ग्रह संरचना हुन्छ । यसमा जीवन जगत्का खास एक सन्दर्भ खास एक प्रसङ्ग र खास एक मनोदशाको प्रकटन-प्रस्फुटन हुन्छ । यो फुटकर रुप पद्य र गद्य दुवै रुपको कविता हुन्छ । यसमा विशेषत: विषयवस्तुको कविता यात्राले अनुभूतिको झरि उठी बर्सिई विश्रान्त हुन पुगेको समय स्थिति प्राप्त गरेको रुप नै फुटकर कविताको लघु रुपको स्वरुप हो ।

### (ग) मझौला रुप–खण्डकाव्य

कविताको लघुतम रुप (मुक्तक) लघुरुप (फुटकर कविता) भन्दा ठूलो र वृहत्रुप (महाकाव्य) भन्दा सानो रुप नै मझौलो रुप खण्डकाव्य हो । जसमा जीवन जगत्को एक पक्षको प्रस्तुति हुँदा एक रसको पूर्णता प्रकट हुने गर्दछ । समग्र जीवनको एक भागलाई धर्म, अर्थ, काम, मोक्ष जस्ता चार वर्गमध्ये एक वर्ग र नौ रसमध्ये एक रसको प्रयोग गरिएको एउटा मूल भावको प्रवाहमा कवितात्मक अभिव्यक्तिको संरचना हुनु नै मझौलो रुप खण्डकाव्य हो । यस्तो उदाहरणमा लेखनाथको ऋतु विचार सिद्धिचरण श्रेष्ठको 'उर्वशी' देवकोटाको 'मुनामदन' लाई लिन सकिन्छ ।

### ग) अ. कविताको उपविधाको रूपमा खण्डकाव्यको सैद्धान्तिक अवस्थिति

महाकाव्य पछि प्रबन्ध काव्यको अर्को रुप खण्डकाव्य हो । खण्डकाव्यको स्वरुप र यसको सैद्धान्तिक पक्षलाई लिएर संस्कृत साहित्यमा ज्यादै कम विवेचना गरिएको छ । पूर्वीय आचार्यहरुले काव्यको परिभाषा र विधागत वर्गीकरण र नायक-नायिका सम्बन्धी आफ्ना अवधारणा भामह, रुद्रट, दण्डी, आनन्द वर्द्धन आदिले चर्चा-परिचर्चा उठाए पनि स्पष्ट रुपमा पहिलो पटक खण्डकाव्य शब्दको प्रयोग गर्ने आचार्य विश्वनाथ हुन् । रुद्रट (ईशाको सातौँ शताब्दी)ले सर्वप्रथम महाकाव्य र खण्ड- काव्यलाई क्रमशः महान् काव्य र लघु काव्यको रुपमा उल्लेख गरेका छन् ।(डा. हिमांशु थापा, 'साहित्य परिचय' : पृ. ५७)

त्यसपछि 'साहित्य दर्पण'का लेखक विश्वनाथले खण्डकाव्यलाई सूत्रात्मक रुपमा परिभाषित गरेका छन् । उनको भनाइ अनुसार महाकाव्यको एक देशीय रुप नै खण्डकाव्य हो । "खण्डकाव्यं भवेत्काव्यस्यैकदेशानुसारि च ।"(विश्वनाथ, 'साहित्य दर्पण' सन् १९७३, सप्तम संस्करण पृ. २२६) खण्डकाव्यमा महाकाव्यको एकदेशीयता हुन्छ । अझ यसलाई स्पष्ट गर्ने हो भने बालचन्द्र शर्माको भनाइलाई लिन सकिन्छ । उनी भन्छन् : "कथानकबाट एक अंश लिएर लेखिएको भए पनि त्यो सम्पूर्णमै पूरा भएको सानो काव्य नै खण्डकाव्य हो ।"(बालचन्द्र शर्मा, 'नेपाली शब्दकोश' काठमाडौ, रोयल नेपाल एकेडेमी, २०१९, पृ. : २१३)

महाकाव्यमा जीवन र जगत्को विराट रुप प्रस्तुत गरिएको हुन्छ । अर्को शब्दमा, महाकाव्यमा मानव-जीवनको सम्पूर्णता र सर्वाङ्गीणता अभिव्यक्त भएको हुन्छ । खण्डकाव्यमा जीवन र जगत्को कुनै एक पक्षको चित्रण र विश्लेषण गरिएको हुन्छ । सारांशमा, खण्डकाव्यमा मानव जीवनको एक पक्षको चित्रण हुन्छ, एउटा तथ्यको उद्घाटन हुन्छ र एउटा यथार्थताको विश्लेषण हुन्छ । यसरी खण्डकाव्यमा मानव जीवनको विराट स्वरुपको एउटा खण्ड विशेषको प्रस्तुति हुन्छ । खण्ड रुपमा भए पनि खण्डित भएको हुँदैन,

यो आफैँमा अखण्डित हुन्छ । अर्को शब्दमा, यो आफैँमा पूर्ण हुन्छ । यस प्रकार खण्डकाव्यका तत्त्वमा कथा, पात्र र वातारणमा एक देशीयता हुन्छ । यसैले खण्डकाव्यमा जीवनको कुनै एक पक्षको काव्यात्मक प्रस्तुति हुन्छ (डा. हिमांशु थापा, 'साहित्य परिचय' :पृ.५७) ।

यति हुँदाहुँदै पनि खण्डकाव्य शब्दको प्रयोग गरिएकै हिसाबले विश्वनाथ नै पहिलो खण्डकाव्यको चर्चा गर्ने आचार्य देखिन्छन् । विश्वनाथको यस टिप्पणीले काव्यको एक देशसँग मिल्दो वा काव्यको एक अंशकै अनुकरण गरिएको अर्थात् जीवनको एक पक्षको घटनाको प्रस्तुति भएको काव्य भन्नाले महाकाव्यलाई बुझाएको छ । महाकाव्यकै लक्षणले युक्त भएको पद्यबन्ध प्रबन्धात्मक कृति रचना भए पनि खण्डकाव्य महाकाव्यको एक खण्ड चाहिँ होइन । यो एकै सर्गमा वा एकभन्दा बढी सर्गमा बाँधिएको हुन्छ र एकमात्र सन्धिको पालना गरिएको पद्यात्मक रचना विशेष हो । विश्वनाथले संस्कृत वा विभाषामा लेखिएको भने पनि हाल आएर जुनसुकै आर्य वा अनार्य भाषामा लेख्न सकिन्छ । डा. वासुदेव त्रिपाठीका अनुसार कविता विधाको वृहत् उपविधा अन्तर्गत खण्डकाव्यको सैद्धान्तिक अवस्थितिलाई निम्न बुँदाहरुले प्रष्ट पार्दछन् :

(क) पञ्चसन्धि मध्ये कुनै एक सन्धियुक्त हुन्छ ।

(ख) कथानक वा जीवन जगत्को एकदेशीयता हुन्छ ।

(ग) स्वयम्मा पूर्णता हुन्छ ।

(घ) फुटकर कविता भन्दा लामो, महाकाव्य भन्दा छोटो आयातन हुन्छ ।

(ङ) सर्गबद्ध हुन पनि सक्छ र नहुन पनि सक्छ ।

(च) एक रसको अभिव्यक्ति र एक छन्दको प्रयोग भएको हुनु पर्दछ ।

(वासुदेव त्रिपाठी, 'सिंहावलोकन' साझा प्रकाशन, पृ.६४)

**ग) आ. खण्डकाव्यको स्रोत, गठन र त्यसका तत्त्वहरु**

प्रतीक, बिम्ब, अलङ्कार, सर्ग, रस जस्ता पक्षहरु पनि खण्डकाव्यका तत्त्वका रुपमा रहन सक्छन् तर कथा वस्तु, पात्र, वातावरण, भाषा-शैली र उद्देश्य खण्डकाव्यका प्रमुख तत्त्वहरू हुन् । आजको युगसम्म आई पुग्दा साहित्यमा अनेक प्रयोग हुनु, त्यसलाई आत्मसात गर्नु साहित्यको सशक्तता र जीवन्तताको द्योतक हो । युग र समयानुसार साहित्यप्रतिको दृष्टि र सोचाइमा पनि परिवर्तन हुनु साहित्यमा देखा पर्ने गतिशीलताको सूचक हो (ओझा, आचार्य, थापा, पोखरेल, 'नेपाली कविता, नाटक र नेपाली साहित्यको इतिहास' पिनाकल पब्लिकेशन प्रा. लि. : बाग बजार, काठमाडौँ, २०६८ : पृ.९३) ।

वास्तवमा फुटकर कविता भन्दा ठुलो र महाकाव्यभन्दा सानो रुप खण्डकाव्यलाई कविताको मझौला रुपमा लिने गरिन्छ । त्यसै गरी खण्डकाव्यलाई पाश्चात्य साहित्यमा लामो कविता (लङ् पोयम) भन्ने गरिन्छ । समग्र जीवनमध्ये एक पक्षको विषयवस्तुलाई, नौ रसमध्ये एक, चार वर्गमध्ये एउटालाई अँगाली रचिएको कविताको तेस्रो स्वरुपलाई खण्डकाव्य भनिन्छ । आयामगत रूपमा हेर्ने हो भने २०–४९श्लोक वा पङ्क्तिपुञ्जको लघुतर खण्डकाव्य, ५०-९९ श्लोक वा पङ्क्तिपुञ्जको लघु खण्ड-काव्य र १०० देखि माथिको श्लोक वा पङ्क्तिपुञ्जको स्वरुपलाई खण्डकाव्यको संज्ञा दिइएको पाइन्छ । उदाहरणको रुपमा 'पिकदूत'लाई लघुतर, 'गजेन्द्रमोक्ष'लाई लघु र 'उषा चरित्र'लाई खण्डकाव्यको रुपमा लिन सकिन्छ । नेपाली साहित्यको रुपरेखा वर्णन गर्दा यस्ताखाले विभिन्न खण्डकाव्यहरुको रचना गरिएको पाइन्छ । आधुनिक समयमा पुग्दासम्म खण्डकाव्यमा आख्यानात्मक, न्यूनाधिक आख्यानात्मक, कोशकाव्या त्मक (आख्यानहीन) लामो कवितात्मक (न्यून आख्यानात्मक, आख्यान विशृङ्खलित) रूपाकृति देखा पर्दछन् । यी विभिन्न रुपाकृतिका खण्डकाव्यमा सर्ग विभाजन गर्ने र नगर्ने प्रवृत्ति फेला पार्न नसकिने होइन । निष्कर्षमा के भन्न सकिन्छ भने जीवन जगत्को समग्रताको एक पक्षलाई आख्यान युक्त वा आख्यान रहित नौरसमध्ये एक रस अँगाली चतुर्वर्गमध्ये एक वर्ग सम्हाली रचिएको कविताको मझौला रुपलाई खण्डकाव्य भनिन्छ । महाकाव्यका लागि आवश्यक भएको तत्व खण्डकाव्यका लागि पनि उपयुक्त हुन आउँछ । महाकाव्यको तुलनामा खण्डकाव्यमा तात्विक रुपमा एकदेशीयता आवश्यक छ (डा. हिमांशु थापा, साहित्य परिचय : पृ.५७) ।

विश्वनाथको सूत्रात्मक कथनको विश्लेषण गर्ने हो भने इतिहासलाई खण्डकाव्यको कथावस्तुको स्रोतको रुपमा लिन सकिन्छ । यो संस्कृत साहित्यमा पाइने काव्य परम्परा हो । संस्कृत साहित्यमा इतिहास वा जन मानसमा लोकप्रियता प्राप्त गरेको कथालाई कथावस्तुको आधारको रुपमा लिइएको पाइन्छ तर कथावस्तुको गठन र गुम्फन गर्दा महाकाव्यमा जस्तो नाटकीय सन्धिको निर्वाह गर्नु आवश्यक छैन । वस्तुको गठनलाई आवश्यक र सार्थक विभाजन गर्नु अनिवार्य छ । सर्गको अन्त्यमा एक देशीयताको दृष्टिले भावी घटना र कथाको सूचना दिनु आवश्यक छैन । खण्डकाव्यमा कथावस्तुको स्वरुप र गठनलाई आवश्यकताको रुपमा लिईएको छ । यसै सन्दर्भमा महाकाव्यमा चाहिने नमस्कारात्मक, वस्तुनिर्देशात्मक, आशीर्वादात्मक मङ्गलाचरणको प्रयोग गर्न आवश्यक छैन । केवल आवश्यकता र स्वाभाविकता हेरी सङ्क्षेपमा मङ्गलाचरणको प्रयोग गर्न नसकिने होइन । खण्डकाव्यमा आवश्यकता हेरी एउटै वा विभिन्न छन्दको प्रयोग गर्न सकिन्छ तर महाकाव्यमा जस्तो

सर्गान्तमा छन्द परिवर्तन आवश्यक छैन । कथावस्तुको गठनको सन्दर्भमा महाकाव्यमा प्रस्तुत गरिने सज्जनको प्रशंसा, दुर्जनको निन्दा तथा प्रकृतिको विशद् वर्णन खण्डकाव्यमा समावेश गर्नु आवश्यक छैन । खण्डकाव्यको कथा प्रवाहमा हुनु पर्ने गतिशीलता, तीव्रता र प्रभावकारिताको दृष्टिले अनावश्यक सन्दर्भ समावेश गर्नु उपयुक्त हुँदैन । पात्रको परिचय वा चरित्र चित्रण काव्यात्मक परिवेश कथाको मानसिकताद्वारा व्यञ्जित हुनु राम्रो हुन्छ । खण्डकाव्यमा प्रकृति वर्णन र विश्लेषणको सम्भावना त्यति नरहे पनि प्रभावात्मकता र कलात्मकताको दृष्टिले आवश्यकता हेरी प्रकृति-प्रयोगको उपयोग गर्न सकिन्छ (डा. हिमांशु थापा, साहित्य परिचय : पृ. ५८) ।

**(घ) वृहत् रुप-महाकाव्य**

जीवन जगत्को समग्र कथ्य विषयवस्तुलाई चारवटै धर्म, अर्थ, काम, मोक्ष वर्ग र नवै रसको परिपाक प्रयोग सहित कविताको आख्यानीकरणमा आठभन्दा बढी सर्गहरुको संयोजनमा सृजनाको महानदी यात्रा हुनु नै वृहत् रुप महाकाव्यको परिचय हो । यसमा सिङ्गो युग जातिय सभ्यता संस्कृतिका घटना प्रतिघटनाले आख्यानको रुप-स्वरुप धारण गर्न पुग्छ । साथै कवित्वको महा प्रवाह विराट् रुपको हुने गर्दछ । कविताभित्र आख्यानीकरण नाटकीकरणको प्रयोगधर्मिता अँगालिएको हुन्छ । समग्रमा कवितात्मक वृहत् रुपको प्रस्तुति महाकाव्य हो (गैरे र आचार्य, 'आधु... पूर्ववत् पृ. ३३७)।

**(ङ) वृहत्तर/ वृहत्तम रुप–विकसनशील/विकसित महाकाव्य**

यसमा सिङ्गो जीवन जगत्को वृहत्तम रुपको कवितात्मक संरचना बद्ध सर्गबन्धको संयोजन हुन्छ र सिङ्गो जातिकै सभ्यता संस्कृति घटनाप्रति घटनाको कवित्वमय आख्यानको अनुभूतिमय काव्यकला परिपाकभित्र अनेक रस, वर्ग र पक्षको विषय विषयान्तर उच्चतर कवितात्मक प्रस्तुति हुन्छ । यस्तो कृतिमा वाल्मीकि रामायण पर्दछ (गैरे र आचार्य 'आधुनिक नेपाली नाटक र फुटकर कविता' : पृ. ३३७) ।

**च) गीति काव्य**

जब कवि संसारको अन्तस्करणसम्म पुगेर आत्मानुभूति गर्दछन् अनिमात्र उनी आफ्नो चित्तवृत्ति अनुसार काव्योचित भाषामा भावना व्यक्त गर्दछन् त्यसैले गीत या काव्यको निर्माणको निमित्त एउटा विशेष चित्तवृत्तिको आवश्यकता रहन्छ । इच्छा, भाव र विचार कविको आधार हो । जब कवि शान्त र समुचित चित्तवृत्तिमा हुन्छ तब कल्पनामा भावको उत्पत्ति हुन्छ अनि यसैबाट गीतको सृष्टि हुन्छ । यसैले गीतिकाव्य त्यही हो जसमा भाव या भावात्मक विचारको स्वाभाविक विस्फोट रहेको हुन्छ । यसमा भाषाशब्द सरल, कोमल र

नादपूर्ण रहनु पर्दछ । गीतमा प्रवाह र अनुभूतिको सुन्दर आरोह-अवरोह रहनु पर्दछ । यो माधुर्यले भरिएको सङ्क्षिप्त, स्पष्ट र सङ्गीतमय हुनुपर्दछ । हिन्दी साहित्यको प्रसिद्ध गीति काव्यकी कवयित्री महादेवी वर्माका शब्दमा गीति काव्यको परिभाषा यस प्रकार छ : 'सुखदु:खको भावावेशमयी अवस्था विशेषको चुनिएका शब्दहरुमा स्वर साधनको उपयुक्त चित्रण गर्नु नै गीत हो ।'(यज्ञराज सत्याल, नेपाली साहित्यको भूमिका : पृ.७०) ।

**च) अ. गीति काव्यको लक्षण**

गीति काव्यका लक्षण निम्न प्रकार छन् :

– **सङ्गीतात्मकता** : गीति कवि सौन्दर्य प्रेम र वेदनाको हुन्छ ।
यसमा यी तत्व प्रधान रहेका हुन्छन् ।

– **प्रत्यक्ष आत्माभिव्यञ्जना :** यसमा मनोरागहरुको आवेशपूर्ण आग्रह रहेको हुन्छ ।
गीति काव्यको उद्‌भव अन्तर ज्वालाबाट हुन्छ ।

– **रागात्मक अनुभूति**

– **सङ्क्षिप्तता :** यो आवश्यक गुण हो । गीतमा प्रायः सङ्क्षेपमा नै भावना हुनुपर्दछ ।

– **सौन्दर्यमयी कल्पना**

– **लयात्मक अनुभूति**

(सत्याल यज्ञराज, नेपाली साहित्यको भूमिका : पृ.७१)

**छ) गद्‌य कविता**

गद्‌य कविता या गीत बीसौं शताब्दीको देन हो । पद्‌य र गद्‌य कवितामा केही फरक हुन्छ । पहिलोमा वार्णिक छन्द रहन्छ । एक गुणमा मिलाएर राख्नु पर्दछ । व्याकरणको शुद्‌ध रुप रहनु पर्दछ । यसमा आफ्नै चाल, प्रवाह र गति हुन्छ । हिन्दी, अङ्ग्रेजी, बङ्गाली आदि भाषाहरुमा पनि प्रशस्त गद्‌य कविता या गीत लेखिएका छन् । गद्‌य कवितामा केवल मार्जिन छोडेर दुई चार शब्दको कालीगढी जोडि दिँदैमा कविता हुँदैन । यसका पनि लक्षण छन् । लय अनिवार्य रहन्छ । रवि बाबु, बच्चन, निराला, सुमन इत्यादिका गद्‌य कवितामा लय, प्रवाह, गति र शब्दको एक रुपता रहेको पाइन्छ ।

**छ) अ. गद्‌य कविताको लक्षण**

क) एकै भाव, अनुभूति, वातावरण र आदिदेखि अन्त्यसम्म एकै विचार रहनु पर्दछ ।

ख) दीर्घाकार नभई सकेसम्म छोटो हुनु पर्दछ ।

ग) अनुभूतिको तीव्रता र निरन्तरता रहनु पर्दछ ।

घ) एकाग्रता र विशिष्ट क्षमता हुनु पर्दछ ।

ङ) छन्दको बन्धन आवश्यक रहँदैन, लय हुनु नितान्त आवश्यक छ ।

(सत्याल यज्ञराज, नेपाली साहित्यको भूमिका : पृ.७१

### ज) लोक गीत तथा लोक लयका कविता

जन साधारणको दिनहुँको सुख-दुःखमा सुस्केरा र आनन्दबाट उठेको सङ्गीतमय भावनालाई लोक गीत भनिन्छ । झ्याउरे र अरु धेरै ग्राम्य गीतहरुबाट हाम्रा लोक गीत बनेका छन् । लोक गीतका दुई श्रेणी छन् । साधारण लोक गीत र साहित्यिक लोक कविता या गीत । लोक गीत या लोक लयका कविताहरु जन साधारणको जीवनसँग निकट हुने भएकाले यसमा मानव जीवनको वासना, प्रेम, घृणा लालसा तथा उल्लास, विषाद आदि विषय रहेका हुन्छन् ।

नेपालमा लोक गीत सङ्ग्रह कर्ता र लोक गीतका तत्त्वज्ञ 'सत्य मोहन जोशी' हुन् । सत्य मोहन जोशी नेपाली लोक गीतका लेखक र अन्वेषण कर्ताको रुपमा २००३ सालदेखि देखा परेका हुन् । उनका उच्चस्तरीय लोकगीत सङ्ग्रह र लोकगीत सम्बन्धी अन्वेषणात्मक लेखहरुले गर्दा नै नेपाली मात्रलाई आफ्नो लोक संस्कृति पट्टि अनुराग उत्पन्न हुन गएको छ । नेपाल स्वभावतः लोक संस्कृतिको खानी हो । "लोकगीत भनेको त्यो सङ्गीत या गीत हो जुन मानव समाजमा मातृभाषाको नाताले मानिसहरुमा नैसर्गिक रुपले सुख-दुःखको अनुभवमा दयामाया, प्रेमभाव अभिव्यक्त हुँदा स्वयमेव उद्गारको रुपमा निस्केर लयदार तरजमा काव्यमयी शैली भै सृजना हुन्छन् । (सत्याल यज्ञराज : हाम्रो लोक संस्कृति पृ.७२)

नेपाली साहित्यमा लोक गीतको लयमा साहित्य सृजना गर्ने कविहरुको उल्लेख गर्नुपर्दा महाकवि लक्ष्मी प्रसाद देवकोटाले 'मुनामदन' रचना गरे जस्तै धर्मराज थापाले रत्न जुरेली, बन्चरी, पहाडी गीत, कालीको रहर आदि कृतिले लोक संस्कृतिमा अनुराग थप्दै छन् । यसै गरी झ्याउरे छन्दमा लेख्ने कविहरुमा नीर विक्रम प्यासी, रवीन्द्र शाह, लक्ष्मण लोहनी, प्रदीप रिमाल, पुष्प नाथ शर्मा जस्तै थुप्रै साहित्यकारहरू छन् भने गीति छन्दको सृष्टि गरी 'नयाँ नेपाल' नामक काव्य प्रस्तुत गर्ने कवि माधव प्रसाद घिमिरे हुन् (यज्ञराज सत्याल, नेपाली साहित्यको भूमिका :पृ.७२) ।

## ३.५ नेपाली कविताको विकासक्रम

वि. सं. १००० पूर्वको नेपाली समाज लोकश्रुतिको मौखिक अभिव्यक्तिमा आधारित थियो भने त्यस पछिको समय लेख्य रुपमा अभिलेख कालीन समयका रुपमा वि. सं. १०३० को राजा दामुपाल शाहको दुल्लू अभिलेख हुँदै वि. सं. १४३१ सम्मको समय देखापर्छ ।

त्यसपछि प्रचीन ग्रन्थहरुको समय भास्वती १४४७, खण्डखाद्य १६४८, बाजपरीक्षा १७००, ज्वरोत्पत्ति चिकित्सा १७७३, प्रायश्चित चिकित्सा जस्ता व्यवहार परक ग्रन्थहरुको रचना भएको उल्लेख भेटिन्छ । यी यसरी औषध शास्त्र, वंशावली, जीवनी, धर्मशास्त्र र ज्योतिष सम्बन्धी ग्रन्थहरु एकातिर देखिन पुग्छन् भने अर्कातिर नेपाली लोक समाजमा माँगल, चाँचडी, पैकेलो, भारत, सगुन, फाग, धमारी आदि लेख्य साहित्यका लोक श्रुतिहरु मौखिक अभिव्यक्तिका रुपमा जीवन्त हुँदै आएको भेट्न सकिन्छ । यसरी लोक साहित्यको मौखिक अभिव्यक्तिको जनश्रुतिमा विकसित नेपाली भाषाबाट शिलालेख अभिलेखको भाषा र प्रचीन वाङ्मय ग्रन्थको व्यावहारिक भाषाहरुको पृष्ठभूमिमा बढ्दै पृथ्वी नारायण शाहको शाशन कालदेखि नेपाली लेख्य साहित्यको प्रारम्भ हुन पुग्छ (गैरे र आचार्य, 'आधु... पूर्ववत् पृ.३३७) ।

नेपाली कविताको थालनी राजा पृथ्वी नारायण शाहको एकीकरण कालसँगै भएको मानिन्छ । पृथ्वी नारायण शाहका समकालीन कवि सुवानन्द दासले यिनको विजय यात्राको वर्णन गरेर लेखेको 'पृथ्वी नारायण शाह' कविता अहिले सम्मकै उपलब्ध सर्व प्राचीन नेपाली कविता हो । वि. सं. १८००मा नेपाल एकीकरणको थालनी भई वि. सं. १८२५मा काठमाडौं विजय भएर एकीकरणको पहिलो चरण पूरा भएको हो । त्यसो हुनाले यसै बखत लेखिएको अनुमान गरिएको वीरस्तुति मूलक कविताका आधारमा वि. सं. १८००देखि नेपाली कविताको प्राथमिक काल आरम्भ भएको हो । मोटामोटी रूपमा नेपाली कविताको विकास क्रमलाई तिन कालमा विभाजन गरिएको छ :

(क) प्राथमिक काल (वि.सं.१८०० देखि १९३९ सम्म)

(ख) माध्यमिक काल (वि.सं. १९४० देखि १९७४ सम्म)

(ग) आधुनिक काल (वि.सं. १९७५ देखि हालसम्म)

उपर्युक्त तिन कालखण्डका उपलब्धिहरुलाई निम्नानुसार देखाउन सकिन्छ :-

### ३.५.१ प्राथमिक काल वि.सं.(१८०० देखि १९३९ सम्म)

नेपाली कविताको प्राथमिक काल नेपाल एकीकरण कार्यको आरम्भ १८०० सँगै सुरु हुन्छ र मोतीराम भट्ट (१९४०)को कवितामा आगमन पूर्वसम्म रहन्छ । यो काल वीर धाराबाट थालनी भएको हो । सुवानन्द दास, शक्ति वल्लभ अर्याल, उदयानन्दका वीर स्तुतिका कविताहरु आरम्भमा लेखिए । पृथ्वीनारायण शाह, वीरस्तुति जस्ता कविता -हरु यस बखत देखा परेका हुन् । वि. सं. १८७२को सुगौली सन्धिपछि राज्य विस्तारको काम रोकियो र नेपाली कवितामा भक्ति धाराको सुरुवात भयो । भक्ति धाराका पनि तिन हाँगा भए : कृष्णभक्ति, रामभक्ति, निर्गुण भक्ति । इन्दिरसको 'गोपिका स्तुति' कृष्ण भक्ति धाराको

आरम्भिक कविता हो । पतञ्जलि गजुर्यालको 'युगल गीत' वसन्त शर्माको 'कृष्ण चरित्र' कृष्णभक्ति धाराका उल्लेख्य कविता हुन् । त्यसपछि रघुनाथ पोखरेलको 'रामायण' सुन्दर काण्डको रचनाबाट रामभक्ति धाराको सुरुवात भयो । यस धाराका केन्द्रिय कवि भानुभक्त आचार्य हुन् । आदिकवि भानुभक्त आचार्यले संस्कृतको आध्यात्मिक रामायणबाट भावानुवाद गरेको 'भानुभक्त रामायण' मौलिक- ताको झलक भएको नेपाली कविताकै पहिलो महाकाव्य हो भने यिनका बधुशिक्षा, भक्तमाला आदि फुटकर कविता हुन् । यसपछि निर्गुण भक्तिधारामा सन्त ज्ञानदिल दास, शशिधर आदिले निर्गुण भजनहरु लेखेका छन् । कवि मोतिराम भट्टको शृङ्गारिक कविता लेखनपछि प्राथमिक कालको अन्त भई माध्यमिक काल सुरु हुन्छ ।

### ३.५.२ माध्यमिक काल (वि.सं. १९४० देखि १९७४ सम्म)

कवि मोतिराम भट्टको नेपाली साहित्यमा आगमन (१९४०)सँगै नेपाली कविताको माध्यमिक कालको सुरुवात हुन्छ र 'सूक्ति सिन्धु'को प्रकाशन (१९७४) सम्म रहन्छ । माध्यमिक कालको प्रमुख पक्ष श्रृङ्गारिक धारा हो । यो समय नेपाल अधिराज्यमा राणा शासनको हुनाले र राणाहरु अत्यन्त विलासी हुनाले प्रेम-प्रणय र रति भावलाई खास गरी मुख्य विषय बनाएर कविता लेख्ने प्रवृत्ति माध्यमिक कालको रह्यो ।

मोतीराम भट्ट (१९२३-१९५३) माध्यमिक कालका केन्द्रीय कवि मानिन्छन् । यिनका पिकदूत, मनोद्वेग प्रवाह, कनक सुन्दरी आदि शृङ्गारिक कविताहरु प्रकाशित छन् । मोती मण्डलीमा रहेका गोपीनाथ लोहनी, राजीव लोचन जोशी, नरनाथ पाण्डे आदि २४ वटा कविका ४१ जति कविताको सँगालो 'सूक्ति सिन्धु' (१९७४)को प्रकाशनसँगै माध्यमिक कालको पनि अन्त्य हुन्छ (गैरे र आचार्य, 'आधुनिक नेपाली...पूर्ववत् पृ. ३३७) ।

### ३.५.३ आधुनिक काल (वि.सं. १९७५ देखि हालसम्म)

नेपाली कवितामा 'ऋतु विचार'को प्रकाशन वि. सं. १९७३ मा भए पनि मोटामोटी रुपले वि. सं. १९७५ सालदेखि आधुनिक काल सुरु भएको मानिन्छ । वि. सं. १९७४ सालमा 'सूक्ति सिन्धु' नामक शृङ्गारिक कविता सङ्ग्रह प्रकाशित भएकाले यसपछि मात्रै आधुनिक काल सुरु भएको मानिएको हो । आधुनिक कालका कविताका प्रवर्तक 'लेखनाथ पौड्याल' ( १९४१-२०२२) हुन् । यसपछि 'लक्ष्मी प्रसाद देवकोटा' (१९६६-२०१६) र बालकृष्ण सम ( १९५९-२०३८)ले आधुनिक नेपाली कवितालाई अगाडि बढाएका हुन् ।

आधुनिक कालमा कवितातर्फ विभिन्न धारा उपधाराहरु विकसित भएका छन् । परिस्कारवादी, स्वच्छन्दतावादी, प्रयोगवादी र समसामयिक धारा हुँदै आधुनिक नेपाली कविताले लामो यात्रा गरेको छ । परिस्कारवादी धारातर्फ लेखनाथ पौड्याल, सोमनाथ सिग्देल, बालकृष्ण सम आदि कविहरु पर्दछन्, यस धाराका प्रमुख प्रवृत्तिहरु शास्त्रीय मूल्य र मान्यतामा आधारित कविता लेखन, प्रकृति, संस्कृति, समाज, दर्शन, विज्ञान जस्ता विषयको प्रयोग, सामाजिक सुधार र सकारात्मक संस्कारको सन्देश, व्याकरण सम्मत परिष्कृत भाषा शैलीको प्रयोग हुन् । स्वच्छन्दतावादी कविहरुमा महाकवि लक्ष्मी प्रसाद देवकोटाको विशेष स्थान छ । यस धारामा कलम चलाउने कविहरुमा सिदि्ध चरण श्रेष्ठ, माधव घिमिरे, गोपाल प्रसाद रिमाल, केदारमान व्यथित आदि पर्दछन् । यस धाराका प्रमुख प्रवृत्तिहरु परिष्कारवादी मान्यताको अवज्ञा र स्वच्छन्दता, स्वतःस्फूर्तता, प्रकृति चित्रण र कल्पना, भावनाको समन्वय, सामाजिक अन्याय अत्याचारको विरोध, मानवतावाद, राष्ट्रप्रेम आदि हुन् ।

वि. सं. २०१७ सालमा 'रुपरेखा' पत्रिकाको प्रकाशनसँगै नेपाली कवितामा प्रयोगवादी धाराको थालनी हुन्छ र यो धारा २०३० सालसम्म रहन्छ । यस धारामा कलम चलाउने कविहरुमा मोहन कोइराला, मदन रेग्मी, वैरागी काईंला, ईश्वर वल्लभ, द्वारिका श्रेष्ठ आदि पर्दछन् । यस धाराका प्रमुख प्रवृत्त्िहरुमा भाषिक विचलन, बिम्बप्रतीकको प्रयोगमा स्वतन्त्र साहचर्य, परम्पराको विरोध, शून्यताबोध, निस्सारता, मृत्यु, मानवीय अस्मिता, अस्तित्व, अमूर्तता र अवचेतन मनको विश्लेषण, साङ्गीतिकता, सौन्दर्य, भावुकता, स्वतन्त्रता, दूरुह र जटिल प्रयोग हुन् । वि.सं.२०३० पछि खास गरि २०३६ सालको सडक कविता क्रान्तिसँगै नेपाली कवितामा देखा परेको समसामयिक धारा अहिलेसम्म चलेको छ । सामाजिक विसङ्गतिप्रति व्यङ्ग्य, अभिव्यञ्जनात्मक अभिव्यक्ति, सङ्क्षिप्त कविता लेखन, मानवीय भावनाको उद्घोष, सुधारको सन्देश, गद्य बहुल प्रयोग, नवीनताको खोजी, विद्रोहात्मकता आदि समसामयिक धाराका प्रमुख प्रवृत्तिहरु हुन् । दिनेश अधिकारी, अशेष मल्ल, नवराज कार्की आदि थुप्रै कविहरुले यस धारालाई अगाडि बढाएका छन् । यसरी नेपाली कविताको आधुनिक काल विभिन्न धारा र मोड हुँदै अगाडि बढेको छ । अहिले आएर गद्य कविताको लेखन सक्रिय रुपमा देखा परेको छ । यस धारामा अझै नवीन प्रवृत्ति र विशेषता थपिने सम्भावना छ (ज्ञवाली, भट्टराई र आचार्य, 'नेपाली कविता नाटक र साहित्यको इतिहास' २०६८ : पृ.१४) ।

# चौथो परिच्छेद

# तुर्माखाँद–चौखुट्टे गीतियात्रा काव्यको काव्य तत्वका आधारमा अध्ययन विश्लेषण

## ४.१ शीर्षक परिचय

कुनै पनि साहित्यिक रचनाको शीर्षक हुन्छ, यसले कृतिको समग्र भावको प्रतिनिधित्व गर्दछ । शीर्षक नामकरण मात्र नभई कृतिका सारभूत भाव विचारको उद्घाटक पनि हो । यसको शीर्षक खण्डकाव्यमा वर्णित विषय, पात्रको नाम, कथानकका साथै परिवेश अनुसारको हुन्छ । खण्डकाव्यको शीर्षक त्यसमा अभिव्यक्त मूलभाव विचारको व्यञ्जक पनि हुन सक्छ ( अच्युत अधिकारी, विवेचनै विवेचना, २०४६ : पृ. १७) ।

'तुर्माखाँद-चौखुट्टे' गीतियात्रा काव्यको प्रकाशन वि. सं. २०६७मा भएको हो । यो कवि हर्ष प्रसाद भट्टको दोस्रो चरणको काव्य कृति हो । यस काव्यलाई खण्डकाव्य अन्तर्गत 'पर्यायबन्ध' काव्य (प्राकृतिक वर्णन युक्त झिनो आख्यान भएको)को वर्गमा चिन्न सकिने अवस्था रही आएको छ भने पाश्चात्य साहित्यको नामकरणमा लामो कविता 'खण्डकाव्य' हो भन्न सकिन्छ । यात्रा वर्णनमा केन्द्रित यस भित्रका सबै शीर्षक बद्ध काव्य खण्डहरू सवाइ छन्द अछामी देउडा लोक लयमा रचना भएकाले यसलाई गीतिकाव्य मानिए पनि 'लोककाव्य' हो भन्नु पर्दछ । यस 'तुर्माखाँद-चौखुट्टे' गीतियात्रा नामक काव्यभित्र निम्न लिखित शीर्षक बद्ध काव्य खण्डहरू रहेका छन् :

सम्पूर्ण रूपले '४७' पृष्ठ लामो यस 'तुर्माखाँद-चौखुट्टे' गीतियात्रा खण्डकाव्य ( पर्यायबन्ध)मा प्रथम पाइलादेखि लिएर 'सातौँ पाइला'सम्मका दसवटा विभिन्न शीर्षक बद्ध काव्यखण्डका '४३२' श्लोकहरु अर्थात् '८६४' वटा पङ्क्तिहरु सङ्कलित छन् । जसमा प्रथम खण्ड 'तुर्माखाँदबाट फर्कंदा'मा ९९ श्लोकहरु र दोस्रो खण्ड 'छबिस क्षेत्र मङ्गल सैनबाट हेर्दा'का १४ वटा श्लोकहरु गरी प्रथम पाइलामा जम्मा ११३ श्लोकहरु, दोस्रो पाइलामा 'जयगढदेखि रिडीकोटसम्म'मा जम्मा ५७ श्लोकहरु, तेस्रो पाइलामा 'पन्ध्रबीसमा पाइलो टेक्ता'मा जम्मा ३६ श्लोकहरु, चौथो पाइलामा प्रथम खण्ड 'साँफे दयगडा'का २१ वटा श्लोकहरु, दोस्रो खण्ड 'दयेगडाको भ्रमण दृश्य'का ३३ श्लोकहरु र तेस्रो खण्ड 'यात्रामा कवयित्री सुन्तलीसँगको प्रश्न उत्तर'का ९ वटा श्लोकहरु गरी जम्मा ६३ श्लोकहरु, पाँचौँ पाइलामा 'जीमराडी एक तीर्थ'मा ३१ श्लोकहरु, छैठौँ पाइलामा 'श्रीकोटदेखि चौखुट्यासम्म'मा

४७ श्लोकहरु र सातौं पाइ- लामा 'अछाम छोडी जानेलाई चौखुट्टेबाट सन्देश'मा ८५ वटा श्लोकहरु पर्दछन् ।

यस लोककाव्यमा निहित शीर्षक बद्ध काव्यखण्डहरूमा साहित्यकार भट्टले अछाम जिल्लाको दक्षिणी भागमा पर्ने क्षेत्र नं. २ को अति दुर्गम र विकट मानिएको तुर्माखाँद क्षेत्रदेखि भ्रमणको थालनी गरी प्रथम पाईलाबाट काव्यको उठान गर्दै चौखुट्टे क्षेत्रसम्मका बिचमा पर्ने विभिन्न ठाउँ छबिस, मङ्गलसैन, जयगढ, रिडिकोट, पन्ध्रबिस, साँफे, दयगढा, जिमराडी तीर्थ, श्रीकोट र अन्तिममा पडाव चौखुट्टे जस्ता क्षेत्रमा आएर सातौं पाईला सम्मको भौगोलिक, प्राकृतिक वर्णनका साथै चिनजान भएका र अन -जान रहेका विभिन्न व्यक्तिहरुसँग भेटघाट भलाकुसारीको वर्णन र शृङ्गारिक भावको प्रस्तुति पाइन्छ । यति मात्र होइन; अछामी संस्कृति, परम्परा, चाल-चलन यहाँका कलाकृति ऐतिहासिक, पौराणिक कालसँग सम्बन्धित क्षेत्र पहिचान उल्लेख, चरा-चुरुङ्गी ठाउँ र वन पाखा पर्वत समेतलाई मानवीकरण गरी कविले तिनसँग प्रीत लगाउँदै संवाद, विरह, विलौना, खुसी, गुनासो, इच्छा आदि जाहेर गरेका छन् ।

अन्तिम सातौं पाइलामा अछाम छोडी बाहिर जानेहरुलाई चौखुट्टे डाँडाबाट सन्देश मूलक विचार पोख्दै देशको भाषा संस्कृति लोप हुनु र देशको विकाश नहुनुको कारण नै देशका कर्मठ युवा शक्ति आफ्नो मातृभूमिबाट टाढा रहनाले हो भन्ने कविको ठहर छ । त्यसरी बिदेशिदै गरेका युवाहरुमा राष्ट्रिय भावनाको चेत भर्दै आफ्नै गाउँ-ठाउँलाई सपार्नु पर्छ भन्ने देशप्रेमका स्वरहरु म पात्रको माध्यमबाट पढ्न पाइन्छ ।

कवि भट्टका सात पाइला सम्मका १० वटा शीर्षक बद्ध कविता बाहेक 'तुर्माखाँद-चौखुट्टे' गीतियात्रा काव्यभित्र विषय सूचीभन्दा पहिला नै 'शुभ कामना' मन्तव्यमा ध्वज बहादुर कुँवरद्वारा सवाइ छन्दकै पारामा कवि हर्ष प्रसाद भट्टको प्रशंसा गर्दै काव्यमा निहित विषयवस्तुले मन-मुटु छोएको, उनले यात्रा निर्विघ्न गर्न पाउन् र कवि कीर्ति सधैं बढोस् भन्ने कामना गरिएको छ ('तुर्माखाँद-चौखुट्टे'को कभरपृष्ठबाट)।

'मेरो दृष्टिमा हर्ष प्रसाद भट्ट' भन्ने शीर्षकको मन्तव्यमा 'मोहन बहादुर शाह-रीडिकोट, अछाम'ले सवाई छन्दमा कवि भट्टले शिक्षक र राजनीतिमध्ये शिक्षकको काम बढी मन पराएको र सोही पेसाले उनलाई सफल तुल्याउनुका साथै पुरुष्कार तथा विभिन्न मान सम्मान समेत दिलाएको भनी उल्लेख गरेका छन् । अर्को कुरा- "रिसाएमा कथा लेख्ने, खुशीमा कविता" जस्ता पङ्क्तिले साहित्य स्रष्टाको साहित्य प्रतिको स्वाभाविक अनुरागको प्रशंसा गरेका छन् ('तुर्माखाँद-चौखुट्टे'को कभरपृष्ठबाट)।

'तारा साहित्यको' शीर्षक राखेर अछाम-मूली गाउँका 'ऋषिकेश ढकाल'ले पनि लोक लयको शैलीमा "अछामका भाषा शास्त्री कवि हर्ष भट्ट । जता हेर्‍यो उतै लेख्छन् मीठा गीत चट्ट ॥" द्वारा कविको प्रशंसा गरेका छन् ('तुर्माखाँद-चौखुट्टे'को पूर्ववत्)।

'स्रष्टा पिताका कृतिमा द्रष्टा पुत्रको बुर्कुसी' भन्ने गद्यमय लेखमा कवि भट्का पुत्र उप प्रा. भट्ट देवेन्द्र प्रसाद 'दीप्त'ले 'तुर्माखाँद-चौखुट्टे' गीतियात्रा काव्यलाई विभिन्न कोणबाट पर्गेल्ने काम गरेका छन् । उनले यस काव्यमाथि विभिन्न विद्वान्हरूसँग विचार-विमर्श, छलफल गरी अनि कविताका अनेक परिभाषाबाट निर्क्यौल निकाल्दै खण्डकाव्य अन्तर्गत 'पर्यायबन्ध' काव्यका साथै 'कोशकाव्य' पनि भन्न सकिने आधारको किटान गरेका छन् ('तुर्माखाँद-चौखुट्टे'मा : कभरपृष्ठको भूमिका) ।

'पाठकहरुमा विन्ति' नामक शीर्षक बद्ध काव्यको भूमिका लेख्दै कविले 'तुर्माखाँद-चौखुट्टे' गीतियात्रा काव्यमा रहेका विभिन्न कविताको विषय वस्तुगत सङ्केत चर्चा गरेका छन् । भाषिक र काव्यिक क्षमताको यो कृति जे जस्तो निम्न भेट भए पनि पाठकहरुलाई स्वीकार गरी दिन कवि भट्टले अनुरोध गर्दै भोजनमा हरियो सागपात झैँ भाषिक रुपले पोषिलो, रसिलो हुन सक्ने र अन्य काव्य कृतिहरु ओरालो लाग्दाको सहारा हुन सक्ने विचार पोखेका छन् ('तुर्माखाँद-चौखुट्टे'को : कभरपृष्ठबाट) ।

'हेर मेरो अछाम' शीर्षक बद्ध भूमिकामा कविले 'मन्दाक्रान्ता' छन्दको कवितादवारा आफ्नो मन्तव्य राख्ने क्रममा 'अछाम' नामकरण हुनुको कारणका साथै अछाम क्षेत्रमा पाइने प्राकृतिक वातावरण, भौगोलिक बनावट र अछाममा भए गरेका विकासका कामहरुको झलक देखाउने प्रयास गरेका छन् ('तुर्माखाँद-चौखुट्टे'को : कभरपृष्ठबाट) ।

'बिदाई गीत' शीर्षक बद्ध गीतको पारामा 'रुक्मिणी शाह,तुर्माखाँद'ले कवि भट्टको सेवा स्वागत गर्न सधैं पाइयोस् र यस क्षेत्रमा फेरि कवि भट्टको आगमन भइ रहोस् भनी शुभ कामनाको सुमधुर गान पस्केकी छिन् ('तुर्माखाँद-चौखुट्टे'को : कभरपृष्ठबाट) ।

## ४.२ कथावस्तु

खण्डकाव्यमा आख्यानात्मक संरचना हुनु आवश्यक छ । कथावस्तु, पात्र र परिवेशको समष्टि रुप नै आख्यान हो । उक्त स्थितिको आवश्यक आख्यानात्मक संरचना भएका खण्डकाव्य पनि रचिएका छन् । ती निकै प्रभावशाली पनि छन् । अतः खण्डकाव्यमा आख्यानलाई खण्डकाव्यको अनिवार्य तत्वका रुपमा राखिएको पाईंदैन । वास्तवमा छरिएर रहेका अनुभूतिहरुलाई सुसङ्गठित पारेर प्रस्तुत गर्न खण्डकाव्यको आख्यान वा आख्यान

विकल्पी संरचना नेपाली साहित्यको काव्यविधामा स्वीकृत नै छ (धामी रमेश, शोधपत्र-कीर्तिपुर, २०६५ : पृ.७५)।

कवि हर्ष प्रसाद भट्टको 'तुर्माखाँद-चौखुट्टे' गीतियात्रा काव्य अछाम जिल्लाभित्र पर्ने म पात्रको जन्मभूमिको सेरोफेरोको वर्णनमा केन्द्रित रहेर रचिएको खण्डकाव्यात्मक कोटिको 'पर्यायबन्ध' (प्रकृति आदि वर्णन भएको झिनो आख्यान युक्त काव्य) वि. सं. २०६७ मा प्रकाशन भएको हो । यस खण्डकाव्यमा कवि स्वयम् म पात्रको रुपमा प्रस्तुत भई नेपालको सुदूर पश्चिममा सेती अञ्चलभित्र अछाम जिल्लाको दक्षिणी भेगमा पर्ने क्षेत्र नं.२ तुर्माखाँददेखि प्रथम पाइलाको उठान गरेर पाइला पाइलाले त्यहाँको माटोलाई छामी दसवटा विभिन्न शीर्षकका खण्डमा दोस्रो तेस्रो गरी सातौं पाइलासम्म काव्यिक पदक्रम बढाउँदै आफू जन्मेको अछामी ठाउँको भाषा संस्कृति, वेषभूषा, समाजको चाल चलन, ऐतिहासिक, राजनैतिक, साहित्यिक आदि पाटोको चर्चा परिचर्चा उठाइएको छ । म पात्रले यहाँको प्राकृतिक सौन्दर्य अवलोकन भ्रमण गरेर धार्मिक स्थलगत चिनारी दिँदै विभिन्न सहायक पात्रहरूसँग शृङ्गारिक भावमा चर्चा सम्बन्ध बढाएर ठाउँठाउँका प्रकृति र मानवेतर प्राणीलाई मानवीकरण गरिएको अवस्था छ । अझ म पात्रले अछामका कुनाकाप्चा र ओझेलमा परेका स्थानमा घुम्दैवर्दै तिनसँग मितेरी गाँस्दै विभिन्न पात्रहरूसँगको सम्बन्ध व्यवहारको अनुभवले सातौं पाइलामा अछाम र डोटीको सीमारेखा चौखुट्टेमा पुगी 'अछाम छोडी जानेलाई चौखुट्टेबाट सन्देश'को शीर्षक राखेर राष्ट्रप्रेमको चेत र आधुनिकताको नाममा निस्किएका विकृतिहरूप्रति चोटिलो व्यङ्ग्य प्रहार गर्दै नैतिक आदर्श र इमान-दारिताको पाठ सिकाएको कथावस्तु यस काव्यमा फेला पार्न सकिन्छ ।

मुख्य कथावस्तु पातलिएको झिनो रुपमा देखिएको यस खण्डकाव्य कृतिभित्र कवि स्वयम् यात्री भएर पात्रको रूपमा उभिएका छन् । कथात्मक तत्त्वका प्रत्येक घटना उप घटनामा र अनेक पात्र, स्थल र मानवीकरण गरिएका प्रकृतिका केन्द्रबिन्दुका साक्षी म पात्र मियो बनेका छन् जसमा सम्पूर्ण आख्यानात्मकता नाचेको र घुमेको छ फनफनी । म पात्रका अङ्ग प्रत्यङ्ग जहाँ सल्बलाउँछन् त्यहाँ कथावस्तुले गोरेटो पाउँछ अनि राजमार्गमा पुगेर प्रवेग प्राप्त गर्दछ । जहाँ उनी पाइला बढाउँछन् त्यहाँ कथा विस्तार हुन जान्छ अनि जहाँ कलम चलाउँछन् त्यहाँ काव्यिक प्रवाह आख्यानमा प्रवाहित हुन्छ । जता हेर्छन् घटना बढ्दछ जे सोच्छन् त्यहीं कथावस्तु जोडिन्छ । प्रकृतिसँग कुरा गर्दागर्दै घटना घटित हुन पुग्छ भावनामा डुब्छन् त अधुरो पूर्ण बन्दछ । पाइला पाइला गरी सातौं पाइलासम्म कविकै पात्रतामा कथावस्तुले अग्रगति लिएको छ । तुर्माखाँद क्षेत्रबाट फर्कँदाको बेलादेखि सुरु भएको

म पात्रको प्रथम पाइलाको क्रम कविको लेखनीसँगै जब अगाडि बढ्दछ तब पाइलैपिच्छे कथावस्तु स्वतः 'म' पात्रसँग एकाकार हुन पुग्छ । अनि 'म' पात्रसँग भेट भएका, नजिकिएका अनेक उल्लेखित साङ्केतिक मानिस चरित्रहरु, मानवीकरण गरिएका प्राकृतिक चिज-बिजहरूबाट छुट्टिनु पर्दा छोडेर आई हाल्न नसकिने सम्झना व्यवहारहरू एकातिर छन् र जसको खुशीले भाव विह्वल भएको मन छ भने अर्का तिर ती सबैबाट अलग्गिनु पर्दाको पीडाबोध विष्मात्, बिदाइका बखतमा सांस्कृतिक कार्यक्रमको साथ दिन मानव मात्र नभई प्रकृतिको उल्लासमय सहयोग पनि थपिएको छ यहाँ । यो छुट्न लाग्दा म पात्रको मन भावनामा सराबोर भई छचल्किएको बेला मुटुमा बाँध बाँधेर तुर्माखाँदबाट अलग्गिन लागे पनि फेरिफेरी अनेक भेष, रुप, रङ्ग बदलेर आई राख्ने प्रण गर्छ । आखिरमा शरीरले छुट्टिए पनि मनलाई त्यहीँ राखी राखेको कथावस्तु अगाडि बढ्छ । म पात्रले अछाम जिल्ला भ्रमणमा जे देखे, जे जे बुझे, जजस पात्रसँग भेट भयो तिनको अवस्था, व्यवहार र स्थलगत रुपमा रहेका कीर्तिहरु, घटना सम्बन्धहरु सबैको घटना वर्णन निर्वाह गरेका छन् । चौथो पाइला अन्तर्गत म पात्रले प्राकृतिक सौन्दर्य अवलोकन र ग्राम्य परिवेश भ्रमणका साथ पत्रकार मध्यस्थ बनाई कवयित्री सुन्तलीसँग कवितै कवितामा शृङ्गारिक भावको सवाल जवाफ पनि गरेका छन् । राष्ट्रिय तीर्थ स्थलहरूको महत्वलाई उजागर गर्दै राष्ट्रप्रेमको सन्देश मूलक भाव नैतिक आचरणका विचार 'म' पात्रकै माध्यमबाट प्रवाह भएको छ । यस प्रकारले 'तुर्माखाँद-चौखुट्टे' गीतियात्रा खण्डकाव्यभित्र कथावस्तुको स्वरुप म पात्रको पाइलाको गतिमा अगाडि बढेको छ ।

## ४.३ चरित्र चित्रण

तुर्माखाँद-चौखुट्टे गीतियात्रा काव्यमा चार कोटिका अनेक पात्रहरुको प्रयोग भएको छ । यसमा समाजका विभिन्न थरी पात्रहरुलाई उभ्याइएको छ । धेरै जस्ता सत् पात्रहरू छन् र तिनका असल कीर्तिहरू समाजमा प्रशंसित पनि छन् भने केही मात्र कलुषित भूमिकाका पात्रहरू भेटिन्छन् जसको भूमिका समाजका लागि अहितकर र अपकीर्ति बढाउने पूर्व कार्यका पृष्ठभूमिकाका रुपमा आएका छन् । पहिलो कोटिमा प्रमुख पात्र म (स्वयम् कवि) रहेका छन् ।

**(क) मुख्य पात्र : म (कवि स्वयम्)**

यस खण्डकाव्यका सशक्त नायक म पात्र हुन् । सक्रिय भूमिकामा रहेका म पात्रको व्यवहार आफ्नो मातृभूमि अछामको, भाषा, साहित्य, संस्कृति, चालचलन, प्राकृतिक सौन्दर्य जस्ता विषयवस्तु माथि पक्षपाती रहेको छ । म पात्रका पाइलाले चुमेका स्थलगत क्षेत्रले पहिचान पाएको छ । संस्कृतिप्रति हुरुक्क हुने म पात्रले घुम्दा जहाँ गए पनि सांस्कृतिक

कार्यक्रमको जोहो गरेर संस्कृतिलाई मलजल दिएको अवस्था छ । व्यक्ति व्यक्तिसँग गर्नु पर्ने सुमधुर सम्बन्ध व्यवहारको उदाहरण देख्न पाइन्छ । यहाँ भने प्रकृति मोहको सङ्केत :

पछ्यौरी रुमाल कठै ! टोपी फिर्काउँदैथेँ ।

परपर म जाँदैथेँ, आँसु बर्साउँदैथेँ ॥ (प्र.पा., : पृ.२)

नलजाऊ प्रकृति मेरी, हेर्न द्यौ मलाई ।

खुसुक्क लुकेर हाँस, बादललाई छकाई ॥ (प्र.पा., :पृ.५)

कृष्णको रमाउने ठाउँ, राधिकाको घर ।

यै जङ्गल घुमीकन, तृष्णा पूरा गर ॥ (दो.पा., :पृ.१३)

प्राकृतिक स्थललाई मानवीकरण गर्छन् म पात्र :

व्याउलो भै जन लड्क्यै, पश्चिमका सुँगाली ।

मण्डलकी व्याउली जस्ती, पूर्वको धमाली ॥ (प्र.पा., :पृ.५)

ढाँका चोली पेलो साडी, लाएकी परी झैं ।

चिउरी, बिर्कु पालाकाट्याँ, देखिन्छ ठाँटी है ॥ (प्र.पा., :पृ.७)

म पात्र घुम्दै जाँदा उनलाई धेरै रमाइलो ठाउँ फेला पर्छ र कवि यसो भन्छन् :-

बाह्रै मैना पूर्णि जस्तो, औँसिले छुँदैन ।

सुँगाली जन्मेको मान्छे, दुर्भागी हुँदैन ॥ (दो.पा., :पृ.१५)

ऐले खोजे पाइने छैन, सुँगालीको सेरो ।

जुनकिरी भै जगमगाउँथेँ, भाग लागेन मेरो ॥ (दो.पा., :पृ.१५)

अछामीले नै अछामलाई माया नगरे अरु कसले माया गर्ला र बनाउला ? भन्दै मल्ल कालीन राजा अक्षय मल्लले राज्य गरेकाले 'अछाम' नाम चलेको र पहिलेका राजा-रजौटाहरुको राज्य-उपराज्य रहेको यहाँको वन सम्पदा, डाँडाकाँडा, कस्तुरी मृग, डाँफे, कोइली, खोलानाला, सागसिस्नु, फाँपर, कपास जस्ता दुर्लभ र बहुमूल्य चिज-बिजहरुलाई छोडेर गए मातृभूमिको पाप लाग्ने कुरा गर्छन् कवि । कसैले जन्मभूमिको महिमा बुझ्दैन भने कसैले बाध्यतामा मातृभूमिबाट टाढिनु पर्ने हुन्छ भन्दै प्राचीन संस्कृतिका पक्षपोषक म पात्र संस्कृति जोगाउन यसरी आग्रह पोख्छन् :

स्वर्गको आनन्द मिल्छ, प्रवालका भुवा ।

जन बिर्स्यै भुओ खेल्न, हे आधुनिक युवा ॥ (चौ.पा., :पृ.२८)

सहायक पात्र चक्र ठकुल्लाको आयोजकत्वमा मुख्य पात्र म र सहायक पात्र कवयित्री सुन्तलीसँग एकापसमा प्रश्नोत्तर सम्वाद गराइएको विवरण यस प्रकार छ :

भट्ट (म पात्र)- तिम्रो रुप आकास जस्तो, चाँदनी काँ लुक्यो ।

चिन्ताले जलेकी छौ कि, अमृत किन सुक्यो ॥ (चौ.पा., :पृ.२९)

सुन्तली - लोग्ने छैन छोरा छैन, पीडामा बस्याकी ।

उमेरले अमृत सुक्यो, धर्ममा बस्याकी ॥ (चौ.पा., :पृ.२९)

भट्ट (म पात्र)- त्यो आधा चन्द्रमा रै छ, म हुँ पूर्ण चन्द्र ।

तिमीलाई म हेर्न आउँला, अषाढको पन्ध्र ॥ (चौ.पा., :पृ.३०)

सुन्तली - मैले पनि खोजेको थेँ, पूर्णिमाको चन्द्र ।

आधा चन्द्र हराइ सक्यो, पायाँ पूर्ण चन्द्र ॥ (चौ.पा., :पृ.३०)

म पात्रले स्वदेशका तीर्थ छाडी विदेशका तीर्थहरुमा जानेलाई 'नेपाल स्वर्गको द्‌वार हो' भनी विदेशी तीर्थ नजान सचेत तुल्याएका छन् र दार्शनिक पक्ष राख्दै तीर्थालुको मुख्य धर्म धैर्यलाई मानेका छन् । त्यहाँ खर्च गर्दाको रुपियाँ-पैसा स्वदेशबाट बाहिरिने हुँदा देशले आर्थिक नोक्सानी बेहोर्नु पर्ने भन्दै आफ्नो नजिकको तीर्थको हेलाँ नगर्न भनेका छन् । धर्मका विदेशी ठेकेदारहरुले नेपाली तीर्थालुहरुका गाडीका टीकट, बाटाखर्च सबै थोक लुटेर धेरै जोखिममा पारेका छन् । सो दुःख नजिकको तीर्थ हेलाँ गर्नाले नै भोग्नु परेको भन्दै हाम्रो देशको अछाम जिल्लाभित्र अति महत्वपूर्ण सुन्दर, शान्त, पवित्र र मोक्ष दिने धामहरु हुँदाहुँदै विदेशी मठ मन्दिरका पुजारीहरुलाई मोट्याउनु भन्दा स्वदेशी धर्म गुरुहरुको शरण जान सल्लाह दिन्छन् । पौराणिक कालदेखिको नेपालको वैद्‌यनाथ धामलाई काशीका विश्वनाथ, मणिकर्णिका घाटभन्दा नेपालकै बृद्‌ध गङ्गालाई अधिक महत्व दिएका छन् कविले :

विदेशका तीर्थमा गयो, स्वदेशको सम्पत्ति ।

धर्मका नामले परे, बाटामा विपत्ति ॥ (पाँ.पा., पृ.३१)

त्रिवेणी पर्‌याका तीर्थ, धेरै छन् अछाम ।

सुन्दर शान्त पवित्र छन्, अनेक मोक्ष धाम ॥ (पाँ.पा., :पृ.३१)

स्वर्गभन्दा ठुलो हुन्छ, आफ्नै जन्म भूमि ।

घाटमै डुबुल्की हान, मोक्ष पाउँ भनी ॥ (पाँ.पा., :पृ.३२)

जवानदी तिलानदी, बुढी गङ्गा पनि ।

भागीरथी जमुनाभन्दा, केही छैन कमी ॥ (पाँ.पा., :पृ.३२)

अछाम ठाउँको भाषा, संस्कृति, सभ्यताप्रति हुरुक्क हुने म पात्र अछामी सबैलाई संदेश दिँदै के भन्छन् भने : फर्क फर्क हे अछामी, ! संस्कृति सम्झेर ।

मातृभाषा जन्मभूमि, मेरो हो भनेर ॥ (सा.पा., पृ.३९)

रामारोसन कमल बजार, टाढाको चौखुट्टे ।

अछाम त चाँदनी रै छ, सुनको नौबुट्टे ॥ (सा.पा., :पृ.४०)

मातृभाषाका शब्दावलीमा भाषिक क्षमता हुँदाहुँदै आयातीत विदेशी भाषा संस्कृतिको विचलनप्रति र नाता सम्बन्ध प्रतिको परिवर्तित सम्बोधन शब्दावलीले म पात्रको मन खिन्न भएको छ यहाँ : सासुकन आमा भन्ने, सौराकन बुवा ।

जेठी देवर दुवै भाइ, नाता पर्‍यो कुवा ॥ (सा.पा., :पृ.४२)

बुवाकन डेडी भन्दा, आमाकन मम्मी ।

रिन भन्दा कम् पनि छैन, मातृभाषा धनी ॥ (सा.पा., :पृ.४२)

संस्कार छोडे संस्कृतिको, तब हुन्छ नष्ट ।

संस्कार छोडे मान्छे हुन्छ, प्रत्येक पथ भ्रष्ट ॥ (सा.पा., :पृ.४५)

यस प्रकारले म पात्रको चरित्र खण्डकाव्यको प्रमुख भूमिकामा देखिन आउँछ । म पात्रको अछाम जिल्लाको स्थलगत भ्रमण अवलोकन गर्दा यहाँको प्राकृतिक छटा देखेर, विभिन्न व्यक्तिहरूसँग मिलजुल भेटघाट र संवाद वार्ता गरेर, यहाँको उदात्त संस्कृति सभ्यतामा डुबेर अनि आफ्नो राष्ट्रलाई तीर्थतुल्य मान्दै र यहाँका तीर्थलाई स्वर्गसँग महिमा मण्डित गरी यस सर्वोत्तम भूमिमा राष्ट्रसेवाले जीवन धन्य बनाउनु पर्छ भनेर सन्देश दिँदासम्मको चरित्र देखिन आउँछ ।

(ख) सहायक पात्रहरु

दोस्रो कोटिमा म पात्रसँग प्रत्यक्ष सम्बन्ध राख्ने नारी र पुरुष गरी अनेक सहायक पात्र रहेका छन् । त्यसै गरी सहायक पात्र आयोजक चक्र ठकुल्लाले आयोजना गरेको सम्वादात्मक कार्यक्रममा सहायक नारी पात्र सुन्तलीले प्रमुख पात्र मसँग प्रत्यक्ष रुपमा संवाद गरेकी छिन् यहाँ :

म पात्र कवि : सुन्तली ! तिम्रो सौन्दर्य किन ह्रास भएको छ ? तिम्रो रुप अमृतमा

कुनै चिन्ताले सुख्खा परेको हो कि ?

कवयित्री सुन्तली : लोग्नेले धोखा दिँदा र सन्तान नहुँदा दुखी छु र अब उमेर ढल्कँदा अनाकर्षक भएँ ।

कवि :  तिम्रो तनको खुला आकाशमा मैले बादल भएर ढाकी दिए अर्थात् हाम्रो जोडी बनाए दुःख हराउँथ्यो कि ?

कवयित्री : यो दुःखी जीवन कालरात्री समान भएकाले कुनै पनि उपाएले सुख मिल्ने छैन म एक्लै जीवन काटी हाल्छु । जस्तै :

कालो रात्री दुखी जीवन, नसोध बादल ।
मेरो जीवन दुःखैमा छ , नघुम्यै बादल ॥ (चौ.पा., :पृ.२९)

कवि : म तिम्रो दुःखमा सहानुभूति राख्दै बादलबाट पानी भई वर्षन चाहन्छु । तिम्रा दुःख जानेछन् ।

कवयित्री :  एउटै वर्षे पानीले मेरो जीवन हराभरा हुन सक्दैन । सधैंभरी साथ मिल्ने भए मात्रै नत्र एउटा पुरुषले त दुःख दिएकै छ । तिम्रो पनि के को भर ?

जस्तै :  'मेघ  धारा  बनी  बर्षा,  बर्षामा आओल्लाई ।
एक बादलले दुःख दियो, अर्को कसो होल्लाई ॥'(चौ.पा., :पृ.३०)

कवि : त्यो धोखा दिने स्वार्थी पुरुष रहेछ तर म भने त्यसरी अधुरो काम गर्ने मान्छे होइन । अषाढको १५ गते अवश्य आउँला ।

कवयित्री : धोखा नदिने तिमी जस्तै विश्वास पात्र खोजेकी थिएँ । लौ हामी मिलौं ।

कवि : माथिको बादल मात्र नभई तलको कुहिरो समान सम्पर्क हुन सक्ने गरी म नजिकिउँला र आर्द्रताले हाम्रो प्यास अवश्य मेटिएला ।

यसरी सहायक पुरुष पात्र आयोजक चक्र ठकुल्ला र नारी पात्र सुन्तलीले प्रमुख पात्र 'म'सँग कवितात्मक दोहोरीको व्यवहार निर्वाह गरिएको अवस्था छ ।

त्यसै गरी म पात्रको स्वागत सत्कार अनि सांस्कृतिक कार्यक्रमको आयोजना गरेर मनोरञ्जन प्रदान गर्ने अन्य सहायक नारी पात्र गायिकाहरुमा हीरा, धर्मी, रुक्मणि, लक्ष्मी, जानकी, मङ्गली, ऐश्वर्य अनि नृत्याङ्गना चन्द्रकला र पुष्पा हुन् । जस्तै :

हीरा  धर्मी  रुक्मणिका, कोयलीका स्वर ।
बिदाइका क्षणमा नाचिन्, चन्द्रकला मोर ॥ (प्र.पा., :पृ. १)

म पात्रलाई स्वागत सत्कार गर्ने पुरुष पात्रहरुमा मनिराज बुढा, भीम के. सी., गोकुल खनाल, माओवादी साथीहरु, म पात्रका गुरु र सम्धी नातेदार छन् । जस्तै :

यो यात्रा रमाइलो गर्ने, मनिराज बुढा हुन् ।
हृदयमैं  नाच्छन् यिनी,  ऐँसेलु छाँगा हुन् ॥ (प्र.पा., :पृ.१०)

**(ग) अन्य गौण पात्रहरु**

तेस्रो कोटिमा त्यो ठाउँ र म पात्रसँग पूर्व सम्बन्ध राख्ने अनि सुकीर्तिले अछाम जिल्लाका सम्बन्धित स्थलहरुमा आफ्नो छाप छाडेका र नामोल्लेख भएका गौण पात्रहरु छन् । क्रमशः समाजसुधारक नेताद्वय जङ्ग र प्रभुनाथको बारेमा यसरी खोलिएको छ : 'नेत्र ज्योति निभिएका, कठै जङ्ग बि. क. ।

ज्ञानका भण्डार भित्र, किन निभि दीप ॥' (प्र.पा., :पृ.३)

'भैरवस्थान असारामा, जन्मिएका बि. क. ।

अन्ध अपाङ्ग नेता, जिल्लाका प्रतीक ॥' (प्र.पा., :पृ.३)

'प्रभुनाथ जन्मनु त्यहाँ, प्रभुकै कृपा हो ।

वयोबृद्ध नेता हाम्रो, दार्शनिक स्रष्टा हो ॥ (प्र.पा., :पृ.३)

विकासवादी अरु मित्रहरु ध्वजे, बेलु, प्रेमे, विष्णु भण्डारी, विष्णु बजगाईं, धर्मा, राधिका, नेता हरि भण्डारी, नाम नखुलेका दुई बाजे, न्यायाधीश, गभर्नर गीतकार के.सी., पूर्व राजा रजौटा र मन्त्रीहरु नेता एम.पी., जि.सि.अ.झङ्कर विष्ट, गुरु ज्यू, शारीरिक शक्ति सम्पन्न गङ्गा कुँवर र राधाकृष्ण मन्दिर निर्माणका लागि दुनियाँसँग चन्दा मागेर पनि मन्दिर नबनाई अपकीर्ति कमाएका झपट तिमिल्सेना जस्तै :

'कृष्ण बोलाई मन्दिर नङ्गा, अछामै नरोला ॥' (दो.पा., :पृ.१४)

'चन्दा दाता के भन्दैछन्, बोल मूर्ति ढुङ्गा ।' (दो.पा., :पृ.१४)

'राधे झपट स्मृति भो, कृष्णका नाममा ॥' (दो.पा., :पृ.१४)

अरु पात्रहरुमा पदमराज, सुरत विष्ट, मदन, परमभक्त, रुपादेश, बालैराम, कालु धामी, ढुङ्गाना थरी, विष्णु साउँद, डबले साउँद, कृति साउँद, नरराज खनाल, नर बहादुर स्वाँर, चन्दादाता, राधे, झपट रावल, माने साउँद, तिले खत्री, रुप शर्मा, विष्णु, मथुरा, डम्बर स्वाँर, शिक्षाप्रेमी डबल कुँवर जस्ता व्यक्तिहरु छन् जस्तै :

'पैलो पुत्र डबल जन्मे, सरस्वतीका कोख ।

आठसयकै मणि थिए, कसै थेन दुःख ॥ (चौ.पा., :पृ.२५)

'देवीस्थान वाब्लासम्म सुगन्ध फैलियो ।

वीर छोरा डबलले, चेतना भरदियो ॥ (चौ.पा., :पृ.२६)

युवा वर्ग, डिल्ली, तुल, सुवास, अछामी भाइहरु, चेतराज, खड्ग कुँवर, कृषक, साहु जी, शेर बहादुर, झङ्कर्‍या, मीन र मोहन बोहरा, मणिराज, दीपक कुँवर, तेज बहादुर शाह, अङ्ग कुँवर, गोयला पानी गाउँका रेग्मी थरी, कीर्ति, खाम, ज्योति, मोति, तुल, ऐतिहासिक राजा अक्षय मल्ल, साहित्यकार पहलमान सिंह स्वाँर जस्ता पात्रहरु रहेका छन् :

'मल्ल कालीन अक्षय मल्ल, राज्य गर्थे पैले ।

'अछामको नाम रह्यो, भनाई छ यो ऐले ॥ (सा.पा., :पृ.३९)

'संस्कृति र सभ्यताको, अछाम ठुलो धनी ।

पहलमान कृति जन्मे, यो राष्ट्रका धनी ॥ (सा.पा., :पृ.४०)

**(घ) मानवेतर पात्रहरु**

चौथो कोटिका पात्रहरुमा भने मानववेतर सजीव र निर्जीव, लौकिक अनि अलौकिक पात्रहरु रहेका छन् । जसमा सुँगाली ठाउँलाई (बेहुलो) र धमाली ठाउँलाई (बेहुली) बनाई कवि कुरा गर्छन् : 'ब्याउलो भई, जन लड्क्यै, पश्चिमका सुँगाली ।

मण्डलकी ब्याउली जस्ती, पूर्वको धमाली ॥' (प्र.पा., :पृ.४)

कर्णाली (नदी) लाई : 'युवतीका कम्मर जस्तो, तलको कर्णाली ।

मलाई हेर डाँडाकाँडा, शिरको घुम्टो फाली ॥' (प्र.पा., :पृ.४)

कोइली चरीलाई : 'तँ ब्याउली म हुन्छु ब्याउलो, जङ्गलै रमाउँला ।

तल आएजा स्वरकी धनी, काखमा राखौँला ॥ (प्र.पा., :पृ.६)

साँफे बगरलाई : 'भलले त्यो साडी च्यात्यो , लज्जामा बस्ती हौ ।

साँफे राम्री एरपोट कन्या, सबैकी छोरी हौ ॥ (चौ.पा., :पृ.२३)

षोडषा (देवी), शिव (भगवान), अछाम जिल्ला, बुढी गङ्गा (नदी), कृष्ण राधा ( भगवान), देवी देउता, जीजाडा (ठाउँ), आद्वाली (ठाउँ), सरस्वती देवी, स्वर्गकी परी, भवानी देवी, भूतप्रेतहरु र कालजस्ता मानवेतर पात्रहरुको भूमिका पनि आ-आफ्नो विशेषता अनुसार रहस्यमय र चमत्कारिक रहेको छ । यी सबै लौकिक-अलौकिक पात्रहरुसँग म पात्रले विभिन्न व्यवहारहरु निर्वाह गरेका छन् ।

## ४.४ देशकाल / परिवेश विधान

'परिवेश' भनेको देश, काल, परिस्थिति, वातावरण हो र परिवेश विधान भनेको कथावस्तुका घटना एवम् पात्रसँग सम्बन्धित देश, काल, परिस्थितिको चित्रण हो । रचनाको उद्देश्यानुरुप परिवेशको चयन गरी त्यसैभित्र कथावस्तुलाई प्रस्तुत गरिएको हुन्छ । आख्यान

विकल्पी रचना भएका खण्डकाव्यमा पनि परिवेश आएको हुन्छ तर आख्यान भएका खण्डकाव्यमा जति मात्रामा परिवेशको चाप प्रतिचाप हुन्छ त्यति आख्यान विकल्पी संरचना भएका खण्डकाव्यमा देखिँदैन । परिवेशलाई खण्डकाव्यको विषयवस्तु पनि भन्न सकिन्छ । त्यस्तै आख्यानको उपयोग नगरिएको खण्डकाव्य 'ऋतुविचार'मा उपमानका रुपमा समाज, संस्कृति जस्ता परिववेश आएका छन् र यसको विषयवस्तु प्रकृति चित्रण हो । (खतिवडा, २०५४ : पृ.१४)

पात्रको व्यक्तित्व, परिवार, पारिवारिक पृष्ठभूमि, समाज, सामाजिक परम्परा, प्रकृति, ऋतु र अन्य भौगिलिक विशेषतादेखि लिएर पात्रका कियाकलापद्वारा घटने घटना, भाषा भाषिका, व्यक्ति बोली आदि सारा कुराहरु परिवेशद्वारा नै प्रभावित हुन्छ (सिंह, २०२२ : पृ.१४९) । वस्तुको भविता र समय स्थिति एवम् घटना विघटनाको निमित्त चाहिने भाँडो परिवेश हो यसले वस्तु वा घटनालाई घेरेर बस्ने सबै मूर्त-अमूर्त तत्वलाई समेट्छ (नेपाल, १९८७ : पृ.२४)।

कवि भट्टले तुर्माखाँद क्षेत्रभित्रका गन्य-मान्य व्यक्तित्वहरु र आफ्ना इष्टमित्रसँगको भेटघाट, यात्राको सजिलो-अप्ठ्यारो, द्वन्द्वरत माओवादीसँगको जम्का भेटका कुराहरू उठाउनुका साथै त्यस क्षेत्रका विभिन्न कला, संस्कृति, प्राकृतिक मखमली चौर, डाँडाकाँडाको मनोरम दृश्य सौन्दर्य वर्णन गरेका छन् । त्यस ठाउँबाट फर्कने क्रममा हिरा, धर्मी, रुक्मणी, चन्द्रकला, पुष्पा, लक्ष्मी, जानकी आदि कलाकारहरूले कवि भट्टलाई सांस्कृतिक कार्यक्रमका साथ बिदाई गर्दा प्रकृतिले पनि साथ दिएको अनि ती सबै अब छुट्न लागेका कुराहरू उल्लेख गरेका छन् । वसन्त सन्देश बाहिनी कोइली चरीले पनि कवि भट्टबाट छुट्टिनु पर्दा विरह वेदनाले स्वरको गति बढाएको, स्वागतलाई लगाएको फुलमालाले लठ्ठिएका कवि त्यहाँ पाएको स्वागत सत्कार आफू कहिल्यै नभुल्ने कुराहरू उल्लेख गर्दछन् ।

तुर्माखाँदको दक्षिणतिर पर्ने भेरी अञ्चलका दैलेख, सुर्खेत, जिल्लामा बस्ने दुःखी जनतासँगको र म पात्र कविको भावात्मक सम्बन्ध रहेको उल्लेख गरेका छन् । तुर्माखाँदबाट फर्कँदै जाँदा आफूसँग भएका रुमाल र टोपी हल्लाइ हल्लाइ टाढिँदै जाँदा आँखाबाट आँसु पनि बढ्दै गरेको र त्यहाँका भैरव स्थान, शिवकुटी, वासुधारा जस्ता ठाउँमा परेको प्राकृतिक प्रकोपको पनि उल्लेख गरेका छन् । म पात्र आफू गृहजिल्ला अछाममा घुम्न गएका बेला सरकार र माओवादी द्वन्द्वले गाउँघरमा मान्छे भेटि्टइन छाडेका गाउँठाउँ बिरानो भएको छ भन्दै 'ठाउँ छन् तर मानिस नभएका' उल्लेख गर्दछन् । त्यहाँबाट अगाडि बढ्दै जाँदा अर्को ऐतिहासिक, पौराणिक स्थल 'रामारोसन' किल्लाको भ्रमण-अवलोकन-वर्णन गर्दै त्यहाँ हाम्रा

गाउँ-ठाउँबाट लुटिएर थन्क्याइएका बहुमूल्य धन-सम्पत्ति अब प्राप्त गर्न कठिनै छ भनी कवि लेख्छन् । त्यहाँ बस्ने आफ्ना परिचित मित्र कृति साउँद र नरराज खनाल स्वर्ग गई सकेकाले तिनीहरुले म पात्र (हर्ष प्रसाद भट्ट)लाई अछामै छन् कि ? भनेर सोध्ने गरेको कल्पना कवितामा उल्लेख गरेका छन् । त्यसपछि कवि नेटाकोट र भाटाकाट्याँका आफ्ना मित्र बस्ने ठाउँको मैत्रीपूर्ण माया बोकेर शिक्षक भीम के. सी., गोकुल खनालसँग भेट्न पुगेका छन् । त्यतिखेर म पात्रले त्यहाँको आतिथ्य सत्कारमा खाएको भात, दहि, साग र मुला सहितको भोजन धेरै मिठो माने पनि अहिले सम्झँदा भने चिसो भएर आउने कुरा कवि बयान गर्न पुग्छन् ।

छबिस क्षेत्रका मानिसहरुको स्वभाव मिठो भएकोले म पात्रलाई त्यस ठाउँमा भेटघाट गर्दा सधैँ रमाइलो भई नै रहेको र त्यहाँ खाएका माछाको स्वाद अझै सम्झनामा आइ रहने कुराको उल्लेख गर्न पुग्छन् कवि । बाँचि रहेपछि आफू फेरी त्यस ठाउँमा भेट्न आउने आशा राख्दै बिदा हुन्छन् । बिदाइका बेला छबिसको (कालागाउँ)मा सांस्किृतिक कार्यक्रम राखेको र नाटक हुँदा ऐश्वर्य नामकी कलाकारले मिठो स्वरले गाएको आनन्ददायक सम्झना अझै म पात्रका कानमा रन्किएको र मन-मष्तिष्कमा झल्कि रहेको अनि त्यस्तो संयोग सधैँ हुन गाह्रो छ भन्दै कवितामा उल्लेख गर्न पुग्छन् । अर्को पाइलाका लागि त्यहाँबाट बिदा हुँनै लाग्दा 'साँता र मलाँता' क्षेत्रका साथी-भाइसँग भेट नहुँदाको गुनासो गर्दै अगाडि बढेका छन् ।

अद्भुत् ज्ञान भएका बयलपाटाको स्कुल खोलेर सबका ज्ञानका आँखा खोली दिने, जैगढका हारका रुपमा चिनिइने, मठ-मन्दिर बनाएर अहिले स्वर्गमा भए पनि आफ्नो कीर्ति स्थापना गरि सकेका स्वर्गीय 'नर बहादुर साउँद'को फेरि पनि यस धर्तिमा आवश्यकता रहेको कुरा उल्लेख गरेका छन् । अर्कातिर 'बान्नी' का काखमा बसेको 'पचाङ्गा' ठाउँका झपट नाउँका व्यक्तिले मन्दिर निर्माणका नाममा दुनियाँसँग चन्दा लिएर पनि मन्दिर अधुरो छाडी राधा-कृष्णको मूर्ति विराजमान नगराएर अछामै रुवाएको कुरालाई अप-कीर्तिको रुपमा लिएका छन् कविले । यस्तो कुरा लेख्न कविको कलम नडराउने, नरोकिने भनी कृष्ण भगवानलाई काव्यिक सन्देश पठाएका छन् पाप धर्म छुट्याउन । त्यतिखेरका शासकले जनाली क्षेत्रको सेरोफेरामा चौबीस डाँडामध्ये 'जनाली'सम्मका राम्रा बाह्र भूभाग खुलाल र बाह्र 'लेककोट'सम्म खप्तडी जातिका अंशमा अन्य जातिहरुलाई खेती गर्न नसकिने बाँझो भूमि बाहेक अरु नदिएका अनादिकाल देखिका ज्ञात-अज्ञात व्यथाहरु पनि रहेको कुरा कवि वर्णन गर्दछन् :

मुटुभित्र किन बिझी, बाँस  बाँडाका काँडा ।

त्यसो त कुनै दिन भइन, तुर्माखाँदका डाँडा ॥ (प्र.पा., :पृ.४)

ढाँकु र डुँगाला भन्दा, राम्रो छ बाँसतोली ।

नौ जनाको चिहान एकै, हानीकन गोली ॥ (प्र.पा., :पृ.४)

टोटके साल र विनायकको, दौंतरी छ नाता ।

अछामको चिनारी गर्ने, पञ्चदेवल गाथा ॥ (प्र.पा., :पृ.६)

पाँच पाण्डवले बनाएका, पाँचैछन् देवल ।

विनायक त स्वर्गको काख हो, अछामको केवल ॥ (प्र.पा., :पृ.७)

कुम जोडी मिलेका डाँडा, धन्य धर्ती माता ।

विश्वकी सुन्दरी रैछ्यौ, प्रकृतिकी गाथ ॥ (प्र.पा., :पृ.६)

पाँच पाण्डवका ढुङ्गेधारा, किन सुकी ऐले ।

विनायक त इतिहास रै छ, जनभूल्या कैले ॥ (प्र.पा., :पृ.७)

चौखुट्टे कर्णाली माझ, अछामको साँद ।

घर जाने मन लाग्दैन, धन्य ठाँटी खाँद ॥ (प्र.पा., :पृ.७)

यसरी काव्यभित्रको भूमि नेपालको सुदूर पश्चिम भेगको अछाम जिल्लाको सेरोफेरो नै हो । यहाँको भूगोल र प्रकृति, राष्ट्रिय संस्कृति चालचलन, तीर्थस्थल आदिलाई पनि परिवेशको रुपमा अँगालिएको छ ।

कालिच डाँफे मुनालको, नाँच्ने भूमि रम्य ।

कसरी प्रकृति  जन्म्यौ,  जैगढमा  धन्य  ॥ (दो.पा., १३ :२)

मेलफुले रङ्को साडी, लाएकी सरस्वती ।

उभ्ये जस्तो मलाई लाग्छ, सौन्दर्यमा अति ॥ (दो.पा.,१३ :५)

नेपालको  द्रोणाचल,  यै होला पहाड ।

वसन्तमा घुम्ने थलो, दुखीको बाहाड ॥ (दो.पा., :पृ.१३)

परिका कम्मर जस्तो, बजार हिंड्ने बाटो ।

लाटो पनि चतुर हुन्छ, हरे कस्तो माटो ॥ (दो.पा., :पृ.१७)

पन्धबिसको सेल गाउँको प्रसिद्ध चैतलो (चैत्रका महिनामा मनाइने साँस्कृतिक पर्व) को समयमा देउडा आदि खेलेर रमाइलो गर्दा त्यहाँ अर्को सूर्य उदायको देख्न पाइने कुरा कविले

उल्लेख गरेका छन् । ‘पायडी’ गाउँ र ‘भडारी’ गाउँको सौन्दर्यको त मानिसका चेतनामा समेत असन्तुलन ल्याइ दिने खाले अवर्णनीय दृश्यको ठाउँ भनी बयान गरेका छन् । नेपालको अछामी समाजमा हुने गरेका साँस्कृतिक चाडवाड, पर्व जात्राले ल्याउने समरसता अनि दुःख वेदना भुलाउने र मनोरञ्जनका लागि खेलिने देउडाको क्रीडास्थल (पटकानी)को झल्को परिवेश पनि यहाँ देखाइएको छ :

पन्धबिसको मेला त्यो हो, सेल गाउँको चैतलो ।
बिछट्टै राम हुन्छ त्यहाँ, टेक्नु है पैतलो ॥ (ते.पा., :पृ.२१)

इतिहासको झझल्को छ, सेल गाउँको चैतलो ।
एकै दिन दुई सूर्यले, चुम्मन गर्ने थलो ॥ (ते.पा., :पृ.२१)

कृष्णको रमाउने ठाउँ, राधिकाको घर ।
यै जङ्गल घुमीकन, तृष्णा पूरा गर ॥ (दो.पा., :पृ.१३)

जाँ जाँ पुगें जे जे देखें, त्यै त्यै मैले लेखें ।
यो धर्ती सृजनशील रै छ, यै जन्ममा देखें ॥ (ते.पा., :पृ.२२)

प्रकृतिलाई मानवीकरण गरिएको ठाउँको परिवेश र रौसिला कवि :

तँ ब्याउली म हुन्छु ब्याउलो, जङ्गलै रमाउँला ।
तल आइजा स्वरकी धनी, काखमा राखूँला ॥ (प्र.पा., :पृ.६)

ढाँका चोलो पेलो साडी, लाएकी परी झैं ।
चिउरी बिर्कु पालाकाट्या, देखिन्छ ठाँटी है ॥ (प्र.पा., :पृ.७)

भलले त्यो साडी च्यात्यो, लज्जामा बस्ति हौ ।
साँफे राम्री एरपोट कन्या, सबैकी छोरी हौ ॥ (चौ.पा., :पृ.२३)

ब्याउलो भई जन लड्क्यै, पश्चिमका सुँगाली ।
मण्डलकी ब्याउली जस्ती, पूर्वको धमाली ॥ (प्र.पा., :पृ.४)

अछाम जिल्ला भित्रका गङ्गादि तीर्थव्रत मेलापर्वका अमूल्य राष्ट्रिय धरोहरको परिवेशलाई गरिमामय तुल्याइएका काव्यांश पनि हेरौं :

विदेशका तीर्थमा गयो , स्वदेशको सम्पत्ति ।
धर्मका नामले परे, बाटामा विपत्ति ॥ (पाँ.पा, :पृ.३१)

त्रिवेणी पऱ्याका तीर्थ, धेरै छन् अछाम ।
सुन्दर शान्त पवित्र छन्, अनेक मोक्ष धाम ॥ (पाँ.पा., :पृ.३१)

पौराणिक कालका तीर्थ, वैद्यनाथ धाम ।
नजिक तीर्थ हेलाँ गर्दै, विदेशलाई माम ॥ (पाँ.पा., :पृ.३१)

शिवजीको बस्ने ठाउँ, शिर कैलाश खोला ।
यो भन्दा पवित्र नदी, अन्यत्र काँ होला ॥ (पाँ.पा., :पृ.३२)

स्वर्गभन्दा ठुलो हुन्छ, आफ्नै जन्म भूमि ।
घाटमै डुबुल्की हान, मोक्ष पाउँ भनी ॥ (पाँ.पा., :पृ.३२)

जवा नदी तिला नदी, बुढी गङ्गा पनि ।
भागीरथी जमुनाभन्दा, केही छैन कमी ॥ (पाँ.पा., :पृ.३२)

मालिका खप्तडबाट, बगी बुढी गङ्गा ।
हरिद्वार भन्दाभन्दै, देश बनायौं नङ्गा ॥ (पाँ.पा, :पृ.३२)

यस प्रकारले कविको यस तुर्माखाँद-चौखुट्टे यात्रा खण्डकाव्य (पर्यायबन्ध)भित्र अछाम जिल्लाको प्राकृतिक, सांस्कृतिक, धार्मिक आदि विभिन्न परिवेशहरुको झलक सशक्त रुपमा प्रस्तुत गर्नुका साथै रुढीग्रस्त समाजलाई शैक्षिक परिववेशले सचेत तुल्याउनु पर्ने जागरण पनि स्फुरण भएको छ ।

## ४.५ विषयवस्तु

कविता रचनाका लागि चयन गरिएको वस्तु नै कविताको मूल विषयवस्तु हो । यस्तो विषयवस्तु ब्रह्माण्डभित्रको यावत् वस्तु, मानवीय प्रवृत्ति, प्राकृतिक वस्तु संस्कृति, धर्म, देश, समाज, राजनीति र जीवन भोगाईका अनेक पक्ष-विपक्षसँग सम्बद्ध हुने गर्दछ । कवि जस्तोसुकै विषयवस्तु छनोट गर्न स्वतन्त्र हुन्छ । विषयवस्तु कविता हुँदा आफैँमा कलापूर्ण, उपयुक्त, आकर्षक, जीवन्त र प्रभावपूर्ण हुन सक्नु पर्दछ ।

कविताको मूल तत्त्व भाव हो । जुन भावबिना कविताको कल्पना पनि गर्न सकिन्न । कवितामा भावलाई मूल मेरुदण्डको रुपमा लिइन्छ । साथै कवितामा भावको उचित संयोजन हुन सक्नु पर्दछ अनि मात्र कविता उत्कृष्ट बन्दछ । जुन भाव कविताको मूल तत्व मेरुदण्ड र अस्तित्व विधायक तत्व हुने गर्दछ यस्तो भाव विधान मानवीय जीवन जगतका यावत् विषयवस्तुलाई अनुभव र अनुभूतिको लयात्मक, रागात्मक र कलात्मक निष्कर्षका रुपमा विशेष भाव अर्थ प्रदान गर्ने हुन सक्नु पर्दछ । अर्को अर्थमा विषयवस्तुको गूढ, गहन, गम्भीर

ज्ञानभित्र कलात्मक भाव सृष्टि गर्न सक्नु नै कविताको सम्यक् भाव विधान हो (गैरे र आचार्य,आधु. ने.नाटक र फुट.कविता :पृ.३३४) ।

कवि हर्ष प्रसाद भट्टको 'तुर्माखाँद-चौखुट्टे' गीतियात्रा काव्य नेपालको धरातलमा उभिएको छ । देशभूमि वा स्थान विशेषको रुपमा रहेको यस खण्डकाव्यको परिवेश अन्तर्गत काव्य-शीर्षक अनुसार नै प्रष्ट बुझ्न सकिने अवस्था छ । यसको परिवेश दैलेख जिल्लाको उत्तर-पश्चिम पट्टिको सीमा नजिकै र अछाम जिल्लाको दक्षिणी सीमावर्ती क्षेत्र नं.२ 'तुर्माखाँद ठाउँ'देखिको म पात्रले प्रारम्भ गरेको यात्राको प्रथम पाइलाबाट उत्तर-पश्चिम हुँदै क्रमिक रुपले छबिस क्षेत्र, दयगढा, मङ्गलसैन, जयगढ, रिडिकोट, पन्ध्रबिस, साँफे बुढी गङ्गाको दोभान, विनायक, कैलास खोला, जीमराडी तीर्थ, देवस्थल वैद्यनाथ धाम, रामारोशन क्षेत्र, पञ्चदेवल, तिमिल्सैन, गोयलापानी, बयलपाटा, दुधको कुण्ड बाव्ला, श्रीकोट आदि क्षेत्र र उतातिर डोटी जिल्लाको पूर्वी-दक्षिण सीमानासँग जोडिएको अछाम जिल्लाकै पश्चिमी सीमावर्ती क्षेत्र नं.१ को 'चौखुट्टे'सम्ममा आई म पात्रले अन्तिम सातौं पाइलाको बिसौनी गरी त्यहींबाट अछाम छोडी जाने सबैलाई अर्ति उपदेशको घतलाग्दो सन्देश दिँदासम्मका नेपाली धर्तीका भागहरुलाई लिन सकिन्छ । म पात्रले पर्वतीय क्षेत्रको गाउँघर चहार्दै, त्यहाँको मनमोहक सुरम्य प्रकृति नियाल्दै, मानव र मानवेतर प्राणीसँग सुखदुःख साटासाट गर्दै, अझ त्यस ठाउँका स्थल र प्रकृति समेतलाई मानवीकरण गरेर तिनसँग लडीबुडी खेलेर आफ्नो यात्रालाई उल्लासमय पार्दै यात्रा गर्दा जहाँ जे जसरी पाइला अगाडि बढाए तिनको चित्रण यहाँ प्रस्तुत छ ।

तिमिल्सैनमा विराजमान वरदादेवि (बर्तादिवि)को चोली वस्त्र झैँ लाग्ने बान्नीगढी ठाउँ हो र साडी झैँ लाग्ने बिउराको डाँडो छ अनि तिमिल्सैन क्षेत्र देवीले लगाउने पटुकी हो भन्दै प्रकृतिलाई चाहिं गर-गहनासँग दाँज्न थाल्छन् । पान्सय (पाँचसय) क्षेत्रकी शिरमौर मानिने मणि चम्के झैँ चम्कि रहेकी बर्तादेवीले त्यस भेगका सम्पूर्ण बासि- न्दालाई आफ्नो आशीवार्दले सिञ्चन गर्दै मेहनती, बुद्धिमान्, धनी र चैतन्य तुल्या- एकी छन् । अछामी समुदायले कतै नभुली भौतिक विकासका साथै आध्यात्मिक विकासतिर लम्कनु पर्ने कुरा कविले सजग तुल्याएका छन् ।

कुम्भकर्णको शरीर लम्पसार सुते जस्तो गरी तेर्सिएको 'जमाल गाउँ'को डाँडो र त्यस वरपर बस्ने कुँवर जातिमा शूरवीर योद्धाहरु जन्मिएका र बलियो भएकाले गङ्गा कुँवर ( जोधा)को उपनामले प्रख्यात भएको कुरा उल्लेख छ । पान्सय क्षेत्रको 'साँतलो' भन्ने ठाउँ अत्यन्त रमणीय भएकाले त्यसलाई परमात्मा कृष्ण-राधिकाको नित्य रास रचाउँने ठाउँ

मथुरा-वृन्दावनसँग तुलना गर्दछन् । होरीका देउडा भट्याउने यदुनाथ, कृष्णनाथ, विष्णु, मथुरा, डम्बर साउँद जस्ता व्यक्तित्वहरूले होरीका पोशाक कसेर त्यसमाथि विभिन्न फुलमाला लगाई ढोलकको बाजासँगै पूर्णिमाका दिनमा होरी खेल्न लाग्दाको दृश्य अपूर्व शोभाको हुन्छ ; जसलाई हेर्नका लागि धेरै टाढाटाढा सम्मका र विदेशमा कमाउन गएका रमितेहरु जम्मा हुन्छन् भनी कवि बयान गर्छन् ।

## ४.६ भावविधान र जीवनदृष्टि

### भाव विधान

भाव विधान पनि खण्डकाव्यको एक प्रमुख तत्त्व हो । कुनै पनि रचनाकारले साहित्यिक कृतिको रचना गर्दा जीवन जगत्बाट प्राप्त गरेका अनेक भावहरुमध्ये कुनै एक भावलाई रचनाको केन्द्रीय भावका रुपमा व्यक्त गरेको हुन्छ र त्यसको केन्द्रीय भावका रुपमा रति, शोक, उत्साह, भय आदि स्थायी भावमध्ये एक प्रमुख हुन्छ। केन्द्रीय भावको परिपुष्टिका लागि लज्जा, मोह, श्रम, जडता आदि तत्क्षणमा निस्कने र हराउने अनेकौं सञ्चारी भावहरुको आवश्यकता हेरी चित्रण गरिएको हुन्छ । यी विभिन्न सञ्चारी भावद्वारा केन्द्रीय भाव परिपुष्ट भई कृतिमा रहेको अङ्गीरस परिपाकमा पुग्दछ र त्यस कृतिले पाठक-श्रोतालाई आनन्दानुभूति प्रदान गर्दछ । कृतिमा रहेको केन्द्रीय भाव बढी आकर्षक भएमा कृतिको काव्यात्मक मूल्य, मान्यता चरम बिन्दुमा पुग्दछ । त्यो कृति मनोग्राह्य, सर्वमान्य र बहु चर्चित पनि हुन सक्छ । खण्डकाव्यात्मक गुणलाई उच्च स्तरीय बनाउँनका लागि अनेकौं सञ्चारी भावलाई संयोजित गरी मुख्य रसलाई उत्कर्षमा पुऱ्याउन सक्नु पर्दछ (खतिवडा, २०५४ : पृ.७) ।

### (अ) प्रकृतिको सुन्दर चित्रण

शृङ्गाकि भावका कवि भट्टले राष्ट्रप्रेम, प्रकृतिप्रेम, भाषा, संस्कृतिप्रतिको श्रद्धालाई खण्डकाव्यका अनेक अंशमा चित्रण गरेका छन् । आफ्नो जन्म जिल्लाका बिचको 'सेरा' खोला वारिको बजगाउँ र पारिको जामा-बजुडो, कमल बजारको व्यापारिक चहलपहल र त्यसको सेरोफेरोमा फुलेका राष्ट्रिय फुल लाली गुराँसको सौन्दर्यलाई आफ्नो वर्णनमा सिँगार्दै :

कमल बजार धेरै राम्रो, लाली गुराँसले ।
सौन्दर्य टल्कन लाग्यो, ब्यापारका आसले ॥ (प्र.पा., : पृ.५)

गैरीटाँड, टोडके साल, विनायक, पञ्च देवल आदि क्षेत्रको प्रकृतिलाई विश्वकी सुन्दरी भनेका छन् भने ठाउँलाई स्वर्ग । पौराणिक कालका 'दुधेधारा', 'पञ्च देवल' बिनायक क्षेत्रका

धरोहर पाँच पाण्डवले बनाएका हुन् र जहाँ घुम्न पाउँदा घर जान मन नलाग्ने उल्लेख गर्दै कवि :

कुम जोडी मिलेका डाँडा, धन्य धर्ति माता ।
विश्वकी सुन्दरी रैछ्यौ, प्रकृतिकी गाथा ॥ (प्र.पा., : पृ.६)

कविले त्यहाँका डाँडाकाँडाका फुलहरुको आरोपण स्वर्गकी परीको ढाँका चोलोसँग र पाकेका अन्नबालीको पहेँलपुरीलाई परीको लगाउने पहेंलो साडीसँग दाँजेका छन् । चिउरी, विरपत, बिर्कु, पालाकाट्याँ, बान्नातोली ठाउँहरुको शोभा पनि अवर्णनीय छ । सरर हावा बगि राख्ने स्वर्गीय ठाउँमा घुम्न जाने यात्रीको मनै हरर हुने गर्दछ भनी उल्लेख गर्दै कवि :

रानीवन पृथ्वी होइन, स्वर्गको टुक्रा हो ।
कर्णालीको चिसो पानी, अमृतको तुड्को हो ॥ (प्र.पा., :पृ.३)
हिरा र मोतीका दाना, वालुवाका थुम्का ।
टलक्क टल्कने ढुङ्गा, सुन्दरीका झुम्का ॥ (प्र.पा., :पृ.३)
चौखुट्टे कर्णाली माझ, अछामको साँद ।
घर जाने मन लाग्दैन, धन्य ठाँटी खाँद ॥ (प्र.पा., :पृ.७)

हराभरा वनपाखा, नागबेली चुल्ठो झैँ देखिने कैलाश खोला, विभिन्न जातजाति बस्ने गरेको छबिस थलो, फुल फुलेर हाँसी रहेका डाँडाकाँडा, कुनै कामिनीको शिरबिन्दी आकार प्रकारको छ :

सबै डाँडा हाँसेकै छन्, प्रकृति फुल्नाले ।
श्रीबन्दी शिरको हिउँ, शोभा भई दिनाले ॥ (दो.पा.,पृ.:११)

माथि पर्वत टाकुरामा देखिने हिउँ जस्ता प्रकृतिका मनोरम छटालाई मानवीकरण गर्नुका साथै मानव गहनासँग दाँजेका छन् । कर्णाली नदी देखेपछि कवि त्यसलाई युवतीको कम्मरमा बाँध्ने पटुकीसँग तुलना गर्न पुग्छन् भने त्यस वरपरका डाँडाहरुले घुम्टो उघारी आफूलाई हेर्न थालेको उल्लेख गर्दछन् । कवि जब 'सुँगाली' क्षेत्रमा पुग्छन् तब उनी मन्त्रमुग्ध हुँदै खुब राम्रो लाग्ने पश्चिमको सुँगालीको तुलना बेहुलोसँग र त्यस पूर्वको 'धमाली'लाई बेहुलीसँग तुलना गर्दै प्रकृतिलाई मानवीकरण गर्न पुग्छन् । जस्तै :

ब्याउलो भई जन लड्क्यै, पश्चिमका सुँगाली ।
मण्डलकी ब्याउली जस्ती, पूर्वको धमाली ॥ (प्र.पा.,पृ. :४)

त्यहाँको हराभरा प्राकृतिक सौन्दर्यका साथ वन्य पशु-पन्छीहरुको नामै लिएर कालिच, डाँफे, मुनालको नाच्ने भूमि, मयुर पङ्ख झैं सजिएको र मयुर झैं आफ्नो सौन्दर्य र ऐश्वर्यले नाच्ने नचाउने 'जैगढ' रहेछ भनी लेख्न पुग्छन् । साधु, विद्वान्, कलाकार, सबैलाई रमाइ दिने र पौराणिक पात्र पाँच पाण्डवको अज्ञात बासको ठाउँ भएकोले घना जङ्गल अहिलेसम्म देखिँइँदै छ भनी प्रमाण जुटाउन पौराणिक कालको सम्झना गर्न पुगेका छन् :

जैगढ त जैगढै रैछ, मोरकै पाख रैछ ।
आफू नाँची अरुलाई, दर्शन दिने रैछ ॥ (दो.पा., : पृ.१३)
साधु विद्वान् कलाकार, रमाइ दिने रैछ ।
पाँच पाण्डवको लुक्ने ठाउँ, घना जङ्गल रैछ । (दो.पा., : पृ.१३)
मेलफुले रङ्गको साडी, लाएकी सरस्वती ।
उभ्ये जस्तो मलाई लाग्छ, सौन्दर्यमा अति ॥ (दो.पा., : पृ.१३)
नेपालको द्रोणाचल, यै होला पहाड । (दो.पा., : पृ.१३)

मेलफुले रङ्गको (हल्का निलिमा भएको सेतो) साडी लगाएकी सरस्वतीको दर्शन पाउने ठाउँ र यो दर्शन गर्नेलाई मङ्गलै मङ्गल हुने कवि बयान गर्छन् । भगवान विष्णुका अवतार श्रीकृष्णको मधुवन र राधिकाको घर जस्तो लाग्ने त्यो रमणीय ठाउँमा गई आफ्नो आध्यात्मिक तृष्णा पुरा गर्न सल्लाह समेत दिने गर्छन् म पात्र । सञ्जीवनी बुटी उम्रे जस्तो देखिने जैगढको बान्नीक्षेत्र (नेपालको द्रोणाचल !)मा हनु- मानले बुटी खोज्दा नपाउने ! भनी त्यहाँ सबैले घुम्नै पर्ने जोड गर्दछन् कवि :-

कालिच डाँफे मुनालको, नाच्ने भूमि रम्य ।
कसरी प्रकृति जन्म्यौ, जैगढमा धन्य ॥ (दो.पा.,१३:२)
साडी हो बिउराको डाँडो, चोली बान्नीगढी ।
पटुका हो बरदाको थान, तिमिल्सैन हरि ॥ (दो.पा.,१६:३०)
परिका कम्मर जस्तो, बजार हिंड्ने बाटो ।
लाटो पनि चतुर हुन्छ, हरे कस्तो माटो ॥ (दो.पा.,१७ :४९)

**(आ) मुख्य रस शृङ्गार र अन्य रसहरू**

मुख्य रस शृङ्गार रहेको कवि हर्ष प्रसाद भट्टको यस तुर्माखाँद-चौखुट्टे गीतियात्रा काव्यमा साहित्यका अन्य करुण, वीर, भयानक, शान्त आदि अनेक रस फेला पार्न सकिन्छन् । 'शृङ्गार' रसको उदाहरण :

नलजाउ प्रकृति मेरी, हेर्न देऊ मलाई ।
खुसुक्क लुकेर हाँस, बादललाई छकाई ॥ (प्र.पा.:पृ.५)
तँ ब्याउली म हुन्छु ब्याउलो, जङ्गलै रमाउँला ।
तल आइजा स्वरकी धनी, काखमा राखौंला ॥ (प्र.पा. :पृ.६)
बासबास कोइली चरी, जङ्गलै रमाई ।
मिल्ने भए माम खानेथैं, चुच्चोमा समाई ॥ (प्र.पा. :पृ.५)

चाल्स 'भैंसोल्या'सम्म पदयात्रा गर्दै त्यहाँको प्राकृतिक मनोरम दृश्य मन मस्तिष्कमा सँगाल्दै कवि जब कोइलीको बोली सुन्छन् अनि उनी त्यो मिठो ध्वनि निकाल्ने कोइलीको चुच्चोमा समाई म्वाईं खाने कुरा गर्दै छन् । कवि अझ के पनि भन्दै छन् भने : ''नदेखिने तर कोहो ! कोहो ‼ को स्वर मात्र सुनाउँने स्वरकी धनी कोइलीलाई बेहुली बनाई साहित्यको धनी आफू बेहुलो भएर जङ्गलमा मङ्गल गरौं'' अर्थात् रमाइलो गरौं । तर, त्यो विचार म पात्रको धेरै बेरसम्म टिक्तैन तुरुन्तै खाली ख्यालठट्टाकै रुपमा कोइलीलाई भनेको र आफू कसैमा नबाँधिने आफ्नी दुवै पत्नी धर्माको धर्म र राधाको कृष्ण हुँ भन्दै कोइलीलाई ''तिमी वसन्त बेलाका फलफुल (काफल, ऐंसेलु) खाएर रमाउँदै बस्नु म त चित्त दुखाइदुखाइ आफ्नो बाटो लागें ।'' कवि भट्टको यस खण्डकाव्यमा 'करुण' रसको उदाहरण पनि भेटाउन सकिन्छ :

छिपे खोला ढुङ्गा फुलाई, माटो लैगई बगाई ।
सिउँदोको सौभाग्य उडाई, जन्ता सबै रुवाई ॥ (चौ.पा., :पृ.२४)
कति मर्थे गाउँगाउँ, चैत वैशाख रुन्थे ।
बच्चा मर्थे मनुष्यका, अपुताली पर्थे ॥ (चौ.पा., :पृ.४५)

'वीर' रसको श्लोक : जब युवा परेड खेल्दै, ढाल तरबार चल्काउँछ ।
दयेगडा पर्खिबस्ने, काल पनि डराउँछ ॥ (चौ.पा., :पृ.२८)
जन डरा पापी मन, उकालो देखेर ।
हिंड्न पर्छ वीरहरुले, काँडामा टेकेर ॥ (छै.पा., :पृ.३७)

शान्त' रसको श्लोक : तिमीलाई सञ्चालन गर्ने, तिम्रो त्यै हो आत्मा ।
ईश्वर त्यै हो सधैं बोल्छ, सतसत्य महात्मा ॥(पाँ.पा., :पृ. ३३)

धर्म र अधर्म दुवै, तिम्रै छ साथमा ।

पुण्य गर स्वर्ग मिल्छ, तिम्रै छ हातमा ॥ (पाँ.पा., :पृ.३३)

**(इ) राष्ट्रिय तथा राष्ट्रवादी चिन्तन**

राष्ट्रको सम्पत्ति नष्ट हुँदा कविको मन रोएको छ । माओवादी द्वन्द्व कालमा क्षत-विक्षत भएको ऐतिहासिक 'मङ्गलसैन' दरबार देखिन्छ । त्यो देखेर कविलाई बिरानो लाग्छ र पहिले देखेकालाई अहिलेको दृश्य एकदमै सुनसान र उराठ लाग्दो हुनुका साथै नष्टभ्रष्ट भएको कुरा कवि भट्टले लेखेका छन् । ठुलो धनजनको क्षति भएको द्वन्द्व कालमा अछामी सभ्यता, संस्कृति र ऐतिहासिक धरोहर माथि नै प्रहार भएको थियो जसको क्षति पूर्ति हुने सम्भावना छैन ; जहाँ प्रजातन्त्रका लागि लड्दा आफू पनि सामन्ती शासकको थुनुवाँमा परेको सम्झना म पात्रले गरेका छन् । सम्पत्ति नाश हुँदाको दुःखमा कवि : दरबारै जलेर नष्ट, कठै मङ्गल सैन ।

पुर्खाको इतिहास सुन्दर, हाम्रा लागि छैन ॥ (प्र.पा., :पृ.९)

आफ्नै श्री खरानी भो, आफ्नै बिझे काँडा ।

सृष्टिको रचना होला, नरोऊ आमा डाँडा ॥ (प्र.पा., :पृ. ९)

कोइ पाउँदैन कोइ चिन्दैन, रम्य जन्म भूमि ।

नेपालकै वैकुण्ठ यो हो, सम्झनेको भूमि ॥ (सा.पा., :पृ.३९)

मातृभाषा र देशको माया : जन्मभूमि मातृभाषा, प्राणभन्दा प्यारो ।

नेपाली भै जन्मनेलाई, बिर्सनु नै गाह्रो ॥ (सा.पा., :पृ.४१)

नेपालको संस्कृति खायो, विदेशी शिक्षाले ।

मातृभाषा कोइ बोल्दैन, आ-आफ्नो इच्छाले ॥ (सा.पा., :पृ.४२)

भाषा हाम्रो दाल भाात, साहित्य चटनी

तर्कारी न पुग्या बेला, सम्झनु मकनी ॥ (हर्ष प्र. भट्ट 'तुर्माखाँद-चौखुट्टे' : कभर पृष्ठ)

फर्क फर्क हे अछामी, संस्कृति सम्झेर ।

मातृभाषा जन्मभूमि, मेरो हो भनेर ॥ (सा.पा., :पृ.३९)

माथि डाँडा तल बस्ती, वरिपरि झर्ना ।

हरियाली वन सबै, अछामका उपर्ना ॥ (सा.पा., :पृ.३९)

यस्तो यो सुन्दर भूमि, छोडेर काँ जाल्लाई ।

साग सिस्नु बेथे फाँपर, मिठो काँ पाओल्लाई ॥ (सा.पा., :पृ.३९)

अछामको संस्कृति सबै, एवम् परम्परा ।
लोप हुँदैछन् किन आज, हाम्रा ती सम्पदा ॥ (सा.पा. :पृ.४०)

अछामीको जन्मथलो, अछाम नै हो ठुलो ।
बिर्सेका सन्तानलाई, कैले होला भलो ॥ (सा.पा. :पृ.४०)

आफ्नो देश नेपालका सबै जसो ठाउँ कविलाई उत्तिकै प्यारो लाग्छ । विदेशी विद्वान्हरुले गर्दा ती तीर्थहरु महिमा मण्डित भए भने नेपालमा त्यस्ता विद्वान् र देशप्रेमी नभएकाले होला हाम्रा तीर्थहरु हेलाँ पर्न गएका । वृद्धगङ्गा, कैलाश खोला, वैद्यनाथ र जिमराडीभन्दा पवित्र ठाउँ अन्त खोजे पाइँदैन । राष्ट्रिय तीर्थहरुमा पुगी शिव, हरि, राम भनेर सेवन गर्नाले यसै मातृभूमिमा उत्तम गति प्राप्त हुन सक्छ । त्यहाँ खर्च गर्दाको रुपियाँ-पैसा स्वदेशबाट बाहिरिने हुँदा देशले आर्थिक नोक्सानी बेहोर्नु पर्ने भन्दै आफ्नो नजिकको तीर्थको हेलाँ नगर्न भनेका छन् । धर्मका विदेशी ठेकेदारहरुद्वारा नेपाली तीर्थालुहरुका गाडीका टिकट, बाटाखर्च सबै थोक लुटिएर धेरै जोखिममा परेका छन् । सो दुःख नजिकको तीर्थ हेलाँ गर्दाले नै भोग्नु परेको भन्दै हाम्रो देशको अछाम जिल्लाभित्र अति महत्वपूर्ण सुन्दर, शान्त, पवित्र र मोक्ष दिने धामहरु हुँदाहुँदै विदेशी मठमन्दिरका पुजारीहरुलाई मोट्याउनु भन्दा स्वदेशी धर्म गुरुहरुको शरण जान सल्लाह दिन्छन् । पौराणिक कालदेखिको नेपालको वैद्यनाथ धामलाई काशीका विश्वनाथ जस्तै र मणिकर्णिका घाटभन्दा नेपालकै वृद्धगङ्गालाई धेरै महत्व दिन्छन् :

स्वर्ग नर्क जन्म थलो, काँ छ अर्को स्वर्ग ।
तीर्थ आफ्नै मशान घाट, नबुझ्ने हुन् मूर्ख ॥ (पाँ.पा.,:पृ.३२)

धार्मिक, सांस्कृतिक, ऐतिहासिक महत्व बोकेका कालीमाटी, वैजीनाथ, गान्ज्राकी वरदा देवि, विनायकका पञ्च देवल (पाँच पाण्डवका आश्रयस्थल, उपसना केन्द्र) तुर्माखाँद, छबीस खोला, घोडासैन, मङ्गलसैन, रामारोसन (रहस्यमय तपस्थली) कमल बजार, दुधको पोखरी, डौठेगडो, चौखुट्टे, बाव्ला, काला लेक, सिद्ध गुफा, सान्नीकोट, देविथुम र शिक्षाक्षेत्र बयलपाटा आदि उल्लेखनीय स्थलहरुले गर्दा अछाम जिल्ला सर्वश्रेष्ठ वैकुण्ठ समान छ भनी यश गान गर्दछन् कवि । वैजीनाथ क्षेत्रमा लाग्ने शिवरात्री मेला, हाडासैनमा खेलिने भुओ (

शौर्य प्रदर्शनको खेल), माडी हाडासैनको कलाकृति कुँदिएको देवल यस क्षेत्रका र देशकै अमूल्य धरोहर हुन् ।

**(ई) धार्मिक तथा दार्शनिक भाव**

'तुर्माखाँद-चौखुट्टे' दर्शनशास्त्रीय परिपाक दिने उद्देश्यले लेखिएको काव्य होइन, यसमा दार्शनिक विवेचना प्रस्तुत गर्ने ध्येय कविको छैन तर पनि प्रस्तुत काव्यभित्र एउटा यस्तो चिन्तन दृष्टि सगबगाएको छ जसलाई सामान्य धारणा वा दृष्टिकोण मात्र नठानी एउटा ठोस दार्शनिक चेतना नै स्वीकार्नु पर्ने देखिन्छ । यसमा अरविन्द दर्शनको जड चेतन समन्वयवादी चिन्तन भेटिन्छ; जसमा आध्यात्मिक र भौतिक दुवै वादप्रति समान आदरभाव राखिन्छ । यसैको आडमा यहाँ कवि भट्टको जीवन दर्शन स्थिर हुन खोजेको प्रतीत हुन्छ । महाकवि देवकोटाले भने झैँ "भित्र छ ईश्वर बाहिर आँखा खोजी हिँड्छौ कुन पुर । आऊ आऊ मलम लगाउ दुःखीहरुको चहराइ रहेको घाऊ ॥" (यात्री कविता) प्राणीहरुको सेवा नै धर्म हो । कविले आफ्ना गुरुसँग स्वर्गको बारेमा जान्न खोज्दा "ज्ञानमार्ग स्वर्गको बाटो र भक्तिमार्ग मोक्ष हो तर भावानुरुप फल पाइन्छ । आत्माको मालिक परमात्मा हो र ईश्वरको एकोहोरो चिन्तनले सिदि्ध प्राप्त गर्न सकिन्छ । मानिसको मन नै संसारमा बन्धन र मोक्षको कारण हो । उसको स्वच्छ मन धर्म र विकृत मन अधर्म गर्न लाग्छ ।" भनी समाधान पाएका छन् कविकै पारामा : धर्म र अधर्म दुवै, तिम्रै छ साथमा ।

पुण्य गर स्वर्ग मिल्छ, तिम्रै छ हातमा ॥ (पाँ.पा. :पृ.३३)

ज्ञान मार्ग स्वर्गको बाटो, भक्ति मार्ग मोक्ष । (पाँ.पा. :पृ.३३)

जसको जस्तो भावना छ, त्यही हुन्छ सिद्ध ।

टाउकाभित्र ब्रह्माण्ड छ, पूर्ण गर्ने गिद्ध ॥ (पाँ.पा.:पृ.३३)

गरुड पुराणको प्रमाण जुटाउँदै कवि के भन्छन् भने 'मृत शरीरलाई डढाइ सकेपछि त्यसका शेष अस्थिहरु सेलाउन चार कोसभन्दा टाढा विदेशी तीर्थ जान नहुने भएकाले नजिकका स्वदेशी तीर्थ कैलाश खोला, जवानदी, तिलानदी, बुढीगङ्गामा सेलाउनु पर्छ ।' प्रहसन गर्दै कवि अगाडि के थप्छन् भने 'स्वदेशमा तनबाट निस्केको आत्मा यहीँ परिपरि नघुमी विदेशतिर कहाँ जाला !' त्यसैले त्यसको सद्गति यहीँको गङ्गामा गर्नु उचित छ । विदेशी तीर्थहरूमा जाँदा देश सांस्कृतिक, धार्मिक र आर्थिक रुपमा नाङ्गिएको हामीले थाहा पाएनौँ । खप्तडको गोमुखबाट निस्केकी वृद्धगङ्गा र बाजुरा मौरे बगरमा स्थित शिवस्थान, मालिका जस्ता स्वर्गद्वार छाडी विदेशिनेलाई तुच्छ मान्दै अछामलाई बनारस र साँफेलाई

स्विट्जरल्यांडसँग तुलना गर्छन् कवि । कवितामा कवि भट्टले जिमराडी जस्तो आफ्नो देश-ठाउँको महत्त्वपूर्ण तीर्थलाई 'नजिकको तीर्थ हेलाँ' भने झैँ स्वदेशका तीर्थ छाडी विदेशका तीर्थहरूमा जानेलाई 'नेपाल स्वर्गको द्वार हो' भनी विदेशी तीर्थ नजान सचेत तुल्याएका छन् । तीर्थालुको मुख्य धर्म धैर्य मानेका छन् कविले :

धर्म हो मान्छेको धैर्य, धर्म धारण गर्ने ।
प्रत्येक मान्छे इच्छा गर्छ, कहिल्यै नमर्ने ॥(पाँ.पा., :पृ.३१)

तिमीलाई सञ्चालन गर्ने, तिम्रो त्यै हो आत्मा ।
ईश्वर त्यै हो सधैँ बोल्छ, सतसत्य महात्मा ॥ (पाँ.पा., :पृ.३३)

ज्ञान इन्द्रीय ज्ञान दिन्छ, कर्म इन्द्रीय काम
दौड्ने इन्द्रीय रोक्छ, मन हो त्यो लगाम ॥ (पाँ.पा., :पृ.३३)

यस पृथ्वीमा जन्म लिएका मानिसमध्ये कोही मुक्त हुने गर्छन् त कोही मरेर पनि कीर्ति छाडेर जान्छन् भने कोही कृतघ्नहरु वैतर्णी तर्न नसक्ने गरी मर्छन् । अज्ञानी रही घरमै मर्नेहरु पापी, देशका लागि रणमा मर्ने धर्मी हुन्छन् । देशले मागे त्यस्ता धर्मीहरुको आफ्नो मातृभूमिमा अझै कमी नरहेको भनेका छन् कविले :

घर मर्छन् पापी मान्छे, धर्मी मर्छन् रण ।
देशको लागि मर्ने सबको, जनसङ्ख्या गन ॥ (प्र.पा., :पृ. ९)
भावनामा लुकेको छ, यो सारा ब्रह्माण्ड ।
नेपालै स्वर्ग छ हाम्रो, विश्वमै अखण्ड ॥ (पाँ.पा., :पृ.३२)

भौतिक सृष्टिको आन्तरिक स्रोत रहस्यमय शाश्वत चिति तत्त्व अवश्य हो तर त्यस चिति तत्त्वलाई जीवन जगत्मा वा भौतिक धरातलमै मूर्त सार्थक र फलित भएको स्विकारी कविले धर्तिमा नै सच्चिदानन्द लहरिएको देखेका छन् र त्यो आनन्द पनि जीवनप्रतिको माया ममता र आस्थाले भरिएको अनुभव गरेका छन् । महाकविले 'सुलोचना' अध्याय चारमा भने झैँ :

के नाक मुखको कोही, हुन्छ ईश्वर स्वर्गमा ?
विश्व कारणको चेतसम्म, पो ईश देखियो ॥

(महाकवि देवकोटा 'सुलोचना महाकाव्य' : अ.४)

### (उ) तात्कालीन सामाजिक परिस्थिति र परिववेशको चित्रण

कवि हर्ष प्रसाद भट्ट प्राकृतिक सौन्दर्यका आराधक मात्र नभएर समाजका द्रष्टा पनि हुन् । उनका कवितामा सामाजिक परिवेशमा देखा परेका सामाजिक, आर्थिक, राज नीतिक

जस्ता विविध विषयवस्तुलाई यथार्थवादी ढङ्गले प्रस्तुत गरेको पाइन्छ । म पात्र आफ्नो जीवन कालमा भोगेका वस्तु र दिनचर्याको एकएक गरी सम्झना गर्दै आवश्यक परिवर्तनको प्रशंसा र विकृतिपूर्ण परिवर्तनले समाज उच्छृङ्खल भएकोमा एक अनौठो संसारको भुमरीमा परेको महसुस गर्छन् । दुध, घिउ बेचेर आवश्यक सरसमानको जोहो गर्ने पहिले अहिले नसालु पदार्थ किनेर धनको दुरुपयोग भएको छ जस्तै :

दै खान्थे कुराउँनी खान्थे, खान्थे दुध घिउ ।
दूधको सट्टा रक्सी पिउँछन्, सुकाइ सके जिउ ॥ (सा.पा., :पृ.४३)
राष्ट्रका सम्पत्ति हाम्रा, परियार लजाए ।
नर्सिङ कर्नाल ताल सबै, घोडकिला निदाए ॥ (सा.पा., :पृ.४५)

चर्का, उइटो, कोल, हुक्का, सारङ्गी आदि पञ्चेबाजा अछामी वेषभूषामा पुरुषहरुले सुरुवाल बच्छो (सुरुवाल र कमिज) शिरमा ढाँका टोपी र स्वास्नी मान्छेले गुन्युँचोलो, खास्टो, हातमा बाला, कानमा बाली ढुङ्ग्री, खुट्टामा कल्ली, नाकमा नथन खन्टो, शिरफुल, घाँटीमा चवन्नीका माला, हातका औलामा फेरे (औँठी) आदि पोषाक र गहना पर्दछन् । बाहिर गएका भए पनि यी अछाममा भएका निधि र संस्कृतिलाई सम्झेर फर्केर आउन भनी कविले युवालाई सन्देश दिने काम गरेका छन् । मातृभूमि बिर्सने समाजले देशप्रति निमक हरामी गरेको आभास हुन्छ कविलाई । संस्कार छोडे पथभ्रष्ट हुनाको साथै संस्कृति नष्ट हुन्छ भन्छन् म पात्र । यसरी अछामी समाजलाई विदेश जाँदा राम्रा कुराहरु सिकेर ल्याउने उच्छृङ्खल बानीबेहोरा त्याग्नु पर्ने भन्दै व्यक्तिगत नैतिक आचरण सुधारतर्फ पनि प्रेरित गरेका छन् कविले । राजा-रजौटा र मन्त्रीहरु जन्मेको त्यो 'रिडीकोट' ठाउँमा राम्रा झ्याल ढोका भएका ठुल्ठुला घरहरुमा बस्ने ठकुरी जातिहरु ठुला मानिए पनि जन सामान्यसँग उत्तिकै माया-ममता गर्ने खालका छन् तर पानीको समस्याले भने दुःख दिएकै रहेछ किनकी तलतिर बग्ने बुढीगङ्गा नदी हुँदाहुँदै बाटाका बर पीपलका छहारीमा थकाइ मार्ने बटुवा समेतलाई पानी पाउन मुस्किल भएको कुरा भ्रमणमा निस्केका म पात्र उल्लेख गर्दछन् । ऐति- हासिक ठुला कलाकृतिका राम्रा घरद्वार र निका खेत भएर पनि आखिर सुख-सुविधा नहुँदा बसाइ सराइ गर्दागर्दै त्यो ठाउँ अब खाली भएको कुरा कवि भट्ट त्यस क्षेत्रमा जाँदाको आफ्नो यात्रा वर्णनमा लेख्छन् । 'बिम्कोटे' राजपाटको अन्त्यसँगै बिम्कोट क्षेत्र अँध्यारो भएको र अब अन्य कुनै जुनकिरीले उज्यालो गर्न नसक्ने लाक्षणिक भाव पोखेका छन् । राजा आउलान् भनेर आस गर्नेलाई लोकतन्त्रमा रमाऊ तर नेताका भर नपर भनी उल्लेख गरिएको छ :

कोट भएका सबै ठाउँमा, राजा थिए पैले ।
लोकतन्त्र फस्टाउँदै आयो, ती रहेन ऐले ॥ (सा.पा., :पृ.३९)

गास बासको व्यवस्था छैन, गरिब जनतालाई ।
आफ्नै घरको वास्ता छैन, हाम्रो नेताजीलाई ॥ (छै .पा., :पृ.३४)

नपर अछामी भाइ हो, नेताजीका भर ।
ढिँडो फाँडो खाई बस, मिठो आफ्नै घर ॥ (छै .पा., :पृ.३४)

पन्ध्रबिस क्षेत्रका जनताले रजौटाहरुलाई खुब पोसे पनि असिना, तुषारोले बालीनाली नोक्सान भई गरिबीको मारमा पर्दा समेत राजाले त्यहाँका जनतालाई दुःखमा साथ नदिई केही वास्ता नगर्दा सधैं पिल्सिनु परेको अवस्थामा अहिलेको माओवादी पार्टीले सुख सुविधा ल्याउने आश्वासनले जनता खुसी भएको कुरा कवि उल्लेख गर्दछन् । राजतन्त्रात्मक व्यवस्थाले त्यो ठाउँलाई नहेर्दा त्यस ठाउँका जनता आफ्नो बाहुबलको भरमा देउला र निगालाको डोका-डाला बुनेर सामान्य आमदानीले कठिन जीवन जीउन बाध्य भएको दुरावस्थालाई र त्यस ठाउँका स्थान देवता ऋषिदह, षोडषा र मालिका आदिको दैवभरमा जनधनको रक्षा हुने गरेको भनी कविले लेखेका छन् । त्यो ठाउँलाई 'मेल्लेख' भित्रको वन-जङ्गलका फूलहरुको सुगन्ध, हिमाली चिसो हावा, मौरीको भुनभुनाहट, पाकेका काफल आदिले वातावरण सुरम्य बनाएको छ । चाँदीका चवन्नीहरुका माला त्यस ठाउँका स्त्रीहरुको घाँटीका शोभा बनेका छन् भने ताजा खानाले राताराता गालामा झन सौन्दर्य थपेको छ । त्यहाँका खाद्य पदार्थहरुमा मकै, दही, चोतो (मुला) जस्ता सामान रहेका छन् । सुन्दर ठाउँ 'नन्देगडा' बाट पुरै अछाम देखापर्छ र त्यस ठाउँका अरु मौभेरी, दुपाल्त जस्ता स्थलहरुले सँगैको ब्राहमण बस्ती र त्यस भेगलाई अझ सुसज्जित तुल्याएको छ । ठुलो बरको रुख भएको गाउँमा बस्ने बाइगाईँ बाइ गाउँ बस्ने पण्डितहरु ज्योतिष विद्या जानेका तर पछि सबै बिर्सँदै गएका छन् र उपाध्यायबाट जैशी हुँदै तल झरेका छन् । 'थापागाउँमा' बस्ने साउँद जातिहरुको एकता बलियो रहेको छ किनकी हरेक सजिलो-अप्ठ्यारोमा एकजुट हुने बानीले गर्दा वर्षा ऋतुको बाढी झैँ उनीहरु खनिन्छन् भनी कवि उल्लेख गर्दछन् ।

म पात्रले धार्मिक संस्कारको सम्झना गर्दै कुमारलाई व्रतबन्धमा जनै र कन्यालाई घाँटीमा अनन्त (भगवानको नाममा १४गाँठा पारेर बनाइएको धागो) लगाउने गरेको अनि वैदिक विधिले विवाहादि संस्कारहरु सम्पन्न हुने गरेको अब भने आधुनिकताको नाममा नैतिक शिक्षा, सभ्य संस्कार त्याग्दै गरेको अवस्था प्रति उदेक लागेर आउने कुरो गर्दछन् । नाता

सम्बन्धको सम्बोधनलाई फेरबदल गर्दा म पात्र खिन्न छन् । उहिलेका कुरा खुइले भन्दै पश्चिमी सभ्यता भित्रिनु भनेको अछामी भाषा संस्कारमा भाषिक, सांस्कृतिक आक्रमण भएको दुःख व्यक्त गर्दछन् । म पात्रले भ्रमण गरेका 'रिठागाउँ' र 'कालाआम' क्षेत्रलाई शान्तिको कुन्जको रूपमा बयान गरेका छन् । यस क्षेत्रले मन्त्रिसम्म जन्माइ सकेको भनी उल्लेख गरेका छन् । मनिसलाई असल कीर्तिले अमर बनाउँछ । गाउँमा जन्मेर के भो ? ठुलो सानोको भेदभाव नगरौँ भन्ने समानता मूलक भाव व्यक्त गरिएको पाइन्छ । बयलपाटाको महेन्द्र मा. वि. यस क्षेत्रकै खोलिएको पहिलो पाठशाला मानिए पनि अब त ठाउँठाउँमा स्कुलहरु खोलिएको कुरा उल्लेख गरेका छन् । बयलपाटा क्षेत्रमा दिनभरी राजनीतिक गफगाफ भैरहने हुनाले म पात्रलाई अचम्म लागेको कुरा उल्लेख गरेका छन् । पिउने पानीको धेरै समस्या भए तापनि पानसय क्षेत्रका 'काट्याँ' र 'मोटेना' ठाउँमा स्वाँर, बाहुन, बिष्ट, कुँवर लगायतका जातजाति मिलेर बसेका र त्यस माटोमा जन्मिदा लाटो भएपनि त्यस ठाउँको स्पर्शले चतुर हुन जाने कुरा उल्लेख गरेका छन् । त्यहाँको प्राकृतिक सौन्दर्य- लाई परिको कम्मरसँग दाँजेर महिमा मण्डित तुल्याएका छन् । बयलपाटाको संस्कृति सभ्यता र नयाँ ज्ञान दिने विद्यालयमा आफू पनि युवा छँदा रुझे-भिझेको हुनाले त्यस ठाउँको सम्झना आई रहने कुरा काव्य खण्डमा उल्लेख छ ।

**(ऊ) स्वच्छन्दतावादी भाव प्रवाह**

कवि भट्टका काव्यहरुमा पाइने प्रवृत्ति तथा विशेषता मध्ये स्वच्छन्दतावादी भाव प्रवाह पनि एक हो । प्रथम चरणको काव्य रचना प्रारम्भबाट नै स्वच्छन्दतावादी भाव धारालाई अवलम्बन गर्दै कवि भट्टले लोकलयको प्रयोग गरेको देखिन्छ । हिमाली र पहाडी भेगका प्राकृतिक वस्तुहरुको चित्रणसँगै सामाजिक, सांस्कृतिक चित्रणले रङ्गिएर काल्पनिकता पनि सहज ढङ्गले प्रस्तुत भएको काव्यमा उनले अतीतको यात्रा गरी प्रकृतिगान, वीरहरुको महिमा गान अनि वर्तमान प्रति असन्तुष्टि प्रकट गर्दै दुःखी गरिबप्रति सद्भाव व्यक्त गरेको पाइन्छ । मानव र प्रकृति बिचको परस्पर सम्बन्ध अति निकट छ भन्दै प्राकृतिक वस्तुलाई मानवीकरण गरी काल्पनिक ढङ्गले प्रस्तुत गरेका छन् । कवि भट्टका कवितामा प्राकृतिक सुन्दरताको वर्णन आत्मपरक स्वरभित्र भावुक, सुकोमल, मार्मिक अभिव्यक्तिका साथ प्रस्तुत भएको देखिन्छ । कविको प्रफुल्ल मन भएको बेला एका बिहानै एक्लै अँधेरी खोलामा ऐँसेलु खाँदै चराहरुको चिँचिँ र चुँचुँले भरिएको सारङ्गीको धुनमा आनन्दित हुँदै अगाडि बढ्दै जाँदा 'दहपाटा' गाउँ आई पुगेको पत्तै भएन रहेछ जहाँ 'खनाल' बाहुनहरुको बस्ती थियो ।

नवाठाना, दहपाटा जस्ता वरिपरिका गाउँहरुबाट 'माउलाखडी'को दोहोरीमा मालिका पूर्णिमाका दिन सहभागी हुन रमितेहरुको ठुलो भीड लाग्ने गर्दछ । त्यहाँको बिम्कोटे राज्यको झल्को र मेल्लेख, नन्देगडा वरपरको प्राकृतिक छटा पनि वर्णनभित्र समावेश छ । जस्तै : युवतिका कम्मर जस्तो, तलको कर्णाली ।

मलाई हेर डाँडाकाँडा, शिरको घुम्टो फाली ॥ (प्र.पा., :पृ.४)

नलजाऊ प्रकृति मेरी, हेर्न देऊ मलाई ।

खुसुक्क लुकेर हाँस, बादललाई छकाई ॥ (प्र.पा., :पृ.५)

कुम जोडी मिलेका डाँडा, धन्य धर्ती माता ।

विश्वकी सुन्दरी रैछ्यौ, प्रकृतिकी गाथा ॥ (प्र.पा,. :पृ.६)

सबै डाँडा हाँसेकै छन्, प्रकृति फुल्नाले ।

श्रीबन्दी शिरको हिउँ, शोभा भई दिनाले ॥ (प्र.पा., :पृ.११)

साँफे क्षेत्रलाई आकासको चन्द्रमा बस्ने थलो हो र आकाशकी चाँदनी त्यस ठाउँमा झुलेकी, वरिपरिका डाँडा-काँडाका हरियालीले प्राकृतिक यौवन प्राप्त भई साँफेको लालिमा चढेको, मनलाई चङ्गा बनाउन सक्ने बुढीगङ्गा स्वर्गबाट झरेर बाजुरा जिल्लालाई सिरानी बनाएर सुतेकी भनेर कवि बयान गर्दछन् । वनका डाँफे मुनाल पन्छीहरु नाँच्ने त्यस ठाउँमा कोदो र धानको उब्जनी नभए पनि मानिसहरु आलु, फाँपर, कन्दमुल, मूला, शिकार आदि खाई बाँचेकै छन् । भौन्यारा, जडाङ्गा जस्ता ठाउँहरुबाट छिपे खोलाले बगाउँदै ल्याएर आएको शिवलिङ्गलाई त्यहाँका जनता मिली 'तासीपाटा' भन्ने ठाउँमा स्थापना गरेका छन् । साँफेको बिचबाट बग्ने छिपे खोलाले त्यस ठाउँलाई नबगाई बचाएर राखे हुने थियो भनी कवि आश गर्दछन् । काल भैरव नामका देवतालाई त्यस साँफेमा सैनिकी पहरा दिई सुरक्षित गरी राख्न प्रार्थना गरेका छन् कविले । बर्षामा आउने खोलाको बाढीले कहींकतै नोक्सान गरे पनि सबैको अस्तित्वसँग जुडेको त्यस छिपे खोलाले त्यहाँका विमानस्थल लगायत सबै सेरोफेरो नोक्सान नगरिदिए हुन्थ्यो भनी शुभ कामना पनि गर्दछन् । भएभरको धनले किनेको खेत बारीमा वालुवै वालुवा थुपारेर धेरै नोक्सानी गर्दा खोलाले दिएको शास्ती अनि पैह्रो आएर 'गिजाडा'को तोरी फल्ने राम्रो उब्जनी हुने फाँट बगाउँदा त्यस ठाउँका मानिसहरु धुरुधुरु रुन बाध्य भएका छन् । विमानस्थल लगायत 'गुन्डाँडा'को वरको रुखलाई कविले असाध्यै माया गर्ने हुँदा मर्ने बेलासम्म पनि सम्झिरहूँ भनेका छन् । विमान स्थल भएको नवाठाना र

दहपाटालाई भाग्यमानी मानेका छन् भने रमाइलो 'रिडिकोट'को डाँडालाई निधारको पवित्र टिकोको अलङ्कार झैँ मानेको छन् :

नवाठाना दहपाटा, एरपोर्टको सिउँदो हो ।
रिडिकोट रमाइलो डाँडो , निधारको टिको हो ॥ (चौ.पा., :पृ.२४)

नागबेली परेको चुल्ठो, कतै कैलाश खोला ।
बार(ह्र)डाँडा हाँसेकै छन्, कस्तो पैरन होला ॥ (प्र.पा., :पृ.११)

## ४.७ संरचना बनोट/ सर्ग विधान

संरचना दुई किसिमको हुन्छ : आन्तरिक र बाह्य । कविता कृतिको बाह्य संरचना त्यसका लयात्मक खण्ड/ गण र विश्राम भई पाउ/ चरण वा पङ्क्ति तथा श्लोक वा अनुच्छेद विधानसँगै थालिन्छ र त्यसका विविध भाग परिच्छेद हुँदै विस्तारित हुन्छ अनि खण्डकाव्यमा पुग्दा सर्ग योजना पनि देखा पर्न सक्छ । वस्तुतः कविताको बाह्य संरचना भाषिक वा शैलीगत प्राप्ति हो । कविता कृतिको आन्तरिक संरचना चाहिँ त्यस कृतिमा अँगालिएको कथन पद्धतिका माध्यमबाट थालिन्छ र सिधै कवि कथन, आख्यानीकरण कथन पद्धतिकै भेद हुन् । कविताको आन्तरिक संरचना मुख्यतः केन्द्रीय कथ्य भाव विचारको उठान, विकास र अन्तिम रागात्मक परिणतिको यात्रा पथ ठहर्छ । आन्तरिक संरचनाले प्राकारान्तर द्वारा द्वन्द्वात्मकता समन्वय, पुनरावृत्ति, सञ्चयन, र खण्डखण्डका स्वतन्त्र साहचर्य जस्ता विभिन्न प्रक्रियाबाट बुनोट प्रदान गर्दछ । यो बुनोट वृत्ताकार, चक्रात्मक, खण्डीय तथा स्वतन्त्र साहच- र्यात्मकता हुने ठानिन्छ । (त्रिपाठी र अन्य, २०६० : पृ.१७-१८)

सर्ग खण्डकाव्यको ऐच्छिक तत्व भए पनि रचनाकारको अनुभूति सुसङ्गठित गर्न पाठक या भावकलाई सरल र बोधगम्य बनाउनका लागि पनि यसको विधान गरिन्छ । सर्ग विधान भन्नु कृतिको संरचना बनोट पनि हो । कृतिको आकार प्रकार र योजना नै सर्ग विधान हो । खण्डकाव्यमा यति नै सर्ग हुन्छन् भनेर किटान गरेको पाईंदैन । भावनाको सुगठित अभिव्यक्तिका निम्ति पनि सर्ग विधानको भूमिका महत्वपूर्ण रहेको हुन्छ । (खतिवडा, २०५४ :पृ.५९)

'तुर्माखाँद-चौखुट्टे' गीतियात्रा काव्य (२०६७) कवि हर्ष प्रसाद भट्टको दोस्रो खण्ड-काव्यात्मक कृति हो । संरचनागत दृष्टिले हेर्दा सातवटा पाइलामा विभाजित भए पनि लोकलय सवाइ छन्दका दसवटा विभिन्न शीर्षकबद्ध काव्यखण्ड यसमा रहेका छन् । तीँ पाइलालाई नै यस खण्डकाव्यका शाखा वा सर्गको रुपमा बुझ्न सकिन्छ किनभने यात्राक्रमको

पाइलाका हरेका काव्यिक पाइलामा एक निश्चित क्षेत्र पहिचान र प्रसङ्ग जोडिएको अवस्था छ । कविको रचना 'हेर मेरो अछाम' शीर्षकबद्ध भूमिकाको कविता शास्त्रीय छन्द मन्दाक्रान्तामा संरचित छ । नत्रभने 'पाठकहरुमा विन्ति' नामक अर्को कविकै रचनाको भूमिकायुक्त कविता पनि सवाई छन्दमा संरचित छ । यस खण्डकाव्यमा सवाई छन्दका ८६४ पङ्क्तिहरू अर्थात् ४३२ श्लोकमा आबद्ध सातवटै पाइलाका दसवटा विभिन्न शीर्षकका खण्डमध्ये प्रथम पाइलामा ९९वटा श्लोकको पहिलो खण्ड 'तुर्माखाँदबाट फर्कंदा' (पृ. सं. १-१० सम्म) र १४ वटा श्लोकको दोस्रो खण्ड 'छबिस क्षेत्र मङ्गलसैनबाट हेर्दा' (पृ. सं. ११-१२ सम्म) गरी जम्मा २ वटा खण्ड रहेका छन् । दोस्रो पाइलामा ५७ वटा श्लोकको सङ्ख्याको खण्ड 'जयगढदेखि रिडिकोट यात्रा' (पृ. सं. १३-१८ सम्म) एउटा मात्र र तेस्रो पाइलामा पनि ३६ वटा श्लोक भएको एउटै खण्ड 'पन्ध्रबिसमा पाइलो टेक्ता' (पृ. सं. १९-२२ सम्म) रहेको छ । २१ वटा श्लोकको खण्ड 'साँफे-दयेगडा' (पृ. सं. २३-२४ सम्म), ३३ वटा श्लोकको खण्ड 'दयेगडाको भ्रमण दृश्य' (पृ. सं. २५-२८ सम्म) र ९ वटा श्लोक भएको खण्ड 'यात्रामा कवयित्री सुन्तलीसँगको प्रश्न उत्तर' (पृ. सं. २९-३० सम्म)का गरी जम्मा तिनवटा शीर्षकबद्ध खण्डहरू चौथो पाइलामा रहेका छन् । पाँचौं पाइलामा ३१ वटा श्लोकको आठौं सङ्ख्याको एउटा मात्र खण्ड 'जीमराडी एक तीर्थ' (पृ. सं. ३१-३३ सम्म) रहेको छ । छैठौं पाइलामा काव्यको ४७ वटा श्लोकको नवौं सङ्ख्याको एउटा मात्र खण्ड 'श्रीकोटदेखि चौखुट्टेसम्म' (पृ. सं. ३४-३८ सम्म) रहेको छ भने सातौं पाइलामा ८५ वटा श्लोक भएको दशौं खण्ड 'अछाम छोडी प्रवास जानेलाई चौखुट्टेबाट सन्देश' (पृ. सं. ३९-४७ सम्म) रहेको छ । यसरी ४७ पृष्ठको यस मझौला कदको खण्डकाव्यमा कवि भट्टका लघु आयामका न्यूनतम ९ श्लोकदेखि लिएर अधिकतम ९९ श्लोक सम्मका जम्मा ४३२ श्लोकहरुको ८६४ पङ्क्तिपुञ्ज रहेको छ । (तुर्माखाँद-चौखुट्टे, काव्य अनुशीलन)

कवि हर्ष प्रसाद भट्टको 'तुर्माखाँद-चौखुट्टे' गीतियात्रा खण्डकाव्यका विवेच्य कविताहरु सवाई छन्द लोकलयका रहेका छन् । प्रगीतात्मक रहेका कवितामा उनले प्रेम, प्रकृति, धर्म, सामाजिक परिवेश, आर्थिक राजनीतिक सम्बन्ध र सन्देशहरु प्रत्यक्ष अनुभवको आधारमा प्रस्तुत गरेका छन् । कवि भट्टले यस काव्यमा आफ्ना अनुभूति र प्रभावहरुलाई क्रमबद्ध व्यवस्थित गर्ने गरेको पाइन्छ । कविताका पङ्क्तिहरुको अभिप्राय अनुरुप नै शीर्षकहरु चयन भएका छन् । काव्यमा पटक पटक शब्द, पदावली, वाक्यांश आदि एकाइको आवृत्ति भइरहनु उनका कवितामा पाइने संरचनात्मक विशेषता नै हो । काव्य भित्रका कविताहरु वृत्तात्मक वा चक्रात्मक दुवै ढाँचामा निर्मित छन् । यी भाषिका एकाइहरुको पुनरावृत्तिले कवितामा

प्रारम्भदेखि मूल कथ्य अन्विति सूत्रमा बाँधिएको र त्यसको केन्द्रियता कवितामा कायमै रहन पुगेको छ । लेख्य चिह्नहरुको कम प्रयोग भएको तर सङ्क्षिप्त विषयगत कथन, श्रुति मधुर, अनुभूतिमय तथा पाठक वर्गलाई एकल र एकीकृत रुपमा प्रभाव पार्ने खालका कविता यस खण्डकाव्यमा सङ्ग्रहीत छन् । रागात्मक र काल्पनिक भावधारा रहेका कवि भट्टका कविताहरुमा वैयक्तिक संवेग पनि ओतप्रोत छ । चिह्नको अधिकतम प्रयोग भएको यस काव्यमा प्रश्नवाचक चिह्न (?) ३१ ठाउँमा, विस्मय सूचक चिह्न (!) ८ ठाउँमा, उद्धरण चिह्न ("....") एक ठाउँमा, योजक चिह्न (-) ९ ठाउँमा, र अल्प विराम चिह्न (,) ८६४ ठाउँमा प्रयोग भएको पाइन्छ ।

## ४.८ लय विधान

प्रस्तुत 'तुर्माखाँद-चौखुट्टे' गीतियात्रा काव्य 'पर्यायबन्ध'मा कवि हर्ष प्रसादले सवाई ( लोक) छन्दको प्रयोग गरेका छन् । यो नेपाली लोक छन्द हो । यसका विभिन्न भेद छन् । नेपाली कवितामा बाह्र, तेह्र, चौध, पन्ध्र, सोह्र, अक्षर वा यसभन्दा पनि बढी अक्षर भएका विभिन्न पाउ पाइन्छन् । सवाई छन्द नेपाली समाजमा ज्यादै लोकप्रिय भएकाले 'गोपाल पाण्डे' असीमले ह्रश्व दीर्घका नियम र 'धरणीधर कोइराला'ले पनि सवाई छन्दमा कविता लेखेका छन् । (देवेन्द्र प्रसाद भट्ट, शोधपत्र, २०६२ : पृ. ३९)

चौध अक्षर भएको श्लोकमा शुरुको प्रत्येक आठौं अक्षरमा विश्राम हुन्छ । जस्तै :

बारै मैना पूर्णिजस्तो, औंसीले छुँदैन ।
सुँगाली जन्मेको मान्छे, दुर्भागी हुँदैन ॥ (दो.पा., :पृ.१५)

किन लुकी लिँडि (ठाउँ) कठै, सुँगालीका पाख ।
सुँगाली सुन्दर भूमि, परेनकी भाग । (दो.पा., :पृ.१५)

स्वर्गको आनन्द मिल्छ, प्रभालका भुवा ।
जन बिर्स्यै भुओ खेल्न, आधुनिक युवा ॥ (चौ.पा., :पृ.२८)

पन्ध्र अक्षर भएको श्लोकमा शुरु नौ अक्षरमा विश्राम हुने श्लोकको उदाहरण जस्तै :

बाजुरा सिरानी बनाई, गङ्गा सुतेकी छन् ।
आकासकी चाँदनी सधैं, यहाँ झुलेकी छन् ॥ (चौ.पा., :पृ.२३)

रङ्गीचङ्गी फुलको तन्ना, ओछ्याए जस्तो छ ।
सरस्वतीको सुत्ने कोठा, यै होला जस्तो छ ॥ (चौ.पा., :पृ.२५)

मल्लकालीन अक्षमल्ल, राज्य गर्थे पैले ।

अछामको नाम रह्यो यो, भनाई छ ऐले ॥ (सा.पा., :पृ.३९)

सोह्र अक्षरे श्लोकमा शुरुका आठौं या नवौं अक्षरमा विश्राम हुने उदाहरण जस्तै :

टिकट चोरे थैली चोरे, गरिब नेपालीका ।

धर्मका ठेकेदार बने, भारती नेपालका ॥ (पाँ.पा., :पृ.३१)

यात्राको सन्देश सुनी, शिवरात्री आइजाया ।

लोकतन्त्रको नौलो फुल, टिपेर खाइजाया ॥ (छै.पा., :पृ.३६)

मुखैमा छ बुढी गङ्गा, ठण्डोजल खानलाई ।

पूर्वजन्म जित्नु पर्छ, यो भूमि पाउनलाई ॥ (छै.पा., :पृ.३७)

सत्र अक्षरे श्लोकका शुरुका नवौं या दशौं अक्षरमा विश्राम भएको उदाहरण :-

हार बेची कम्पनी बेची, पेट पाल्ने खेत लियो ।

नून्का आँसु चटाइ चटाइ, दिनु नै दुःख दियो ॥ (चौ.पा., :पृ.२४)

छिपेखोला ढुङ्गा फुलाई, माटो लैगई बगाई ।

सिउँदोको सौभाग्य उडाई, जन्ता सबै रुवाई ॥ (चौ.पा., :पृ.२४)

सत्र अक्षरभन्दा पनि बढी अक्षरले बनेका सवाईको नमुना पनि यस काव्यमा कतैकतै भेटिएका छन् :

पञ्चदेवल विनायकमा, पाँच पाण्डव जस्ता छन् । (सा.पा., :पृ.४०)

जब युवा परेट खेल्दै, ढाल तरबार चल्काउँछ । (चौ.पा., :पृ.२८)

गाउँ बनाउँछ देश चिनाउँछ, असल राजकर्मिले । (छै.पा., :पृ.३५)

उपर्युक्त नमुनामा आएका श्लोक पङ्क्तिहरूबाट 'तुर्माखाँद-चौखुट्टे' काव्यको छन्द विधानमा सचेत आयोजनाको पाइन चढेको स्पष्ट देखिन्छ । फलतः तुर्माखाँद-चौखुट्टे काव्य आफ्नै उचाइको छन्द प्राप्तिको शिखर हो तापनि सौन्दर्यका दृष्टिले प्रस्तुत काव्य कवि भट्टको 'प्याउली गुलाफ' पछिको छन्द साधनाको दोस्रो उत्कृष्ट रुप हुन पुगेको प्रतीत हुन्छ ।

## ४.९ शिल्प विधान

### (क) शब्दालङ्कार

शब्द-प्रयोगमा सौन्दर्य र चमत्कार भयो भने शब्दालङ्कार हुन्छ । (थापा, हिमांशु, साहित्य परिचय : पृ.२६२) कवि हर्ष भट्टको 'तुर्माखाँद-चौखुट्टे' गीतियात्रा काव्य मूलतः

अलङ्कार साधना सापेक्ष काव्य होइन । भाव साधना नै कविको मूल उद्देश्य हो तर यसमा अलङ्कार चेतनाको स्पर्श पर्याप्त पाइन्छ । प्रस्तुत काव्य सचेत रुपले अलङ्कारको सहारा लिएर लेखिएको प्रतीत हुन्छ । भावनिष्ठ कविले भाव साधनाको निम्ति अलङ्कार स्विकारेको अनुभव हुन्छ । हर्ष प्रसाद भट्ट भावनिष्ठ कवि हुन् शब्द चमत्कृति र अर्थ चमत्कृति पनि उनको अभीष्ट होइन रपनि प्रस्तुत तुर्माखाँद-चौखुट्टे काव्यमा अनुप्रास, यमक आदि शब्दालङ्कारको प्रयोग गरिएको छ । अझ महाकवि कालिदासको उपासना गरेका कवि भट्टले कालिदासको 'उपमा' झैँ ४३२ श्लोके प्रस्तुत काव्यका ४२१ श्लोकमा 'अनुप्रास' अलङ्कारको प्रयोग हुनुले गेयात्मक सौन्दर्य निखारिएको छ । वाक्यका शब्दमा एउटा वा धेरै अक्षर क्रमैले दोहोरियो भने अनुप्रास अलङ्कार हुन्छ । (थापा, हिमांशु, साहित्य परिचय : पृ. २६३)

अनुप्रास अलङ्कार : पृथ्वीमा किन आयौ, आकासकी चाँदनी ।
वसन्त ऋतुमा आउँला, तुर्माका खाँदनी ॥ (प्र.पा., :पृ.१)
तुर्माखाँदका डाँडाकाँडा, अब छुट्न लाग्या ।
सम्झना मनमा आउँदा, मुटु चुँड्न लाग्या ॥ (प्र.पा., :पृ.१)

माथिका दुवै श्लोकमा चाँदनी, खाँदनी, छुट्न लाग्या, चुँड्न लाग्या जस्ता शब्द दोहोरिएर आउँदा अनुप्रास अलङ्कारले सजिएर श्रुतिमाधुर्य बढेको छ ।

'यमक' शब्दको अर्थ युग्म या जोडा वा दुई हो । धेरै अर्थ बुझाउने एउटै शब्द दोहोरियो भने यमक अलङ्कार हुन्छ वा एउटै शब्द विभिन्न ठाउँमा र विभिन्न अर्थमा प्रयोग हुन्छ । (थापा, हिमांशु, साहित्य परिचय : पृ. २६६)

यमक अलङ्कार : १. प्रभुनाथ जन्मनु त्यहाँ, प्रभुकै कृपा हो ।
वयोबृद्ध नेता हाम्रो, दार्शनिक स्रष्टा हो ॥ (प्र.पा., :पृ.३)
२. ठुलासैन ठुला घाँडा, नौमती बज्दा छन् ।
आउँने जाने बटुवाको, चित्त नै चोर्दा छन् ॥ (प्र.पा., :पृ.८)
३. जैगढ त जैगढै रैछ, मोरकै प्वाँख रैछ ।
आफु नाची अरुलाई, दर्शन दिने रैछ ॥ (दो.पा., :पृ.१३)

उपर्युक्त १ श्लोकमा दोहोरिएको 'प्रभु' शब्दमा पहिलाको अर्थ व्यक्ति (मानव) र दोस्राको ईश्वर (भगवान) भन्ने रहेको छ । श्लोक २ मा दोहोरिएको 'ठुला' शब्दले पहिलोको अर्थ स्थल या ठाउँ विशेष र दोस्राको बजाउने बाजाको आकार विशेष भन्ने रहेको छ । श्लोक ३ मा दोहोरिएको 'जैगढै' शब्दमा पहिलोको अर्थ ठाउँ विशेष र दोस्राको जीताहाहरुको गढ (किल्ला)

भन्ने रहेको छ । कविद्वारा यसरी शब्दालङ्कार यमकको प्रयोग गरिएको उदाहरण स्पष्ट रुपमा बुझ्न सकिन्छ ।

श्लिष्ट पदहरूद्वारा अनेक अर्थ व्यक्त गर्नु श्लेष अलङ्कार हो । (थापा, पूर्व.. :पृ.२६६)

श्लेष अलङ्कार : १. मेघधारा बनी बर्षा, बर्षामा आओल्लाई ।

एक बादलले दुःखदियो,अर्को कसो होल्लाई ॥ (चौ.पा., :पृ.३०)

२. त्यो आधा चन्द्रमा रैछ, म हूँ पूर्ण चन्द्र ।

तिमीलाई हेर्न म आउँला, अषाढको पन्ध्र ॥ (चौ.पा., :पृ.३०)

३. कुइरो भई म आउँला, तिम्रा घर भेट्न ॥

मेघले त्यो टाउको भिज्ला, तिर्खा तिम्रो मेट्न ॥ (चौ.पा., :पृ.३०)

उपर्युक्त श्लोक १ मा आएका 'बर्षा' शब्दले कवि र वर्षाको पानीलाई अर्थ्याएका छन् । उसै गरी श्लोक २ को 'चन्द्र' शब्दले कवि र चन्द्रमा अर्थ दिएका छन् भने श्लोक ३ को 'कुइरो' शब्दले कवि र हूस्सू भन्ने अर्थ दिएर अर्थालङ्कार श्लेषको सुन्दर प्रयोग गरिएको बुझ्न सकिन्छ ।

**(ख) अर्थालङ्कार**

शब्दको अर्थमा मात्र सौन्दर्य र चमत्कारको सिर्जना भयो भने अर्थालङ्कार हुन्छ । ( थापा, हिमांशु, साहित्य परिचय : पृ. २६३) 'तुर्माखाँद-चौखुट्टे' काव्यमा अर्थालङ्कारको प्रयोग परिष्कृत ढङ्गले गरिएको छ । प्रयुक्त भएका अलङ्कारलाई छुट्याउन भने केही कठिन पर्छ । अलङ्कारको पूर्ण रुप विकसित अवस्थामा आइ पुग्नुमा भन्दा तिनको तरल आभा वास्तविकता मात्र ग्रहण गर्नतिर कवि भट्टको अलङ्कार चेतना केन्द्रित रहेको छ तापनि ती प्रायः पूर्ण विकसित रुपमा छैनन् । अर्ध विकसित, अल्प विकसित र ध्वनित रुपमा प्रतीत छन् । यस प्रकार अलङ्कारको मर्माङ्कुर मात्र लिनु रोमान्टिक कविको धर्म नै हो । त्यसैले पनि प्रस्तुत काव्यमा उपमा, रुपक, अतिशयोक्ति, उत्प्रेक्षा आदि अर्थालङ्कार आकर्षक र भावोद्दीपक बनेका छन् । उप भनेको नजिक वा छेउ हो । एउटा वस्तुको छेउमा अर्को वस्तुलाई राखेर त्यसको समानता प्रस्तुत गर्नु नै उपमा हो । उपमा अलङ्कारमा चार तत्व हुनु आवश्यक छ : उपमान, उपमेय, सादृश्य वाचक र धर्म । (थापा, हिमांशु, साहित्य परिचय : पृ. २६८)

उपमा अलङ्कार : युवतीका कम्मर जस्तो, तलको कर्णाली ।

मलाई हेर डाँडाकाँडा, शिरको घुम्टो फाली ॥ (प्र.पा., :पृ.४)

त्यो वीरका छाती जस्तो, धन्य घोडासैन ।
म दुरै तँ पनि दुरै, मेरा लागि भइन ॥ (प्र.पा., :पृ.४)

उपमेयमा उपमानको आरोप नै रुपक हो । एक वस्तुसँग अर्को वस्तुलाई अभिन्न हुने र अन्तर नहुने गरी राख्नु नै आरोप गर्नु हो । (थापा, हिमांशु, साहित्य परिचय : पृ. २७०)

रुपक अलङ्कार : हिरा धर्मी रुक्मणिका, कोयलीका स्वर ।
विदाइका क्षणमा नाचिन्, चन्द्रकला मोर ॥ (प्र.पा., :पृ.१)
हिरा र मोतीका दाना, बालुवाका थुम्का ।
टलक्क टल्कने ढुङ्गा, सुन्दरीका झुम्का ॥ (प्र.पा., :पृ.३)

उपमेय र उपमानमा साधारण धर्म विम्ब र प्रतिविम्ब भावमा व्यक्त भयो भने दृष्टान्त अलङ्कार हुन्छ । अघिल्लो वाक्यको एउटै विचार वा भावलाई पछिल्लो वाक्यले सोही कुरा सिद्ध गर्दछ भने त्यो दृष्टान्त अलङ्कार हो । (थापा, पूर्व.. :पृ.२७०)

दृष्टान्त अलङ्कार : स्वर्ग नर्क जन्म थलो, काँ छ अर्को स्वर्ग ।
तीर्थ आफ्नै मशान घाट, नबुझ्ने हुन् मूर्ख ॥ (पाँ.पा., :पृ.३२)
ज्ञान इन्द्रिय ज्ञान दिन्छ, कर्म इन्द्रिय काम ।
दौडने इन्द्रिय रोक्छ, मन हो त्यो लगाम ॥ (पाँ. पा., :पृ.३३)

साधारण वर्णनलाई पनि असाधारण रुपमा वर्णन गरिनेलाई अतिशयोक्ति भन्दछन् । अतिशय भनेको ज्यादै र उक्ति भनेको कथन हो । (थापा, हिमांशु, पूर्ववत् ... : पृ.२७३)

अतिशयोक्ति अलङ्कार : बस बस निको मान्या, तुर्माखाँदका फुल ।
पानी भई बर्सी आउँला, तिम्रा झुल झुल ॥ (प्र.पा., :पृ.२)
यदुनाथ कृष्णका द्यौडा, सेता रुप्स्या गाथ ।
पूर्णिमा नै चुम्न आउँथे, सातलाका साथ ॥ (दो.पा., :पृ.१६)
आकाशको चन्द्रमा बस्छ, साँफेको छातीमा ।
डाँडाकाँडा हरियाली, साँफेको लालिमा ॥ (चौ.पा., :पृ.२३)
बाजुरा सिरानी बनाई, गङ्गा सुतेकी छन् ।
आकासकी चाँदनी सधैं, यहाँ झुलेकी छन् ॥ (चौ.पा., :पृ.२३)

स्वभावोक्ति भनेको कुनै पनि प्राणी वा वस्तुको मिल्दो र सुहाउँदो वर्णन हो । (थापा, हिमांशु, साहित्य परिचय : पृ. २७६)

स्वभावोक्ति अलङ्कार : जनडरा पापी मन, उकालो देखेर ।

हिँड्न पर्छ वीरहरुले, काँडामा टेकेर ॥ (छै.पा., :पृ.३७)

जीवन छ उकालो बाटो, पाइन्या छैन पालो ।

घर गृस्थि भई बाँच्नेलाई, पाईँदैन मुकालो ॥ (छै.पा., :पृ.३७)

दुई वा धेरै वस्तु, व्यक्तिको वास्तविक रूपमा विरोध नभए पनि विरोधको झझल्को हुनु नै विरोधाभास अलङ्कार हो । (थापा, हिमांशु, साहित्य परिचय : पृ. २७७)

विरोधाभास : दै खान्थे कुराउँनी खान्थे, खान्थे दुध घिउ ।

दूधको सट्टा रक्सी पिउँछन्, सुकाइ सके जिउ ॥ (सा.पा., :पृ.४३)

राष्ट्रका सम्पत्ति हाम्रा, परियार लजाए ।

नर्सिङ कर्नाल ताल सबै, घोडकिला निदाए ॥ (सा.पा., :पृ.४५)

एउटा भनाइलाई अर्को भनाइद्वारा पुष्टि वा समर्थन गर्नु नै अर्थान्तरन्यास हो । सामान्यले विशेषको र विशेषले सामान्यको पुष्टि यसमा हुन्छ । (थापा, पूर्व... :पृ.२८२)

अर्थान्तरन्यास अलङ्कार : स्वर्गभन्दा ठुलो हुन्छ, आफ्नै जन्मभूमि ।

घाटमै डुबुल्की हान, मोक्ष पाउँ भनी ॥ (पाँ.पा., :पृ.३२)

भावनामा लुकेको छ, यो सारा ब्रह्माण्ड ।

नेपालै स्वर्ग छ हाम्रो, विश्वमै अखण्ड ॥ (पाँ.पा., :पृ.३२)

उपर्युक्त सवाई छन्दका श्लोकहरु उदाहरणका लागि दिक्सङ्केत मात्र हुन् तैपनि तिनबाट 'तुर्माखाँद-चौखुट्टे' गीतियात्रा खण्डकाव्यमा अर्थालङ्कारको अलङ्कार धर्मिताले परिसिञ्चित भएको प्रतीत हुन्छ । यहाँ अलङ्कारले भावलाई जीवन्त र ज्वलन्त बनाएको तथा सन्दर्भ प्रसङ्गोचित तुल्याएको देखिन्छ । अलङ्कार बाहिरबाट थोपरिएका प्रतीत नहुनु र तिनले भावलाई मर्मस्पर्शी बनाउनु प्रस्तुत काव्यभित्र अलङ्कार योजनाको उल्लेख्य विशेषता हो ।

## ४.९ बिम्ब विधान

बिम्बको शाब्दिका अर्थ प्रतिमा, छाया, प्रतिबिम्ब, प्रतिकृति, मानसिक चित्र, सादृश्य इत्यादि हुन्छ । बिम्ब शब्द यी विभिन्न अर्थमा विस्तार भई यसको अर्थगत र प्रयोगगत क्षेत्रमा निकै व्यापकता आएको पाइन्छ । यसको सादृश्य विधान कुनै व्यक्ति या वस्तुको आकृति र त्यस सम्बन्धी अवधारणा, त्यसको पुनर्निर्माण, मानस पटल, कल्पना वा स्मृतिमा उपस्थित चित्र पनि जनाउँछ । बिम्बहरुको सामूहिक रुप नै बिम्ब विधान हो । (लुइँटेल, २०६० :पृ.११८)

कवितामा बिम्ब प्रयोग एकल शब्द, पदावली, वाक्य वा कतिपय सन्दर्भमा छोटो वा पूरै कवितामा पाउँन सकिन्छ । कवितामा बिम्ब विधानको आधिक्यता रहेको हुन्छ । हर्ष प्रसाद भट्टको यस काव्यमा पनि बिम्बको प्रयोग उपयुक्त ढङ्गले गरेको पाइन्छ । प्राकृतिक विषयवस्तु र जनजीवनबाट बिम्बको अधिकतम प्रयोग उनले गरेका छन् । जस्तै :-

तुर्माखाँदका डाँडाकाँडा, मखमली चौर ।
बसन्त ऋतुमा आउँला, म भएर भौँर ॥ (प्र.पा., :पृ.१)

इतिहासको झझल्को छ, सेल गाउँको चैतलो ।
एकै दिन दुई सूर्यले, चुम्बन गर्ने थलो ॥ (ते.पा., :पृ.२१)

आकासको चन्द्रमा बस्छ, साँफेको छातीमा ।
डाँडाकाँडा हरियाली, साँफेका लालिमा ॥ (चौ.पा.,:पृ.२३)

तिम्रो रुप आकास जस्तो, चाँदनी काँ लुक्यो ।
चिन्ताले जलेकी छौ की, अमृत किन सुक्यो ॥ (चौ.पा.,पृ.२९)

कालो रात्री निलो गगन, तिम्रो रै छ जीवन ।
बादल भई मडारी आउँकी, रात वा म दिन ॥ (चौ.पा., :पृ.२९)

कुइरो भई म आउँला, तिम्रा घर भेट्न ।
मेघले त्यो टाउको भिज्ला, तिर्खा तिम्रो मेट्न ॥ (चौ.पा., :पृ.३०)

कवि भट्ट कल्पनाको भाव लहरीमा लहरिँदै आफ्नो गृह जिल्ला अछामको लोभलाग्दो प्राकृतिक छटालाई आँखामा बसाउँन चाहन्छन् । कवि आफु वसन्त ऋतुको पुष्परसमा भमरा भै बिम्बित हुन लोभिन्छन् । प्रकृतिको काखमा बसेको साँफे बगर बजारको रमझम र चहकमहकमा सूर्यलाई विम्बन गर्न पुग्छन् । सहायक पात्र सुन्तली दुब्ला-एकोमा उनको रुप

आकासको चाँदनी र जवानी अमृतको हाल खबर नसोधी अगाडि बढ्दैनन् । सुन्तलीको स्वच्छ रुप आकासमा आफू कुहिरो तथा मेघ (वर्षाको पानी) भई तृप्ति दिन चाहन्छन् ।

## ४.१० प्रतीक विधान

प्रतीक शब्द 'सिम्बोल'को नेपाली रुपान्तरण हो । यसमा शब्दको व्युत्पत्ति ग्रिक क्रिया 'सिम्बालियन' तथा ग्रिक नाम 'सिम्बोलोन'बाट भएको हो । क्रियाका रुपमा यसको अर्थ एकैसाथ फाल्नु तथा नामका रुपमा यसको अर्थ सङ्केत वा चिह्न भन्ने हुन्छ । कुनै चिजलाई प्रतिनिधित्व गर्ने सजीव वा निर्जीव वस्तुलाई प्रतीक भनिन्छ । यसले भावलाई प्रभावपूर्ण पार्न ज्यादै सहयोग गर्छ । यो प्रस्तुत र अप्रस्तुत दुवै थरी हुन्छ । प्रस्तुत हुँदा यसले समान बिम्बको संयोजन गरी भावलाई आह्लादमय बनाउँछ, जस्तो : मुखरुपी चन्द्र । अप्रस्तुत हुँदा यसको प्रभाव सघन हुन्छ । कसैलाई 'तँ मूर्ख होस्' भन्दा त्यो भाव उत्पन्न हुँदैन जुन 'तँ गधा होस्' वा 'गोरु होस्' भन्दा उत्पन्न हुन्छ । यहाँ गधा र गोरु मूर्खताका प्रतीक हुन् ( लुइँटेल, २०६० : पृ. ११९) । कवि हर्ष प्रसाद भट्टको 'तुर्माखाँद-चौखुट्टे' पर्यायबन्ध काव्यमा जति बिम्बको प्रयोग पाइन्छ त्यति प्रतीकको पनि प्रस्तुति भएको छ :

राजतन्त्रको बिदाई सँगै, बिम्कोटै अँध्यारो ।
जूनकिरीले माया गर्दा, भएन उज्यालो ॥ (ते.पा., :पृ.१९)

उपर्युक्त श्लोकमा कवि भट्टले बिम्कोटे राजाको राजपाट समाप्त भएको उल्लेख गर्नुका साथै बिम्कोट क्षेत्रको चहलपहल हराएको अवस्थालाई प्रतीकात्मक रुपमा 'अँध्यारो' शब्दले द्योतन गरेको छ भने 'जुनकिरी' शब्दले त्यसपछिका समयमा आएका नेतृत्व वर्ग र 'उज्यालो' शब्द विकासको प्रतीक भई प्रस्तुत भएको छ ।

१. राजनीतिको पाठशाला, सिर्जनाको मूल ।
ऐना जस्तो बयलपाटा, कहिल्यै नभूल ॥ (दो.पा., :पृ.१७)

२. काँसे थाल हो पानसयको, काटै र मोटेनु ।
पानी बिना धर्ती सुख्खा, आँसुले भात खानु ॥ (दो.पा., :पृ.१७)

३. दुई चेलीको साडी च्यात्यो, ६३ पैह्राले ।
आद्र्वाली जीजाडी रवा, ठाउँ छोड्यो मौरीले ॥ (चौ.पा., :पृ.२४)

माथिका श्लोक १ मा आएको 'ऐना' शब्द छर्लङ्ग देखिने अर्थको प्रतीक हो । श्लोक २ मा आएको 'काँसे थाल' शब्दले डोल परेको या मिलेको राम्रो ठाउँको प्रतीकात्मक अर्थ दिन्छ । 'आँसु' शब्दले दुःखको प्रतीकलाई बुझाउँछ । श्लोक ३ मा आएको 'दुई चेली' शब्दले दुईवटा ठाउँ विशेषलाई अर्थ्याएका छन् । 'साडी' शब्दले इज्जत भन्ने अर्थ दिनुका साथै खोला किनाराको ठाउँ-जग्गालाई प्रतीकात्मक रुपमा बुझाएको छ ।

कवि भट्टले प्रस्तुत काव्यका अनेकौँ श्लोकमा यस्ता प्रतीकात्मक शब्दहरु दिएर आफ्नो कविता यात्राको विशिष्ट प्रवृत्ति झल्काएका छन् र यसलाई साध्य नभई साधन बनाएका छन् । परम्परागत प्रतीकभन्दा बढी निजी प्रतीकद्वारा कवितालाई कलात्मक, रागात्मक अनि संवेदनशील तुल्याउनुका साथै अर्थयुक्त पनि बनाइएको पाइन्छ र जसले गर्दा उनका कविताहरु जीवन्त र सशक्त पनि त्यत्तिकै छन् ।

## ४.११ कथन पद्धति

कृतिको समग्र भाषा नै कथन पद्धतिमा आधारित हुने भएकाले खण्ड काव्यात्मक तत्वका रुपमा कथन पद्धतिको भूमिका विशिष्ट रहेको छ । कवितात्मक अभिव्यक्ति भएको खण्डकाव्यमा कथन पद्धति दुई अवस्थामा विद्यमान देखिन्छन् : कवि प्रौढोक्ति र कवि निबद्ध वक्तृ प्रौढोक्ति । कवि स्वयम्ले केही व्यक्त गरेमा त्यो कवि प्रौढोक्ति हुन्छ भने कविले अर्कै वा पात्र आदिका माध्यमले प्रकट गर्ने प्रविधिलाई कवि निबद्ध वक्तृ प्रौढोक्ति कथन भनिन्छ । एउटै रचनाको कथनमा भिन्न यी पद्धतिको उपयोग कविले गर्न सक्दछ ( रमेश बहादुर धामी, 'शोधपत्र' २०६५ :पृ.१०७) । काव्यकार भट्टले प्रस्तुत 'तुर्माखाँद-चौखुट्टे' गीतियात्रा पर्यायबन्ध काव्यमा दुवै प्रकारका कथन पद्धतिको उचित प्रयोग गरेका छन् । कवि प्रौढोक्तिको नमुना :

फर्क फर्क हे अछामी, संस्कृति सम्झेर ।
मातृभाषा जन्मभूमि, मेरो हो भनेर ॥ (सा.पा.,पृ. :३९)
माथि डाँडा तल बस्ती, वरिपरि झर्ना ।
हरियाली वन सबै, अछामका उपर्ना ॥ (सा.पा., :पृ.३९)
यस्तो यो सुन्दर भूमि, छोडेर काँ जाल्लाई ।
साग सिस्नु बेथे फापर, मिठो काँ पाओल्लाई ॥ (सा.पा., :पृ.३९)
अछामको संस्कृति सबै, एवम् परम्परा ।

लोप हुँदैछन् किन आज, हाम्रा ती सम्पदा ॥ (सा.पा., :पृ.४०)
अछामीको जन्मथलो, अछाम नै हो ठुलो ।
बिर्सेका सन्तानलाई, कैले होला भलो ॥ (सा.पा., :पृ.४०)

उपर्युक्त लहरहरूमा संस्कृति र सभ्यताको धनी यहाँ राष्ट्रिय र अन्तर्राष्ट्रिय ख्याती प्राप्त व्यक्तित्वहरूको जन्मले गरिमामय भएको छ । प्राकृतिक हरियालीले भरिपूर्ण भएको सुन्दर अछाम जिल्लामा पोसिला र मिठा खाद्य पदार्थ पाइन्छन् । बदलिँदो समयानुसार अछामको संस्कृति, परम्परा र विभिन्न सम्पदा लोप हुँदै जान थाले । नाटककार पहलमान सिंह स्वाँर, गवर्नर, मन्त्री, सांसद, जस्ता राष्ट्रका गहना यसै अछाम जिल्लामा जन्मेका हुन् । 'राष्ट्र भाषा' नेपालीको जन्मथलोसँग सम्बन्धित क्षेत्र हो अछाम जिल्ला । यसलाई छाडेर जाने अछामीको भलो नहुने कुरा प्रत्यक्ष रुपमा कवि व्यक्त गर्दछन् । त्यसै गरी कवि निबद्ध वक्तृ प्रौढोक्ति कथन पद्धतिमा सहायक पात्र सुन्तलीसँग कविले बोल्न लगाइएको अवस्था यस प्रकार छ :-

लोग्ने छैन छोरा छैन, पीडामा बस्याकी ।
उमेरले अमृत सुक्यो, धर्ममा बस्याकी ॥ (चौ.पा., :पृ.२९)
कालो रात्री दुःखी जीवन, नसोध बादल ।
मेरो जीवन दुःखैमा छ, नघुम्यै बादल ॥ (चौ.पा., :पृ.२९)
मेघ धारा बनी वर्षा, वर्षामा आओल्लाई ।
एक बादलले दुःख दियो, अर्को कसो होल्लाई ॥ (चौ.पा., :पृ.३०)
मैले पनि खोजेको थैँ, पूर्णिमाको चन्द्र ।
आधा चन्द्र हराई सक्यो, पायाँ पूर्ण चन्द्र ॥ (चौ.पा., :पृ.३०)

प्रस्तुत हरफका माध्यमबाट काव्यकारले सहायक पात्र सुन्तलीलाई बोल्न लगाई कवि निबद्ध वक्तृ प्रौढोक्ति कथन पद्धतिको प्रयोग गरेका छन् । म पात्र कविको प्रश्नको उत्तरमा कवयित्री सुन्तली "लोग्नेले धोखा दिँदा र सन्तान नहुँदा दुःखी छु र अब उमेर ढल्कँदा अनाकर्षक भएँ । यो दुःखी जीवन कालरात्री समान भएकाले कुनै पनि उपाएले सुख मिल्ने छैन म एक्लै जीवन काटी हाल्छु । एउटै बर्से पानीले मात्रै मेरो जीवन हराभरा हुन सक्दैन । सधैँ भरी साथ मिल्ने भए मात्रै नत्र भने एउटा पुरुषले त दुःख दिएकै छ । तिम्रो पनि के को भर ? धोखा नदिने विश्वास पात्र खोजेकी थिएँ । सधैँ साथ पाइन्छ भने हामी मिलौँ । यहाँ कवि-कवयित्री बिच शारीरिक मिलनको सुयोग आउला नआउला तर पाठक मन हर्षाउन काव्यिक रस अवश्य छचल्केको छ र यस संवादात्मक प्रस्तुतिभित्र नाटकीय पद्धति

अर्थात् कवि वक्तृ प्रौढोक्ति कथन पद्धति र तृतीय पुरुष शैलीको उचित प्रयोग गरेका छन् कवि भट्टले ।

## ४.१२ भाषा शैली

कवितामा भाषा शैलीको पनि उत्तिकै महत्व र जीवन्तता रहेको हुन्छ । कविताको भाषाशैली भन्नु जुन अर्थको कथन कुनै कविता कृतिले गर्नु छ त्यसका निम्ति उपलब्ध भाषिक विकल्प मध्येबाट सबभन्दा बढी ललित र रागात्मक अनि व्यञ्जक र लयात्मक हुन सक्ने गरी वर्ण, शब्द, पदावली, वाक्यखण्ड, वाक्य र अनुच्छेद विधान समेत सिर्जित हुने कुरा हो । यस क्रममा भाषा अभिधार्थभन्दा पर लाक्षणिक र व्यञ्जक समेत बन्न पुग्दछ (त्रिपाठी, २०४६ :पृ.१९) ।

खण्डकाव्यमा तत्सम, तद्भव, र आगन्तुक जस्ता विभिन्न स्रोतका भाषिक शब्दहरुको चयन गरिन्छ । भाषिका दृष्टिले काव्यकार हर्ष प्रसाद भट्टको 'तुर्माखाँद-चौखुट्टे' गीतियात्रा 'लोककाव्य' (पर्यायबन्ध) तत्सम, तद्भव, झर्रो लोक भाषाको मिश्रित रुप हो । यस खण्डकाव्यमा लोकलय अन्तर्गत रहेको लोक देउडा गीतलाई भाषिक श्रोत बनाएको छ । कतिपय ठाउँमा तत्सम, तद्भव शब्दको प्रयोग गरिए पनि उनका अन्य कृतिहरुको दाँजोमा सम्पूर्ण खण्डकाव्य लोक भाषाको बहुल प्रयोग गरिएको काव्यका रुपमा तुर्माखाँद-चौखुट्टेलाई नै लिइन्छ । लोकभाषाको उचित प्रयोगबाट सम्पूर्ण खण्डकाव्यको भाषाशैली नै सुबोध, सरल र सरस बनेको छ । कविले भाषा शैलीलाई सुन्दर बनाउनका साथसाथै लयपक्ष एवम् लोकदेउडा गीतलाई पनि माथि उचालेका छन् भने अछामेली लोक शब्दहरुको बहुल प्रयोग गरेका छन् । प्रथम पाइलाको प्रथम श्लोकदेखि सातौँ पाइलाको अन्तिम श्लोकसम्म विस्तारित काव्यमा जम्मा ८६४ पाउ वा चरणसम्म प्रायः लोकभाषाका शब्दहरुको बाहुल्य रहेको पाइन्छ ।

काव्यमा प्रयोग भएका तत्सम शब्दहरु संस्कृति, विष्मात्, कला, धन्य, वसन्त, ऋतु, स्वर, क्षण, स्वर्ग, पृथ्वी, आकाश, अनन्त, माया, शासन, उपहार, अमृत, श्रद्धा, गङ्गाजल, नेत्र, ज्योति, ज्ञान, भण्डार, दीप, प्रतीक, कृपा, वयोबृद्ध, स्रष्टा, हृदय, सुन्दरी, मन, रहस्य, शिर, माता, युवती, मण्डल, वीर, पश्चिम, पूर्व, नास्ति, सौन्दर्य, मित्र, अन्य, सूर्य, विष्णु, प्रकृति, दर्शन, जीवन, प्रथम, यात्रा, धर्म, त्रिवेणी, विश्व, पञ्च, पाण्डव, शिव, जटा, वन, वैशाख, उत्तर, दक्षिण, हरि, विकास, भर्ता, कर्ता, पौराणिक, विद्वान्, कलाकार, उद्यान,

सरस्वती, मङ्गल, कृष्ण, पाठशाला, रम्य, शान्ति, वर्षा, सुगन्ध, सञ्जीवनी, हिमाली, पण्डित, दुग्धधारा, कवि, प्रत्येक, मेघ, सम्पत्ति, बाग आदि हुन् ।

त्यसै गरी उनका कवितामा तद्भव शब्दको पनि प्रयोग पाइन्छ । कवितामा प्रयुक्त तद्भव शब्दहरु भौँर, कोयली, मोर, आँसु, असार, पानी, चुम्नु, रोएको, सकिन, भाइ, गहिरो, राम्रा, सुन, सेना, समुन्द्र, मानिस, साडी, पहेँलो, मीठो, पीपल, बत्ती, हातमा, बाँस, धर्ती, आँखा, रमाइला, सबै, हाँसो, पात्थर, लुटेको, मूला, साग, दही, भात, मशान, थलो, बुढी, काठ, दुध, छाता, हरियाली, गाउँ, झर्ना आदि हुन् ।

तत्सम र तद्भव बाहेक नेपालभित्र र नेपाल बाहिर बोलिने विभिन्न भाषाबाट सरकार, दरबार, गरिब, किताब, गाडी, मोटर, परी, हावा, कम्मर, मुटु, जङ्गल, लौडी, टोपी, रैती, गुलाफी, गाला, टुक्रा, चरी, कोट, दाना, बटुवा, झ्याल, नजर, महल, अलग जस्ता आगन्तुक शब्दहरु पनि कवि भट्टका काव्यमा प्रयोग प्रयोग भएका छन् । अछामेली भाषिकाका प्रयोग भएका शब्दहरु हुन् : बहाडी, भिटा, औल, कान्ला, ठेक, इल्चा, पटकानी, हुड्क्या, जोबन, भल, ढोरी, रुलझुल, हुन्ना आदि ।

शैलीका दृष्टिले भट्टका यस चरणका विश्लेष्य कवितामा प्रायः वर्णनात्मक शैली रहेको छ । जस्तै :

राजतन्त्रको बिदाई सँगै, बिम्कोटै अँध्यारो ।
जुनकिरीले माया गर्दा, भएन उज्यालो ॥
किन रुन्छौ उल्लु चुल्लु, बिम्कोटै हेरेर ।
राजा आउन्न अब हेर, काँचुली फेरेर ॥
अलपत्र परेकै छ, बिम्कोटैको सेरो ।
हल्या भई जोत्ने छैनन्, दिन आउँदैन तेरो ॥
हाम्रो राजा भन्दै थिए, पन्ध्रबिसे जन्ता ।
राजा शब्द लोपै भयो, राज परे फन्दा ॥
पन्ध्र बिसका जन्तालाई, पुर्खौं भए दुःख ।
माओले ल्याउने भन्थे, अब हेरौं सुख ॥ (ते.पा., :पृ.१९)

उपर्युक्त कवितामा भट्टले अछामका 'बिम्कोटे' रजौटाले जनतालाई सुख दिने गरेको र पछि आउने शासकहरुले जनतालाई राहत दिन नसकेको प्रसङ्गका साथै त्यहाँका जनताले राजाको शासन चाहेपनि अब भने राजाको पुनर्बहाली हुन नसक्ने कुरा कवि लेख्छन् ।

अहिलेको माओवादी शासनमा केही सुख हुन्छ की ! यति मात्र होइन कवि भट्टमा प्रश्नात्मक शैलीको पनि उल्लेख भेटिन्छ । हेरौं :

१. ए ! कोइली लुकेकी काँ छ्यौ ? रुखका छाँगामा ।
   रुख उक्ली त्यैं पुगुँकी ? बस्याका हाँगामा ॥ (प्र.पा., :पृ.६)
   म हुँ भट्ट तँ कोइली, को होई किन भनी ?

२. पाँच पाण्डवका ढुङ्गेधारा, किन सुके ऐले ? (प्र.पा., :पृ.७)

३. इतिहास खरानी भयो, मान्छे भुलन्नाकी ?
   ती आत्मा मङ्गलसैन सम्झी, फेरि फर्कन्नाकी ? (प्र.पा., :पृ.९)

माथिको श्लोक १ मा शृङ्गारिक भावमा कविले कोइली चरीलाई प्रेमिकाको रुपमा चित्रण गर्दै आफ्नो परिचय समेत दिएका छन् भने श्लोक २ मा पौराणिक कालका पाण्डवहरुले प्रयोग गर्ने जलस्रोत सुक्नाको कारण सोधिएको छ त्यसै गरी श्लोक ३ मा अछाम जिल्लाको मङ्गलसैन दरबारलाई ध्वस्त गरिँदा दरबारका साथै मानिसहरु पनि मृत्युका मुखमा पुगेका थिए र तिनै मरेका आत्माहरु दरबारको पुनर्निर्माणका सँगै फेरि फर्केर आउलान् कि ? भन्दै प्रश्न गरिएको छ ।

हर्ष प्रसाद भट्टले कविता यात्राको क्रममा वर्णगत, शब्दगत, पदावलीगत, वाक्यगत गुच्छाहारबाट लोकोपयोगी भाषाको र भावपयोगी विषयवस्तु प्रयोग गरेका छन् । तृतीय पुरुष प्रधान शैली र प्रगीतात्मक संरचना भएका भट्टका कविताको भाषा लयात्मक, कलात्मक, सौन्दर्यात्मक, सरल, सुकोमल, भावपयोगी रहेको छ र पद्यमय शैलीले गर्दा भाषा साङ्गीतिक पनि बनेको छ । उनका कवितामा सरल शब्दावलीको प्रयोग गरिएकाले दुर्वोध्य नभई सुबोध्य बनेका छन् । काव्यमा कहीँकहीँ संस्कृतका अत्यन्त प्रचलित र अर्थयुक्त तत्सम शब्दहरु र तद्भव, आगन्तुक शब्दका साथै झर्रो लोकभाषाको बहुल प्रयोग भएकाले काव्य जन मानसका हृदयमा बस्न सकेको छ ।

## ४.१३ मूल्याङ्कन निष्कर्ष

खण्डकाव्य कविता विधाको मध्यम वा मझौला रुप हो । स्फुट कविताको भन्दा केही मोटा स्पष्ट कथनका तन्तुमा यो बुनिएको हुन्छ र महाकाव्यको भन्दा कम पातलो क्षीण वा सानो कथावस्तु खण्डकाव्यमा हुन्छ अथवा एउटा कुनै मार्मिक घटनावलीको वैविध्य कथानकका शाखा प्रशाखाहरु हुँदैनन् र यो तीव्र गतिले एक तथ्यतातिर हानिएको हुन्छ वा एक तथ्यानुधावन खण्डकाव्यको मूल मर्म हो । यस दृष्टिले 'तुर्माखाँद-चौखुट्टे' गीतियात्रा

काव्य खण्डकाव्यको सही स्वरुप अन्तर्गत 'पर्यायबन्ध' भित्र पर्ने काव्य कृति देखिन्छ । साथै 'कोशकाव्य' पनि भन्न सकिने अवस्थामा छ । यसको संरचना सौष्ठव सशक्त र नयाँ प्रयोग हुनुका साथै प्राकृतिक, भौगोलिक वर्णन र सन्देश मूलक चर्चा महत्वपूर्ण बुँदा प्रतीत हुन्छ ।

हाम्रा लोक साहित्य बहुशः पात्र पात्राको सवाल जवाफी शैलीमा पाइन्छन् । यसै अर्थमा नयाँ प्रयोग हुनुका साथै यस प्रयोगले 'लोककाव्य' रसायन पनि प्राप्त गरेको मान्न सकिन्छ । प्रस्तुत काव्य रोमान्टिक कविता धाराको एक राम्रो कृति हुन पुगेको छ । तुर्माखाँद-चौखुट्टे खण्डकाव्य सवाई लोक छन्दको नेपाली कविता परम्परामा एउटा कोश शृङ्खलामा उभिन पुगेको छ । क्षीण रुपमा आख्यान रहेर पनि काव्यमा यात्राको आद्योपान्त वर्णन गरिँदा अर्कोतिर 'पर्यायबन्ध'को सबल भागिदार बनेको छ । वस्तुतः कवि हृदयबाट सलल बगेको यो काव्यधारा मातृभूमिप्रतिको स्नेह सिञ्चित उल्लासले उर्लेर उत्ताल तरङ्गित हुँदै आफ्नो लक्ष्यमा पुगेको छ ।

आजको मानवता आफ्ना हाडमासु आफैँले बोकेर आणविक सभ्यताको ज्वालामुखीतिर जाँदै गरेको र त्यसलाई एकान्त प्रकृतिको सञ्जीवनी सेवन गराउनु पर्ने तथ्य कथ्यका निम्ति उपयुक्त हुने प्रबन्ध सामग्री समेटिएको जन्मभूमिको श्रद्धा गान र सन्देश वर्तमान युगको अनुकूल बन्न पुगेको छ । नेपालका राष्ट्रिय स्तरका व्यक्तित्वको चरित्राङ्कन, नेपाली गाउँठाउँ, नेपाली चराचुरुङ्गी, नेपालका नदीनाला, नेपालका लतावृक्ष, नेपाली डाँडाकाँडा र तिनको नामोच्चारण जन्मभूमिको माया र नयाँ पुस्तालाई सन्देश अनि आफ्नो भेगको संस्कृति झल्काउनु पनि यस काव्यको महत्वपूर्ण अङ्ग रहि आएको छ । प्रस्तुत काव्य नेपाली भूगोल खगोलको सञ्जीवनीले जीवन्त हुनु र यसमा नेपाली शैलावलीको चित्र र परिचय बारम्बार उत्रिनु आदि कार्यले गर्दा प्रस्तुत काव्यको प्रकृतिमा राष्ट्रिय चैतन्यको प्राधान्यता देखिनु स्वाभाविकै ठहर्छ । तुर्माखाँद-चौखुट्टे दर्शनशास्त्रीय परिपाक दिने उद्देश्यले लेखिएको काव्य होइन तर पनि यसमा एउटा यस्तो चिन्तन दृष्टि सगबगाएको भेटिनु सामान्य धारणा वा दृष्टिकोण नठानी एक ठोस दार्शनिक चेतना नै स्विकार्नु पर्ने देखिन्छ । अस्तु ।

# पाँचौं परिच्छेद

# उपसंहार

## ५.१ उपसंहार

वि. सं. २००५ साल पौष ९ गते सेती अञ्चलको अछाम जिल्ला घुँघुरकोट गा. वि. स. स्थित कुमै स्थानमा जन्मिएका हर्ष प्रसाद भट्ट एक साहित्यकार वा काव्यकार व्यक्तित्व हुन् ॥ पिता खगेन्द्र प्रसाद र माता केदारी देवी भट्टका ज्येष्ठ सुपुत्रका रुपमा जन्मिएका हर्ष प्रसाद भट्ट कुलोचित परम्परा र संस्कारबाट अत्यन्त प्रभावित थिए । उनका पिता समाजका एक प्रतिष्ठित पण्डित र ज्योतिष मानिन्थे । पिताको संस्कार र कुल परम्परालाई अनुशरण गर्दै काव्यकार भट्ट अगाडि बढेको पाइन्छ । पारिवारिक र सामाजिक स्नेहले हुर्किएका कवि भट्ट धार्मिक आदर्शका पक्षपाती पनि हुन् । कुलोचित संस्कार तथा आदर्शमा जहिले पनि तल्लीन रहने साहित्यकार हर्ष प्रसाद भट्टले पुख्यौली थलोमा प्राथमिक र नि. मा. वि. तहको शिक्षा प्राप्त गरेका हुन् । माध्यमिक र उच्च तहको शिक्षा भने नेपाली सँस्कृत महा विद्यालय बनारस- बाट प्राप्त गरेका हुन् । वि. सं. २०२५ सालमा संस्कृत महा विद्यालयमा भर्ना भई भट्टले सन् १९७१मा पूर्व मध्यमा, सन् १९७४मा उत्तर मध्यमा र सन् १९७६मा शास्त्री तह उत्तीर्ण गरेका हुन् ।

साहित्यकार हर्ष प्रसाद भट्टको हिन्दू परम्परानुसार वि. सं. २०१६ सालमा ११ वर्षको उमेरमा धर्मा देवीका साथ विवाह सम्पन्न भएको हो । विवाह गरेको २८ वर्षसम्म निःसन्तान भएपछि उनले वि. सं. २०३३ सालमा दोस्रो विवाह राधा मुडभरीका साथ गरेका हुन् । दुवै धर्म पत्नीबाट गरी सात सन्तानको जन्म भएको पाइन्छ । उनले समयमै आफ्ना सन्तानलाई युगानुकुल शिक्षा दिलाएर आत्म निर्भर बनाएका छन् । शास्त्री पास गरेपछि अध्यापन कार्यमा लागेको उनको जीवन वि. सं. २०६७ मा हालै मात्र आएर शैक्षिक अवकाश लिइ सकेका छन् । वि. सं. २०२८/ २९ सालतिर बनारस अध्ययनको क्रममा छात्रनेता, वि. सं. २०४०-४६सम्म अध्यापन कालमा शिक्षक नेता तथा शिक्षा समितिका सदस्यका रुपमा काम गरेका छन् । विश्व हिन्दु महासङ्घका केन्द्रीय सदस्य रहेका कवि भट्टको अब ६४ बर्से जीवन सामाजिक क्षेत्रमा व्यतीत भइ रहेको छ । गम्भीर स्वभावका साहित्यकार भट्ट वि. सं. २०२७ / २८ सालदेखि नै विद्यार्थी छँदा नेपाली साहित्यिक गतिविधिसँग प्रत्यक्ष संलग्न रहेर वि. सं. २०२७ साल फागुन ७ गते बनारसमा आयोजना गरेको साहित्य सम्मेलनमा 'असमान किन ?' भन्ने शीर्षकको कविता वाचन गरी कविता रचनाको औपचारिक रुपमा थालनी गरेका

हुन् । उनले तिन दशक लामो साहित्य यात्रा पुरा गरी सकेका छन् । यस क्रममा उनले 'मेरो कल्पना' २०२९, 'हिमाली सन्देश' २०३१, 'अछाम रुँदै छ' २०५९, 'दरबारको आत्मकथा' २०६३ जस्ता कविता सङ्ग्रह, 'दुई थोपा आँसु' २०४८, चम्पू मूलक पत्र साहित्य, 'प्याउली गुलाफ' २०६१ गीति खण्डकाव्य, र 'तुर्माखाँद-चौखुट्टे' गीतियात्रा काव्य २०६७ 'पर्यायबन्ध'को रचना गरेको देखिन्छ ।

साहित्य सिर्जनाको यात्रा क्रममा कविता विधालाई नै आफ्नो प्रमुख रुचिको विषय बनाउने कवि भट्ट छन्दोबद्ध कविता रचना गर्नुका साथै गीति लयलाई पनि ठाउँ ठाउँमा उपयोग गरी भावना सँगाल्ने विशेषताका साथ अग्रसर देखिन्छन् । विगत चार दशकदेखि हालसम्म साहित्यकार भट्ट नेपाली काव्यमा परिचित बन्दै आएका छन् । नेपाली साहित्यको काव्य क्षेत्रमा संलग्न साहित्यकार भट्टको साहित्य यात्रा समयावधिका हिसाबले जति मौलाउनु पर्ने हो त्यति मौलाएको देखिँदैन । यो उनको दुर्बल पक्ष पनि मान्न सकिन्छ । उनी पारिवारिक र आर्थिक समस्याका कारण साहित्य साधनालाई भन्दा बढी अर्थोपार्जन गर्न जागीरमा नै व्यस्त रहेका हुन् ।

कवि भट्टले सर्वप्रथम वि. सं. २०२७ साल फागुन ७ गते बनारसमा भएको साहित्यिक सम्मेलनमा 'असमान किन ?' शीर्षकको कविता वाचन गर्दा प्रमुख अतिथि विश्वेश्वर प्रसाद कोइरालाबाट द्वितीय पुरुष्कार प्राप्त गरेका छन् । उनले वि.सं.२०३१ सालमा प्रकाशित 'हिमाली सन्देश' कविता सङ्ग्रहका लागि राजा वीरेन्द्रबाट 'गोरखा दक्षिण बाहु चौथा' (२०५४) प्राप्त गरेका छन् । वि. सं. २०५८ सालमा 'अछाम रुदैछ' दुःखान्त कविता सङ्ग्रह रचना गरे बापत् 'सेती महाकाली साहित्य समाज'ले सम्मान गरेको पाइन्छ । वि. सं. २०२६मा विश्वेश्वर प्रसाद कोइराला जेल मुक्त भई सारनाथ बनारस पुगेपछि नेपाली विद्यार्थी माझ भाषण गर्दा उनको वक्तृत्व कला सुनेर साहित्यकार भट्ट प्रभावित हुन पुगेका थिए । त्यतिखेर बनारस बस्ने साहित्यकारहरू युद्ध प्रसाद मिश्र, डिल्ली राम तिमिल्सेना, डा. गोविन्द सुवेदी, तुलसी प्रसाद भट्टराई, मोदनाथ प्रश्रित जस्ताको सङ्गतले गर्दा भट्ट अझ साहित्यमा विशेष अभिरुचि राख्न थालेका हुन् । त्यसैले बनारस बस्ने क्रममा कवि भट्टका विभिन्न साहित्यिक पत्र-पत्रिकामा फुटकर कविताहरू प्रकाशित भएका पनि छन् ।

साहित्यकार भट्टका काव्य रचनाहरुमा विशेष गरी सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक समस्याहरुका साथै राष्ट्रिय इतिहास बोध, समसामयिकता बोध र समाज बोध घत लाग्दो र यथार्थ परक ढङ्गले प्रस्तुत भएको पाइन्छ । नेपाली राष्ट्रियता र त्यसका

इतिहासमा रहेका अन्तदर्वन्द्व तथा सम सामयिक यथार्थ र त्यसका तहमा रहेका सामन्ती सभ्यता विरोधी युगीन क्रान्तिकारी तथा अग्रगामी चेतलाई कवितामा व्यक्त गरेका छन् । सम सामयिकतालाई समाई युगबोध समाज बोधसँगै राष्ट्रवादी दृष्टिकोणको वरण गर्नु, क्रान्ति तथा सङ्घर्षद्वारा लोकतान्त्रिक न्यायपूर्ण राष्ट्रिय सामाजिक, सांस्कृतिक पक्षमा उभिनु पर्ने वैचारिक र भावनात्मक पक्ष भट्टले आफ्ना कविताहरुमा प्रस्तुत गरेका छन् । प्रायः छन्दोबद्ध रहने भट्टका कविताहरु मार्मिक संवेदनाका साथ व्यक्त गर्ने ढङ्ग र वर्णनात्मक शैलीका बढी पाइन्छन् । कवितामा भावना र विचारको मन्थन गर्ने भट्ट मानवीय संस्कार, शिष्टता, सभ्यता, स्वभाव, आदर्श तथा सन्देश मूलक विचार जस्ता महत्वपूर्ण कुरालाई विविध प्रकारका अनौठा घटनाहरुसँग जोडेर प्रस्तुत गर्न सिपालु रहेका छन् ।

छन्दोबद्ध कविता नै रागात्मक र लयात्मक हुन्छन् भन्ने मान्यताले प्रभावित साहित्यकार भट्ट विकास, स्वतन्त्रता र शान्तिप्रतिको संवेदनशीलतालाई कवितामा बढी प्राथमिकता दिदै पद्यात्मक शैलीमा मुख्यतः शार्दूल विक्रीडित, अनुष्टुप र लोक छन्दको प्रयोगका साथ अंशतः गद्यात्मक शैलीको पनि प्रयोग गर्न पुगेका छन् । बिम्ब र प्रतीकको प्रस्तुतिमा प्रायः सफल देखिने भट्टले रस र अलङ्कारमा भने त्यति ध्यान दिएको देखिँदैन ।

यसरी साहित्यकार भट्टद्वारा रचना गरिएको सबैभन्दा प्रथम कृति ‘हिमाली सन्देश’ कविता सङ्ग्रहमा तत्कालीन पञ्चायती व्यवस्थाका कारण नेपाली जनताले दुःख र कष्ट भोग्नु परेको स्थिति चित्रित छ । यसमा मानवीय स्वतन्त्रता तथा प्रजातन्त्रको प्रत्याभूतिका साथै राष्ट्र निर्माण र शान्तिको चाहना, भ्रष्टाचारप्रतिको विरोध, हत्या हिंसाप्रतिको तीव्र विरोध जस्ता भावहरु अभिव्यक्त गरेको पाइन्छ । ‘अछाम रुँदै छ’ कविता सङ्ग्रहमा भटट्ले जन युद्धका कारण देशमा हत्या, हिंसा, अन्याय, अत्याचार बढेकाले त्यसको विरोध गर्दै युद्धको भुमरीबाट देशलाई उकास्नु पर्ने सन्देश प्रस्तुत गरेका छन् । त्यसै गरी ‘मेरो कल्पना’ कविता सङ्ग्रहमा पनि राष्ट्रप्रेमको भाव रहेको छ । ‘दुई थोपा आँसु’ जस्तो चम्पू मूलक पत्र साहित्यमा नेपाली जन जीवनको गरिबी र त्यसबाट उत्पन्न समस्या अनि प्रेमी प्रेमिका बिचको शृङ्गारिक भावको चित्रण छ । ‘प्याउली गुलाफ’ गीति खण्डकाव्यमा एक्काइसौं शताब्दीसम्म पनि समाज जातीय, वर्गीय, असामानताका कारण विकृति विसङ्गतितिर धकेलिएको र त्यसका लागि मानिस चेतनशील हुनु पर्ने भाव अघि सारेका छन् । त्यस्तै ‘दरबारको आत्मकथा’ काव्याञ्जलिमा राष्ट्रिय इतिहास बोध, समसामयिकता बोध, समाज बोध, अग्रगामी चिन्तन र समता मूलक समाजको आवश्यकता घत लाग्दो पाराले व्यक्त भएको छ । त्यसै गरी ‘तुर्माखाँद-चौखुट्टे’ गीतियात्रा खण्डकाव्य ‘पर्यायबन्ध’मा कविले

भौगोलिक, प्राकृतिक वर्णन, संस्कृति, परम्परा र क्षेत्रगत स्थल पहिचानका साथै देशप्रेम अनि युवा वर्गका लागि सन्देश मूलक विचार व्यक्त गरेको पाइन्छ ।

यसरी साहित्यकार हर्ष प्रसाद भट्टले फुटकर कवितादेखि लिएर खण्डकाव्यात्मक कृतिसम्मको रचना गरेका छन् । विशेष गरी उनका काव्यकृतिमा देशप्रेम, सामाजिक, आर्थिक, सांस्कृतिक, राजनैतिक, भौगालिक, प्राकृतिक, शृङ्गारिक आदि वर्णनका साथै सुधारको अपेक्षा पनि व्यक्त भएको पाइन्छ ।

नेपाली साहित्यको कविता मोफसलमा रही कविता विधालाई अभिवृद्धि गर्न मल जल पुर्‍याउँने कवि हर्ष प्रसाद भट्टको 'तुर्माखाँद-चौखुट्टे' गीतियात्रा खण्डकाव्य 'पर्यायबन्ध'को विश्लेषणात्मक अध्ययनले कविता सिर्जनामा लागेका साधकलाई अझ उत्प्रेरणा र अभिरुचि जाग्न सक्नेछ । नेपाली साहित्यको कविताका क्षेत्रमा ओझेलमा परेका कैयौं कविमध्ये 'हर्ष प्रसाद भट्ट'का बारेमा जान्न चाहने व्यक्तिहरूका लागि पनि यो सामग्री सहयोगी बन्न सक्ने छ ।

## ५.२ निष्कर्ष

नेपालको सुदूर पश्चिम विकट पहाडी जिल्ला अछाममा जन्मे-हुर्केका साहित्यकार हर्ष प्रसाद भट्टको शैक्षिक, साहित्यिक र सामाजिक क्षेत्रमा विशिष्ट परिचय रहेको छ । समग्रमा उनको व्यक्तित्वसँगै यो 'तुर्माखाँद-चौखुट्टे' गीतियात्रा खण्डकाव्य 'पर्यायब-न्ध' वा लोककाव्यको अध्ययन गरेपछि निम्न निष्कर्ष दिन सकिन्छ :

क) भट्ट ग्रमीण ब्राह्मण परिवारको संस्कारसँगै हुर्केका, परिवार र समाजप्रति जिम्मेवार व्यक्ति हुन् ।

ख) साहित्य, शिक्षा र समाज जागरणका क्षेत्रमा उल्लेखनीय योगदानले भट्टको त्रिआयामिक व्यक्तित्व हुन आउँछ ।

ग) भट्टले आफ्ना कविताहरुमा इतिहास बोध, समसामयिकता बोध र समाज बोध जस्ता विषय वस्तुहरुलाई प्रभावकारी ढङ्गले टपक्क टिप्ने गरेको पाइन्छ ।

घ) कविता रचनाका क्रममा भट्टले मुख्यतः वर्णमात्रिक, लोक लयात्मक शैलीको प्रयोग गरेका छन् भने अंशतः गद्यात्मक शैलीको पनि प्रयोग गरेको देखिन्छ ।

ङ) भट्टले आफ्ना कविताहरुको शिल्प पक्षलाई सशक्त बनाउन विविध बिम्ब, अलङ्कार र रसको प्रयोग गरेको पाइन्छ । त्यसैले उनका कविताहरु शिल्प सौन्दर्यका तहमा विशिष्ट कोटिका रहेका छन् ।

च) भट्टका काव्य कृतिहरुमा कथ्य वस्तुका रुपमा मुख्यतः राष्ट्रवादी चिन्तन, प्राकृतिक सौन्दर्य, सांस्कृतिक, सामाजिक, आर्थिक, राजनीतिक विषयहरु स्वच्छन्दतावादी प्रवाहका साथ अविरल प्रवाहित भएका हुन्छन् ।

छ) भट्ट कुनै पनि विषयवस्तुले छुने वित्तिकै भाव विह्वल भई कविता रचना गर्ने साहित्यकार हुन् भने कवितामा पूर्वीय सिद्धान्तानुरुप वर्णमात्रिक र लोकलयका प्रयोग कर्ता पनि हुन् ।

ज) कवि भट्टको 'तुर्माखाँद-चौखुट्टे' गीतियात्रा 'पर्यायबन्ध'को कोटीमा पर्ने खण्डकाव्य 'लोककाव्य' हो र कविद्वारा यसमा क्षेत्रगत स्थल पहिचान, भौगोलिक, प्राकृतिक, वर्णन, संस्कृति, परम्परा र देशप्रेम, दार्शनिक शृङ्गारिक भावका साथै युवा वर्गका लागि सन्देश मूलक विचार व्यक्त गरेको पाइन्छ । झिनो आख्यान र धेरैजसो परस्पर निरपेक्ष श्लोक समूह हुनाले 'कोशकाव्य' पनि भन्न सकिन्छ ।

झ) विकट ठाउँमा भई ओझेलमा परेका विभिन्न क्षेत्रका देशप्रेमी प्रतिभाहरुको पहिचान र प्रचार हुन पनि आवश्यक छ ।

# सन्दर्भग्रन्थसूची


१. अधिकारी, अच्युत रमण (२०४६) **विवेचनै विवेचना**, काठमाडौँ : उन्नयन प्र. ।

२. अधिकारी, हेमाङ्गराज (२०५०) **पूर्वीय साहित्य सिद्धान्त,**पाँ.सं.,काठमाडौँ :सा.प्र.।

३. आचार्य, कृष्ण प्रसाद (२०६४) **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्य,** प्र.सं., कीर्तिपुर : क्षितिज प्रकाशन ।

४. उपाध्याय, केशव प्रसाद (२०५५) **पूर्वीय साहित्य सिद्धान्त**, तृ. सं. काठमाडौँ : साझा प्रकाशन ।

५. ओझा, आचार्य, थापा, पोखरेल, (२०६८) **नेपाली कविता, नाटक र नेपाली साहित्यको इतिहास,** : बाग बजार, काठमाडौँ, पिनाकल पब्लिकेशन प्रा. लि. ।

६. खतिवडा, लेखराज (२०५४) **मुनामदन खण्डकाव्यको कृतिपरक विवेचना** :त्रिभुवन विश्व विद्यालयमा प्रस्तुत शोधपत्र ।

७. जोशी, रामलाल (२०६०) **सुहागरात लुटिएको सभ्यताको कथा,** घटना र विचार साप्ताहिकः वर्ष ८, अङ्क ४७।

८. ज्ञवाली राम प्र., भट्टराई गणेश प्र., आचार्य टङ्कराज, (२०६८) **'नेपाली कविता नाटक र साहित्यको इतिहास'** : भुँडी पुराण प्रकाशन, बाग बजार, काठमाडौँ ।

९. त्रिपाठी, वासुदेव र अन्य (२०४९) **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग- २,** ते.सं., काठमाडौँ : साझा प्रकाशन ।

१०. ----- र अन्य (सम्पा.) **नेपाली कविता भाग-४**, चौ.सं., ललितपुर, : साझा प्र.।

११. थापा, मोहन हिमांशु (२०५०) **साहित्य परिचय,** चौ.सं., काठमाडौं : साझा प्र. ।

१२. धामी, रमेश बहादुर (२०६५) **साहित्यकार हर्ष प्रसाद भट्टको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन,** किर्तिपुर : शोध पत्र ।

१३. नेपाल, घनश्याम (१९८७) **आख्यानका कुरा,** सिलिगुडी :ने.प्रचार साहित्य समिति ।

१४. न्यौपाने, महेश्वर (२०६०) 'भट्टको अछाम रुँदै छ' **नयाँ किरण,** साप्ताहिक : वर्ष ३३, अङ्क २८ ।

१५. पोखरेल, बालकृष्ण (२०५०) **नेपाली बृहत् शब्दकोश,**ने.राजकीय प्रज्ञा प्रतिष्ठान ।

१६. बेतालमाडौँ मा. वि. **सिप प्रकाशन** 'अफसेट प्रेस' धनगढी, २०६१ ।

१७. भट्ट, देवेन्द्रप्रसाद (२०६२) 'हर्ष प्रसाद भट्टको प्याउली गुलाफ' **फारवेस्ट टाईम्स,** वर्ष ७, अङ्क १३५।

१८.-------- (२०६२) 'छुवाछुत विरुद्ध प्याउली गुलाफ' **फारवेस्ट टाईम्स,** वर्ष ७, अङ्क १३८ ।

१९.-------- (२०६२) 'ज्वालाको कथा र व्यथामा कारुणिक यथार्थता' **महेन्द्र नगरपोस्ट** : वर्ष १, अङ्क १९ ।

२०. -------- (२०६२) 'कवि हर्ष प्रसाद भट्ट र उनका पाँच कृति' **सुदुर सन्देश राष्ट्रिय दैनिक** : वर्ष ५, अङ्क ८६ ।

२१. भट्ट, हर्ष प्रसाद (२०२९)**'मेरो कल्पना'** प्र.सं.,काठमाडौँ :उत्तम कुमार भट्ट ।

२२. -------- (२०३१) **'हिमाली सन्देश'** प्र.सं., काठमाडौँ : खगेन्द प्रसाद भट्ट ।

२३. -------- (२०४९) **'दुई थोपा आँसु'** प्र.सं., काठमाडौँ : हर्ष प्रसाद भट्ट ।

२४. -------- (२०५९) **'अछाम रुँदै छ'** प्र.सं., काठमाडौँ : बद्री प्रसाद भट्ट ।

२५ -------- (२०६१) **'प्याउली गुलाफ'** प्र.सं., काठमाडौँ : बद्री प्रसाद भट्ट ।

२६. -------- (२०६३) **'दरबारको आत्मकथा'** प्र.सं. काठमाडौँ : लोकराज भट्ट र देवेन्द्र प्रसाद भट्ट ।

२७. -------- (२०६७) **'तुर्माखाँद-चौखुट्टे'** प्रथम संस्करण, बागबजार काठमाडौँ : देवेन्द्र प्रसाद भट्ट 'दीप्त' ।

२८. लुईटेल, खगेन्द्र प्रसाद (२०६०) **'कविता सिद्धान्त समालोचनाको सैद्धान्तिक परम्परा भाग-२**, तेस्रो संस्करण, काठमाडौँ, साझा प्रकाशन ।

२९. विश्वनाथ, (१९७३) **'साहित्य दर्पण'** सप्तम संस्करण, दिल्ली : मोतीलाल बनारसी दास ।

३०. शर्मा, बालचन्द्र (२०१९) **'नेपाली वृ. शब्दकोश'** काठमाडौँ : रोयल ने.एकेडेमी ।

३१. शर्मा मोहनराज र श्रेष्ठ दयाराम, (२०५६) **'नेपाली साहित्यको इतिहास'** काठमाडौँ, साझा प्रकाशन ।

३२.सत्याल, यज्ञराज (२०४४) **'नेपाली साहित्यको भूमिका'** पाँचौँ संस्करण, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

३३. सिग्द्याल, सोमनाथ (२०१४) **'साहित्य प्रदीप'** प्रथम संस्करण, काठमाडौँ : रत्न संसार ।

३४. सिंह, त्रिभुवन (२०२२) **हिन्दी उपन्यास और यथार्थवाद**, चौ. संस्करण, वाराणसी : हिन्दी प्रचारक पुस्तकालय ।